# शान्तिकुमारी राईको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
एम.ए. दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

२०६९

शोधार्थी
निर्मला ज्ञवाली
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

# शोध निर्देशकको सिफारिस

प्रस्तुत साहित्यकार **शान्तिकुमारी राईको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह द्वितीय वर्षकी छात्रा निर्मला ज्ञवालीले मेरो निर्देशनमा तयार गर्नु भएको हो । उहाँको शोधकार्यसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६९।०४।१५

......................................

शोध निर्देशक

(सह.प्रा.डा ताराकान्त पाण्डेय)

शोध निर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय,

कीर्तिपुर

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तहकी छात्रा निर्मला ज्ञवालीले सह.प्रा.डा ताराकान्त पाण्डेयको निर्देशनमा तयार पार्नु भएको **शान्तिकुमारी राईको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको प्रस्तुत शोधपत्र सम्बन्धित तहका लागि उपयुक्त भएकाले स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

(१) सह प्रा.डा. ताराकान्त पाण्डेय ............................

(शोध निर्देशक)

(२) प्रा.डा.देवीप्रसाद गौतम ............................

(विभागीय प्रमुख)

(३) प्रा. केशव सुवेदी ............................

(बाह्य परीक्षक)

मिति : २०६९।०४।१५

# कृतज्ञता ज्ञापन

प्रस्तुत **शान्तिकुमारी राईको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरू सह प्राध्यापक डा. ताराकान्त पाण्डेज्यूको निर्देशनमा रही तयार गरेकी हुँ । आफ्नो अति व्यस्तताका बिच पनि यो शोधपत्र तयारीका सन्दर्भमा उचित निर्देशन र परामर्श दिनु भएकामा उहाँप्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधको शीर्षक स्वीकृत गरी शोधकार्य गर्ने अवसर प्रदान गर्ने र रनभुल्ल भएको अवस्थामा पथप्रदर्शक बनिदिनु हुने विभागीय प्रमुख गुरू प्रा. डा. देवीप्रसाद गौतमज्यू प्रति कृतज्ञता व्यक्त गर्दछु । नेपाली केन्द्रीय विभागप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । शोधका क्रममा प्राज्ञिक र प्राविधिक सल्लाह सुझाउ दिई अमूल्य सहयोग गरिदिनु हुने आदरणीय गुरू बालाकृष्ण अधिकारीप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

मेरो अध्ययनमा अविरल प्रेम, स्नेह, प्रेरणा र अवसर प्रदान गर्नु हुने मेरा पुजनीय पिता चूडामणि उपाध्याय तथा माता मतिकला उपाध्याय र आदरणीय दाजुहरू, दिदीहरू, भाउजू, स्नेही भाइहरूप्रति चिरऋणी छु । अध्ययनका लागि त्रिभुवन विश्वविद्यालयको प्राङ्गणसम्म पुऱ्याई साधन स्रोत जुटाइ दिने जीवन साथी अर्जुन गौतमप्रति सदा ऋणी रहने छु । यसै गरी शोध शीर्षकको चयनदेखि लेखनसम्म सल्लाह र सुझाउ दिने नरेन्द्रराज प्रसाई, विष्णु भट्टराई र लेखनमा सहयोग गर्ने सम्पूर्ण मित्रहरू तथा गौतम परिवारप्रति धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६९।०४।१५

निर्मला ज्ञवाली
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर, काठमाडौँ

# सङ्क्षेपीकृत सूची

| | | |
|---|---|---|
| अ.ने.म.संघ | : | अखिल नेपाल महिला संघ |
| एम.ए | : | मास्टर्स अफ आटर्स |
| क्र.स. | : | क्रम सङ्ख्या |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| चौ.सं. | : | चौथो संस्करण |
| डा. | : | डाक्टर |
| त. | : | तहविल्दार |
| ते.सं. | : | तेस्रो संस्करण |
| दो सं. | : | दोस्रो संस्करण |
| त्रि.वि | : | त्रिभुवन विश्वविद्यालय |
| ... | : | निरन्तरता |
| ने.रा.प्र.प्र | : | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पाँ.स. | : | पाँचौ संस्करण |
| प्रा. | : | प्राध्यापक |
| पृ. | : | पृष्ठ |
| वि.सं. | : | विक्रम सम्वत् |
| सम्पा. | : | सम्पादक |

# विषयसूची

पेज नं.

## पहिलो परिच्छेद
## शोध परिचय


१.१ विषय प्रवेश १

१.२ समस्या कथन १

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधको औचित्य २

१.६ शोधपत्रको सीमाङ्कन २

१.७ शोधविधि

क) सामग्री सङ्कलन विधि ३

ख) सामग्री विश्लेषण विधि ३

१.८ शोधपत्रको रूपरेखा


## दोस्रो परिच्छेद
## शान्तिकुमारी राईको जीवनीको अध्ययन


२.१ पृष्ठभूमि ४

२.२ जन्म र जन्मस्थान ४

२.३ वंश परम्परा ४

२.४ बाल्यकाल ४

२.५ शिक्षा दीक्षा तथा प्रेरणा ५

२.६ पारिवारिक पृष्ठभूमि ६

२.७ विवाह तथा सन्तान ६

२.८ शारीरिक बनावट र स्वभाव ६

२.९ आर्थिक अवस्था ७

२.१० कर्मक्षेत्रमा प्रवेश र जागिरे जीवन ७

२.११ राजनीतिक तथा साहित्यिक क्षेत्रमा संलग्नता ७

२.१२ सामाजिक संलग्नता ८

२.१३ सिर्जनाका लागि प्रेरणा र प्रारम्भिक साहित्यिक गतिविधि ८
२.१४ जीवन दर्शन र साहित्यिक मान्यता ९
२.१५ भ्रमण ९
२.१६ सम्मान तथा पुरस्कार ९
२.१७ निष्कर्ष १०

## तेस्रो परिच्छेद

## शान्तिकुमारी राईको व्यक्तित्वको अध्ययन

३.१ पृष्ठभूमि १२
३.२ शारीरिक व्यक्तित्व र स्वाभाव १२
३.३ जागिरे व्यक्तित्व १३
३.४ साहित्यकार वा सर्जक व्यक्तित्व १४
३.५ राजनीतिक व्यक्तित्व १४
३.६ सामाजिक व्यक्तित्व १५
३.७ पारिवारिक व्यक्तित्व १६
३.८ सम्पादन तथा गायन व्यक्तित्व १६
३.९ जीवनी र सिर्जनाबिचको सम्बन्ध १७
३.१० निष्कर्ष १७

## चौथो परिच्छेद

## राईको साहित्य यात्रा र चरण विभाजन

४.१ राईको साहित्य यात्रा र चरण विभाजन १८
(१) पहिलो चरण (वि.सं. २०३० देखि वि.सं.२०५३ सम्म) १८
(क) पहिलो चरणमा प्रकाशित कविता कृतिहरू १८
(२) दोस्रो चरण (वि.सं. २०५४ देखि हालसम्म) १९
(क) दोस्रो चरणमा प्रकाशित कविता कृतिहरू २०

## पाँचौ परिच्छेद

## शान्तिकुमारी राईका कविता कृतिको अध्ययन

५.१ पहिलो चरणका कविता कृतिको विवरण २२
५.२ पहिलो चरणका कविता कृतिको विवेचना २२

५.१ **दश कविता** (२०३४) सङ्ग्रहका कविताको विवेचना २२
५.१.१ शीर्षक चयन २२
५.१.२ कथ्य विषय : भाव विधान २५
(क) समकालीन सामाजिक परिसस्थति र परिवेशको चित्रण २५
(ख) राष्ट्रवादी चिन्तन २६
(ग) क्रन्तिकारी भाव प्रवाह २७
५.१.३ संरचना : बनोट २७
५.१.४ भाषाशैली २८
५.१.५ लय विधान ३०
५.१.६ विम्ब विधान ३१
५.१.७ प्रतीक योजना ३१
५.२ **सङ्घर्षशील जीवन** (२०४१) कविता सङ्ग्रहका कविताको विवेचना ३२
५.२.१ शीर्षक चयन ३२
५.२.२ कथ्य विषय : भाव विधान ३५
५.२.३ संरचना : बनोट ३७
५.२.४ लय विधान ३८
५.२.५ विम्ब विधान ३९
५.२.६ प्रतीक योजना ४०
५.२.७ भाषाशैली ४१
५.३ पहिलो चरणका कविता कृतिको निष्कर्ष ४३
५.२ दोस्रो चरणका कविता कृतिहरूको विश्लेषण ४३
५.३ **आमाको सम्झना** (२०५४) कविता सङ्ग्रहका कविताहरूको विवेचना ४३
५.३.१ शीर्षक चयन ४३
५.३.२ कथ्य विषय : भावविधान ४८
५.३.३ संरचना : बनोट ५१
५.३.४ लय विधान ५२
५.३.५ विम्ब विधान ५३
५.३.६ प्रतीक योजना ५४
५.३.७ भाषाशैली ५६

५.३.२ **चेतना** (२०६४) कविता सङ्ग्रहका कविताको विवेचना ५८
५.३.२.१ शीर्षक चयन ५८
५.३.२.२ कथ्य विषय : भाव विधान ६८
५.३.२.३ संरचना : बनोट ७०
५.३.२.४ लय विधान ७१
५.३.२.५ विम्ब विधान ७३
५.३.२.६ प्रतीक योजना ७४
५.३.२.७ भाषाशैली ७५
५.३.३ **मनको बह** (२०६४) कविता सङ्ग्रहको विवेचना ७७
५.३.३.१ शीर्षक चयन ७७
५.३.३.२ कथ्य विषय : भाव विधान ८६
५.३.३.३ संरचना : बनोट ८८
५.३.३.४ लय विधान ८९
५.३.३.५ विम्ब विधान ९०
५.३.३.६ प्रतीक योजना ९२
५.३.३.७ भाषाशैली ९३
५.३.४ दोस्रो चरणका कविता कृतिको निष्कर्ष ९४

## छैटौं परिच्छेद

## उपसंहार तथा निष्कर्ष

६.१ उपसंहार ९६
६.२ निष्कर्ष ९७
**सन्दर्भ सामग्री सूची** ९९

# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ विषय परिचय

शान्तिकुमारी राईको जन्म वि.सं. २०१३ साल फाल्गुन ३ गते बुधबारका दिन भएको हो । राई उदयपुर जिल्ला बलम्ता ५ माझगाउँमा जन्मेकी हुन् । उनी बाबु समशेरलाल राई र आमा मंगलसरी राईकी कान्छी सन्तानका रूपमा जन्मिएकी हुन् । उनले एम.ए., बि.एड., बि.एल. सम्मको औपचारिक शिक्षा प्राप्त गरेकी छन् । राईले नेपालको अन्तरिम संविधान २०६३ को मस्यौदाकार जस्तो गरिमामय कार्य सम्पन्न गरेकी छन् । हाल उनी अधिवक्ताका रूपमा कार्यरत छन् । कविता लेखनबाट नेपाली साहित्यमा प्रवेश गरेकी राईले चाम्लिङ भाषामा गीत र चाम्लिङ भाषाकै प्रोगात्मक शब्दकोशको समेत रचना गरि सकेकी छन् ।

साहित्यमा श्रीमती सृजना, शाकुरा आदि नामले परिचित राईको न्वारनको नाम भने प्रेमलक्षी राई हो । साहित्यमा २०३० सालबाट प्रवेश गरेकी राईको **दश कविता** सङ्ग्रह (२०३४) पहिलो पुस्तकाकार कृति हो । यिनका राई भाषामा प्रकाशित कृतिहरू **हैकामा** (२०६१), **टुङ्माखिम** (२०६५) गीति सङ्ग्रह, **नानापोकुने** (२०६२), **मा-शिवी** (२०६५) गीति एल्बम र चाम्लिङ प्रयोगात्मक शब्दकोश हुन् । राईका नेपाली भाषामा प्रकाशित कविता सङ्ग्रहहरू यस प्रकार छन् :

(क) 'दश कविता' (२०३४)

(ख) 'सङ्घर्षशील जीवन' (२०४१)

(ग) 'आमाको सम्झना' (२०५४)

(घ) 'चेतना' (२०६४)

(ङ) 'मनको बह' (२०६४)

शान्तिकुमारी राईका कवितामा तत्कालीन शासन सत्ताप्रति विद्रोहात्मक स्वर प्रकट भएको देखिन्छ । देशमा विद्यमान जातीय भेदभाव हटाई देशको मुहार बदल्न सम्पूर्ण जनता एकजुट हुनु पर्दछ भन्ने भाव कवितामा राईले व्यक्त गरेकी छन् । उनका कवितामा मातृवियोगको पीडा अनि प्रेमभावपूर्ण अभिव्यक्तिको पनि चित्रण भएको छ ।

## १.२ समस्या कथन

शाान्तिकुमारी राईले २०३० सालदेखि साहित्यका क्षेत्रमा महफ्वपूर्ण योगदान पुऱ्याएकी छन् । यसैले यिनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु आवश्यक देखिन्छ । यिनका जीवनी, व्यक्तित्व र कृतित्वका मूल समस्यासँग केन्द्रित भई निम्न लिखित प्रश्नहरूको समाधान पहिल्याउने कार्यमा यो शोध पत्र केन्द्रित रहेको छ :

(क) शान्तिकुमारी राईका जीवनीका विभिन्न सन्दर्भहरू के कस्ता छन् ?

(ख) शान्तिकुमारी राईका व्यक्तित्वका के कस्ता पक्षहरू छन् ?

(ग) शान्तिकुमारी राईको कृतित्व के कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

शान्तिकुमारी राईको जीवनी र व्यक्तित्वको निरूपण गरी नेपाली साहित्यमा उनको योगदानको मूल्याङ्कन गर्नु नै शोधकार्यको उद्देश्य रहने छ । प्रस्तावित शोध समस्याको समाधानमा आधारित उद्देश्यहरू यस प्रकार रहेका छन् :

क) शान्तिकुमारी राईको जीवनीका विभिन्न सन्दर्भहरूको खोजी गर्नु ।

ख) शान्तिकुमारी राईको व्यक्तित्वका विविध पक्षहरू पत्ता लगाउनु ।

ग) शान्तिकुमारी राईको कृतित्वको बारेमा अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

शान्तिकुमारी राईले नेपाली साहित्यमा उल्लेखनीय योगदान दिए पनि यिनको विषयमा गहन अध्ययन हुन सकेको देखिँदैन । राईका कृति र जीवनीका बारेमा यस शोधकार्यभन्दा पूर्व भएका प्राज्ञिक कार्यलाई कालक्रमिक रूपमा यस प्रकार प्रस्तुत गरिएको छ :

नरेन्द्रराज प्रसाई (२०६३) ले **नारीचुली**मा राईको जीवनीको सामान्य चर्चा गरेका छन् त्यसैले उनको बारेमा विस्तृत अध्ययन र चर्चा गरिएको छ ।

नोवेल किशोर राई (२०६६) ले **चाम्लिङ नेपाली प्रयोगात्मक शब्दकोश**मा शान्तिकुमारीले चाम्लिङ भाषाको उत्थानको लागि महफ्वपूर्ण योगदान दिएको भन्ने कुरा उल्लेख गरिएको छ । यसबाट राईले नेपाली भाषमा बाहेक अरू भाषामा पनि योगदान गरेको देखिन्छ । यसैले यिनको जीवनी, व्यक्तित्वका बारेमा कतै चर्चा नभएकाले विस्तृत अध्ययन गरिएको छ ।

भोगिराज चाम्लिङ र तिलकबहादुर राई (२०६७) ले वैशाखको **गोरखापत्र**मा चाम्लिङ भाषाप्रति राईले गरेको योगदान अतुलनीय छ भनी समीक्षा गरेका छन् । उपयुक्त कथनमा राईको भाषिक व्यक्तित्व बारे चर्चा भए पनि नेपाली भाषामा उनले गरेको योगदानका बारेमा खासै चर्चा नभएकाले यस शोधकार्यमा विस्तृत चर्चा गरिएको छ ।

भोगिराज चाम्लिङ र तिलकबहादुर राई (२०६७) ले असारको **गोरखापत्र**मा **हाकारा** गीति एल्बमको चर्चा गर्दै चाम्लिङ भाषा हराउँदै गएको अवस्थामा राईले चाम्लिङ भाषाका गीतलाई जिवित राख्न महफ्वपूर्ण योगदान दिएकी छन् भन्ने कुरा स्पष्ट पारेका छन् । यसबाट राईको गीति क्षेत्रमा पनि महफ्वपूर्ण योगदान भएको देखिन्छ ।

## १.५ शोधको औचित्य

प्रस्तुत शोधपत्रमा शान्तिकुमारी राईलाई नेपाली साहित्य जगत्मा सबैका सामु चिनाउने प्रयास गरिएको छ । नेपाली साहित्यको विकासमा राईले पुऱ्याएको योगदानलाई यहाँ व्यवस्थित रूपले प्रस्तुत गरिएको छ । राईका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण गर्न चाहनेहरूका लागि प्रस्तुत शोधपत्रको आफ्नै महफ्व रहने छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा शान्तिकुमारी राईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । राईको जीवनका विभिन्न आरोह अवरोहलाई स्पष्ट पार्दै उनका नेपाली भाषामा लेखिएका साहित्यिक कृतिहरूको मात्र अध्ययन यस शोधकार्यमा गरिएको छ ।

## १.७ शोधविधि

### (क) सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका लागि प्राथमिक सामग्रीको रूपमा शान्तिकुमारी राईका नेपाली भाषामा लेखिएका साहित्यिक कृतिहरूलाई लिइएको छ । अपेक्षित शोध प्रतिवेदनका लागि पुस्तकालयीय अध्ययन विधिका आधारमा पुस्तक तथा पत्रपत्रिकाको अध्ययन गरी द्वितीयक सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत शोधसँग सम्बन्धित सामग्री सङ्कलनमा शोधनायकसँग सम्बद्ध व्यक्तिसँग प्रत्यक्ष भेटघाट समेत गरी उनीहरूबाट प्राप्त राय, सुझाव र सल्लाहलाई सामग्री सङ्कलनको आधार बनाइएको छ ।

### (ख) सामग्री विश्लेषण विधि

प्रस्तुत शोधकार्यमा सङ्कलित सामग्रीको विश्लेषण जीवनीपरक समालोचना पद्धति तथा विधा सिद्धान्तलाई आधार बनाई गरिएको छ । त्यसैले यस शोधमा कविताको विधा सिद्धान्त र जीवनीपरक अध्ययन पद्धतिको प्रयोग गरिएको छ । व्यक्तिका जीवनी र व्यक्तित्वको अध्ययनमा सोधखोजमूलक विधिको प्रयोग गरिएको छ भने कृतिको विवेचना विश्लेषणात्मक विधिद्वारा गरिएको छ ।

## १.८शोधपत्रको रूपरेखा

प्रस्तुत शोधलाई व्यवस्थित ढङ्गबाट सङ्गठित गर्नका लागि निम्नलिखित छ परिच्छेदमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोध परिचय |
| दोस्रो परिच्छेद | : | शान्तिकुमारी राईको जीवनी |
| तेस्रो परिच्छेद | : | शान्तिकुमारी राईको व्यक्तित्व |
| चौथो परिच्छेद | : | राईको साहित्य यात्रा र चरण विभाजन |
| पाँचौं परिच्छेद | : | शान्तिकुमारी राईको कृतित्व |
| छैटौं परिच्छेद | : | उपसंहार तथा निष्कर्ष |

# दोस्रो परिच्छेद
# शान्तिकुमारी राईको जीवनी

## २.१ पृष्ठभूमि

व्यक्ति विशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना तथा क्रियाकलापको सजीव र क्रमबद्ध प्रस्तुति गरिएको गद्य रचनालाई जीवनी साहित्य भनिन्छ । यसमा कुनै व्यक्ति विशेषका जीवनका सम्पूर्ण वा आंशिक पक्षहरूको विवरण हुन्छ । जीवनका कल्पनाशील भावुक उडन्ते कुराहरूका सट्टा व्यक्तिका जीवनसँग आबद्ध भएर तथ्यपूर्ण घटनाहरू सही रूपमा जीवनीमा प्रस्तुत भएका हुन्छन् । त्यसैले जीवनी आख्यान साहित्यमा झैं कलात्मक नभई वस्तुपरक तथ्यमा आधारित हुन्छ । जीवन पर्यन्त व्यक्तिले गरेका कार्य, सेवा, शिक्षा, दीक्षा, साहित्य लगायतका विविध गतिविधिसँगको संलग्नता जीवनीमा हुने गर्दछ । शान्तिकुमारी राईका जीवनीसँग सम्बन्धित यिनै विविध घटनाहरूको अध्ययन यहाँ गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

शान्तिकुमारी राईको जन्म वि.सं.२०१३ साल फागुन ३ गते बुधवारका दिन उदयपुर जिल्ला बलम्ता गा.वि.सं. वडा नं. ४ माझगाउँमा भएको हो । पिता तहबिल्दार समशेर राई र माता मंगलसरी राईको नवौं सन्तानका रूपमा यिनको जन्म भएको हो । राईको बोलाउने नाम शान्तिकुमारी भए पनि न्वारनको नाम प्रेमलक्ष्मी राई हो । साहित्यमा यिनले शाकुरा उपनाम प्रयोग गरेकी छन् । यिनको जन्म मध्यम वर्गीय परिवारमा भएको  हो । तुला राशिकी राईका प्रमाणपत्रहरूमा शान्तिकुमारी राई भएकाले अहिले उनी यही नामले परिचित छन् ।

शान्तिकुमारी राईका पिताले दुई विवाह गरेकोले आफ्नी आमाको कोखबाट नवौं सन्तानका रूपमा यिनको जन्म भए पनि समग्रमा आफू एघारौं सन्तान भएको राई बताउँछिन् । उनका पिताले जेठी पत्नीको मृत्यु पश्चात घर व्यवहार सञ्चालनका लागि आफ्नी आमा मंगलसरी राईसँग विवाह गरेको देखिन्छ । सन्तानको स्याहार सुसार गर्नु र घर व्यवहार सम्हाल्नु मंगलसरी राईको विवाहपछिको प्रमुख कर्तव्य भएको देखिन्छ । जेठी आमाको कोखबाट दुई सन्तानको जन्म भइसके पनि आफ्नी आमाका कोखबाट जन्मेका दश सन्तान मध्ये उनी नवौं स्थानमा जन्मिएकी सन्तान हुन् ।

## २.३ वंश परम्परा

शान्तिकुमारी राईको पुर्ख्यौली थलो खोटाङ भए पनि यिनको जन्म भने उदयपुरमा भएको हो । यिनका जिजु हजुरबुवा महलसिंह राई, हजुरबुवा रामु राई, बुवा समशेर राई र आमाहरू क्रमशः मायावती राई र मंगलसरी राई हुन् । मायावतीको कोखबाट जन्मिएका दुई सन्तानहरू क्रमशः वीरध्वज राई र तुल लक्ष्मी राई हुन् । शोधनायकबाट प्राप्त जानकारी अनुसार अहिले दुवैको मृत्यु भइ सकेको छ । मंगलसरी राईका कोखबाट जन्मेका १० सन्तानमध्ये तिन छोरा र दुई छोरीको मृत्यु भइ सकेको र अहिले तिन छोरी जीवित रहेका छन् । उनका दाजुहरू क्रमशः इन्द्रशेर राई, समशेर राई, साइँला राई, भुपेन्द्रसिंह राई र कान्छा राई हुन् भने दिदी बहिनीहरू क्रमशः भैलक्षी राई, पदमा राई, चन्द्रलक्ष्मी राई र शिवी राई हुन् ।

## २.४ बाल्यकाल

मानिसको जीवनका चार अवस्थाहरू मध्ये बाल्यकाल प्रारम्भिक अवस्था हो । यस अवस्थाका पारिवारिक, सामाजिक, राजनैतिक वातावरणले मानिसको जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष

प्रभाव पारि रहेको हुन्छ । बालकको पहिलो पाठशाला घर भएकाले पारिवारिक वातावरण अनुरूप बालकको शारीरिक, मानसिक र बौद्धिक विकास भएको हुन्छ । राईका पिताले औपचारिक शिक्षा हासिल नगरे पनि त्यति बेलाको समयमा कर उठाउने, गाउँमा न्याय दिलाउने जस्ता कार्य गर्ने गर्दथे भने माताले गृहिणीको पद सम्हालेकी थिईन् । यसरी हेर्दा राई मध्यम वर्गीय परिवारमा जन्मेकी हुन् भन्ने देखिन्छ । राईको बाल्यकाल घाँस दाउरा गर्ने बाख्रा गोठालो जाने गरी बितेको थियो । छोरा छोरीले घर परिवारको सम्पूर्ण काम सिक्नु पर्दछ भन्ने बाबुको मान्यता अनुसार आफू सम्पूर्ण घरायसी कामकाजमा निपूर्ण भएको राई बताउँछिन् । राईले अनौपचारिक शिक्षा घरमै दाजुको सहयोगबाट प्राप्त गरेकी हुन् । आफुलाई पढाइप्रति तीव्र इच्छा भएकाले ढिलै भए पनि विद्यालय गएको राई बताउँछिन् । दुर्गम गाउँमा ठुलो परिवारमा जन्मेकाले र सानैदेखि घरको सम्पूर्ण कार्यभार सम्हाल्नु परेकाले यिनको बाल्यकाल त्यति सुखद तरिकाले बितेको देखिँदैन ।

## २.५ शिक्षा दीक्षा तथा प्रेरणा

मनिसका आधारभूत आवश्यकता मध्ये शिक्षा एक महफ्वपूर्ण आवश्यकता हो । भनिन्छ, शिक्षा विनाको मानिस पुच्छर विनाको पशुतुल्य हुन्छ । शिक्षा सभ्य नागरिक बन्नको लागि नभई नहुने तफ्व हो । राईले शिक्षा प्राप्त गर्नका लागि गरेको सङ्घर्ष र प्रेरणालाई यसमा प्रस्तुत गरिएको छ ।

शान्तिकुमारी राई मध्यम वर्गीय परिवारमा जन्मेकी हुन् । तत्कालीन समयमा छोरीहरूले पढ्नु हुँदैन भन्ने संस्कारका कारण उनी सानै उमेरमा स्कुल जान पाएको देखिँदैन । आफ्ना बाबु समाजको एक उच्च व्यक्ति भएकाले छोरी बुहारीहरूलाई चिठी-पत्रसम्म बाचन गराउन सक्ने बनाउनु पर्दछ भन्ने मनसायले दाजुका सहायताले अनौपचारिक शिक्षारम्भ घरमै गरेको पाइन्छ । सानै उमेरमा बाबुसँग धरान घुम्न जाँदा त्यहाँका छात्राहरू ड्रेसमा सजिएर स्कुल जाँदै गरेको देखेपछि आफूलाई पनि छोरीहरूले पढ्न हुँदो रहेछ भन्ने प्रेरणा प्राप्त गरको शोधनायक बताउँछिन् । खेतीपातीको समयमा घरको बाटो हुँदै विद्यार्थीहरू विद्यालय जाँदै गरेको देखेपछि आमाको काखमा लुटुपुटु गर्दै पटुकाबाट सुटुक्क दुई रूपैया निकाली विद्यालय भर्ना हुन गएको राईले बताइन् । बाबु समाजका उच्च व्यक्ति भएकाले शिक्षकले बाबुका डरले भर्ना गरिदिन नमानेपछि कान्छा बुबाका छोरा ललितबहादुरले आफ्नो जिम्मामा वि.सं. २०२६ सालमा श्री बलम्ता प्रा.विमा दुई कक्षामा भर्ना गरि दिएको राई बताउँछिन् । घरमा अनौपचारिक शिक्षा प्राप्त गरि सकेका कारणले वि.सं. २०२६ मा दुई कक्षा र तिन कक्षा विशिष्ट श्रेणीमा पास गरेकाले चार कक्षा नपढी वि.सं. २०२८ सालमा महेन्द्र दीप मिडिल स्कुल तामलिछामा घरबाट दुई घन्टा हिँडेर भए पनि पाँच कक्षामा भर्ना भएको देखिन्छ । त्यसै गरी मेधावी विद्यार्थी भएकै कारणले कक्षा छ नपढी वि.सं.२०२९ साल आषाढ महिनामा सात कक्षा पास गरी वि.सं.२०२९ श्रावणदेखि आठ कक्षा सुरु गरी मंसिर महिनामा आठ कक्षा पनि विशिष्ट श्रेणीमा पास गरको देखिन्छ । यतिखेरसम्म बाबुले आफ्नो विपरीत गएकाले कुनै सहयोग नगरेको बरू आमाले छोरीहरूका लागि बनाइ दिएका गहनाहरू बेचेर पढ्ने धोको पूरा गरेको राई बताउँछिन् । अझ पनि उच्च शिक्षा हासिल गर्ने तीव्र इच्छा भएको तर नजिकै विद्यालय नभएकाले दिदीहरूसँग केही रकम सहयोग स्वरूप सापटी मागी शिक्षक भएपछि तिर्ने सहमतिमा घरबाट दुई दिन लाग्ने विद्यालय श्री चम्पावती हाइस्कुल बुइँपा खोटाङ मा २०२९ साल मंसिर महिनामा नौ कक्षामा भर्ना भएको राईले बताइन् । नौ कक्षमा पढ्दा घरबाट हिँडेर जान सम्भव नभएकाले उही कोठाखोजी बस्न थालेको र सोही विद्यालयका शिक्षक टंकबहादुर राईसँग चिनजानी भएको देखिन्छ । एकातिर आर्थिक अभाव र अर्कोतिर समाजमा छोरीहरूलाई हेर्ने नजर अनि पढाई पूरा गर्ने आशाको कारणले नौ कक्षामा

अध्ययन गर्दाकै बखत टंकबहादुर राईसँग विवाह गरी यिनी काठमाडौं प्रस्थान गरेकी हुन् । काठमाडौं आए पछि नियमित विद्यालय जान नपाएकोले २०३२ मा प्राइभेट जाँच दिई एस.एल.सी. पास गरिन् । २०३३ सालमा पद्मकन्या कलेजमा आई.ए भर्ना भए पनि बिहान कलेज जाने दिउँस जागिर गर्ने मनसायले रत्नराज्य कलेजमा टान्सफर गरी २०३५ मा पास गरेको देखिन्छ । पढाईकै क्रममा २०३८ मा त्रिचन्द्र कलेजबाट बि.ए. पास गरी एक वर्षे बि.एड गर्ने मनसायले विस्तार केन्द्र शिक्षाशास्त्र अध्ययन केन्द्रबाट २०५९ मा पास गरेको राईले बताइन् । त्यसै गरी त्रिभुवन विश्वविद्यालयबाट २०४५ मा एम्.ए. पास गरी सोही विद्यालयबाटै बि.एल. पास गरेको शोधनायक बताउँछिन् ।

शान्तिकुमारी राईको अक्षरारम्भ घरमै दाजुको सहयोगले भएको देखिन्छ । गाउँमा शिक्षकलाई धेरै सम्मान गरेको देखेपछि बाबुको इच्छा विपरीत आफ्नो प्रबल इच्छाको कारण उच्च शिक्षा प्राप्त गरेको देखिन्छ । विद्यालय स्तरको पढाइ पूरा गर्ने क्रममा विविध कठिनाई भोग्नु परे पनि एघार कक्षापछि निरन्तर श्रीमानको सहयोग, सल्लाहका कारण सहज भएको राईले बताइन् । आफ्नो इच्छा भएमा जुनसुकै परिस्थितिको पनि सामना गर्ने सकिने राई बताउँछिन् ।

## २.६ पारिवारिक पृष्ठभूमि

मध्यमवर्गीय परिवारमा जन्मिएकी शान्तिकुमारी राईले आजसम्म मातृवियोगको तुलनामा त्यक्ति ठुलो सङ्कट व्यहोर्नु परेको छैन । राई अहिले जीवनको उत्तरार्धतिर पाइला टेकेकी छन् । कवि राईको पारिवारिक वातावरण पहिलेको तुलनामा दिनानुदिन सन्तुलनमा रहेको छ । प्रारम्भिक अवस्थामा भोग्नु परेका आर्थिक पीडा अनि पोषणयुक्त खानाको कमीले गर्दा सानो आन्द्राको क्षयरोग भएको दुःखद् घटना उनी स्मरण गर्दछिन् । स्नातकोत्तर अध्ययन गरेपछि आफ्नो बाल्यकालको सपना विपनामा परिणत भएकामा राई अत्यन्त प्रसन्न छन् । राईले अध्ययनको क्रममा बाबुको सहयोग नपाए पनि आमा, दिदीहरूको सहयोगले मात्र सपना साकार बनेकामा सम्पूर्ण श्रेय उहाँहरूलाई नै दिन्छिन् । आफ्नो सन्तानको खुसी नै आफ्नो खुसी भएकाले छोरालाई राम्ररी शिक्षित बनाई सम्पूर्ण देश विदेशमा परिचित गराउन पाएकोमा राई मख्ख छन् । आफूलाई विलासितापूर्ण जीवन मन नपर्ने हुनाले यसबाट सधैं टाढा रहेको उनले बताइन् ।

## २.७ विवाह तथा सन्तान लाभ

शान्तिकुमारी राईले २०३२ सालमा कक्षा नौमा अध्ययनरत हुँदाकै बखत त्यसै विद्यालयका शिक्षक टंकबहादुर राईसँग प्रेमविवाह गरेकी हुन् । राईले प्रेम विवाह गरेकाले समाजमा विद्यमान कुनै पनि संस्कार नगरेको अनि विवाह पछि सिंदूर, चुरा, पोते केही नलगाई आफ्नो श्रीमान रूम पार्टनर जस्तो लाग्ने बताउँछिन् । उनी विवाहिता नारी भए पनि पतिको कमाइको कुनै आशा गर्दिनन् । आफ्नो एक मात्र पुत्र धिरज राईको जन्म २०३१ मा भएको, आफ्नो नामबाट भन्दा छोराकै नामबाट चर्चित र सम्मानित हुन पाएकामा गौरवान्वित बनेको राई बताउँछिन् । सन्तानको सुख नै आफ्नो सुख मान्ने राईले छोरालाई आत्मनिर्भर बनाउन सकेकोमा खुसी देखिन्छिन् ।

## २.८ शारीरिक बनाबट र स्वभाव

शान्तिकुमारी राईको करिब साढे चार फिट उचाइ रहेको छ । मुखमा केही काला दागहरू रहेको र कपाल छोटो भएकाले सधैं ह्याट लगाउने उनले बताइन् । सादा जीवनलाई मन पराउने उनी सरल स्वभावकी छन् । जीवनको केही समय अधिवक्ताको पदमा रही काम गरेकी राई स्पष्ट वक्ता छन् । मेहनती र स्वाभिमानी व्यक्तित्वकी धनी राईमा कुनै किसिमको आडम्बर देखिँदैन ।

उनी कसैले केही सोध्दा, जिज्ञासा राख्दा कुनै झर्को नमानी उत्तर दिने र आफ्ना कुराहरू निडर रूपमा प्रस्तुत गर्ने स्वभावकी छन् । जीवनमा केही गरिरहुँ र सिकिरहुँ भन्ने भावना जहिले पनि सक्रिय रहेको राई बताउँछिन् । आफू देश र जनताप्रति सधैँ चिन्तनशील भएको, पीछडिएका वर्गको उत्थान कसरी गर्न सकिन्छ भन्ने सोचमा लागि रहने राई बताउँछिन् । उनले फुर्सदका समयमा केही न केही रचना गर्न मन पराउँछिन् । मानिसलाई कहिल्यै अन्याय नहोस्, निर्दोष मानिस सजायको भागीदार बन्न नपरोस्, धनी गरिब सम्पूर्ण जनताले समान न्याय पाउन् भन्ने धारण राईको रहेको छ । उनी सामाजिक सद्व्यवहारमा अत्यन्त सजग भई सामाजिक विकृति र विसङ्गतिको विरोध गर्दै सुधारको लागि सुझाव सल्लाह दिने प्रवृत्तिकी छन् । उनको यस स्वाभिमानी प्रवृत्तिबाट जुनसुकै स्तरका मानिस पनि प्रभावित भएको देखिन्छ ।

शान्तिकुमारी राईको सानैदेखिको स्वभाव महिलाको जस्तो नभई पुरुषको जस्तो छ । उनी बिहान बेलुकाको खाना पकाउन त्यत्ति चाख नदिने भएकाले श्रीमानले पकाउँछन् । पोसाकको सवालमा पनि महिलाले लगाउने सारी, चेलीभन्दा पनि सर्ट, पाइन्ट, जुत्ता नै मनपर्ने राई बताउँछिन् ।

## २.९ आर्थिक अवस्था

शान्तिकुमारी राई जन्मको हिसाबले दुर्गम गाउँमा जन्मिए पनि पिताको आय आर्जन राम्रो भएकाले खान लाउनको समस्या नपरेको बताउँछिन् । आफ्नो वैवाहिक जीवनमा आर्थिक कठिनाइ परेकाले आई. ए. पढ्दै गरेको अवस्थाबाटै विभिन्न सरकारी गैरसरकारी संघ-संस्थामा काम गरेको उनले बताउँछिन् । आफ्नो पढाइ सकिएपछि श्रीमान र आफ्नो कमाइले राम्रो गृहस्थी बसाई छोरालाई उच्च शिक्षा समेत दिएको देखिन्छ । जीवनका विभिन्न मोडहरूमा आर्थिक अभाव भए पनि उनी कहिल्यै नआत्तिई निरन्तर सङ्घर्ष गरेको बताइन् । राईले जीवनमा जे जस्तो आर्थिक समुन्नति गरिन् त्यो मूलतः अथक परिश्रमप्रतिको लगनशीलता नै देखिन्छ ।

## २.१० कर्मक्षेत्रमा प्रवेश र जागिरे जीवन

साहित्यकार राईले एस.एल.सी. पास गरेपछि कर्मक्षेत्रमा प्रवेश गरी जागिरे जीवन व्यतित गरेको देखिन्छ । पारिवारिक आर्थिक समस्याकै कारण वि.सं. २०३२ सालमा केन्द्रीय टिकट भण्डारमा बहिदारको पदबाट आफ्नो जागिरे जीवन आरम्भ गरेकी राईले विभिन्न गैर सरकारी संघ संस्थामा कार्य गरेर शिक्षा क्षेत्रमा ठुलो योगदान पुऱ्याएकी छन् । वि.सं. २०३२ सालमा कर्मक्षेत्रमा प्रवेश गरेकी राई वर्तमान समयमा भने त्रिभुवन विश्वविद्यालय अन्तर्गत कानुन सङ्काय डिनको कार्यालयमा उप प्रशासकका रूपमा आफ्नो कार्यक्षेत्र सम्हाल्दै आएकी छन् ।

## २.११ राजनीतिक तथा साहित्यिक क्षेत्रमा संलग्नता

साहित्यकार शान्तिकुमारी राई वि.सं. २०३३ सालतिरबाट अनेमसंघको सचिव पदमा रही विद्यार्थीहरूको अधिकारको लागि अनवरत रूपले विभिन्न सङ्घर्षमा होमिएको अनुभव बताउछिन् । कवि राईले विद्यार्थी जीवनदेखि नै पारिजात र पम्फा भुषालसँग चिनाजानी भएको बताउछिन् । वि.सं. २०३८ सालमा राजीनामा दिएपछि कुनै पनि पार्टीमा संलग्न नभएकी राई वि.सं. २०६२।०६३ को आन्दोलनपछि नेकपा माओवादीको आह्वानमा 'नेपालको अन्तरिम संविधान २०६३' को अन्तरिम मस्यौदाकार समितिको सदस्यको रूपमा रही समानता मुलक समावेशी र अधिकारमुखी संविधान निमार्णको निम्ति आफ्ना तर्फबाट यथाशक्य भूमिका निभाइन् । यस्तै नेपाल कानुन आयोगको सदस्य पदमा रही नेपालको कानुनलाई समय अनुकूल वा समय सापेक्ष बनाउन यथाशक्य योगदान गरेकी छन् । यिनी विभिन्न आदिवासी जनजातिसँग सम्बन्धित विभिन्न संघ

संस्थाहरूमा आबद्ध भई नेतृत्वदायी भूमिका निर्वाह गरेकी छन् । यसै गरी अधिवक्ताका रूपमा सक्रिय भई महिला तथा आदिवासी जनजाति वकिलहरूको हकहितमा कार्यरत छन् (राई, २०६८ : ५४) ।

शान्तिकुमारी राई उदयपुरको विकट गाउँमा जन्मेकाले त्यहाँका पिछडिएका जनजाति वर्गको उत्थानमा आवाज उठाएकी छन् । जागरणमूलक साहित्य रचना गर्ने राईले वि.सं. २०३० सालमा 'गरिबको जीवन' फुटकर कविताको प्रकाशनसँगै कविता यात्रा आरम्भ गरे पनि सङ्ग्रहको रूपमा **दश कविता** २०३४ सालमा प्रकाशित भएको देखिन्छ ।

राईले **दश कविता**, **सङ्घर्षशील जीवन**, **आमाको सम्झना**, **चेतना**, **मनको वह** कृतिहरूबाट नेपाली भाषा साहित्यमा योगदान गरेकी छन् भने **हैकामा**, **सेम्टु**, **टुङ्माखिम**, **चाम्लिङ नेपाली शब्दकोश** लेखेर चाम्लिङ भाषा साहित्यमा योगदान गरेकी छन् । यसका साथै यिनले चाम्लिङ भाषाको गीत र सङ्गीतका क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएकी छन् ।

विद्यार्थी जीवनदेखि राजनीतिमा सक्रिय शान्तिकुमारी राई राजनीतिकै कारण नेपालको अन्तरिम संविधान २०६३ को मस्यौदाकारको रूपमा कार्य गर्न पाएको बताउँछिन् । समाजमा देखिएका भ्रष्ट आचरणलाई आफ्नो साहित्य मार्फत प्रस्तुत गर्ने राईले नेपाली भाषाका साथै मातृभाषामा पनि साहित्यिक योगदान गरेकी छन् ।

## २.१२ सामाजिक संलग्नता

शान्तिकुमारी राई एक समाजसेवी समाजको परिवर्तन चाहने र शिक्षाप्रेमी व्यक्तित्व हुन् । गाउँघरभित्र देखिएका सामाजिक, सांस्कृतिक, राजनैतिक विकृतिहरूलाई सुधार्नु पर्ने सल्लाह सर्वसाधारणलाई दिने गरेको शोधनायक बताउँछिन् । राई नेपाल आदिवासीहरूको मानव अधिकारका लागि अटुट रूपमा लागि परेको दखिन्छ । जबसम्म आदिवासी जनजातिहरूको उत्थान हुँदैन तबसम्म देशको विकास पनि असम्भव हुने यिनको विचार छ । आफ्नो भाषा र संस्कृतिको उत्थानका लागि **चाम्लिङ नेपाली प्रयोगात्मक शब्दकोश**को रचनामा आफूले महत्त्वपूर्ण योगदान गरेको राईले बताइन् । त्यसैले सम्पूर्ण जतनाले समान न्याय पाउनु पर्दछ भन्ने राई वकिलहरूको समूह लाहुरनिपमा पनि संलग्न छन् ।

## २.१३ सिर्जनाका लागि प्रेरणा र प्रारम्भिक साहित्यिक गतिविधि

नेपाली साहित्य जगतमा वि.सं.२०३४ सालदेखि साहित्यकारका रूपमा परिचित हुँदै निरन्तर कविता सिर्जना गर्ने साहित्यकारका रूपमा शान्तिकुमारी राई विद्यार्थी जीवनदेखि नै सिर्जनातिर निरन्तर उन्मुख भएकी छन् । साहित्य लेखनका सुरुका दिनहरूमा यिनले विद्यालयको साप्ताहिक कार्यक्रममा साथीहरूले भाग लिई पुरस्कार पाएको देखेपछि कविता गीत आदि रचना गर्न थालेको देखिन्छ । राजनीतिमा संलग्न हुँदा २०३३ सालतिर पारिजातसँगको भेटघाटबाट प्रभावित र प्रेरित भएर कविता लेखनतर्फ उन्मुख भएको देखिन्छ । खाली समयमा रचना गरेका कविताहरू पारिजातलाई नियमित देखाउने गरेको र उनले अझ राम्रो गर भन्दै प्रेरणा दिने गरेकाले यस अवस्थासम्म आएको राईले बताइन् । यसै गरी क्रान्तिकारी साहित्यकार गोकुल जोशीको **सिमानाको दीप** कविता सङ्ग्रह पढेपछि आफू कविता लेख्न अझ प्रेरित भएको साथै चाम्लिङ भाषामा गीत लेख्न थालेको उनले बताइन् ।

## २.१४ जीवन दर्शन र साहित्यिक मान्यता

शान्तिकुमारी राई पूर्वीय आदर्शबाट प्रेरित छन् तर त्यसमा देखिने रूढि अन्धपरम्परा तथा स्वर्ग-नर्कका चिन्तनदेखि मुक्त छन् । ईश्वरीय अनुकम्पाका लागि मन्दिर र देवालय धाउने काम उनी गर्दिनन् र अरूका त्यस्ता क्रियाकलापप्रति पनि उनले विरोध गर्दिनन् । उनी पिता पुर्खादेखि चलि आएका असल परम्परा, संस्कृति र चाडपर्वप्रति श्रदा गर्दछिन् भने धर्मका नाममा देखिने आडम्बरी तथा स्वार्थी प्रवृत्तिप्रति विरोध गर्दछिन् । सच्चरित्रता र नैतिकता नै मानिसका ठुला आभूषण हुन्, असल कर्म नै साँचो अर्थमा धर्म हो, मानवको कल्याणकारी भावना नै सच्चा भक्ति हो भन्न मन पराउने राई आफ्नै बाहुबलद्वारा आर्जित ढिँडोपिठो भए पनि आनन्दसाथ खानु पर्दछ भन्ने सोचाइ राख्दछिन् ।

साहित्य समाजको ऐना हो । यसले सामाजिक धरातलमा देखिने यावत स्थितिहरूको दुरूस्त प्रतिविम्बन गर्दछ । राईले सकारात्मक पक्षको सदैव सम्मान गर्दै विकृति, बिसङ्गतिहरूमाथि कोर्रा बर्साउँछिन् । साहित्य जीवनमुखी हुनु पर्दछ भन्ने धारणा राख्ने शान्तिकुमारी राई साहित्य मानव जीवनलाई गति प्रदान गर्ने साधनका रूपमा स्विकार्दछिन् । आफू साहित्यकार भएकाले गर्व मात्र होइन, सुरक्षाको अनुभूति पनि भएको छ । उनको विचारमा साहित्य त्यो अस्त्र हो जसले अन्धकारलाई काटेर सत्यं शिवं सुन्दरम् को उद्घाटन गर्दछ । मानिस इमान्दार भएर कलम समात्नु पर्दछ, कलमद्वारा व्यक्त गरिएका शब्दशक्तिले बेइमानहरूको भाव परिवर्तन गरी उज्यालोतर्फ प्रेरित गर्न सके साहित्य स्रष्टाहरू दीर्घायु हुने उनको अभिमत छ । साहित्य र राजनीतिको उद्देश्य सामाजिक, आर्थिक रूपान्तरणका दृष्टिले समतुल्य हुँदाहुँदै पनि उनी साहित्यमा राजनीतिक हस्तक्षेप मन पराउँदिनन् । समग्रमा उनी साहित्य, कला र भावको सन्तुलित समायोजन भएको जीवन र जगत्सँग निकट रहेको हृदयस्पर्शी, सम्प्रेषणीय र दीर्घजीवी हुनु पर्दछ भन्ने ठान्दछिन् ।

## २.१५ भ्रमण

नयाँ नयाँ ठाउँहरूको भ्रमण गरी विविध जानकारी लिनु मानवीय स्वभाव हो । भ्रमणबाट कल्पना शक्तिको अभिबृद्धि हुनुका साथै शारीरिक, मानसिक स्फुर्ति प्राप्त हुन्छ । शान्तिकुमारी राईले नेपालभित्र जम्मा जम्मी ५३ जिल्लामा भ्रमण गरि सकेकी छन् । नेपालका अधिकांश भागहरूमा गरिएको भ्रमणबाट उनले स्वदेशको सामाजिक, सांस्कृतिक, आर्थिक स्थितिको अनुभव बटुल्न पाएकी छन् । यसै गरी उनले देश बाहिर भारत र हङकङको समेत भ्रमण गरि सकेकी छन् । उनले अखिल नेपाल महिला संघको गठनका लागि २०३४ सालमा भारत भ्रमण गरेकी हुन् । हङकङ भ्रमणका क्रममा त्यहाँको भौतिक सम्पन्नता, सिस्टमको रूपमा हुने सम्पूर्ण कार्य र केबलकार देख्दा आश्चर्य लागेको राईले बताइन् । राजनीतिमा सक्रिय रूपमा संलग्न भएका कारणले देशभित्रका विभिन्न ठाउँ र विभिन्न देशहरूको समेत भ्रमण गर्न पाएको उनले बताइन् ।

## २.१६ सम्मान तथा पुरस्कार

नेपाली साहित्यको कविता विधामा स्वतन्त्र रूपमा कलम चलाउँदै आएकी राई स्वच्छन्दतावादी कवि हुन् । राईले साहित्यप्रति देखाएको अभिरुचिलाई सम्मान गर्नका लागि विभिन्न संघ-संस्थाले उनलाई पुरस्कार तथा सम्मान प्रदान गरेको देखिन्छ जसलाई क्रमशः यसरी देखाउन सकिन्छ :

१. वि.सं. २०६१।०२।१३ गते प्रसिद्ध पप गायक धिरज राईलाई जन्म दिई असल आमाको भूमिका निभाएको र उनले नेपाली गीत सङ्गीतलाई देश विदेशमा परिचित गराएकामा म्युजिक डट कम काठमाडौँद्वारा सम्मान पत्र प्रदान गरिएको ।

२. चाम्लिङ भाषा शिक्षा प्रशिक्षण सफलतापूर्वक गरेकोमा वि.सं. २०६१।०३।०७ गते किरात राई चाम्लिङ खाम्बातिम् काठमाडौँद्वारा प्रशंसा पत्र प्रदान गरिएको ।

३. आर्थिक सहयोग उपलब्ध गराएकोमा वि.सं. २०६५।०८।०६ गते किरात राई यायोक्खा केन्द्रीय कार्य समिति काठमाडौँद्वारा कदर पत्र प्रदान गरिएको ।

४. चाम्लिङ भाषामा गीत प्रस्तुत गरेकोमा वि.सं. २०६५।०९।१९ गते किरात राई सांस्कृतिक कलाकार संघ काठमाडौँद्वारा प्रशंसा पत्र प्रदान गरिएको ।

५. उत्कृष्ट कविता प्रस्तुत गरेकोमा २०६६।०४।२१ गते किरात राई यायोक्खा जिल्ला कार्य समिति ललितपुरद्वारा प्रशंसा पत्र प्रदान गरिएको ।

६. चाम्लिङ साहित्यमा योगदान दिएकोमा वि.सं. २०६८।०१।१७ गते उदयपुरे चाम्लिङ राई समाज काठमाडौँद्वारा सम्मान पत्र प्रदान गरिएको ।

७. चाम्लिङ भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक रचना गरेकोमा वि.सं. २०६८।०१।२३ गते किरात राई चाम्लिङ खाम्बातिम् काठमाडाँद्वारा कदर पत्र प्रदान गरिएको ।

उपर्युक्त सम्मान पुरस्कारहरूलाई हेर्दा राईले नेपाली भाषा साहित्यको तुलनामा मातृभाषामा महफ्वपूर्ण योगदान गरेकी छन् ।

## २.१७ निष्कर्ष

नेपाली साहित्यको कविता विधामा सक्रियता देखाउने व्यक्तिका रूपमा कवि शान्किुमारी राई चिनिन्छिन् । उदयपुरको विकट गाउँमा जन्मिएकी राईले अध्ययन अध्यापन कार्यका साथै साहित्यमा पनि उत्तिकै रूचि दिएको देखिन्छ । कविता विधामा मुख्य अभिरूचि राख्ने राईले उच्च शिक्षा अध्ययनका क्रममा साहित्यिक यात्रा आरम्भ गरेकी हुन् ।

नेपाली समाजमा छोरीहरूले पढ्नु हुँदैन भन्ने त्यतिखेरको सोँचका विपरीत राईले पढाइ पूरा गरेकी हुन् । ढिलै स्कुल भर्ना भए पनि पढाइप्रतिको उच्च लगावका कारण उनले विद्यालय भर्ना भएको ६ वर्षमै एस.एल.सी पास गरेको देखिन्छ । उनले राजनीतिक, सामाजिक सेवाका खातिर पनि नेपाली साहित्यमा योगदान गरेकी छिन् । मार्क्सको राजनीतिक विचार धारालाई अँगाल्ने राई अहिले नेकपा माओवादीको महिला सल्लाकारका रूपमा सक्रिय छन् । यही पार्टीमै आस्था राखेका कारण नेपालको अन्तरिम संविधान, २०६३ को मस्यौदाकार समितिको सदस्यका रूपमा यिनले भूमिका पनि निर्वाह गरेकी छन् । विद्यार्थी जीवनदेखि साहित्यमा क्रियाशील राईका नेपाली लगायत चाम्लिङ भाषामा गीत, कविता प्रकाशित भइ सकेका छन् । राईका नेपाली भाषामा प्रकाशित कविता कृतिहरू **दश कविता** (२०३४)**, सङ्घर्षशील जीवन** (२०४१), **आमाको सम्झना** (२०५४),**चेतना** (२०६४)**, मनको वह** (२०६४) आदि हुन् ।

सामाजिक विकृति र विसङ्गतिलाई कविताको विषयवस्तु बनाउन रुचाउने राईले कविता मार्फत सरल सहज ढङ्गले सुधारको सन्देश दिएकी छन् । साहित्य जीवन जगतको यथार्थपरक कलात्मक अभिव्यक्ति हो, जो प्रत्येक मान्छेको जीवनसँग जोडिन्छ । तत्कालीन परिवेशलाई

कालान्तरसम्म अनुभव गर्ने आधार दिन्छ भन्ने शान्तिकुमारी राई जनहितको आकाङ्क्षा राख्दै जनताको लागि साहित्य रचना गर्ने स्रष्टाका रूपमा चिनिन पुगेकी छन् ।

# तेस्रो परिच्छेद
# शान्तिकुमारी राईको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

मानिस जन्मेपछि एक न एक प्राकृतिक गुण लिएर जन्मेको हुन्छ । ती गुणहरू विभिन्न क्षेत्रसँग सम्बन्धित हुन्छन् । तिनकै आधारमा मानिस विभिन्न क्षेत्र र विषयसँग परिचित हुँदै जान्छ र प्रसिद्धि प्राप्त गर्दछ । यसरी समाजमा परिचित र प्रतिष्ठित गराउने गुण विशेष नै व्यक्तिको व्यक्तित्व हो । मानिसको व्यक्तित्वलाई मूलतः सार्वजनिक र निजी गरी दुई भागमा राखेर अध्ययन गरिन्छ । निजी व्यक्तित्वलाई मानिसको शारीरिक बनावट, स्वभाव, आचरण, बानी, व्यवहार, लवाइ, खवाइ जस्ता नितान्त व्यक्तिगत अभिरूचिले निर्धारण गर्दछन् ।

समाजको कुनै पनि व्यक्तित्वले सामाजिक मर्यादाका परिधिमा रही समाज र राष्ट्रको हितका लागि साहित्यिक, धार्मिक, राजनैतिक तथा सामाजिक क्षेत्रमा दिएका सकारात्मक योगदानले उसको सामाजिक व्यक्तित्वको निर्माण गरेको हुन्छ । राईको सार्वजनिक व्यक्तित्वको विकासका लागि विशेषतः शिक्षक व्यक्तित्व र त्यसैसँग सम्बन्धित विभिन्न पेसालाई मुख्य पक्षका रूपमा लिन सकिन्छ । सरल, सहज, मिलनसार र क्षमाशील स्वभाव तथा मेहनती एवं जिज्ञासु प्रवृत्तिकी भएकाले कवि राईका जीवनमा उत्तरोत्तर अवसर प्राप्त हुँदै आएका छन् । साहित्यिक, राजनीतिक, समाजसेवी र सम्पादक व्यक्तित्वका रूपमा समेत यिनको उल्लेखनीय भूमिका रहेको छ । यहाँ राईका उपर्युक्त व्यक्तित्वका विभिन्न पक्षको अनुशीलन गरिएको छ ।

## ३.२ शारीरिक व्यक्तित्व र स्वभाव

कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक पृष्ठभूमि, आर्थिक अवस्था, शिक्षा, दीक्षा, पेसाको साथै आफू हुर्केको परिवेश आदिको मुख्य भूमिका रहन्छ । व्यक्तित्वले नै मानिसको परिचय निर्धारण गर्दछ । मानिसको व्यक्तित्व निर्धारण गर्दा बाह्य आन्तरिक र स्वभावजन्य भनी वर्गीकरण गर्न सकिन्छ । बाह्य वा शारीरिक व्यक्तित्व बाहिरैबाट स्पष्ट देख्न सकिन्छ भने उसको स्वाभाव चेतना, क्रियाकलाप आदिबाट आन्तरिक व्यक्तित्वबारे थाहा पाउन सकिन्छ ।

प्रत्येक मानिसको शारीरिक व्यक्तित्व भिन्न भिन्न तरिकाले निर्माण भएको हुन्छ । बाल्यकालको खानपिन, स्याहार सुसार, पारिवारिक स्नेह, सरसफाई जस्ता महफ्वपूर्ण पक्षहरूले मानिसको व्यक्तित्वमा प्रभाव पार्दछ । यसरी राईको शारीरिक व्यक्तित्व हेर्दा करिब साढे चार फिट उचाइ, गोरो वर्ण, अनुहारमा केही काला थोप्लाहरू भएकी छोटो पातलो कपाल, सधैँ ह्याट पहिरिने, मिलेको दाँत आकर्षक अनुहार, साना साना आँखा भएकी सधैँ प्रफुल्ल मुद्रामा देखिन्छिन् । ५५ वर्ष पार गरेकी राईमा अत्यन्त जोश जाँगर र फुर्तिलोपन भेट्टिन्छ । महिला नै भए पनि सधैँ सर्ट पाइन्ट लगाउन रूचाउने राईको शरीर फुर्तिलो देखिन्छ ।

शान्तिकुमारी राई निडर विवेकशील सचेत चिन्तनशील र परिपक्क व्यक्तिको रूपमा देखा पर्दछिन् । उनी अत्यन्त सहयोगी मिलनसार स्वाभिमानी र मिहिनेती छन् । राईले आफ्ना मनमा लागेका कुराहरू अरू समक्ष स्पष्ट रूपमा राख्न मन पराउँछिन् । समाजमा रहेका विकृति विसङ्गतिको चोटिलो प्रहार गर्न उनी कहिले पनि डराउँदिनन् । राईले समाजमा विद्यमान चाकडी, चाप्लुसी र घुसखोरी प्रवृत्तिलाई पटक्कै मन पराउँदिनन् बरू खुलेरै विरोध गर्दछिन् । जस्तो सुकै आपत आइपरे पनि अरूसँग हात फैलाउन मन नपराउने राई मेहनती र परिश्रमी छन् । उनको

राजनीतिक आस्थाको केन्द्रविन्दु नेकपा माओवादी भए पनि सम्पूर्ण पार्टीगत विचारलाई समान महफ्वका साथ हेर्दछिन् । कहिले पनि समाजमा उच्च नीचको भावना नआओस् धनी गरिब सबैले समान न्याय पाउन् भन्ने धारण यिनको रहेको छ । फुर्सदको बेला लेख्न मन पराउने उनले समयको सदुपयोग राम्ररी गर्दछिन् । उनलाई साहित्यकार पारिजातका कृतिहरू लेखनाथको 'पिँजडाको सुँगा', क्रान्तिकारी साहित्यकार गोकुल जोशीको **सिमानाको दीप** कविता सङ्ग्रह अत्यन्त मार्मिक लाग्ने गरेको बताइन् । उनले मार्क्सवादी विचार धारा अँगालेकाले होला एकपटक पाइने मानव जीवनमा समाज र राष्टको हितका लागि केही गर्नु पर्दछ भन्ने सोँचाइ राख्दछिन् । विगतको सम्झनामा पछुताउनु भन्दा भविष्यलाई सोच्दै वर्तमान सपार्न लाग्नु पर्ने विचार उनले प्रस्तुत गर्दछिन् । कठिन परिस्थितिमा पनि धैर्य धारण गर्न सक्ने क्षमता भएमा अटुट अभ्यासपछि परिणाम सकारात्मक बन्दछ भन्ने मान्यता राईको आन्तरिक व्यक्तित्वबाट स्पष्ट हुन आएको छ ।

सफलता विफलता, सुख-दुःख, जस्ता मानवीय संवेदनाहरूलाई स्वाभाविक ढङ्गले स्वीकार गर्न सक्नु नै सफल मानिसको परिचय मान्ने राई सत्य कुरा जहाँ गए पनि साँचो हुने स्विकार्दछिन् । परिश्रमी, सहयोगी, स्वाभिमानी, मृदुभाषी आदि प्रवृत्तिले राईको व्यक्तित्वलाई उजिल्याएको छ ।

## ३.३ जागिरे व्यक्तित्व

उदयपुरको दुर्गम गाउँमा जन्मे पनि अध्ययन गर्ने तीव्र इच्छालाई विभिन्न सङ्घर्षद्वारा पार गर्दै राईले विभिन्न सरकारी गैरसरकारी पदमा रही जागिरे जीवन व्यतित गरेकी छन् । जागिर मानिसको लागि अपरिहार्य तफ्व हो भन्ने राईले वि.सं २०३२ सालदेखि केन्द्रीय टिकट भण्डारमा बहिदारका पदमा बहाल भई कार्य गरेको देखिन्छ । आफ्नो पढाइलाई निरन्तरता दिने हिसाबले आर्थिक सङ्कलन गर्नु परेकाले जागिर गर्नतिर लागेको उनले बताइन् । उनले अहिलेसम्म निम्नानुसारको जागिरे जिम्मेवारी पूरा गरेकी छन् :

राईको जागिरे व्यक्तित्वलाई झल्काउने तालिका :१

| क्र.सं | पद | कार्यालय | कार्यरत अवधि |
|---|---|---|---|
| १ | मुखिया | सूचना विभाग | वि.सं. २०३३ आषाढ भाद्र |
| २ | खरिदार | वाणिज्य विभाग | वि.सं. २०३३ - २०३६ |
| ३ | हेड असिस्टेन्ट | नेपाल ल क्याम्पस | वि.सं. २०३६ -२०४७ |
| ४ | सहायक प्रध्यापक | नेपाल ल क्याम्पस | वि.सं. २०४८ देखि ०५४ सम्म कार्यरत |
| ५ | उपप्रशासक | नेपाल ल क्याम्पस कानुन संकाय | कार्यरत |
| ६ | रिसर्च अफिसर | जे.एस. आई नेपाल | सन् १९८६-१९८७ जुलाई सम्म |
| ७ | रिसर्च | एफ.जी. आरसी | सन् १९८७ सेप्टेम्बर |
| ८ | कन्सटेन्ट | जे.एस. आई नेपाल | सन् १९८८ |
| ९ | एजुकेसन असिस्टेन्ट | एन्सी. आरसी | सन् १९८८ फेब्रुअरी-१९८९ |
| १० | फिल्ड रिसर्च | सी.डी.सी. नेपाल | सन् १९८९ मे-जुनसम्म |
| ११ | ग्रामीण विकास सहायक | केयर इन्टरनेस्नल नेपाल | सन् १९८९ जुलाई-१९९९ सम्म |

स्रोत : शोध नायक

सानैदेखिको निडर स्वभाव र स्पष्टवक्ता भएकाले जति आपत्ति आइपरेपनि नआत्तिने राई बताउँछिन् । साहित्यकार व्यक्तित्व भएकाले पनि रोचक प्रस्तुति गर्न सक्ने सामर्थ्य उनमा छ । यिनै विशेषताका कारण उनी सबैका साम् लोकप्रिय बनेकी छन् ।

## ३.४ साहित्यकार र सर्जक व्यक्तित्व

शान्तिकुमारी राईको व्यक्तित्वका विविध पाटाहरू मध्ये साहित्यकार र सर्जक व्यक्तित्व पनि एक हो । यिनले सत्र वर्षको उमेरदेखि कविता विधामा कलम चलाएकी हुन् । यिनको पहिलो प्रकाशित कविता **गरिबको जीवन** द्वैमासिक (२०३०) मा प्रकाशित भएको हो । **दश कविता, सङ्घर्षशील जीवन, आमाको सम्भना, चेतना, मनको बह** आदि कृतिका माध्यमबाट राईले नेपाली भाषा साहित्यमा योगदान गरेकी छन् भने **हैकामा, सेम्टु टुङ्माखिम, चाम्लिङ नेपाली शब्दकोश** लेखेर चाम्लिङ भाषा साहित्यमा समेत योगदान गरेकी छन् । त्यसका साथै चाम्लिङ गीत सङ्गीतका क्षेत्रमा पनि गीती एल्बम मार्फत योगदान पुऱ्याएकी छन् ।

कवि शान्तिकुमारी राईको साहित्यिक यात्राको प्रिय विधा कविता नै हो । उनले कविता विधा नै रोज्नुको कारण जुन सहित्य लेख्नु परे पनि उनलाई एकै बसाइमा सक्नु पर्ने अन्यथा आफूले सोचेको भाव नआउने बताइन् । उनको संस्मरणमा रहेको पहिलो प्रकाशित कविता 'गरिबको जीवन' भए पनि **अन्नपूर्ण पोष्ट**मा त्यो भन्दा अगाडिदेखि आफ्ना रचना प्रकाशित भएको र आफूले प्राप्त नगरेको बताइन् । फुटकर कविताहरूका अतिरिक्त सङ्ग्रहका रूपमा २०३४ मा **दश कविता** पहिलो कृति हो । त्यसपछि क्रमशः **सङ्घर्षशील जीवन**, (२०४१) **आमाको सम्भना** ( २०४१) **चेतना** (२०६४), **मनको बह** (२०६४) छन् । यसरी कवि राईको कविता सिर्जना गर्ने अभिभारा निरन्तर रूपमा अगाडि बढेको देखिन्छ । राईका कविताको विषय विशेषतः तत्कालीन समाजको चित्रण, राजनीतिक विसङ्गतिमाथि तीव्र व्याङ्ग्य, पिछडिएका जातिको चित्रण गर्नुको साथै केही कविता शोकमूलक पनि रहेका छन् । उनका कवितामा लेखनशैली, भाव, विचार, विषयवस्तुको मनमोहक, सरल र सहज प्रस्तुति बन्न पुगेको छ ।

## ३.५ राजनीतिक व्यक्तित्व

शान्तिकुमारी राईका व्यक्तित्वका विविध पक्षहरूमध्ये राजनीतिक व्यक्तित्व पनि एक हो । यिनको राजनीतिक व्यक्तित्व पनि साहित्यिक व्यक्तित्व बराबरकै छ । विद्यार्थी जीवन देखि राजनीतिमा चासो राख्ने राई वि.सं. २०३३ सलतिरबाट संगठनात्मक रूपमा अगाडि बढेकी हुन् । वि.सं. २०३३ सलमा अनेमसंघको सचिव पदमा नियुक्त भएपछि पारिजातको अध्यक्षतामा काम अगाडि बढेको राईले बताउँछिन् । राजनीति गर्ने क्रममा पम्फा भुषाल र गोमा देवकोटासँग राम्रो चिनजानी भएको उनले बताइन् । २०३४ सालमा महिला संगठनको मुखपत्रको रूपमा **महिला ध्वनि** निकाल्ने निर्णय गरेको राईले बताइन् । यिनले पार्टी विस्तारका क्रममा नेपालका करिब ५३ जिल्लाको भ्रमणको साथै २०३४ मा अखिल नेपाल महिला संघ गठनकै लागि भारतको समेत भ्रमण गरेकी हुन् । नेपालभित्र पञ्चायती व्यवस्थाको बढ्दो दमनका कारण भूमिगत रूपमा पार्टी विस्तारको जिम्मेवारी बहन गरेकी राईले । आफ्नो बच्चा सानो भएको र श्रीमान जेलमा भएकाले खुलेआम पार्टी विस्तारको कार्य भने पम्फा भुषाल र सवित्रालाई सुम्पिएको बताउँछिन् । यसै क्रममा राईले मार्क्सवादी जीवन दर्शनको अध्ययन गर्ने मौका पाएकी मार्क्सवादी जीवन दर्शनको अध्ययनपछि पिछडिएका जाति, धर्म, संस्कृति र वर्गका उत्थान गर्नु पर्दछ भन्ने विचार संगठनमा व्यक्त गरेकी हुन् । उनको विचार साम्प्रदायिक भएको र अहिले त्यसमा फस्न नहुने वर्गीय कुरा अगाडि ल्याउनु पर्ने धारण पार्टीबाट निर्णय भएपछि मार्क्सवादलाई नबुझ्ने पार्टीको समर्थन गर्न उचित नठानी २०३८ सालमा पम्फा भुषाललाई सचिवको पदमा जिम्मेवारी सुम्पी राजीनामा

दिएकी हुन् । राजीनामापछि विभिन्न पार्टीले आफ्नो पक्षमा बोलाए पनि आफ्नो बिचारमा अटल रहिरहिन् । राजा बिरेन्द्रको वंशनास पछि ज्ञानेन्द्रले पनि आफ्नो पक्षमा आउन आग्रह गरेको तर पञ्चायत कालमा राजाकै विरोधमा ठुलो कदम चालेकाले त्यसतर्फ रूचि नभएको राईले बताइन् । कुनै पनि पार्टीमा आबद्ध नभएको देखेपछि २०६२।६३ को आन्दोलनको समाप्तिपछि पम्फा भुषालले नै आफ्नो पार्टीमा आबद्ध गराउन चाहेको उनले बताइन् । माओवादीको अनुरोधमा 'नेपालको अन्तरिम संविधान' २०६३ को मस्यौदाकार समितिको महिला सदस्यको रूपमा कार्य गरेको राईले बताइन् । यसै गरी २०६६ मा माओवादीको सिफारिसमा 'नेपाल कानुन आयोग' को सदस्यको कार्याभार सम्हालेकी हुन् । उनी अहिले पनि नेकपा माओवादीको महिला सल्लाहकारका रूपमा कार्यरत छन् जसले देश, जनता, पिछडिएका वर्ग, लिङ्गको उत्थानको कार्य गर्दछ उही नै आफ्नो आदर्श पार्टीको रूपमा रहने उनले बताइन् ।

माओवादीले देश र जनताको आवाज उठाए पनि देशमा विद्यमान खराब प्रवृत्तिका कारण अगाडि बढ्न नसकेको हो कि भन्ने राईको धारण छ । वर्तमान राजनीतिलाई परिभाषित गर्दा राजनीति जनतालाई ठगी खाने भाँडो, फोहरी खेल भएको उनले बताइन् । राजनीतिले देशको मुहार परिवर्तन गर्न सक्दछ तर त्यसो नभई योग्य मानिस सत्तामा जान नपाउने गए पनि कुनै किसिमले बाहिरिनु पर्ने विडम्बना भएकाले कसैले पनि केही गर्न नसकेकोमा उनी चिन्ता व्यक्त गर्दछिन् । आफ्नो सम्पूर्ण भावनालाई कदर गर्ने, देश र जनताको हितमा काम गर्ने भएकाले आदर्श पार्टी माओवादी रहने विचार राईले व्यक्त गर्दछिन् ।

## ३.६ सामाजिक व्यक्तित्व

अन्धकारमा गुज्रि रहेको सामाजिक संरचनालाई चेतनशील बनाउँदै सुधार गर्नु सामाजिक व्यक्तित्वको कर्तव्य हो । राईको सामाजिक व्यक्तित्वलाई यसरी उल्लेख गर्न सकिन्छ :

राईको सामाजिक व्यक्तित्वलाई झल्काउने तालिका :२

| क.सं. | पद | संस्था | कार्यारत अबधि |
|---|---|---|---|
| १ | संस्थापक अध्यक्ष | नेपाल आदिवासीहरूको मानव अधिकार सम्बन्धि वकिल समूह | सन् १९९५- २००६ |
| २ | उपाध्यक्ष | किरात राई चाम्लिङ शाछाम् | २०६१-अहिलेसम्म |
| ३ | अध्यक्ष | जागृति समाज केन्द्र | २०५४-२०६० |
| ४ | अध्यक्ष | नेपाल आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह | २०६३-अहिलेसम्म |
| ५ | अध्यक्ष | सामुदायिक सेवा केन्द्र कानपा २२ घट्टेकुलो खानेपानी उपभोक्ता समिति | २०६०-अहिलेसम्म |
| ६ | अध्यक्ष | मेलमिलाप उपभोक्त समिसत कठमाडौं | २०५३-अहिलेसम्म |
| ७ | सल्लाहकार | नेपाल अदिवासी महासंघ | २०६३-२०६६ |
| ८ | सल्लाहकार | किरात राई यायोक्खा | २०६३-२०६६ |
| ९ | सल्लाहकार | किरात राई संस्कृतिक कलाकार संघ | ? |
| १० | सल्लाहकार | मर्भलस इङ्लिस बोडिङ स्कुल | २०६३-२०६६ |
| ११ | सल्लाहकार | उदयपुरे चाम्लिङ दिखाखारू खम्बातिम् | २०६१-२०६३ |
| १२ | सल्लाहकार | राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ | २०६३-अहिलेसम्म |

| | | | |
|---|---|---|---|
| १३ | सल्लाहकार | किरात राई समाधिस्थल व्यावस्थापन समिति | ? |
| १४ | सल्लाहकार | उदयपुरे एकता समाज | २०६६-अहिलेसम्म |
| १५ | सल्लाहकार | उदयपुरे चाम्लिङ् राई समाज काठमाडौं | २०६८ |
| १६ | आजीवन सदस्य | बन्दि सहायता नियोग (पाम्) | ? |
| १७ | आजीवनसदस्य | किरात राई चाम्लिङ खाम्बातिम् | ? |
| १८ | आजीवनसदस्य | श्री उ.मा.वि बलम्ता त.समशेर राई स्मृति पुरस्कार कोष | २०६६ |
| १९ | सदस्य | महिला विभाग किरातराई चाम्लिङ खाम्बातिम् | २०६१-अहिलेसम्म |
| २० | सदस्य | भषा तथा सहित्य विभाग किरात राई चाम्लिङ खाम्बातिम् | २०६०-२०६४ |
| २१ | सदस्य | नेपालको अन्तरीम संविधान,२०६३ को मस्यौदाकार समिति | २०६३ |
| २२ | सदस्य | नेपाल कानुन आयोग | २०६६-२०६८ |
| २३ | सदस्य | महिला कानुन व्यावसायी संघ | २०५६-२०६२ |
| २४ | सदस्य | नेपाल बार एसोसियसन महिला कानुन व्यवसायी सरोकार समिति | २०६१-अहिलेसम्म |
| २५ | सदस्य | चाम्लिङ भाषाको पाठ्यपुस्तक कक्षा १-५ सम्म | २०६०-२०६५ |
| २६ | सदस्य | श्री उ.मा.वि बलम्ता मंगलसरी राई स्मृति चाम्लिङ साहित्य पुरस्कार | २०६६ |

स्रोत : शोध नायक

## ३.७ पारिवारिक व्यक्तित्व

साहित्यकार शान्तिकुमारी राईको सामाजिक व्यक्तित्व जस्तै पारिवारिक व्यक्तित्व पनि उत्तिकै महफ्वपूर्ण रहेको छ । यिनले परिवारमा महिला र पुरूषको काममा कुनै भेदभाव देख्दिनन् । राईले पारिवारिक दायित्वलाई कुशलताका साथ बहन गरेकी छन् । आफूसँग सल्लाह माग्न आउने जोसुकै व्यक्तित्वलाई पनि कुशल अभिभावकले जस्तै मार्ग दर्शन गर्ने राईको बानी छ । अरूको चित्त दुःख्ने कार्य गर्न मन नपराउने राईले आफ्नो आवश्यकता भन्दा सन्तानका आवश्यकतालाई विशेष ध्यान दिने बताइन् । आफ्नो सन्तान जतिसुकै ठुलो र सम्मानित भए पनि आफ्नो नजरमा नवजात शिशु नै देखिने राईले बताइन् । राईले जुनसुकै कर्यमा संलग्न रहँदा त्यससँग सम्बन्धित कार्यलाई असल अभिभावकले जस्तो पूरा गर्दछिन् ।

## ३.८ सम्पादक-गायक व्यक्तित्व

शान्तिकुमारी राइले आफूलाई सिर्जनात्मक व्यक्तित्वमा सीमित नगरी सम्पादक र गायक व्यक्तित्वमा पनि बिस्तार गरेकी छन् । राईले नेपाली साहित्यको विकासमा निरन्तर समर्पित भई विभिन्न साहित्यिक संस्थामा आबद्ध भई काम गर्दै आएकी छन् । यिनको सम्पादक व्यक्तित्व नेपाली साहित्यतर्फ नभई चाम्लिङ भाषा साहित्यमा रहेको छ । यिनले **मिचुङ** (उदयपुरे चाम्लिङ आवाज) भाग १, भाग २, भाग ३, क्रमश : २०६१, २०६२, २०६३ र यसै गरी 'चाम्लिङ शाछाम्' (चाम्लिङ सिर्जना) शृङ्खला-१, २०६८ आदिको सम्पादन गरेकी छन् ।

यसै गरी राईले गायनतर्फ पनि चाम्लिङ भाषाका गीतहरूमा स्वर दिनुका साथै सङ्कलन र रचना समेत गरेकी छन् । उनले स्वर दिएका एल्बमहरू क्रमशः **नानापोकुने** (२०६२), **मसिवी** (२०६४) हुन् भने गीति सङ्ग्रहका रूपमा रहेका कृतिहरू **सेम्टू** (२०६४) **टुङ्माखिम** (२०६५) हुन् । यिनले सम्पादन र गायन कार्यको अतिरिक्त बाल सन्दर्भ सामग्री र चाम्लिङ भाषा सिकौँ जस्ता कृतिहरूमा सहलेखन समेत गरेकी छन् । यसरी हेर्दा शान्तिकुमारी राई साहित्यतर्फ लेखन कार्यमा सीमित नरहेर सम्पादन, गायन सङ्कलन गर्ने व्यक्तित्व पनि हुन् ।

## ३.९ जीवनी र सिर्जना बिचको सम्बन्ध

शान्तिकुमारी राई नेपाली साहित्यको कविता विधामा कलम चलाउने साहित्यकार हुन् । उनको जीवनी, व्यक्तित्व र साहित्य बिचमा अन्तः सम्बन्ध रहेको छ ।

शान्तिकुमारी राईले वि.सं. २०३४ सालबाट साहित्यिक यात्रा आरम्भ गरेकी हुन् । स्कुले जीवनदेखि साहित्यमा निरन्तर भाग लिँदै आए पनि सङ्ग्रहका रूपमा कुनै पनि साहित्यिक कृति प्रकाशनमा आएको देखिँदैन । यसरी हेर्दा राईको साहित्यिक यात्रा र राजनीतिक जीवन सँगसँगै आरम्भ भएको देखिन्छ । राईले साहित्यिक विषयवस्तुका रूपमा छनोट गरेका विषयहरू सामाजिक क्षेत्रमा देखा परेका निरङ्कुश शासन व्यवस्था, सामाजिक विकृति र विसङ्गतिपूर्ण अवस्था, शोषण, जातीय उत्पीडनका साथै शोकमूलक कृतिको समेत रचना गरेकी छन् । आफूले देखे भोगेका र अनुभव गरेका विविध विषयलाई कवितात्मक भाषा प्रयोग गरी सरल सहज रूपले प्रस्तुत गर्न सक्ने क्षमता राईमा रहेको पाइन्छ ।

## ३.१० निष्कर्ष

शान्तिकुमारी राईले नेपाली साहित्यको कविता विधामा संलग्न रहेर सामाजिक कुसंस्कार र शोषण उत्पीडनका विरूद्ध आवाज उठाएकी छन् । विद्यार्थी जीवनदेखि साहित्यमा क्रान्तिकारी स्वर उजागर गर्ने राईले सङ्घर्षलाई मानिसको असल साथी मान्दछिन् । विभिन्न विषयसँग सम्बन्धित रहेर कविता सिर्जना गर्ने राईले अन्याय अत्याचार र भ्रष्टाचारको तीव्र विरोधका साथै नेपाली जनमानसमा रहेका अभाव र उत्पीडनको अव्यक्त पीडालाई आफ्ना कृति मार्फत उदाङ्गो पारि दिएकी छन् । यसरी शान्तिकुमारी राईमा कवि व्यक्तित्वका साथै राजनीतिक, सामाजिक, पारिवारिक, सम्पादक, गायक जस्ता व्यक्तित्वमा हुनु पर्ने गुण रहेका छन् ।

## चौथो परिच्छेद

# शान्तिकुमारी राईको साहित्य यात्रा र चरण विभाजन

### ४.१ साहित्य यात्रा र चरण विभाजन

कुनै पनि साहित्यकारको कृतिको विश्लेषण र मूल्याङ्कनका लागि उसले पूरा गरेको साहित्य यात्रा तथा त्यसका मोडहरूप्रति सचेत हुनु आवश्यक पर्दछ । समयको गतिशिलता र विभिन्न क्षेत्रमा भएका परिवर्तनको प्रभाव एउटा स्रष्टाका कृतिमा पर्नू स्वाभाविकै हो । स्रष्टाले देखेभोगेका अनुभव र अनुभूतिका सबल विचारको अभिव्यक्ति साहित्यको विषयवस्तुका रूपमा आएको हुन्छ । यिनै विविधताका आधारमा स्रष्टाले साहित्य यात्राका भिन्न भिन्न मोड वा घुम्तिहरू लिएर अघि बढेको हुन्छ ।

वि.सं. २०३० सालदेखि औपचारिक रूपमा साहित्यक यात्रमा प्रवेश गरेकी राईको लामो समय आर्थिक र व्यक्तिगत समस्यालाई छिचोल्दै अगाडि बढेको छ । उनको साहित्य यात्रालाई चरणबद्ध गरेर विश्लेषण मूल्याङ्कन गर्नु उपयुक्त ठहरिने भएकाले उक्त विधिलाई यहाँ अवलम्बन गरिएको छ । राईको साहित्य यात्राको चरण विभाजन गर्दा दुई चरणलाई आधारमान्नु उपयुक्त हुन्छ ।

(१) पहिलो चरण (वि.सं. २०३०-२०५३)

(२) दोस्रो चरण (वि.सं. २०५४-अहिलेसम्म)

शान्तिकुमारी राईको साहित्य यात्रा दुई चरणमा अगाडि बढेको छ । राईको साहित्य यात्रा कसरी अगाडि बढ्यो, के-कस्ता र के-कति कृतिहरू उनले नेपाली साहित्यलाई दिएर गुन लगाइन् भन्ने कुराको विवेचना यहाँ गरिएको छ ।

### (१) पहिलो चरण (वि.सं. २०३०-२०५३ सम्म)

सामान्य विद्यालय अध्ययनबाटै राईको साहित्य यात्रा आरम्भ भए पनि वि.सं. २०३० बाट उनी औपचारिक रूपमा साहित्य साधनामा प्रवृत्त भएकी हुन् । वि.सं. २०३० सालमा 'गरिबको जीवन' कविता द्वैमासिक पत्रिकामा प्रकाशित भएपछि औपचारिक साहित्य यात्रा आरम्भ भएको जानकारी शोधनायकले दिएकी छन् । पहिलो चरणका कवितामा पञ्चायत कालको विरोध गर्दै जनताका मौलिक अधिकार तथा स्वतन्त्रता कुण्ठित भएकाले विद्रोही स्वरका साथै त्यतीव्रेला गर्नु परेका सङ्घर्ष पीडाको स्पष्ट रूप देख्न सकिन्छ । राईका पहिलो चरणका कवितामा पञ्चायती शासनका बिरूद्ध जनताहरू एक जुट भएर लाग्नुपर्दछ भन्ने आवह्ान व्यक्त गरिएको छ । उनले २०५३ लाई पहिलो चरणको अन्त्य मान्नुको कारण शोकमूलक काव्य **आमाको सम्झना** (२०५३) रचना गर्नु हो । साहित्य यात्राको यस चरणमा राईका कविता कृतिको र तिनका स्थितिको अनुशीलन तलका उपशीर्षकमा गरिएको छ ।

### (क) पहिलो चरणमा प्रकाशित कविता कृतिहरू

शान्तिकुमारी राईले साहित्य यात्राको पहिलो चरणमा कविता विधालाई सिर्जनाको क्षेत्र बनाएकी छन् । समयका दृष्टिले करिब दुई दशक समय ओगटेको पहिलो चरणमा उनका जम्मा दुईवटा कविता सङ्ग्रहहरू प्रकाशनमा आएका छन् । उनका पहिलो चरणका कृतिहरू तल प्रस्तुत गरिएका छन् :

**दश कविता** (२०३४) सङ्ग्रहभित्र राईका १० वटा शीर्षकबद्ध कविता रहेका छन् । ती हुन् : 'नयाँ शिक्षा योजना', 'गरिबको जीवन', 'पञ्चायती व्यवस्था', 'भण्डाफोर', 'आपसमा मिलौं, 'शोषण नष्ट पारौँ', 'विदेशीने नेपालीलाई', 'गरिबको व्यथा', 'आधुनिक नारी', 'शान्तिक्षेत्र नेपाल' ।

**सङ्घर्षशील जीवन** (२०४१) कविता सङ्ग्रहभित्र राईका १४ वटा कविताहरू यस प्रकार रहेका छन् : 'सङ्घर्षशील जीवन', 'व्यथा गरिबको', 'जाउँ अब गाउँतिर', 'अस्तित्व', 'आफ्नो देशमा लड', 'कालो कानुन', 'अपेहेलित नारी', 'लडौं संगठित भएर', 'विदेशी सहायता कता?', 'मर्न केको डर?', 'गहना', 'जान्छु म गाउँमा', 'लड्छौ अधिकार लिन्छौ' ।

उल्लिखित **दश कविता**मा १० वटै शीर्षकबद्ध कविता छन् भने अर्को कविता सङ्ग्रह **सङ्घर्षशील जीवन** मा १४ वटा कविता शीर्षकबद्ध गरिएका छन् ।

**दश कविता** र **सङ्घर्षशील जीवन** कविता सङ्ग्रहमा बद्ध, मुक्त दुवै लयको प्रयोग गरिएको छ । यी दुईवटै कविता सङ्ग्रहमा पञ्चायती व्यवस्थाको विरूद्ध निरङ्कुश व्यवस्था प्रतिको तीव्र आक्रोशजन्य भाव राईले प्रकट गरेकी छन् । देशभित्र विद्यमान अवस्थामा रहेको भद्रगोल राजनैतिक अस्थिरताबाट पीडित समुदायलाई पञ्चायती व्यवस्था विरूद्ध लड्नका लागि एकजुट भई तयार हुनुपर्ने सन्देश राईले कविता मार्फत अभिव्यक्त गरेकी छन् ।

यसरी राईको साहित्यिक यात्रा जत्ति उर्वर हुनु पर्ने हो त्यत्ति हुन नसके पनि परीमाणात्मक दृष्टिले कविता कम देखिँदैनन्, पञ्चायती निरङ्कुश सत्ताको विरोध गर्दै स्थायी प्रजातन्त्रले मात्र राष्ट र राष्ट्रियता, मानव अधिकार र स्वतन्त्रता, शान्ति र सुव्यवस्था जस्ता कुराहरूको संरक्षण र उत्थान गर्दछ भन्ने भावानुभूति उनका साहित्यिक कृतिमा पाइन्छ । समाजमा देखिएका विकृति विसङ्गतिको तीव्र व्यङ्ग्य विरोधको साथै सुधारको बाटो अवलम्वन गर्नु पर्दछ भन्ने यथार्थवादी-प्रगतिवादी मान्यता राईका कविताहरूबाट औँल्याउन सकिन्छ । यसरी आफैले देखेका र भोगेका कुरालाई कवितात्मक, आकार दिनु राईको पहिलो चरणको वैशिष्ट्य रहेको छ ।

## (२) **दोस्रो चरण (वि.सं. २०५४ देखि अहिलेसम्म)**

शान्तिकुमारी राईको साहित्य यात्राको दोस्रो चरण वि.सं.२०५४ देखि आरम्भ भएको हो । राईको कविता यात्राको दोस्रो चरणलाई बहुदलपछिको ब्रहमलूटको अवस्थासँग चित्रण गरिएको छ । जनताका सहायताद्वारा पञ्चायती व्यवस्थाको अन्त्य भए पनि सत्तामा पुगेपछि नेताहरूले केही नगरेकाले पुनः जनताहरूले नै पीडा भोग्नु परेको अवस्थाको चित्रण गरिएको छ ।

प्रजातन्त्रको पुनःस्थापना भए पनि देशभित्र फेरि विद्रोहका सङ्केतहरू मौलाउँदै जानूको साथै हत्या, हिंसा, अपहरण जस्ता अमानवीय क्रियाकलाप बढ्दै गएका थिए यस्तो अवस्थामा उनले त्रि.वि. अन्तर्गत नेपाल ल क्याम्पसमा प्रध्यापकको रूपमा कार्य गरिरहेकी थिईन् ।

राईको कविता यात्राको दोस्रो चरण वि.सं. २०५४ बाट सुरु भएको देखिन्छ । यस अवधिमा देशभित्र माओवादी पार्टीको विद्रोह बढ्दै गएको, आर्थिक सामाजिक, राजनीतिमा विषमता बढ्दै गएको देखिन्छ । विद्रोही पक्ष र राज्य पक्षका चपेटामा सर्वसाधरण जनताले सन्त्रास, पीडा, दुःख, यातना भोग्नु परेको अवस्था थियो । राई राजधानीमा भएकाले आफूलाई भने त्यस्तो पीडा भोग्न नपरेको, राजनीतिक अस्थिरताको क्रममा क्रमशः सुधार हुँदै गएको माओवादी पनि सत्तामा आएको बताउँछिन् । वि.सं. २०६४ मा उनले **चेतना** र **मनको बह** कविता सङ्ग्रह

प्रकाशित गरेकी हुन् । यस चरणको आरम्भमा मै **आमाको सम्झना** नामक शोककाव्य रचना गर्नु चरणगत वैशिष्ट्य मान्न सकिन्छ ।

## (क) दोस्रो चरणमा प्रकाशित कृतिहरू

शान्तिकुमारी राईका कविता लेखनको दोस्रो चरण वि.सं. २०५४ देखि अहिलेसम्म निरन्तर अगाडि बढेको भए पनि २०६४ पछि नेपाली साहित्यमा त्यस्तो कुनै योगदान गरेको देखिँदैन । उनको व्यक्तिगत कार्यव्यस्तताले सिर्जनशीलता ओझेलमा परेको हो । विभिन्न बाध्यता, विवशता र पीडाहरूलाई छिचोलेरै सुरू भएको दोस्रो चरणका साहित्य यात्रामा प्रकाशित कृतिहरू **आमाको सम्झना** (२०५४), **चेतना** (२०६४), **मनको वह** (२०६४) हुन् ।

**आमाको सम्झना** (२०५४) कविता सङ्ग्रहमा सङ्कलित २४ वटा कविताहरू यस प्रकार छन् :'आमाको सम्झना', 'कालको चाल', 'लानु के र छ ? मरेर', 'अनन्त माया', 'जागिर खोज्ने धुनमा', 'मतलवी जवाना', 'बलेकै आगो ताप्छन् सबै', 'यो जीन्दगी नारीको', 'महिमा जिरीको', 'ब्रहमलुट', 'श्रद्धाञ्जली पारिजात प्रति', 'प्यारो लाग्छ स्वतन्त्रता', 'मेरो राष्ट र म', 'साथी', 'विकास र मेरो देश', 'घट्टेकुलो', 'वहुदलमा माले', 'आदिवासी हामी', 'मित्रहरूको लागि', 'मेरो निद्रा', 'प्रोजेक्टरको मेरो जागिर', 'विश्व वातावरण दिवस १९९०', 'यात्रा मुस्ताङको', 'तिम्रै यादमा' आदि ।

**चेतना** (२०६४) कविता सङ्ग्रहमा ४३ वटा कविताहरू सङ्कलित छन् । ती हुन् : 'आधा धर्ति', 'समानहक', 'आगमन वहुदलको', 'शान्ति खोई ?', 'मेरो देशको हालत', 'नेता र सत्ता', '...र त वौलाहा ताल छ', 'मेरो देशमा के छैन ?', 'चेतना', 'राष्ट्रियता', 'यहि हो मेरो देश', 'गरिबका अनेक रूप', 'निर्दयी संसार', 'यन्त्र हो दुःख', 'चर्तिकला कथित कम्युनिष्टको', 'प्रगति खुव गरियो', 'आमा', 'आमा हुँदा', 'मेरो फाइटे', 'जीवनका घुम्तिहरू', 'हार्दिक श्रद्धाञ्जली', 'काठमाण्डु भ्याली', 'परीक्षाहलमा बस्दा', 'सन्तान प्रतिको माया', 'प्लेनमा यात्रा गर्दा', 'देशले जाँगर माग्छ', 'उदयपुरे चाम्लिङहरू', 'आफैलाई हेर्दा', 'वेदना नारीको', 'धर्म माध्यम शोषणको', 'खेलवाड जीन्दगीको', 'भनेर मात्र क्यै हुन्न', 'के गरौं', 'आव्हान', 'होशियार', 'विदशिएका नेपाली लाहुरे', 'बेकामे जीन्दगी', 'कोइलीको आवाज', 'गौरवशाली नेपाली', 'दोस्रो जनआन्दोलन', 'के अचम्म', 'मेरो मनको प्रश्न' र 'एक गीत' ।

**मनको वह** (२०६४) कविता सङ्ग्रहमा ३६ वटा कविताहरू सङ्कलित छन् । ती हुन् : 'दयाभाव', 'झुटो प्रेम', 'साँचेको माया', 'साथ छुट्दा', 'संवेदनाहीन मान्छे', 'मनको वह', 'रून्छ मन', 'मन मती', 'कुठराघात', 'निरस जीन्दगी', 'दुर्घटना हुँदा', 'भावनामा बग्दा', 'मनको घाउ', 'उसलाई विटुलिएको पाउँदा', 'मन फाटेपछि', 'मुटु दुखेको छ', 'घायल मन', 'वरीलै', 'खुसी रोज्दा', 'मन', 'प्रेममा धोका खाएपछि', 'वीरहि मन', '...तर म मान्छे भएँ', 'मनमा झस्को पस्दा', 'जिरीको बसाइ वसन्त ऋतु', 'भावनामा बग्दा', 'प्रेम', 'एकान्तमा बस्दा', 'सङ्घर्ष आफैसँग', 'जीवनका निराशलाग्दा क्षणहरू', 'दिलको ताप', 'मृत्यु प्यारो लाग्छ', 'बल्ल चाख्यो', 'दिलको घाउ', 'मेरो माया', 'हिले' र 'बसन्त ऋतु' ।

शान्तिकुमारी राईको साहित्य यात्राको दोस्रो चरण कविता प्रकाशनका हिसाबले लामो रहेको छ । वि.सं. २०५० को दशकदेखि विद्रोही पक्ष र राज्यपक्षबिच देखिएको दुरीले प्रतिदिन नरसंहारकारी घटना बढ्दै गइ रहेका थिए । उनको जीवनमा एकातिर मातृवियोगको पीडा थियो भने अर्कातिर देशमा विद्यमान समस्याले पिरोल्थ्यो । मानवताको पक्षमा लेखिएको कविता सङ्ग्रह

**आमाको सम्झना** हो । त्यसपछि क्रमशः **चेतना**, **मनको वह** जस्ता कविता प्रकाशनमा आएका हुन् ।

राईको यस चरणको महफ्वपूर्ण कविता सङ्ग्रह **चेतना** हो । यसमा नेपाली जनताले जुन शासन व्यवस्था आए पनि परिवर्तनको महशुस गर्न नपाएको कुराको वर्णन गरिएको  छ । बहुदलीय व्यवस्था प्राप्तिपछिको ब्रह्मलुटको अवस्था, पञ्चायती शासन व्यवस्था ढले पनि देशको मुहार नफेरिएको तथा आफू नारी भएकाले महिलामाथि हुने हिंसा र जागरणलाई यस कविताभित्र व्याख्या गरिएको छ ।

राईका पहिलो र दोस्रो चरणका नेपाली भाषमा प्रकाशित रचनाहरू क्रमशः **दश कविता** ( २०३४) **सङ्घर्षशील जीवन** (२०४१) **आमाको सम्झना** (२०५४) **चेतना** (२०६४) **मनको बह** ( २०६४) आदि हुन् ।

# पाँचौं परिच्छेद
# शान्तिकुमारी राईको कृतित्व

## ५.१ पहिलो चरणका कविता कृतिको विवरण

नेपाली साहित्यको कविता विधामा कलम चलाउँदै आएकी शान्तिकुमारी राईको साहित्यिक यात्राको आरम्भ वि.सं. २०३० सालदेखि भएको हो । **वेदना** द्वैमासिक पत्रिकामा प्रकाशित 'गरिबको जीवन' कविता कृतिको प्रकाशनदेखि २०५३ सम्मको अवधि पहिलो चरणको समयावधि हो । यस चरणका उनका दुई कविता सङ्ग्रहहरू **दश कविता** (२०३४) र **सङ्घर्षशील जीवन** (२०४१) हुन् ।

पञ्चायती निरङ्कुश शासनको विरोधमा विद्यार्थी जीवनबाटै विद्रोहको स्वर गुञ्जाएको छ जसको परिणाम स्वरूप **सङ्घर्षशील जीवन** कविता कृति रचना भएको देखिन्छ । उनले प्रजातान्त्रिक मूल्य मान्यताको विरूद्ध लादिएको पञ्चायती निरङ्कुश व्यवस्थाप्रति आक्रोशजन्य भाव, सामाजिक विकृति-विसङ्गति, देशप्रेमको भावना, गरिबको पीडा व्यथा आदि जस्ता विषयवस्तुहरू **दश कविता** सङ्ग्रह मार्फत व्यक्त गरेकी छन् । त्यसै गरी **सङ्घर्षशील जीवन** कवितामा पञ्चायती शासनको विरोध गर्दै उत्पीडित जनता र अपहेलित नारीको वेदना प्रस्तुत गर्नुका साथै सम्पूर्ण जनता एकजुट भएमा शासन सत्ता परिवर्तन गर्न समय नलाग्ने कुरा व्यक्त गरिएको छ ।

राईको साहित्य यात्राको प्रथम चरणका काव्य कृतिहरूलाई कविता तफ्वका आधारमा तलका उपशीर्षकमा विवेचना गरिएको छ ।

## ५.२ पहिलो चरणका कविता कृतिको विवेचना

### ५.२.१ **'दश कविता'** (२०३४) सङ्ग्रहका कविताको विवेचना

शान्तिकुमारी राईको काव्ययात्राको पहिलो चरणको कविता सङ्ग्रह **दश कविता**मा सङ्कलित शीर्षकबद्ध कविताहरू 'नयाँ शिक्षा योजना', 'गरिबको जीवन', 'पञ्चायती व्यवस्था', 'भण्डाफोर', 'आपसमा मिलौं', 'शोषण नष्ट पारौं', 'विदेशीने नेपालीलाई', 'गरिबको व्यथा', 'आधुनिक नारी', 'शान्तिक्षेत्र नेपाल' हुन् । यहाँ राईको साहित्य यात्राका प्रथम चरणका काव्य कृतिहरूलाई कविता तत्वका आधारमा तलका उपशीर्षकमा विवेचना गरिएको छ

### ५.१ शीर्षक चयन

शीर्षक कविता कृतिको नामकरण मात्र नभई कृतिका सारभूत भावविचारको उद्घाटन समेत हो । शीर्षकबाटै कृतिको आन्तरिक र बाह्य भाषशैली र विषयवस्तुको केन्द्रीय विचार बुझ्न सकिन्छ । त्यसैले शीर्षकका कोणबाट कविताको मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । साहित्यकार राईका **दश कविता** (२०३४) भित्रका कविताहरूको विवेचना यसरी गरिएको छ :

'नयाँ शिक्षा योजना' शीर्षकबद्ध कविता सङ्ग्रहको सबैभन्दा पहिलो कविता हो । यस कवितामा राईले नयाँ शिक्षा पाएपछि देशका जनता शिक्षित हुन्छन् भन्ने आशा गरे पनि देशमा शिक्षाको स्तर झन् गिर्दै गएको भाव स्पष्ट पारेकी छन् । नयाँ शिक्षाले देशको मुहार फेरिने आशा गरेको, यस्तो शिक्षाले जनतालाई ठगी खाने भाँडो बनाएको, जसको सत्ता सम्म पहुँच पुग्दछ उसैले मात्र छात्रवृत्ति पाउने गरेको, परीक्षामा चिट चोर्ने प्रवृत्तिको विकास भएको, चिट चोर्ने प्रवृत्तिले शिक्षाको गुणस्तर घटाएको, नयाँ शिक्षाको नाराले धनीलाई खाने बाटो बनाएको भन्ने

भाव कवितामा व्यक्त भएको छ । कवितामा नयाँ शिक्षाले गरिबको भलो गर्ला भन्ने सोचे पनि धनीलाई मात्र सहयोग गरेको कुरा मुल कथ्यका रूपमा रहेको हुँदा कविताको शीर्षक कथ्यसँग सम्बन्धित रहेको छ । भाषिक संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'गरिबको जीवन' यस सङ्ग्रहको दोस्रो कविता हो । यसमा राईले गरिबलाई पेटभरी खान र एकसरो लगाउन धौधौ भएको र आत्महत्याको बाटो अपनाउन परेको दु:खद् घटनाको चित्रण गरेकी छन् । गरिबलाई जहिले पनि भाषणमा मात्र सीमित राखेको तर अहिलेसम्म केही राहत नभएको देखिन्छ । जसको सरकार आए पनि वा जो सत्तामा पुगे पनि गरिबीलाई केन्द्रमा राखी मागी खाने बाटो बनाएको भाव यसमा व्यक्त भएको छ । कवितामा गरिब शब्द पदावली पिच्छे प्रयोग गरिएको र गरिबलाई नै कथ्यको केन्द्रमा राखिएकाले कविताको भाव अनूकुल शीर्षक सार्थक रहेको छ । भाषिक दृष्टिकोणले हेर्दा कविताको शीर्षक द्विपदीय रहेको छ ।

'पञ्चायती व्यवस्था' कविता सङ्ग्रहको तेस्रो कविता हो । कवितामा पञ्चायती शासन व्यवस्थाले गरिबको रगत पसिनाको भरमा सत्ता अड्याएकाले यस्तो व्यवस्थाको अन्त्यका लागि सम्पूर्ण जनता एकजुट हुनु पर्ने भाव व्यक्त गरिएको छ । पञ्चायती व्यवस्था गरिबको रगत पसिनाका भरमा अडिएको, जनताका कुनै पनि किसिमको पीर मर्का नबुझेको, जनताको भावना विपरीत जाने लुटेरा सरकारको अन्त्यको लागि सम्पूर्ण जनता एक हुनु पर्ने कुरा यसमा व्यक्त गरिएको छ । पञ्चायती शासनले जनताका कुनै पनि पीरमर्का नबुझी शोषण मात्र गर्ने गरेको अर्थमा लिइएकाले शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'भण्डाफोर' यसै सङ्ग्रहको चौथो कविता हो । कवितामा शासक वर्गले जनतालाई भाग्यको भरमा पर्नु पर्ने आश्वासन दिने गरेकाले शासकहरूको नास गर्नको लागि सम्पूर्ण जनता एकजुट हुनु पर्ने भाव व्यक्त भएको छ । मानिस भाग्यको भरमा पर्न नहुने, भाग्यको निर्माण परिश्रमी हातहरूले आफैँ गर्नु पर्ने, गरिब अशिक्षित भएको मौका छोपी शासक वर्गले आफ्नो सत्ता बचाउने नाममा धर्मका कुरा गरी जनतालाई भुलाएको अवस्था छ । राईले आफ्नो हक, अधिकार र कर्तव्य थाहा पाउन धर्मको पछाडि नलागेर सम्पूर्ण जनता एकजुट भई झुटो कुराको भण्डाफोर गर्नु पर्ने कुरा स्पष्ट पारेकी छन् । शोषक वर्गका सम्पूर्ण कुप्रवृत्तिहरूको भण्डाफोर नगरेसम्म जनताहरू सधैँ अरूको आश्रयमा बाँच्नु पर्दछ भन्ने अर्थमा कविताको शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक एकपदीय रहेको छ ।

'आपसमा मिलौं' यस सङ्ग्रहको पाँचौं कविता हो । यसमा शोषक वर्गको शोषण अनि ऋणका कारण गरिब जनताले टाउको उठाउन नसकेको भाव व्यक्त भएको छ । वर्षभरि साहुको खेतबारीमा काम गरे पनि एक छाक खान र एक सरो कपडा लगाउन नपाएको, जति परिश्रम गरे पनि चर्को ब्याजका कारण धनीको ऋण चुक्ता गर्न नसकेको देखिन्छ । दिनरात मेहनत गरि रहने किसान वर्ग र गरिबमाथि मस्ती गर्ने शोषकका बिचको दुरी दिन प्रतिदिन बढिरहेको छ । जहिले सम्म गरिबहरू शोषकको जुत्ताको तलुवा बनिरहन्छन् तहिलेसम्म गरिबले मुक्ति पाउँदैनन् । त्यसैले सम्पूर्ण गरिबहरू एकजुट भएर शोषणको विरोध गर्नु पर्दछ । जनताहरू एकजुट भई हातेमालो गर्दै अगाडि बढेमा शोषणको अन्त्य हुन्छ भन्ने अभिधात्मक अर्थ व्यक्त भएकाले कविताको शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'शोषण नष्ट गरौं' प्रयुक्त सङ्ग्रहको छैटौं कविता हो । गरिबले रातदिन परिश्रम गरे पनि बालबच्चा पाल्न नसकेको र धनीको ऋणले सधैं डुबि रहने भाव कवितामा व्यक्त भएको छ ।

गरिबले तातो घाम, झरी नभनी मेहनत गरे पनि एक छाक खान नपाएको अवस्था छ । धनीको दिन रात सेवा गरे पनि गरिबको ऋण घट्लाभन्दा झन् बढि रहेको छ । शोषक वर्गले गरिबमाथि शोषण गरिरहे पनि जनताले विरोध गर्न सकेका छैनन् । धनी र गरिबबिचको शोषणको दुरी अन्त्य गर्नको लागि सम्पूर्ण जनताहरू एकजुट हुनु पर्ने भाव कवितामा व्यक्त भएको छ । यस कवितामा जनताहरू एकजुट भई शोषक वर्गको शोषणको अन्त्य गर्नु पर्दछ भन्ने अर्थमा शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'विदेशिने नेपालीलाई' कविता यसै सङ्ग्रहको सातौँ कविता हो । यसमा विदेशिने युवावर्गलाई अर्काका देशको मुक्तिका लागि नभई आफ्नो देशका मुक्तिको लागि एक हुन आग्रह गरिएको छ । जागिरको क्रममा नेपाली युवाहरू विदेशमा जाने गरेको, विदेशको भूमिमा भोक निद्रा नभनी दिन रात खटिए पनि केही नपाएको, नेपाली भूमिमा पनि विदेशिने शाहसी योद्धाको खाँचो भएकाले देशकै स्वतन्त्रताको लागि लड भन्ने आह्वान गरिएको छ । अर्काको देशमा रगतको बलिदान दिनु भन्दा आफ्नो देशमा काम गरी पसिना बगाउन र आफ्नै देशको मुक्तिको लागि बलिदानी बन्नु बुद्धिमानी ठहर्छ । कवितामा आफ्नो देशमा सङ्घर्ष गर्न आह्वान गरिएकाले अविधात्मक रूपमा शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ

'गरिबको व्यथा' शीर्षकको कवितामा गरिबलाई कति सम्म दमन गरिएको छ भन्ने भाव स्पष्ट पारिएको छ । एकातिर गरिबले एक पेट खान नपाएर आफ्नो आयु गुमाएका छन् भने धनीले गरिबको पसिनाको शोषण गर्दै विलासितापूर्ण जीबन विताइरहेका छन् । जतिसुकै साहुको खेतबारीमा काम गरे पनि विरामी पर्दा उपचार गर्ने खर्च पनि गरिबसँग छैन । यस्तो अवस्थामा पनि धनीको मनमा दया जागेको देखिँदैन । दिन रातको मेहनतको कारणले गरिब वर्ग झन् साहसी बन्दै गएका छन् । गरिबलाई पैसाको अभावले अधारभूत आवश्यकताहरू अपूर्ण भएको र आफ्नो उपचार खर्च जुटाउन नसक्दा मृत्युवरण गर्न सम्म पुग्नु पर्ने अवस्था छ । यसमा गरिबका पीडाहरूको यथार्थ परक ढङ्गमा चित्रण गरिएकाले कविताको शीर्षक सार्थक छ । भाषिक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'आधुनिक नारी' यस सङ्ग्रहको नवौँ कविता हो । कवितामा आधुनिकताको नाममा केटीहरूले गरेका क्रियाकलापको चित्रण गरिएको छ । केटीहरू आधुनिक बन्ने होडमा अंग प्रदर्शन गर्ने प्रवृत्ति बढेको, पढ्न जाने बहाना गरी फिल्म हेर्न जाने गरेको, परीक्षामा चिट चोरेर पास हुने चाहना गरे पनि रिजल्टमा असफल भएको, असफलताको कारणका रूपमा भाग्यलाई दोष दिने गरेको यथार्थ चित्रण रहेको छ । यी सम्पूर्ण कुराको पछाडि महिलामा चेतनाको कमी र विदशी संस्कृतिको नक्कल गरेको राई बताउँछिन् । वर्तमान समयमा नारीहरूले गर्ने गरेको विदेशी संस्कृतिको नक्कलको परिणाम नकारात्मक छ । पश्चिमा देशहरूको नक्कल गरे पनि आफ्नो अस्तित्वको ख्याल गर्नुपर्दछ अङ्ग प्रदर्शन गरेर होइन भन्ने भाव व्यक्त गरिएकाले यथार्थपरक अर्थमा शीर्षक सार्थक रहेको छ । भाषिक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'शान्ति क्षेत्र नेपाल' यस सङ्ग्रहको दसौं कविता हो । यसमा नेपाललाई शान्तिक्षेत्र घोषित गरे पनि नेताहरू अझै पनि विदेशीको इशारामा नाच्ने गरेको र आफ्नो स्वार्थ सिद्धिको लागि जनताका बिरूद्ध जस्तोसुकै घटिया काम गर्न तयार हुन्छन् भन्ने भाव व्यक्त भएको छ । नेपाललाई शान्ति क्षेत्र घोषित गरे पनि यहाँ शान्तिको चिन्ह कतै नदेखिएको, सानो निर्णय गर्नु परे पनि छिमेकी देशको मुख ताक्नु परेको, जनताले अधिकारका कुनै माग राखेमा नेल, जेल र गोली ठोक्न पछि नपरेको भाव कवितामा व्यक्त भएको छ, जुन यर्थाथ पनि हो । पिता पुर्खाले बलिदान

गरी जोगाइराखेको नेपालमा अहिले आएर जतासुकै अशान्ति मात्र छाएको छ । कविताको शीर्षक 'शान्ति क्षेत्र नेपाल' भए पनि व्यङ्ग्यात्मक अर्थमा सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

राईका **दश कविता** सङ्ग्रहमा सङ्कलित कविताहरूमा सामान्य कथ्य वा भाव अनूकुल शीर्षक सार्थक रहेको छ । राष्टभित्रका शोषण, दमन, अत्याचार, विदेशीको इशारामा नाच्ने प्रवृत्ति, सामाजिक, राजनीतिक, आर्थिक विषयवस्तुमा उनिएका कविताहरूको चयनको आधार पनि उपयुक्त देखिन्छ । यसभित्र दश कविताहरू सङ्ग्रहित भएको कारणले  सङ्ग्रहको नाम 'दश कविता' राखिएको हो । कविताको शीर्षकबाट त्यसभित्रको भाव सहजै बुभ्न सकिने भएकाले अभिधात्मक अर्थमा कविताका शीर्षक सार्थक रहेका छन् । भाषिक संरचनाको हिसाबले प्राय: कविताका शीर्षकहरू द्विपदीय रहेका छन् ।

### ५.२ कथ्यविषय : भावविधान

शान्तिकुमारी राईको **दश कविता** २०३४ सालमा प्रकाशनमा आएको हो । राईले यस सङ्ग्रहका माध्यमबाट समाजमा विद्यमान विकृति, विसङ्गतिको यथार्थ अभिव्यक्ति प्रस्तुत गर्न खोजेकी छन् । भावका विषयमा त्रिपाठी र अन्य (२०४६) को विचार यस्तो देखिन्छ :

> जीवन जगत्को व्यापक विषयवस्तु र मानव चेतनाको अनुभूति नै कविताको कथ्य विषय हो । कवितामा मानव समाज, संस्कृति, इतिहास, दर्शन, ज्ञान विज्ञान आदि समग्र मानवीय जीवन जगत्का भाव अनुभूति एवम् विचारको कथन हुन्छ । कवितामा प्रस्तुत यिनै विषयवस्तुको चुरो वा भाव विचार नै केन्द्रीय कथ्य हो । यो कथ्य वा विचार कवितामा भावमय, रागमय र कलात्मक रूपान्तरण भएर प्रकट भएको हुन्छ (पृ.२०) ।

शान्तिकुमारी राईका कवितामा मूलत: पञ्चायती व्यवस्था विरूद्धको तीव्र विरोध देखिन्छ । समाजमा व्याप्त विकृति, विसङ्गति, वर्गीय विविधता, मानवीय मूल्य, पश्चिमी संस्कृतिको नक्कल जस्ता कुराहरूलाई राईका कविताको विषयवस्तु बनाइएको छ । राष्ट्रका समकालीन, सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा देखा परेका विषय परिस्थितिलाई पनि यथार्थपरक ढङ्गले प्रस्तुत गर्दै सुधारवादी विचार व्यक्त गरिएको छ । राईद्वारा लिखित यस चरणका कविताहरूमा पाइने विषयवस्तु तथा भावगत प्रवृत्तिलाई तलका बुँदाहरूमा स्पष्ट पार्न खोजिएको छ ।

### (क) समकालीन सामाजिक परिस्थिति र परिवेशको चित्रण

शान्तिकुमारी राई समाजकी स्पष्ट द्रष्टा भएकाले समाजको चित्रण यथार्थपरक ढङ्गले गरेकी छन् । उनका कवितामा सामाजिक परिवेशमा देखा परेका सामाजिक, आर्थिक, राजनीतिक जस्ता तत्कालीन विषयवस्तुलाई यथार्थवादी ढङ्गले प्रस्तुत गरेको पाइन्छ । सामाजिक जीवनका यावत् पक्षहरूलाई चित्राङ्कन गर्ने कविका रूपमा राई देखा परेकी छन् । आफूले प्रत्यक्ष देखे भोगेका सामाजिक विकृति र विषमताहरूलाई उनले कवितामा सहजै उतारेकी छन् । समाजमा विद्यमान समस्याका रूपमा मौलाएको शोषण, अन्यायलाई सफाचट गर्नका लागि शिक्षित वर्गको भूमिका महफ्वपूर्ण रहेको राइले बताउँछिन् । गरिबमाथि हुने गरेको दमन अत्याचारलाई कवितामा यसरी व्यक्त गरेकी छन् :

> ६ महिना वर्ष काम गरे पनि ज्यू रहने भोकभोकै
> जो बस्छ यहाँ नगरी श्रम ऊ गर्छ मोजमोजै ।

शोषकलाई खत्तम नपारे सम्म सुख नै आउँदैन
शोषकलाई नष्ट नपारे सम्म उन्नति हुँदैन ।
जुन बेला सम्म शोषक वर्ग उन्मुलन हुँदैन
त्यस बेला सम्म गरिबको घरमा सुखले छुँदैन ।
(शोषण नष्ट पारौं : ९ )

प्रस्तुत कवितांशमा गरिबमाथि शोषकले गरेको अन्यायपूर्ण अवस्थाको चित्रण भएको छ । यहाँ गरिबले ६ महिना वर्ष दिन काम गरेर भोकै बस्नु परेको र काम नगरी बस्नेले गरिबको पसिना माथि मस्ती गरेका अवस्थाको चित्रण गरिएको छ । जहिलेसम्म शोषकले जनतामाथि शोषण गर्दछ त्यस बेलासम्म गरिबका सुदिन नफिर्ने कुरा राईले कवितामा व्यक्त गरेकी छन् । यसै गरी 'भण्डाफोर' कवितामा सामाजिक परिस्थितिको चित्रण यस्तो छः :

भाग्यको भरमा परेर हुन्न मान्छेले नगरी
भाग्यको निर्माण मानिसले गर्नु पर्दछ यसरी ।
ठूला ठालुलाई हरेक ठाउँमा धनले सघाउने
गरिबको रगत पसिना सँगै खाएर अघाउने ।
(भन्डाफोर : ६)

यस कवितांशमा धनीले गरिबलाई ठग्नको लागि भाग्य र धर्मका कुरामा भुलाएका छन् । गरिबहरू भाग्यको भरमा नपरी भाग्यलाई आफैं निर्माण गर्नु पर्दछ । गरिबहरू रगत, पसिनाको भरमा बाँच्न विवश भए पनि धनी धनको रवाफमा बाँचेका छन् भन्ने भाव यसमा व्यक्त भएको छ । यिनका सामाजिक परिस्थितिको भाव व्यक्त भएका कविताहरू 'शोषण नष्ट पारौँ, 'विदेशिने नेपालीलाई', 'भण्डाफोर', 'शान्ति क्षेत्र नेपाल' हुन् ।

## (ख) राष्ट्रवादी चिन्तन

शान्तिकुमारी राईका कवितामा राष्ट्रवादी चिन्तन व्यक्त भएको छ । उनी राष्ट्र, राष्ट्रियता र संस्कृतिप्रति सधैँभरि संवेदनशील रहने कवि हुन् । कवितामा राष्ट्र, राष्ट्रिय जातीयता, संस्कृति एवं वीरताका स्वरहरूलाई प्रतिध्वनित गर्दै राष्ट्रिय मर्यादालाई सर्वोपरि स्थान दिने कवि राईले नेपाल देश र नेपालीको राष्ट्रिय वीरता, मानवीय धर्म, वीरताको इतिहास, राष्ट्रिय जनजीवन, संस्कृति लगायत पहाड, पर्वत, हिमाल, गाउँबेसी, भञ्ज्याङ चौतारी, उकाली, ओरालीको वर्णनका साथै मातृभूमिको मुक्त कण्ठले प्रशंसा र चित्राङ्कन गरेको पाइन्छ ।

नेपाल रहेमात्र नेपालीको अस्तित्व रहने भावलाई राईले आत्मसात गरेकी छन् । यिनलाई नेपाली संस्कृति, परम्परा, प्राकृतिक सम्पदा, वीरता, ऐतिहासिकता, अत्यन्तै प्यारो लाग्दछ । हामी विश्वका साम् वीर नेपालीको रूपमा चिनिन पाउँदा गौरवान्वित हुन पाउनुको साथै हाम्रो देश संसारसाम् कहिले पनि नझुकोस् भन्ने भाव राईले कवितामा व्यक्त गरेकी छन् । शान्त देश नेपाललाई अशान्त बनाउनको लागि अन्य देशहरूले भूमिका खेलेका छन् भन्ने भाव राईले यसरी व्यक्त गरेकी छन् :

मुखले भन्छ शान्ति शान्ति पारिरहेछ भ्रान्ति,
क्रान्ति गरिकन मात्र यहाँ आउँछ शान्ति ।

इन्डियाले दवाव दिन्छ अशान्ति मचाउन,
अस्तित्वको ख्याल गरी पुग्छ ज्यान बचाउन ।
घोषित गर्दछ सम्मेलनमा ‘शन्ति क्षेत्र नेपाल’,
झुटा कुरा प्रचार गरी लुकाउँछ कपाल ।
नारा दिन्छ गरिबको रोग,शोक र भोकको,
गर्छ मोज आफू चाहिँ विलास शोकको ।

(शन्ति क्षेत्र नेपाल : १३)

शान्ति क्षेत्र नेपाललाई अशान्ति बनाउन अन्य देशको सहयोग गरेको, नेताले भाषण गर्दा सम्पूर्ण जनताका आवश्यकता पूरा गर्छु भने पनि भाषणमा मात्र सीमित राखी बाहिर कुनै कार्य पूरा नगरेको भाव कवितामा व्यक्त गरिएको छ । यदि नेपाली जनता एकताबद्ध नहुने हो भने हाम्रो देश विदेशीको इशारामा चल्ने निस्चय छ भन्ने संवेदनशील विचार कवितामा प्रकट भएको छ ।

## (ग) क्रान्तिकारी भाव प्रवाह

शान्तिकुमारी राईको कवितामा पाइने प्रवृत्तिगत विशेषताहरूमध्ये क्रान्तिकारी भाव प्रवाह पनि एक हो । यस चरणको प्रारम्भबाटै राईले क्रान्तिकारी भावधारालाई अवलम्बन गर्दै लोकलयको प्रयोग गरेकी छन् । विशेष गरी क्रान्तिकारी भावमै गीत कविताको रचना गर्ने राईले समाजमा विद्यमान शोषण, अन्यायमूलक कार्यहरूको तीव्र विरोध गर्दछिन् । उनका कवितामा पनि शोषक वर्गले गरिबमाथि गरेको अन्याय, पुरूषले नारीमाथि गर्ने दमन, अनि विदेशीको सहारामा नाच्ने स्वदेशी दलालहरूको चित्रण गरेकी छन् । उनले अतीतदेखि वर्तमानसम्मका असन्तुष्ट भावहरू कविताबाटै व्यक्त गरेकी छन् । प्रकृति र मानव जातिको सम्बन्ध अति निकट रहने कुरा पनि उनका कवितामा व्यक्त गरिएको छ । उनका कवितामा तत्कालीन समाजको चित्रण यसरी गरिएको छ :

सधैँ चुस्छ सामन्तीले गरिबको रगत
सास्ती दिने गरिबलाई सामन्तको जगत् ।
पञ्चायती व्यवस्थाको सामन्तीको मुख
यो व्यवस्था नउखेली आउँदै आउँदैन सुख ।
जुन प्रकारले जसरी होस् गरिबलाई थिच्ने
जता पनि जहाँ पनि गरिबलाई मिच्ने ।

(पञ्चायती व्यवस्था : ४)

प्रस्तुत कवितांशमा शान्तिकुमारी राईले सामन्ती वर्गले गरिबको रगत पसिना चुस्ने गरेको, गरिबले सधैँभरि पीडा मात्र खेप्नु परेको, सामन्ति वर्गको नाइके पञ्चायत शासन व्यवस्था भएकाले यस्तो व्यवस्थाको अन्त्यका लागि सम्पूर्ण न्यायप्रेमी जनता एक भई लाग्नु पर्ने भाव व्यक्त गरेकी छन् ।

## ५.३ संरचना : बनोट

कविताको बनावट नै सिङ्गो सङ्ग्रहको संरचान हो । शान्तिकुमारी राईको **दश कविता**भित्र संरचित कविताहरूको प्रवृत्ति प्रगीतात्मक रहेको देखिन्छ । यिनले कविताहरू झ्याउरे छन्दमा लेखेकी छन् । राईको यस सङ्ग्रहभित्र जम्मा १० वटा कविताहरू शीर्षकबद्ध रहेका छन् ।

संरचना भन्नाले त्यसको बनोट अथवा आकार भन्ने हुन्छ । सिङ्गो सङ्ग्रहदेखि लिएर रचनाहरूको बनोट नै संरचना हो । संरचनालाई आन्तरिक र बाह्य गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । आन्तरिक संरचनामा भाव, लय विषयका सूत्रको समायोजन गरिन्छ भने बाह्य संरचना भाषिक र शैलीगत प्राप्ति हो । यसले कृतिको विधा उपविधाको आयामसँग सरोकार राख्दछ (त्रिपाठी र अन्य, २०६० : १७-१८) ।

शान्तिकुमारी राईका यस चरणका विवेच्य कविताहरू संरचनाका दृष्टिले प्रगीतात्मक रहेका छन् । उनले कवितामा सामाजिक, राजनीतिक सन्दर्भहरू, शोषण दमन जस्ता कुराहरूलाई प्रत्यक्ष अनुभवको रूपमा प्रस्तुत गरेकी छन् । राईले आफ्ना कवितामा अनुभूति र प्रभावहरूलाई क्रमबद्ध र व्यवस्थित गर्ने प्रयास गरेकी छन् । प्रगीतात्मक कवितामा कविकै अनुभूति र विचारको अभिव्यक्ति रहन्छ र उनका कवितामा पनि यो स्थिति पाइन्छ । राईका यस चरणका कविताहरू प्रायः गीति/झ्याउरे छन्दमा लेखिएका छन् । कवितामा शब्द, पदावली, वाक्यांश, वाक्य आदि भाषिक इकाइको पटक पटक आवृत्त भइ रहनु प्रगीतात्मक संरचनात्मक विशेषता हो । भाषिक इकाइको पुनरावृत्तिले कवितामा प्रारम्भदेखि मूलकथ्य अन्वितिसूत्रमा बाँधिएको छ । कविता कतै आंशिक र कतै पूर्ण रूपमा दोहोरिएर आउनु, वृत्तात्मक ढाँचामा रहनु, बहुल श्लोकहरू रहनुलाई प्रगीतात्मक संरचनाको साझा विशेषता मान्न सकिन्छ । राईका कवितामा समकालीन परिस्थिति र परिवेशको प्रस्तुति यस प्रकार रहेको छ :

यो व्यवस्था धनीलाई धन बटुल्ने साधन
जुन व्यक्ति राजभक्ति छ उनै हुन्छ प्रधान ।
    योग्य व्यक्ति चुनिइन्छ भन्ने नारा मात्र
    गरिब माथि यो प्रणाली विश्वास घात मात्र ।
चुनिएका मानिसले आफ्नो खल्ती भर्छ
गरिब मानिस सोसिएर भोक भोकै मर्छ ।

(पञ्चायती व्यवस्था : ४)

यसमा कवितांशमा पञ्चायती व्यवस्थाले धनीलाई मात्र उन्नतितर्फ डोऱ्याएको देखिन्छ । धनीले अझ धनी बन्ने आकाङ्क्षा राखेका छन् भने गरिब झन् गरिब बनिरहेका छन् । पञ्चायती शासनमा राजाको हाली मुहाली हुने भएकाले राजाको चाकडी गर्ने व्यक्ति मात्र माथिल्लो पदमा पुग्ने गरेका छन् । गरिबलाई शोषणको केन्द्र विन्दुमा राख्ने गरेकाले यस्तो शासन व्यवस्था गरिबको लागि घात सिद्ध हुने गरेको छ ।

## ५.४ भाषाशैली

शन्तिकुमारी राईको प्रमुख विशेषता भन्नु नै सरल सहज भाषाको प्रयोग हो । राईका कवितामा प्रयुक्त शब्द अनुप्रास योजनाको कारणले कविता लयात्मक बनेका छन् । उनका कवितामा सरल शब्दावलीको प्रयोग भएकाले दुर्बोध शब्दभन्दा सुबोध शब्दको प्रयोग देख्न सकिन्छ । शब्दको पुनरावृत्तिले गर्दा कवितामा लयात्मकता थपिएको छ ।

कवितामा भाषाशैली महफ्वपूर्ण र जीवन्त रहेको हुन्छ । भाषा अभिव्यक्तिको माध्यम र शैली तरिका हो । कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कविता कृतिले गर्नु छ, त्यसको निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबैभन्दा बढी ललित, रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द, पदावली वाक्य, खण्ड, अनुच्छेद विधान समेत सिर्जित हुने कुरा हो । यस अर्थमा कविताको भाषा अभिधार्थमा सीमित नरही लक्ष्यार्थ र व्यङ्गयार्थको उचाइसम्म पुग्दछ (त्रिपाठी र अन्य, २०४६ : १९) ।

शान्तिकुमारी राईले पहिलो चरणमा रचना गरेको **दश कविता** (२०३४) सङ्ग्रहका कविताहरूमा वर्णगत, शब्दगत, पदावलीगत, वाक्यगत जस्ता शब्द गुच्छाहारहरूबाट लोकोपयोगी भाषाको र भावोपयोगी विषयवस्तु प्रयोग गरेकी छन् । प्रगीतात्मक संरचना भएका राईका कविताको भाषाशैली लयात्मक, कलात्मक, रागात्मक, सौन्दर्यात्मक, सरल, सरस, सुकोमल, हार्दिक, भावोपयोगी रहेका छन् । उनका कवितामा सरल शब्दावलीको प्रयोग भएकाले कवितामा दुर्बोधता भन्दा सुबोधता देख्न सकिन्छ । अत्यन्त प्रचलित अर्थयुक्त शब्दहरूको चयनले कवितामा अति सरलता थपेको छ जसको कारण भाषाशैली सरल बनेको छ । राईको यस सङ्ग्रहमा सङ्ग्रहित प्रयुक्त तत्सम शब्दहरू स्वार्थी, देवता आदि र गरिब, सामान्य, बहादुर, दिल, गुजार जस्ता आगन्तुक शब्द छन् ।

शैलीका दृष्टिले राईका विवेच्य कवितामा प्रायः वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । वर्णनात्मक शैलीको प्रयोग भएको कविता यस्तो रहेको छ :

यो शिक्षाले सधैँभरी जाँचै मात्र लिन्छ
जसले गर्छ मेहनत उसले मार खान्छ ।
चोर्चार गरी लेख्नेले त बढी नम्बर पाउँछ
कोशिस गरी लेख्नेले त थारै नम्बर पाउँछ ।
जसले गर्छ पैसा खर्च उही हुन्छ पास
खर्च गर्न नसक्नेको मन हुन्छ निराश ।
(नयाँ शिक्षा योजना : १)

उपयुक्त कवितामा राईले नयाँ शिक्षाले सधैँभरी जाँच मात्र लिने, मेहनत गरी दिनरात पढ्नेले कम नम्बर ल्याउने तर चिट चोरेर परीक्षा दिने विद्यार्थीले धेरै नम्बर ल्याउने कुराको वर्णन गरेकी छन् । परीक्षामा पनि पैसा खर्च गर्ने राम्ररी पास भएको तर पैसा नभएका गरिबको मन निराशाको बादलले छाएको यथार्थताको वर्णन राईले आफ्ना कवितामा गरेकी छन् । यस्तै प्रश्नात्मक शैली प्रयोग गरिएको कविताको नमुना यस्तो छ :

केही पैसा कमाएमा खान मात्र ठिक्क
दलानमा आउँछ साहु उसलाई लाग्छ दिक्क ।
उसलाई लाग्छ के गरौं के गरौं ?
पासो लगाई घाँटीमा कि मरौं ।

गरिबको जिन्दगीमा सुख सबै लुके

खान लाउन नपाएर जिउको रगत सुके ।

(गरिबको जीवन : ३)

उपर्युक्त पङ्तिमा राईले तत्कालीन राष्ट्रमा देखिएको गरिबीको समस्यालाई नेपाली जनताको रात दिनको समस्याका रूपमा चित्रण गरेकी छन् । चर्को ब्याजदरमा लिएको ऋण साहुलाई बुझाउन नसक्दा जनता मर्नसम्म बाध्य भएका छन् । एक छाक खान नपुग्ने किसानलाई सुख भन्ने कुरा आकाशको फल जस्तो भएको छ ।

## ५.५ लय विधान

कविताको मुख्य विधागत पहिचान नै लय विधान हो । लय नेपाली कविताको सन्दर्भमा वार्णिक, मात्रिक, वर्ण मात्रिक, मुक्त र गद्य गरी चार प्रकारका हुन्छन् । आक्षरिक वितरणको गति र यतिले पनि लय विधानमा महफ्वपूर्ण भूमिका खेल्दछ ।

छन्दविना कविता सिर्जना गर्न सकिए पनि लयविना कविताको सिर्जना गर्न  सकिँदैन । त्यसैले लयलाई कविताको विन्यास तहको अनिवार्य र अपरिहार्य घटक मानिन्छ । लय कविताको प्रमुख आधारभूत प्राविधिक तफ्व हो (लुइँटेल, २०६० : १३७) ।

कविता लय विधानमा हुँदा मात्र जीवन्त रहन्छ भन्ने सिद्धान्तमा राई पनि अछुतो छैनन् । शान्तिकुमारी राईका यस चरणका कविताहरूमा झ्याउरे छन्द, तिजगीति लय, गद्यभाषाको प्रयोग गरिएको छ । लयका सन्दर्भमा उनका कविता छन्दमय नभए पनि अन्त्यानुप्रासको सफल प्रयोग र शव्दको पुनरावृत्तिका कारण लयात्मक रहेका छन् । उनका कविता सोचे बमोजिम छन्दमा नलेखी स्वच्छन्द प्रवाहमा रचिएका छन् । उनलाई छन्दमा कविता लेख्न मन लागे पनि उचित ज्ञानको कमीले यस्तो भएको स्विकार्दछिन् । यिनका कवितामा पाइने लयको प्रयोग यस्तो छ :

सुकि सक्यो खोलानाला त्यो धामको तापले,

बाँचि सक्नु भएन है त्यो ऋणको रापले ।

वर्षभरी काम गरी उब्जाएको अन्न,

विना पैंसा उठाई लग्दा हामी भयौं झन्न ।

गरिव गरिव आपसमा मिल्नु पर्छ अब,

काँधमा काँध मिलाएर लडनु पर्छ सब ।

(आपसमा मिलौं : ८)

उपर्युक्त पङ्तिमा राइले स्वतन्त्र लय वा झ्याउरे छन्दको प्रयोग गरेकी छ  । जसरी चर्को घामको रापले खोलानाला सुक्दछन् । त्यसै गरी साहुको ऋणले गरिबलाई बाँची नसक्नु भएको छ । वर्ष भरी दुःख गरी उब्जाएको अन्न भित्राउने समयमा साहुले उठाई लगिदिँदा गरिबलाई पीडाबोध भएको छ । गरिब जनता एक भएर नजुट्दासम्म यस्तो ज्यादती सधैं खेपि रहनु पर्ने भाव कवितामा व्यक्त भएको छ । यसै गरी उनका कवितामा प्रयुक्त लयको अर्को उदाहरण यस्तो छ :

नजाउ तिमी विदेश लाहुर

आफ्नै देशमा खाउ बरू मागेर ।

हात लगाउ आफ्नै धर्तिमा

किन जान्छौ विदेशी भर्तिमा ।
नजाउ तिमी लड्नलाई विदेशमा
लड्ने भए लडन स्वदेशमा ।

(विदेशिने नेपालीलाई : १०)

यस कवितामा राईले विदेशिने लाहुरे दाजुभाइहरूलाई विदेशमा अर्काको गुलामी भएर पेट भर्नुभन्दा आफ्नै देशमा मागेर खान आग्रह गरेकी छन् । विदेशको भूमिमा भर्ती हुनुभन्दा आफ्नै देशमा लडेर अधिकार खोज्नु उचित रहने भाव राईले यसमा व्यक्त गरेकी छन् ।

राईका कवितामा वर्ण, पाउ, चरण वा श्लोकको क्रम र तिनको उच्चारणले पनि लयात्मकता भरिएको छ । उनका कवितामा शब्द तथा पद पदावलीको उपयुक्त गुच्चाहरूले साङ्गीतिकता थपेको छ ।

## ५.६ विम्बविधान

कविता कृतिमा कुनै पनि वस्तु वा अर्थको सहचर प्रतीक छायाका रूपमा आउने अर्को सहवर्ती अर्थ वा वस्तु विम्ब हो । शान्तिकुमारी राईले **दश कविता**मा विम्बको प्रयोग गरेकी छन् । तत्कालीन समाजको यथार्थ चित्रणमा पनि विम्बको प्रयोग भएको छ । उनका कवितामा स्वाभाविक अलङ्कारको प्रयोग छ । कवितामा तत्कालीन शासन व्यवस्था र जनताले भोग्नु परेको पीडाहरूलाई विम्बात्मक रूपमा प्रयोग गरिएको छ जसको उदाहरण यस्तो छ :

मदेशमा पर्छ गर्मीको ठाउँ त्यो नवलपरासी
यो दुनियामा गरिब जति के हुन्छ है शाहसी ।
नपढौं भने पढ्नु नै वेश छ विषय भूगोल छ
गरिबको ऐले अन्धकार जीवन भविष्य उज्वल छ ।

(गरिबको व्यथा : ११)

माथिको कवितांशमा मधेशको गर्मी पञ्चायती व्यवस्थाको प्रतीक भूगोल जस्ता विषय पढ्नु पर्ने बाध्यता गरिबीको विम्ब प्रयोगमा आएका छन् । यसै गरी पञ्चायती व्यवस्थाको विरोध स्वरूप जनताका बुलन्द आवाज, गरिब सबैलाई सितलता प्रदान गर्ने छाहरी र समाजको उन्नति चाहने मानिसका रूपमा चित्रित छन् ।

## ५.७ प्रतीक योजना

प्रतीक शब्द सिम्बोलको नेपाली रूपान्तरण हो । यस शब्दको व्युत्पत्ति ग्रिक क्रिया 'सिम्बालियन' तथा ग्रिक नाम सिम्बोलोनबाट भएको हो । क्रियाका रूपमा यसको अर्थ एकै साथ फाल्नु तथा नामका रूपमा यसको अर्थ संकेत चिन्ह भन्ने हुन्छ । कुनै चिजलाई प्रतिनिधित्व गर्ने सजीव वा निर्जीव वस्तुलाई प्रतीक भनिन्छ । यसले भावलाई प्रभावपूर्ण पार्न ज्यादै सहयोग गर्दछ । यो प्रस्तुत र अप्रस्तुत दुवै थरी हुन्छ । प्रस्तुत हुँदा यसले समान विम्बको संयोजन गरी भावलाई आह्लादमय बनाउँछ । जस्तो 'मुखरूपी चन्द्र' अप्रस्तुत हुँदा यसको प्रभाव सघन हुन्छ । कसैलाई तँ मुर्ख होस् भन्दा त्यो प्रभाव उत्पन्न हुदैन जस्तो तँ गधा होस् वा गोरू होस् भन्दा उत्पन्न हुन्छ । यहाँ गधा र गोरू मूर्खताका प्रतीक हुन् ।

शान्तिकुमारी राईका सङ्कलित कविताहरूमा विम्बको साथै प्रतीकको पनि प्रयोग भएको

छ । उनले कवितामार्फत विचार र धारणालाई अभिव्यक्त गर्न प्रतीकको प्रयोग गरेकी हुन् । उनले 'भण्डाफोर' शीर्षकको कवितामा प्रतीक विधानको प्रयोग यसरी गरेकी छन् :

ढुङ्गाको मूर्ति ईश्वर हो भनी देखाउँछ गरिबलाई
अशिक्षित गरिब गएर ढोग्छन् काल्पनिक ईश्वरलाई ।
ईश्वर भन्ने चीज नै छैन यो संसार विश्वमा
उसको लक्ष्य गरीवलाई राख्नु अन्धकार लिसोमा ।
उसले भन्छ ईश्वर तेरो यत्ति नै लेखेको
सोझा निर्धालाई पार्दछ ईश्वर आँखाले देखेको ।

(भन्डाफोर : ६)

उपर्युक्त श्लोकमा गरिबलाई छक्काउने निहुमा ढुङ्गालाई ईश्वर भनी ढोग्न लगाएको, गरिबहरू काल्पनिक ईश्वरलाई पुजेको, यो संसारमा ईश्वर भन्ने वस्तु कतै पनि नभएकाले सम्पूर्ण गरिबलाई अन्धकारमा पार्न यस्तो जाल रचेको भन्ने विभेदपूर्ण भाव प्रस्तुत छ । ईश्वरको प्रतीकको रूपमा ढुङ्गालाई, गरिवको प्रतीक अज्ञानता र अन्धकारलाई अशिक्षित व्यक्तिको प्रतीकका रूपमा लिइएको छ । यस्तै प्रतीकको प्रयोग भएका कविताहरू 'शोषण नष्ट गरौं', 'गरिबको व्यथा' आदि हुन् ।

यसरी राईका कवितामा तत्कालीन शासन व्यवस्थामा जनताले पाएका पीडा वेदनाको साथै सामाजिक, आर्थिक राजनैतिक क्रान्तिकारी, प्रगतिशील जीवनप्रतिको चित्रण गरिएको छ । समाजमा जबसम्म वर्गभेदको अन्त्य हुँदैन तबसम्म जनताको सुदिन नफिर्ने कुरा राईले कविता मार्फत व्यक्त गरेकी छन् । जनताहरू हातमा हात मिलाई एकजुट भएमा  शोषण घट्न सक्ने अन्यथा सधैँभरी शोषकको शोषणमा परिरहने भाव व्यक्त भएको छ । गरिबले वर्गद्वन्द्वको लागि सङ्घर्ष नगरे कहिले पनि शोषणबाट मुक्ति नपाइने भाव यस सङ्ग्रहमा व्यक्त भएको छ ।

## ५.१.२ 'सङ्घर्षशील जीवन' (२०४१) कविताको विवेचना

शान्तिकुमारी राईको **सङ्घर्षशील जीवन** कविता सङ्ग्रह कविता यात्राको पहिलो चरणमा प्रकाशित दोस्रो कृति हो । जम्मा १४ वटा कविता रहेको यस सङ्ग्रहमा तुकबन्दी युक्त, झ्याउरे तिज गीतिलयको प्रयोग गरिएको छ । यो कविता सङ्ग्रह २०४१ मा प्रकाशित भएको हो । सङ्घर्षले मानिसको जीवनमा ल्याउने परिवर्तनको चित्रण यसमा गरिएको छ । कवितामा नेताहरूले नेपाललाई सुन्दर बनाउँछु भनी गरेका वाचाहरू खेर गएका, कानुन बने पनि ठूला वर्गको लागि मात्र बनेको, महिलाहरूले भोग्नु परेका पीडा अनि गरिबका व्यथाको सुन्दर ढङ्गले चित्रिण गरिएको छ ।

प्रस्तुत सङ्ग्रहमाा सङ्कलित चौध वटा कविताहरूको शीर्षक क्रम यस प्रकार रहेका छन् : 'सङ्घर्षशील जीवन', 'व्यथा गरिबको', 'जाउँ अब गाउँतिर', 'अस्तित्व', 'आह्वान', 'आफ्नो देशमा लड', 'कालो कानुन', 'अपेहेलित नारी', 'लडौं संगठित भएर', 'विदेशी सहायता कता?', 'मर्न केको डर?', 'गहना', 'जान्छु म गाउँमा', 'लड्छौ अधिकार लिन्छौ' । यस सङ्ग्रहमा सङ्ग्रहित कविताहरूलाई कविता तत्वका आधारमा तलका उपशीर्षकमा  विवेचना गरिएको छ ।

### ५.१.१ शीर्षक चयन

'सङ्घर्षशील जीवन' शीर्षकबद्ध सङ्ग्रहको पहिलो कविता हो । कवितामा कविले अन्धो समाजलाई परिवर्तन गर्नको लागि निरन्तर रूपमा सङ्घर्ष गर्नु पर्ने बताएकी छन् । आत्मकथनात्मक रूपमा रचना गरिएको यस कवितामा राईले जीवनभरी सधैँ सङ्घर्ष गरे पनि कहिले पनि समाजको जस नपाएको कुराप्रति चिन्ता व्यक्त गरेकी छन् । समाजमा धनी गरिबको पर्खाल अन्त्य नहुँदासम्म मानिसले निरन्तर रूपमा सङ्घर्षको बाटो अँगाल्नु पर्दछ भन्ने भाव यस कवितामा व्यक्त भएको छ । आत्मलापीय ढङ्गमा आह्वानको शैलीमा रचना गरिएको यस कवितामा 'सङ्घर्ष' भन्ने शब्दको पुनरावृत्ति हुनुलाई शीर्षक सार्थक मान्न सकिन्छ । भाषिक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'व्यथा गरिबको' यस सङ्ग्रहको दोस्रो कविता हो । कवितामा जनताहरूलाई चिल्ला भाषण अनि नचाहिने आश्वासनमा फसाउने मानिसको सम्मान हुने गरेको र जसले पसिनाको कमाइमा विश्वास गर्दछ उनीहरूको कुनै स्थान नभएको भाव व्यक्त भएको छ । हाम्रो समाजमा विद्यमान गरिबीलाई कवितामा यथार्थ रूपमा प्रस्तुत गरिएको छ । गरिबलाई सहयोग गर्ने वहानामा धनीहरूले व्याजको स्याज गर्दै बढाउँदै गएको र गरिबलाई अझ गरिब वनाउने प्रवृत्ति धनी वर्गमा रहेको छ । कवितामा गरिबमाथि भएका अन्याय र अत्याचारको अन्त्य गर्नु पर्दछ भन्ने भनाइ व्यक्त भएको छ । 'गरिब' लाई केन्द्रमा राखी उनीहरूका पीडालाई व्यक्त गरिएकाले शीर्षक सार्थक छ । कविताको शीर्षक संरचनाको दृष्टिले एकपदीय संरचनामा आबद्ध छ ।

'जाउँ अब गाउँतिर' शीर्षकको कवितामा नारी जातिको शहरमा कुनै पनि स्थान नभएकाले गाउँगाउँबाट अधिकार खोज्नु पर्ने भाव व्यक्त भएको छ । नारीलाई सहरमा किन बेच र स्वार्पूर्तिको साधन बनाएको, सम्पूर्ण अधिकार खोसेकाले अधिकार पाउनका लागि शिक्षाको लहर गाउँबाट फैलाउनु पर्ने सन्देश राईले कवितामा व्यक्त गरेकी छन् । महिलामाथि भएको अन्याय र अत्याचारको विरोध गर्नका लागि क्रान्तिमा जुटेका नारीलाई स्वागत गर्नु पर्दछ । कवि आफ्नो अधिकारका लागि सहरमा पसे पनि केही अधिकार नपाएपछि गाउँमै फर्की नारीहरूलाई एकीकृत गरी क्रान्तिमा जुट्न आग्रह गरिएकाले अभिधामूलक अर्थमा शीर्षक सार्थक रहेको छ । संरचनाको दृष्टिले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'अस्तित्व' शीर्षकको कवितामा कविले आफ्नो देशमा विद्यमान सभ्यता, संस्कृति र यो देशको माटो बचाउनको लागि पश्चिमाहरूको नक्कल नगर्न आग्रह गरेकी छन् । स्वदेशका युवाहरू आफ्नो देशको अस्तित्व बचाउनको लागि बहादुरको संज्ञामा भुल्नु भन्दा आफ्नो देशको सेवामा लाग्नु पर्ने भाव कवितामा व्यक्त भएको छ । जबसम्म हाम्रो देशका युवाहरू बिदेसिन्छन् र यहाँका सामन्तहरू विदेशीको इशारामा नाच्छन् तबसम्म नेपालीको अस्तित्व हराउँछ भन्ने कुरामा राई विश्वस्त छन् । एकातिर देशका युवाहरू विदेशमा बहादुरको संज्ञामा रमाउदैछन् भने अर्कातिर नेपाल आमाले आफ्नो बचाउको लागि युवाहरूलाई विदेशमा नजान आग्रह गरेकी छन् । नेपाल नरहेमा नेपाली नरहने भएकाले अस्तित्व बचाउको लागि देशका सम्पूर्ण जनता एकजुट हुनु पर्दछ भन्ने अर्थमा कविताको शीर्षक सार्थक रहेको छ । कविताको शीर्षक संरचनाको हिसाबले एकपदीय रहेको छ ।

'आह्वान' सङ्ग्रहको पाँचौ कविता हो । कवितामा कविले नारी जातिलाई समाजले सधैँ घृणाको नजरले हेर्दै आएको छ, यसलाई अन्त्य गर्न सम्पूर्ण नारी एक हुनु आवश्यक पर्दछ भन्ने भाव व्यक्त गरेकी छ । नारी जहिले सम्म पुरूषको भरमा बाँच्दछन् तहिलेसम्म पुरूषले

दबाइरहन्छन् । समाजमा नारी माथि हुने अत्याचारको अन्त्यका लागि संघर्ष गर्नु पर्दछ । नारी र पुरूष एक सिक्काका दुई पाटा भनिए पनि परापूर्व कालदेखि पुरूषले शोषण गरि रहेका छन् भन्ने भाव व्यक्त भएको र यस्तो दमनबाट मुक्ति पाउनको लागि नारीलाई सङ्घर्ष गर्न आह्वान गरिएकाले कविताका शीर्षक सार्थक छ । संरचनाको दृष्टिले कविताको शीर्षक एकपदीय रहेको छ ।

'आफ्नो देशमै लड' प्रस्तुत छैंटौं कविता हो । कवितामा कविले नेपालका दाजुभाइ स्वदेश छोडी विदेश जाने गरेको, आफ्नो गाउँघर भीर, पाखा, पर्वत बिर्सेको, जीवनभरी अर्काको गुलामी गरिरहे पनि अन्त्यमा गोलीको शिकार भएको, परिवारको विचल्ली भएको यी सम्पूर्ण कुराको फाइदा उठाई साहुले घरखेत जफत गरेको यथार्थ भाव व्यक्त गरेकी छन् । नेपालीहरूले विदेशको विभिन्न सहरहरूमा बगाएको पसिनाको कुनै कदर नभएको र अन्त्यमा आफन्तले लास बुभ्नु पर्दाको पीडालाई अभिधात्मक अर्थमा व्यक्त गरिएको छ । विदेशमा नेपाली दाजुभाइले पाएको पीडा अनि साहुको ज्यादती रोक्नको लागि सम्पूर्ण दाजुभाइ दिदी बहिनी एक हुनु पर्ने भाव व्यक्त भएकाले कविताको शीर्षक सार्थक रहेको छ । संरचनाको दृष्टिले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'कालो कानून' कवितामा राईले गरिबका सम्पूर्ण इच्छा आकाङ्क्षाहरूका विरूद्धमा अर्थात गास, वास र कपास खोसेर शोषकले जनताको लागि नभई आफ्नो हितमा नियम कानुन बनाएको कुरा उल्लेख गरेकी छन् । यस संसारमा धनी र गरिब दुई थरी मानिस भए पनि गरिब वर्गले एक छाक खान र एक सरो लगाउन नपाउने अवस्था छ भने धनी धनको मातले जस्तो सुकै कुकार्य गरि रहेका छन् । न्यायका प्रतिमूर्ति अदालतले पनि गरिब निमुखा र सत्यको पक्ष नलिई असत्य र पैसाको साथ दिएका छन् । जनताका हरेक इच्छाहरूको बेवास्ता गरी निमार्ण गरिएको कानुनको अन्त्य गर्नु पर्दछ भन्ने आह्वान व्यक्त गरिएकाले कविताको शीर्षक भावानुकूल सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'अपहेलित-नारी' कवितामा कविले नारीलाई परिवार, समाज र देश जतासुकै कुदृष्टिले हेरिएकोले नारीको कुनै पनि अस्तित्व नभएको भाव व्यक्त गरेकी छन् । नारीलाई सानोमा बाबु दाजुको, १६ वर्ष काटेपछि पतिको र अन्त्यमा छोराको समेत डरमा बस्नु परेको यथार्थता छ । नारीलाई स्वतन्त्रता भन्ने कुरा कतैबाट भएको देखिँदैन । जस्तो : आफूले रोजेको व्यक्तिसँग विवाह गर्न नपाउनु, स्वतन्त्र हिँडडुल गर्न नपाउनु आदि । नारी ममताकी खानी र क्षमाशील भएको कारणले पुरूषले सधैँ दबाबमा राखेको र जीवनमा भोग्नु परेका पीडाहरूको मार्मिक ढङ्गमा व्याख्या गरिएकाले कविताको शीर्षक सार्थक छ। संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'लडौं सङ्गठित भएर' कवितामा राईले देशका सम्पूर्ण महिलाहरू अपहेलीत भएकाले आफ्नो अधिकार संरक्षणको लागि संगठित हुनुपर्ने भाव व्यक्त गरेकी छन् । सम्पूर्ण नारीहरूको साभा समस्यालाई नारीहरूले नै समाधान गर्नु पर्ने रूढिग्रस्त कुरीतिको जालोलाई अन्त्य गरी पुरूष सरह समाजमा अगाडि बढ्न पाउनु पर्ने धारणा कवितामा व्यक्त भएको छ । नारी पनि स्वतन्त्र भएमा यो देशका लागि केही गर्न सक्दछन् । क्रान्तिकारी विचार अवलम्बन गरी रचना गरिएको यस कवितामा नारीहरू नै नारीको सत्रु हुन्छन् भन्ने भाव व्यक्त गरिएकाले शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक तिन पदीय संरचनामा आबद्ध छ ।

'विदेशी सहायता कता ?' कवितामा शान्तिकुमारी राईले हाम्रो देशले जति सुकै विदेशी सहायता पाए पनि त्यो धन सीमित व्यक्तिमा खर्च हुने गरेको, उच्चपदमा आसीन व्यक्तिले सोझा जनताको पसीनामा मोज गरेको, जनताका आधारभुत आवश्यकताको पूरा नगरेकोले यस्तो सरकारको देशमा खाँचो नपरेको भाव व्यक्त गरेकी छन् । जनताले परिश्रम नगरेसम्म एक पेट खान नपाएको अवस्थाको चित्रण अविधात्मक अर्थमा गरिएकाले कविताको शीर्षक सार्थक रहेको छ । प्रश्नात्मक वाक्यमा संरचित 'विदेशी सहायता कता?' शीर्षक तिन पदीय संरचनामा आबद्ध अर्थात वाक्य स्तरीय रहेको छ ।

'मर्न के को डर' कवितामा मजदुरले रातदिन कडा परिश्रम गरे पनि एक गाँस खान नपाई रोगी बन्नु परेको, शोसक सामन्तले गरिबको मेहनतको फाइदा उठाएर सम्पूर्ण सपनाहरू भताभुङ्ग पारेको, परिश्रमको कमाइले पारिवारिक समस्या समाधान गर्ने सपना बोके पनि गरिब झन् गरिब हुँदै गएको अवस्थाको चित्रण छ । किसान मजदुरको बस्ने बास नभएको तर शोषक सामन्तले ठूला ठूला महल अनि चिल्ला गाडीमा आनन्ददायी यात्रा गर्ने गरेको असमानतालाई स्पष्ट राईले परेकी छन् । एक पेट खान नपाएर भोकै मर्नुभन्दा अन्यायसँग लड्दै गर्दा मर्नु वेश हुन्छ भन्ने अर्थमा कविताको शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'गहना' शीर्षकको कवितमा राईले नारीले लगाउने गहनालाई बन्धनको प्रतीकको रूपमा लिएकी छन् । नारीलाई गहना लगाउँदा जति राम्रो देखिन्छ त्यत्ति नै दासता सहन गाह्रो हुने कुरा कवितामा व्यक्त भएको छ । हातमा लगाएको चुरालाई हतकडी, गलाको सिक्रीलाई पासो, पाउजुलाई नेलकडीको प्रतीकको रूपमा प्रयोग गरिएको छ । हुन त गहना नलगाएको मानिस नराम्रो देखिन्छ तर ऊ बन्धनबाट सधैं मुक्त हुन्छ । पशुलाई दाम्लोले बाँधे जसरी नारीलाई पनि गहनाले पशुतुल्य नै बनाएको छ । कविले गहना र पिञ्जडालाई एकै अर्थमा लिएकी छन् । पिञ्जडाको सुगाको लागि पिञ्जडा गहना भएजस्तै नारीको हातमा चुरा, घाँटीमा सिक्री र पाउमा पाउजुले बेरिएको छ भन्ने कुरा कवि व्यक्त गर्दछिन् । कवितामा गहनालाई बन्धनको प्रतीकको रूपमा प्रयोग गरिएकोमा शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'जान्छु म गाऊँमा' शीर्षकको कवितामा क्रान्तिकारी नारी जसले देशको मुक्तिको लागि आफ्नी आमासँग देश र जनताको रक्षाको लागि विदा दिन भनी आग्रह गरेकी छन् । आफू शोषणमा परेकाले शोषित पीडित महिलाहरूको मुक्तिको लागि गाऊँ गाउँमा गएर चेनताको दियो सल्काउने र मर्न परे पनि *ल्युहुलान* (१३ वर्षको उमेरमा सहिद भएर गए पनि संसार भरी क्रान्तिकारी नारीको वर्गमा रहकी चिनीया नारी) जस्तै गरी मर्न तयार बनेको बताउँछिन् । आफ्नो देश अनि शोषित जनताको मुक्तिको लागि शोषकको विद्रोह गर्दा मर्नु परे पनि हाँसी हाँसी मर्न तत्पर हुनु पर्दछ भन्ने कुरा यस कवितामा व्यक्त भएको छ । शोषकलाई नष्ट पार्नको लागि शोषित वर्गले काँधमा काँध र हातमा हात मिलाएर अघि बढ्नु पर्ने भाव कवितामा व्यक्त भएको छ । कवितामा शोषक सामन्तीको अन्त्य गर्न र विजयी बन्नको लागि आमासँग आशिष माग्न आवश्यकहुने भएकाले गाउँतर्फ लाग्नु पर्दछ भन्ने अर्थमा शीर्षक सार्थक छ । संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'लड्छौं अधिकार लिन्छौं' यसै सङ्ग्रहको अन्तिम कविता हो । यसमा कविले सच्चा देशभक्त नेपालीले आफ्ना अधिकार भिक्षापात्रको रूपमा नमागी सामन्तका विरोधमा लडेर लिन्छन् भन्ने भाव व्यक्त भएको छ । हिजोसम्म शोषकको घोडा भए पनि आज आएर वीर योद्धा बन्न

तयार भएको, गरिबको मुक्तिको लागि रगतको खोलो बगाउन तत्पर भएको, शोषकले रगतको होली खेली सत्ता बचाए पनि जनताहरू रगतकै होली खेल्न तत्पर बनेकाले शोषकलाई नष्ट पार्न आँधी भई जाइ लाग्ने भाव यस कवितामा व्यक्त भएको छ । शोषक परजीवी जुका हुन्, जो जनताको रगत पसिनामा मोज गर्दछन् । अन्यायमा परेका जनताहरू आफ्नो गुमेका अधिकारको लागि लडेमा अधिकार प्राप्ति गर्न सक्छन् भन्ने अर्थमा शीर्षक सार्थक रहेको छ । संरचनागत हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

प्रथम चरणको दोस्रो कृतिका रूपमा प्रकाशित 'सङ्घर्षशील जीवन' कविता सङ्ग्रहका कविताहरूको शीर्षक चयनको आधार उपर्युक्त देखिन्छ । देशभित्र विद्यमान परिस्थितिहरूको अन्त्य गर्नको लागि क्रान्तिकारी विचारधारा बोकी, लोभ मोह त्यागी सम्पूर्ण जनता एकजुट हुनु पर्दछ भन्ने भाव कविता मार्फत व्यक्त भएको छ । प्रायः द्विपदीय, तिनपदीय संरचनामा संरचित कविताहरूका शीर्षक भावानुकूल सार्थक नै रहेका छन् ।

## ५.१.२ कथ्यविषय : भाव विधान

मानव जीवन र जगत सम्बन्धी सम्पूर्ण विषयवस्तु मध्ये कुनै एक पक्षलाई समेटेर कविताको सिर्जना गरिएको हुन्छ । कवि राईले तत्कालीन समाजमा देखिएमा सामाजिक विकृति, गरिबी, क्रन्तिकारिता जस्ता विषयवस्तु टिपी स्वच्छन्दतावादी भाव धारामा कविता सिर्जना गरेकी छन् ।

नेपालजस्तो विकासशील मुलुकमा शोषकहरूले गरेको दमन, अत्याचार जस्ता प्रवृत्तिको घोर विरोध गर्नु पर्दछ भन्ने विचार राईको रहेको छ । हाम्रो देश नेपाल भौतिकताले सम्पन्न भए पनि आर्थिक हिसाबले विदेशी सहायता लिनु पर्ने वाध्यता छ । देशमा धेरैजसो गरिब जनता भोकभोकै मर्नु परेको अवस्था एकातिर विद्यमान छ भने अर्कोतिर शोषकले मोजमस्ती गरेको छ । धनी दिनरात धनी बन्दै गएका छन् भने गरिब झन् पछि झन् गरिब बनेका छन् । महिलालाई दासताको रूपमा लिइएको छ । देशको ग्रामीण भेगका महिलाहरू शिक्षाको उज्यालो घामबाट वञ्चित हुनु पर्दाको अवस्थाको चित्रण यस कवितामा भएको छ । नारीलाई पिञ्जडाको सुगाको रूपमा प्रस्तुत गरिएको छ । जसरी पिञ्जडाको सुगाको लागि पिञ्जडा नै आफ्नो गहना बनेर सजिएको छ त्यसै गरी सुनको चुरालाई हतकडीको रूपमा प्रस्तुत गरिएको छ । गहना देख्दा राम्रो भए पनि दासताको प्रतीक हो भन्ने भाव कविले 'गहना' कविता मार्फत यसरी व्यक्त गरेकी छन् :

हेर्दा राम्रो देखिन्छ गहना
गाह्रो हुन्छ दासता सहन ।
सुनको चुरी हातको हतकडी
स्वतन्त्रता पाइन्न नलडी ।
(गहना : २७) ।

मनिस गहना लगाउँदा राम्रो देखिए पनि दासत्व सहन साह्रै गाह्रो पर्ने कुरा, सुनका चुरा महिलालाई हातको हतकडी स्वरूप पहिऱ्याएकोमा स्वतन्त्रता पाउन चुरामा नभुली दिनरात लड्नु पर्ने भाव कविताका व्यक्त भएको छ । महिला शोषित भएको यिनै गहना मर्फत हो । गहना लगाएर बन्धनमा बस्नुभन्दा केही नपहिरी स्वतन्त्र बस्नु बेस हुन्छ भन्ने राईको कथन छ ।

देशभित्र व्याप्त बेरोजगारी समस्याको कारण छोराहरू विदेशी भूमिमा तातो गोली खाई मर्न बाध्य भएको, विदेशी संस्कृतिलाई अँगाल्दा आफ्नो देशको संस्कृतिलाई बिर्सेको भाव 'अस्तित्व' कविता मार्फत यसरी व्यक्त भएको छ :

उजाड भयो उर्वर भूमि पराइले हुँदा,
गुम्न लाग्यो हाम्रो भूमि अशिक्षित हुँदा ।
आफ्नो भाषा संस्कृति र इतिहास लेखौँ,
हृदयमा परेको चोट अव बाहिरै पोखौँ

(अस्तिव्त : ८)

प्रस्तुत कवितामा कविले युवाहरूमा देशभक्तिको भावना नभएकाले आफ्नो देश पराइको हातमा पर्न सक्ने, देश बचाउको लागि आफ्नो संस्कृतिको जगेर्ना गर्नु पर्ने भाव व्यक्त गरेकी छन् । यस अभिव्यक्तिबाट कविमा पनि देशभक्तिको भावना रहेछ भन्ने थाहा पाउन सकिन्छ ।

हाम्रो समाजमा व्याप्त रूढिवादी परम्पराको कारण नारीका दुःख पीर नबुझेको, सधैँ पुरूषको वकालत गर्ने गरेको भाव उनले 'अपहेलित-नारी' शीर्षक मार्फत यसरी व्यक्त गरेकी छन् :

अन्याय र अत्याचारमा पर्दो रैछ नारी
जन्मेदेखि दासी बन्छिन् यसै गरी-गरी ।
जीवनमा हाँसो खुसी छैन उनको शीरमा
यस्तै गरी उनको जीवन बित्छ पीरै-पीरमा ।
छोरो पनि त्यै काखको छोरी पनि उनकै
छोरा-छोरी फरक किन एउटै रगत खुनकै ?

(अपहेलित नारी :१५)

रूढिग्रस्त समाजमा नारीप्रति जन्मेदेखि अन्याय र अत्याचार हुने गरेको छ । जीवनभरी नारीले कहिले पनि हाँसो, खुसी र चयन भन्ने कुरा अनुभव गर्न पाएका छैनन् । एउटै कोखको छोरो अंशको भागीदार बने पनि छोरीले रूँदै जन्मघर छोड्नु पर्ने बाध्यता छ । यस्तो परम्पराको नष्ट गर्नको लागि नारी आजै देखि सचेत बन्न जरूरी देखिन्छ । कविले महिला माथि हुने अत्याचारलाई सरल रूपमा उक्त पङ्क्तिमा प्रस्तुत गरेकी हुन् ।

कवि स्वयम् नारी भएकाले नारीका समस्यालाई सूक्ष्म रूपमा प्रस्तुत गरेकी छन् । नारीलाई हेर्ने समाजको दृष्टि र नारीमाथि गरिने व्यवहारको यथार्थपरक ढङ्गले यस कवितामा राईले चित्रण गरेकी छन् । नारीमाथि भएका अन्याय र अत्याचारको विरोधमा सम्पूर्ण नारीजाति लाग्नु पर्दछ भन्ने भाव प्रायः सबै जसो शीर्षकमा भेट्न सकिन्छ । यस प्रकारका शीर्षकहरू 'व्यथा गरिबको'मा गरिब भएको कारणले नारीले उचित शिक्षा लिन नपाएको, सधैँ घरधन्दामा भुल्नु परेको भाव चित्रित छ । 'जाउँ अब गाउँतिर' शीर्षकको कवितामा गाउँका सोझा साझा नारीमाथि भएको अत्याचारको विरोध गर्ने र देशमा व्यक्त शासन अन्त्य गर्न गाउँबाट सुरू गर्नु पर्ने भाव स्पष्ट छ । 'अस्तित्व' कवितामा नारी भएर जन्मनु परेकोमा आफ्नो अस्तित्व बचाउन कठिन भएकोमा चिन्ता व्यक्त गरिएको । यसै गरी 'अपहेलित नारी', 'लडौं सङ्गठित भएर', 'मर्न के को डर ?, 'गहना', 'जान्छु म गाउँमा', 'लड्छौं अधिकार लिन्छौं' रहेका छन् ।

### ५.१.३ संरचना बनोट

कुनै पनि विषयको संरचना भन्नाले त्यसको बनोट वा आकार भन्ने बुझिन्छ । सिङ्गो सङ्ग्रहदेखि लिएर रचनाहरूको बनोट तथा निर्मिति नै संरचना हो । यस कविताको संरचना भन्नाले यसमा सङ्ग्रहित कविताहरूबाट निर्मित सिङ्गो कविता सङ्ग्रहको आकार बुझिन्छ ।

**सघंर्षशील जीवन** (२०४१) सङ्ग्रहमा जम्मा चौध वटा कविताहरू शीर्षकबद्ध छन् । देशमा विद्यमान गरिबी, अशिक्षा, अन्धविश्वास र राजनीति जस्ता तत्कालीन अवस्थामा विद्यमान समस्याका रूपमा रहेका परिस्थितिलाई कथ्य विषय बनाउँदै कविता भावना र विचारहरूको अभिव्यक्ति वैयक्तिक रूपमा संरचित प्रगीतात्मक संरचनामा प्रयुक्त भएको छ ।

राईका कविताहरूमा एकलापीय ढाँचाको प्रयोग भएको छ । यिनका कविताहरू लघु आयामका छन् । कवितामा आफ्नै अनुभूतिहरूको प्रचुरता रहेको छ । कवितामा आख्यानात्मक संरचना नभई प्रगीतात्मक भित्रै पनि वर्णनात्मक शैलीको प्रयोग भएको छ । कवितामा बाह्य घटना र प्रसङ्गहरूको वर्णनसँगै कवि भावना र विचारको प्रकटीकरण भएको पाइन्छ । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा पनि दुई पङ्क्तिको एक श्लोक बनाइएको छ । कवितामा सबैभन्दा बढी ४६ श्लोक र कम्तिमा ९ श्लोक रहेका छन् ।

यस सङ्ग्रहका कविताहरू मध्ये 'सङ्घर्षशील जीवन' मा १३ श्लोक, 'व्यथा गरिबको' मा १९ श्लोक 'जाउँ अब गाउँतिर' मा १८ श्लोक, 'अस्तित्व' मा १० श्लोक 'आह्वान' मा १० श्लोक, 'आफ्नै देशमा लड्' मा १५ श्लोक, 'कालो कानुन' मा १३ श्लोक, 'अपहेलित नारी' मा ४६ श्लोक, 'लडौं सङ्गठित भएर' मा २२ श्लोक, 'विदेशी सहायता कता?' मा १४ श्लोक, 'मर्न के के डर' मा १२ श्लोक, 'गहना' मा १४ श्लोक, 'जान्छु म गाउँमा' ९ श्लोक, 'लड्छौं अधिकार लिन्छौं' मा १८ श्लोक छन् ।

राईका कवितामा शब्द, पदावली, वाक्यांश आदि भाषिक इकाइहरूको पटक पटक आवृत्ति भइ रहनु कविताको संरचनात्मक विशेषता पनि हो । उदाहरणका रूपमा 'सङ्घर्षशील जीवन' शीर्षकको कविताका केही पङ्क्तिलाई लिन सकिन्छ :

सङ्घर्ष हो मेरो जीवन सङ्घर्ष नै गर्छु
सङ्घर्ष मै रमाउँछ सङ्घर्षमै मर्छु ।
सङ्घर्षले दिएको छ ठूलो साहस मलाई
साहस लिई गर्नुछ मैले गरीबको भलाई ।
अन्धो समाज बदल्नुलाई सङ्घर्ष नै गर्छु
भविष्यमा यो समाज बदलेरै छाड्छु ।

(सङ्घर्षशील जीवन : १)

उपर्युक्त कवितांशमा जीवन सङ्घर्षमय भएकाले सङ्घर्षबाटै मुक्तिको बाटो मिल्ने कुरा स्पष्ट पारिएको छ । समग्र कविताभित्र १४ वटा कवितामा सङग्रहित हुनुको साथै ३१ पृष्ठमा समाविष्ट छ । पृष्ठ ओगटाइको सन्दर्भमा कम्तीमा दुईदेखि ५ पृष्ठसम्मका कविताहरू भेटिन्छन् ।

## ५.१.४ लय विधान

कविता अनुभूतिको साङ्गीतिक प्रस्तुति भएकाले त्यसमा गेयता हुन्छ । छन्द/भाका लय कविताको मूल आत्मा नै हो । कविता गुनगुनाउनुले त्यसको महिमा स्पष्ट हुन्छ । कवितामा विशेष गरी शास्त्रीय छन्द, मात्रा छन्द, मुक्त वा गद्य छन्द प्रयोग हुने मूल छन्द रूप हुन् । कवितालाई शब्द, वर्ण ध्वनि, आवृत्ति पाउ, पङ्ति र गणना गरी बनाउने परम्परा छ । गेयात्मकता र साङ्गीतिक कविताको मूल विशेषता हो ।

राईले आाफ्ना कवितामा झ्याउरे छन्दको प्रयोग गरेकी छन् । यस सङ्ग्रहमा सङ्कलित १४ कविता मध्ये ५ वटा तुकबन्दी युक्त २ वटा तिजी गीति लय र अन्यमा झ्याउरे छन्दको प्रयोग गरिएको छ ।

तुकबन्दीको प्रयोग भएको 'जाउँ अब गाउँतिर' कविताको उदाहरण यस्तो छ :

अन्याय र अत्याचार सहेर
किन बस्ने नोकर्नी भएर
नबसौँ सहेर
हाम्रो आफ्नो खोसिएको हक
हामीले पनि खोसेर लिनु छ ।
खोसेर लिनु छ
(जाउ अब गाउँतिर : ५)

यस्तै तीजी गीति लयको प्रयोग भएको 'गहना' कविताको उदाहरण यस्तो छ ।

मत अब लाउँदिन गहना
सकिन म दासता सहन ।
हेर्दा राम्रो देखिन्छ गहना
गाह्रो हुन्छ दासता सहन ।
गहना हो नारीको बन्धन
बन्धन भित्र साह्रो छ रहन ।
(गहना : २७)

यसरी कविले झ्याउरे छन्द अन्तर्गतको गीति लयको प्रयोग गरेकी छन् । झ्याउरे छन्दको प्रयोग गर्दा दुई पाउको एक श्लोक हुने गर्दछ । कवितामा अन्तर अनुप्रासको उचित समायोजन नभए पनि अन्त्यानुप्रासको राम्रो प्रयोगले कविताका श्लोकहरू लयात्मक र गद्यात्मक रहेका छन् । सरल, सहज एवं जनरूचि अनुरूपका शब्दको प्रयोगले पनि कविता सहज बनेका छन् । झ्याउरे छन्दमा रचना भएका कविताहरू 'सङ्घर्षशील जीवन', 'व्यथा गरिबको', 'अस्तित्व', 'लडौं सङ्गठित भएर', 'लड्छौं अधिकार लिन्छौं' आदि हुन् ।

## ५.१.५ विम्ब विधान

जनजीवनबाट विम्ब लिएर समयलाई टपक्क टिपी यथार्थको सक्रिय प्रतिविम्बन गर्नु राईको कलाागत विशेषता हो । यस चरणका कवितामा पनि कविले विम्बको प्रयोग गरेकी छन् । कवितालाई मूर्त रूप दिनको लागि राईले समसामयिक विषयवस्तुको चित्रण गरेकी हुन् । समाजमा

देखा परेका विद्यमान विकृति, विसङ्गगति र त्यसलाई उन्मुलन गरेर स्वच्छ र न्यायपूर्ण समाजको सिर्जना गर्ने प्रतिबद्धता बोकेकी राईले कवितामा विम्बको पनि प्रयोग गरेकी छन् ।

अनुभूतिसँग समान धर्म भएको, भाव समान धर्म भएको उस्तै दृश्य वा चित्र विम्ब हो । कवितामा प्रस्तुत गरेको मुख्य कथ्य विषय अर्थको सहज र प्रतिच्छायाका रूपमा आउने अर्को सहवर्ती वा सहप्रस्तुत अर्थ विम्ब हो (त्रिपाठी र अन्य, २०४६ : १८) ।

राईले 'सङ्घर्षशीलको जीवन' कविता सङ्ग्रहमा सङ्ग्रहित शीर्षकबद्ध 'आफ्नो देशमै लड' कवितामा सामाजिक गरिबीको विम्बलाई यसरी प्रस्तुत गरेकी छन् :

स्वदेश छाडी गयो दाजु, अनि गयो भाइ
पाखा पर्वत गाउँतिर बिर्स्यो सारालाई ।
फक्ल्याण्डमा नेपालीका बगिरहेछ रगत
नेपालीको वीरताले थर्काइरहेछ जगतमा ।
फर्क दाजु, आफ्नो देश, फर्क मेरो भाइ
संगठित भै मुक्ति दिलाउ अब गरिबलाई ।
(आफ्नै देशमा लड : १२)

उपर्युक्त श्लोकमा शोषकको जालमा परी नेपालीहरू कसरी विदेशिन बाध्य छन् भन्ने भाव राईले स्पष्ट पर्न खोजेकी छन् । फक्ल्याण्ड जस्तो टापुमा नेपालीहरूले वीरतापूर्ण तरिकाले रगत बगाइ रहेका छन्, यस्तो दुःख कष्ट सहनुभन्दा आफ्नो देशको स्वाधीनताको लागि लड र आफ्नै देशलाई मुक्ति दिलाउ भन्ने भावार्थ कवितामा व्यक्त भएको छ । यहाँ, ठूलाबडा नेताहरूले सामन्तको विम्ब झल्काएका छन् भने टापुले गरिबहरू सधैं दुःखी र एकल रहन्छन् भन्ने विम्ब प्रस्तुत भएको छ ।

विम्बकै प्रयोग गर्ने क्रममा नेपाललाई पराइले छुँदा व्यक्त भएका संवेदनशील विम्बको प्रयोग 'अस्तित्व' कवितामा यस्तो रहेको छ :

उजाड भयो उर्वर भूमि पराइले छुँदा
गुम्न लाग्यो हाम्रो भूमि अशिक्षित हुँदा ।
पराइको नक्कल गर्दा गुम्यो आफ्नो भाषा
यो धर्तीले गरेको होइन यस्तो हुने आशा ।
पराइ देशमा बहादुर झै मर्न हुन्न अब
आफ्नै देसको निम्ति लड्न उठै हामी सब ।
(अस्तित्व : ९)

उपर्युक्त श्लोकमा कविले उर्वरभूमि शान्ति क्षेत्र नेपालको विम्ब, अशिक्षित बहादुर नेपालीलाई जनताको विम्बको रूपमा प्रयोग गरेकी छन् । नेपालीहरूको स्वर्ग जस्तो देशमा पराइको आँखा लागेर उजाड भएको छ । पराइको खराब आचरणको नक्कल गर्दा देशको भूमि गुम्न थालेको छ । अर्काको देशको मुक्तिको लागि जनताहरू बहादुरको संज्ञा पाउदै बाँचेका छन् । यस्तो गर्नुभन्दा आफ्नै देशको मुक्तिको लागि लड्नु पर्दछ भन्ने भाव यसमा व्यक्त गरिएको छ । यसरी सरल सहज भए पनि बिम्ब प्रयोग उनका कवितामा भएको देखिन्छ ।

### ५.१.६ प्रतीक योजना

विशिष्ट भाव सम्प्रेषण गर्नका लागि विशिष्ट भावदृष्टिको प्रयोग गर्नु एउटा कविको कौशल हो । कुनै पनि कवि वा सर्जकले आफ्ना रचनामा स्वभाविक ढङ्गले प्रतीकको प्रयोग गरी कविता वा रचनालाई मूर्त रूप दिएका हुन्छन् । समाजमा रहेको विभिन्न सत वा असत पक्षहरूलाई संरक्षण वा उन्मूलन गरेर व्यवस्थित समाजको सिर्जना गर्ने अभिलासा बोक्ने कवि राईका विवेच्य सङ्ग्रहभित्रका कवितामा प्रतीकको उपयुक्त ढङ्गले प्रयोग भएको छ । उनका कवितामा प्रयुक्त प्रतीकहरूले कवितालाई कलात्मक तुल्याउनुका साथै अर्थयुक्त पनि बनाएका छन् । कवितामा विम्बको साथ साथै प्रतीकको पनि केही मात्रामा प्रयोग भएको पाइन्छ । राईका कविता सरल सहज भएको कारणले विम्ब प्रतीकको कम प्रयोग भएको देखिन्छ ।

कवि राईले **सङ्घर्षशील जीवन** कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमध्ये समकालीन सामाजिक असमान राजनीतिलाई झल्काउनको लागि विभिन्न प्रतीकको प्रयोग गरेकी छन् । प्रतीक प्रयोगका दृष्टिले 'गहना' कविता यस्तो छ :

गहना हो नारी बन्धन
बन्धन भित्र सह्रो छ रहन ॥
सुनको चुरी हातको हतकडी
स्तवन्त्रता पाइन्न नलडी ॥
पिञ्जडालाई भनिन्छ गहना
पिञ्जडाको पीडा छ सहन ॥

(गहना : २७)

कवितामा कविले गहना र पिञ्जडालाई समाजको प्रतीकको रूपमा लिएकी छन् । कवितामा स्वार्थी समाजले गहनाको लालचमा महिलाको फाइदा उठाएको छ । स्वतन्त्र रूपमा वनमा विचरण गर्ने सुगालाई पिञ्जडा भित्र थुने जसरी महिलालाई पनि गहनाकै भरमा समाजमा बन्धनमा पारेको यथार्थताको वर्णन कवितामा व्यक्त भएको छ ।

कविताको सङ्ग्रहभित्रको 'लड्छौं-अधिकार लिन्छौं' शीर्षकको कवितामा पनि प्रतीकको प्रयोग भएको छ। यसमा गरिब जनतालाई विभिन्न प्रतीकको रूपमा प्रयोग गरिएको छ । जसको उदाहरण यस प्रकार छ :

हिजो सम्म थियौ हामी शोषकको घोडा
हुन्नौ हामी चाहि हुन्छौ वीर योद्धा ।
लौ आइसक्यो लड्ने दिन आपसमा मिलि
लौ आइसक्यो लड्ने दिन काँधमा बन्दुक भिरी ।
हामीले नै उच्च राख्छौ क्रान्तिकारी झण्डा
हामीले फहराउँछौ, लाल जीतको झण्डा ।

(लड्छौ-अधिकार लिन्छौ : ३१)

माथिको कवितामा घोडालाई दासताको प्रतीक, बन्दुकलाई विद्रोह नष्ट गर्ने साधन, झण्डालाई क्रान्तिको प्रतीकको रूपमा लिइएको छ । हिजोसम्म शोषकको शोषणमा पिल्सिए पनि

अब गरिब मिलि सकेकाले शोषकको अन्त्यको दिन अब ढिलो नभएको भन्ने कुरा कवितामा व्यक्त भएको छ ।

## ५.१.७ भाषाशैली

भाव र विचार अभिव्यक्तिको माध्यम भाषा हो भने अभिव्यक्ति दिने पद्धति चाहिँ शैली हो, भाषाशैलीले रचनालाई सरल जटिल, सरस क्लिष्ट र सुबोध्य बनाउन सक्दछ । कोमल पदावलीको प्रयोगवाट विषयवस्तु र भावबिच समन्वय ल्याई रचनालाई रोचक बनाउन भाषाशैलीको विशेष भूमिका रहन्छ ।

शान्तिकुमारी राईका कवितामा प्रयुक्त भाषाशैलीको प्रयोगले रचनामा सरलता, सुबोध्यता थपेको देखिन्छ । सामान्यतः कुरा गराइको शैलीमा कविता रचना गर्ने राईका कविताहरू सहजै बोधगम्य हुन्छन् । यिनका कवितामा वर्णनात्मकता, प्रश्नात्मकताको कारण भाषा प्रभावकारी बनेको छ । कवितामा ज्यादै सरल र बोलीचालीको भाषाको प्रयोग गरिएको छ । उनको मातृभाषा चाम्लिङ भएकाले कतैकतै चाम्लिङ भाषाका शब्द मिसिए पनि सरल सहज अर्थयुक्त शब्दको चयन उनका कविताको वैशिष्टय हो । कवितामा प्रयुक्त पदावलीका आधारमा तत्सम, तत्भव, आगन्तुक शब्दको साथै लोक भाषाको समन्वय भएको देखिन्छ । परम्परागत शैलीको प्रयोगको सट्टा लोकोपयोगी भाषाको प्रयोग पनि उनका कवितामा पाइन्छ । प्रगीतात्मक संरचनामा संरचित कविताको भाषाशैली लयात्मक, रहेको छ । उनले कवितामा कतै कतै प्रश्नात्मक शैलीको प्रयोग गरेकी छन् । 'विदेशी सहायत कता?' कवितामा प्रयुक्त प्रश्नात्मक शैलीको नमुना यस्तो रहेको छ :

सरकार भने कानमा तेल राखी बस्छ यहाँ
भोकाएका जनताहरू अब जाउन कहाँ ?
विदेशी सामु झुक्न लाज नभाको जस्तो ?
हेर्दा पनि स्व अस्तित्व नभएको जस्तो ।
(विदेशी सहयता कता ? पृ, २३)

यस कवितामा राईले भोकाएका जनताको वेवास्ता गरेको, सरकारले गरिबका कुनै पीडाहरू बुझेको देखिदैन । आफ्ना महल ठड्याउनको लागि र जनताको उन्नतिको लागि भनी विदेशी राष्ट समक्ष ऋण मागी देशलाई कङ्गाल बनाएको कुराको स्पष्ट वर्णन छ ।

प्रथम चरणको **सङ्घर्षशील जीवन** कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा प्रयुक्त तत्सम शब्दहरू पुत्र, मनुष्य, शरण, दृष्ट, आत्म, उद्योग पति, दर्पण आदि हुन् । त्यसै गरी उनका कविताका प्रयुक्त तत्भव शब्दहरू मिठो, भाइ, तीतो, स्वार्थी, आँखा, आगो, क्रान्ति आदि हुन् । संस्कृत भाषा वाहेक नेपालभित्र र बाहिर बोलिने अन्य विभिन्न भाषाहरूबाट नेपाली भाषामा आई बनेका शव्दहरू जस्तै : सरकार, तमासा, आम्दानी, महल, गरिब, तलब, आम्दानी फक्ल्याण्ड दरबार आदि । यसरी उनका यस कविता सङ्ग्रहमा प्रश्नात्मक, वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ । यस सङ्ग्रहभित्र कविले दुईवटा कवितामा प्रश्नात्मक शैलीमा रचना गरेकी छन् भने अन्य कवितामा वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । यसरी हेर्दा प्रश्नात्मक शैली भन्दा वर्णनात्मक शैलीको बाहुल्यता रहेको छ ।

कवि राईका कवितामा शव्दावली चयनमा विविधता र मौलिकता पाइनुका साथै अभिव्यक्ति शैलीमा निजत्व भेटिन्छ । पद, पदावलीमा भाषिक एकाइहरूको पुनरावृत्ति जस्ता

भाषाशैलीगत विशेषताहरू कायमै छन् । शान्तिकुमारी राई क्रान्तिकारी कवि हुन् । 'सङ्घर्षशील जीवन' सङ्ग्रहका कवितामा क्रान्तिकारी भाव विचारलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । कविले सर्वहारा गरिबको मुक्तिको कुरा, शोषण उत्पीडनका कुरालाई उठाएकी छन् । नारी उत्पीडनको चित्रण गर्दै महिला मुक्तिको स्वर घन्काएकी छन् । साम्यवादी समाज स्थापनामा दृढ सङ्कल्प गर्दै कविता संरचना र भाषाशैलीमा पनि स्तरीय बन्न पुगेका छन् । यसरी यस चरणका कवितामा कविले शोषक सामन्तको मुक्तिका लागि सम्पूर्ण जनता एकजुट भएमा देशको मुहार परिवर्तन गर्न सकिने कुरामा दृढता राईले व्यक्त गरेकी छन् ।

## ५.३ पहिलो चरणका कविता कृतिको विवेचना

शान्तिकुमारी राईको साहित्य यात्राको प्रथम चरण (वि.सं. २०३० - २०५३) लगभग दुई दशकको नेटो काटिसकेको अवस्था हो । शान्तिकुमारी राईको साहित्य यात्राको उर्वरकालका रूपमा लिन नसकिने यस चरणका कविताहरूको रचनाकाल एकपछि अर्कोको समयावधि लामो नै छ । उनको काव्य यात्राको थालनी वि.सं. २०३० बाट भए पनि वि.सं. २०३४ मा आएर मात्र **दश कविता** र वि.सं. २०४१ मा **सङ्घर्षशील जीवन** कविता सङ्ग्रह प्रकाशनमा आएका हुन् ।

शान्तिकुमारी राईको साहित्य यात्राको यस चरणका कवितामा समकालीन राष्ट्रिय परिवेशमा देखा परेको सामाजिक, आर्थिक, राजनीतिक पक्षको चित्रण गरेकी छन् । पञ्चायती अप्रजातान्त्रिक शासनबाट मानवीय हक अधिकार कुण्ठित भएको र मानव अधिकार प्राप्तिका लागि सम्पूर्ण जनताले सङ्घर्ष गर्नु पर्ने सन्देश राईले यस चरणका कवितामा प्रस्तुत गरेकी छन् । नारीलाई समाजले हेर्ने नजरप्रति र आफ्ना अधिकार पाउनको लागि सङ्गठित हुनुपर्ने भाव राईले स्पष्ट पारेकी छन् । यिनका कवितामा विद्रोहात्मक भाव झल्केको पाइन्छ । सरल सहज शव्दको प्रयोगको गर्नु यिनको भाषा शैलीगत विशेषता हो । यिनका कवितामा अन्त्यानुप्रासको समायोजन भए पनि कुनै नियम पालन नगरी कुरा गराइको शैलीमा प्रयुक्त भएका छन् ।

## ५.२ दोस्रो चरणका कविता कृतिहरूको विश्लेषण

नेपाली साहित्यको कविता विधामा कलम चलाउँदै आएकी राईको साहित्यिक यात्राको आरम्भ २०३० सालबाट भए पनि  सङ्ग्रहको रूपमा २०३४ मा 'दश कविता' पहिलो सङ्ग्रह हो । यिनले पहिलो चरणमा **दश कविता** र **सङ्घर्षशील जीवन** गरी २ कविता सङ्ग्रह प्रकाशनमा ल्याएकी हुन् । दोस्रो चरणको साहित्य यात्रा वि.सं.. २०५४ देखि अहिलेसम्म समयावधिलाई मानिएको छ ।

दोस्रो चरणमा राईले **आमाको सम्झना** (२०५४), **चेतना** (२०६४), **मनको वह** ( २०६४) प्रकाशनमा ल्याएकी छन् । राइले पहिलो चरणमा क्रान्तिकारी विद्रोही भावका कविता रचना गरे पनि दोस्रो चरणमा आएर वेदना, शोकमूलक र चेतनापरक कविताको रचना गरेकी छन् । यस्ता प्रवृत्तिका कविता रचना गर्नुका प्रमुख कारण आफ्नी ममतामयी माताको मृत्युको साथै देशको वर्तमान परिस्थिति प्रमुख रहेको छ ।

## ५.३ 'आमाको सम्झना' (२०५४) कवितासङ्ग्रहका कविताहरूको विवेचना

शान्तिकुमारी राईको साहित्य यात्राको दोस्रो चरणका कृतिहरूमध्ये **आमाको सम्झना** कवितासङ्ग्रह पहिलो कृति हो । यसमा २४ वटा कविताहरू सङ्ग्रहित भएका छन्  ति हुन् : 'आमाको सम्झना', 'कालको चाल', 'लानु के छ मरेर ?', 'अनन्त माया', 'जागिर खोज्ने धुनमा', 'मतलबी जवाना', 'बलेको आगो ताप्छन् सबै', 'यो जीन्दगी नारीको', 'महिमा जिरीको', 'ब्रह्मलुट',

‘श्रद्धान्जली पारिजातप्रति’, ‘प्यारो लाग्छ स्वतन्त्रता’, ‘मेरो राष्ट म’, ‘साथी’, ‘विकास र मेरो देश’, ‘घट्टेकुलो’,‘बहुदलमा माले’, ‘आदिबासी हामी’, ‘मित्रहरूको लागि’, ‘मेरो निन्द्रा’, ‘प्रोजेक्टको मेरो जागिर’, ‘विश्व वातावरण दिवस १९९०’, ‘तिम्रै यादमा’ आदि । आमाको सम्झना कविताका शीर्षकहरूलाई कविता तफ्वका आधारमा यसरी अध्ययन तथा विश्लेषण गर्न सकिन्छ ।

## ५.३.१ शीर्षक चयन

‘आमाको सम्झना’ यस सङ्ग्रहको पहिलो कविता हो । यस कविताका शीर्षकबाट नै सङ्ग्रहको नामोल्लेख गरिएको छ । राईले ममतामयी माताको मृत्युको शोकमा परी यस कविताको रचना गरेकी हुन् । आफ्नी आमाको मृत्यु अकालमा भएको, मर्ने बेलामा कामको चापमा परी भेट्न नसकेको, जति बिर्सन खोजे पनि स्वप्नमा झलझली आउने गरेको, आफ्ना सम्पूर्ण सन्ततीलाई टुहुरो पारी मृत्युवरण गरेको भाव राईले कवितामा व्यक्त गरेकी छन् । जन्मदिने आमाको मृत्यु भएको छैन भनी कसैले भनिदेओस् भन्ने कामना राईले गरेकी छन् । उनी परदेश गएकी र केही समयपछि आउँछिन् कि जस्तो राईलाई भएको छ । यसमा सोच्दै नसोचेको दुःखद घटनालाई कवितामा व्यक्त गरेकोले कविताको भाव अनुसार शीर्षक सार्थक रहेको छ । यो कविताको शीर्षक दुईपदीय संरचनामा संरचित छ ।

‘कालको चाल’ शीर्षकबद्ध दोस्रो कविता हो । यसमा कविले कालको बारेमा व्याख्या गरेकी छन् । मानिसको दुई दिनको चोलामा बाँचु-बाँचु लाग्ने समयमा बाँच्न नपाउने राई बताउँछिन् । काल अजम्बरी भएकाले यसले धनी, गरिब, राजा, जनता कसैलाई पनि आफ्नो पञ्जाबाट उम्कन दिँदैन । मानिसको जीवन पानीको पोका जस्तो, कर्कलाको पानी जस्तो भएकाले अजम्बरी कोही छैन । कालको अगाडि सबै झुक्नुपर्दछ यसले कसैलाई पनि दयाको पात्र बनाउँदैन भन्ने विचार व्यक्त गरिएको छ । काल अजम्बरी भएकाले कसैलाई पनि नछोड्ने भाव व्यक्त गरिएकाले यथार्थपरक अर्थमा कविताका शीर्षक सार्थक रहेको छ ।  संरचनाको हिशावले कविताको शीर्षक द्विपदीय संरचनाका आबद्ध रहेको छ ।

‘लानु के छ मरेर ?’ कविता शीर्षकबद्ध तेस्रो कविता हो । बाँचुञ्जेल तेरो मेरो भनी झगडा गरे पनि संसारबाट एकदिन बिदा हुनु पर्दछ । जीवित छँदा सम्म सम्पूर्ण बस्तु आफ्नो जस्तो मान्नुपर्ने, विभिन्न सपनाहरू सजाउने गरे पनि आखिर रित्तो हात जानुपर्दछ भन्ने भाव व्यक्त भएको छ । आफूलाई एक न एकदिन यो संसारबाट विदाभई जानु पर्दछ भन्ने सम्झँदा मन चिसो ढुङ्गा जस्तो हुने तर कालले कसैलाई पनि नछोड्ने भन्ने कुरा यस कवितामा देखाइएको छ । यसरी मानिस जीवित छँदा तेरो मेरो भन्ने झै-झगडा गर्ने गरे पनि मरेपछि केही नलिई रित्तो हात जानु पर्दछ, कालले सानो, ठुलो, बालक, बृद्धा केही पनि भन्दैन भन्ने अविधामूलक अर्थमा शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

‘अनन्त माया’ यसै सङ्ग्रहको चौथो कविता हो । यस कवितामा राईले आफ्नी ममतामयी माताको मृत्युमा शोकाकूल भएको र आमाको ममतालाई बिर्सन नसकेको भाव व्यक्त गरेकी छन् । आफ्नो दिलभरी रातदिन आमाको सम्झना आएको, देहमा आमाकै छाया परेको, चराचुरूङ्गीले उनको सम्झनामा गीत गाउने गरेको, आमाले जस्तो निःस्वार्थी माया आजसम्म कसैले नगरेको र आमाको सम्झनालाई जति प्रयास गरे पनि भूल्न नसकिने भाव कवितामा व्यक्त गरिएको छ । आमाले सन्तानप्रतिगर्ने माया अनन्त र निःस्वार्थ हुने भएकाले उनको ममतालाई भूल्न नसकेको अर्थमा कविताको शीर्षक सार्थक रहेको छ । यसरी संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'जागिर खोज्ने धुनमा' शीर्षकबद्ध पाँचौ कविता हो । यस कवितामा जागिर खोज्ने क्रममा राईले विभिन्न दुःखहरू झेल्नु परेको यथार्थ विवरण कवितामा व्यक्त गरेकी छन् । जबसम्म यो समाजमा चाकडी, चाप्लुसी प्रथाको अन्त्य हुँदैन तबसम्म सोझा साझा नागरिकहरूले एक पेट खान नपाइ भोकै बस्नुपर्ने बाध्यता बन्न सक्दछ । कविले आफ्नो जीवनमा भोगेका अभावहरू पूरा गर्न जागिरको धुनमा भौंतारिई रहेको, चारैतिर प्रमाणपत्रहरू पेस गर्दा पनि आफ्नो बोलवाला नभएकाले कहीँ पनि जागिर नभेटेको, वर्ष थपिदै जाँदा प्रमाणपत्रहरू बढिरहेको, योग्य व्यक्ति जागिरमा नराखी अयोग्यले मात्र स्थान पाउने गरेको भाव कवितामा व्यक्त गरिएको छ । जागिर पाउनको लागि चाकडी गर्नु पर्दाको यथार्थतालाई कवितामा व्यक्त गरीएकाले कविताको शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले यो कविताको शीर्षक त्रिपदीय अर्थात वाक्य स्तरीय रहेको छ ।

'मतलवी जमना' यस सङ्ग्रहको छैठौं कविता हो । संसारमा सम्पूर्ण मानिस स्वार्थ नै स्वार्थले भरिएका छन्, धनीलाई धन थुपार्नकै पीर छ भने गरिबलाई छाक टार्ने समस्या रहेको छ । देशमा मनपरीतन्त्रको हावी भइरहेको बखत पश्चिमी संस्कृतिको विकास भएको छ । नेताहरू कारमा सयर गरे पनि गरिबका पेटमा भने मुसा दौडिरहेको अवस्था छ । आजको जमानामा स्वार्थी र अवसरवादीको कहीं कतै कमी छैन भन्ने यथार्थपरक अर्थमा कविताको शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'बलेको आगो ताप्छन् सब' शीर्षकबद्ध कविता सङ्ग्रहको सातौं कविता हो । यसमा धन सम्पति हुनेसँग मात्र मानिसले अपनत्वको भावना राख्ने गरेको तर गरिबसँग कुनै सरोकार नराखेको भाव व्यक्त भएको छ । यसमा सोझा साझा गरिबलाई बाँच्न मुस्किल परे पनि धनीहरूले मोज गर्ने गरेको, चाकडी, चाप्लुसी गर्न जान्ने मानिस राता रात धनी भएको, अनुशासन र इमान्दारीले कतै स्थान नपाएको आफ्नो धनसँग मानिस जवानी साट्नमा मस्त भएको, धनी मानिसलाई गरिबले देवतै मानेर पुज्ने गरेको, आफूले जीवनमा कसैको पनि चाप्लुसी नगरेको चाकडी विना बाँच्नु आफ्नो इज्जत सम्झने गरेको भाव यसमा व्यक्त भएको छ । धनीको सबैले जय जयकार गर्ने तर गरिबको कसैले पनि वास्ता नगरेको यथार्थ भाव कवितामा व्यक्त भएकाले शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'यो जिन्दगी नारीको' शीर्षकबद्ध कवितामा कविले पुरूषप्रधान समाजले नारीलाई कुनै पनि स्थान नदिई खेलौना अर्थात् भोग तृप्त गर्ने साधनको रूपमा लिएका छन् भनने भाव व्यक्त गरेकी छन् । आफूले नारीको जीवन पाएकोमा दिक्क लागेको, नारीविना संसार नचले पनि साधनको रूपमा प्रयोग गर्ने गरेको, नारीलाई पनि जिउने अधिकारी भएको भाव व्यक्त गरेकी छन् । यस संसारमा नारी र पुरूष एक रथका दुई पाङ्ग्रा भए पनि घमण्डी पुरूषहरूले नारीलाई ज्यूदै जलाई आफ्नो इच्छा तृप्त गरेको देखिन्छ । यदी नारीलाई पनि सम्मानको दृष्टिले हेर्ने हो भने जस्तो सुकै कार्य पनि सहजै गर्न सकिने कवि बताउँछिन् । नारीको जिन्दगी माथि पुरूषले गर्ने हेय भावको व्याख्या गरिएकाले कविताको शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक तिन पदीय रहेको छ ।

'महिमा जिरीको' कवितामा कविले दोलखा जिल्लामा अवस्थित पर्यटक स्थल जिरीको महिमा गान गरेकी छन् । जिरीमा बस्दा आफूलाई अत्यन्त रमाईलो लागेको, प्राकृतिमा पाईने काफल, ऐंसेलु, गुराँस घारीले आफूलाई ज्यादै आकर्षित गरेको, मानिसको चोला पाएपछि स्वर्गको सुन्दर टुक्रा जिरीमा जानु पर्दछ भन्ने भाव कवितामा व्यक्त भएको छ । कवितमा कविलाई

जिरीको प्राकृतिक मनमोहकताले लोभ्याएको, हरियाली सुन्दर स्थान जिरीको वर्णन स्वच्छन्द पूर्ण ढङ्गले गरिएकाले शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'ब्रह्मलूट' कवितामा कविले देशमा जतासुकै भ्रष्टाचार बढेको अवस्थाको स्पष्ट रूपले वर्णन गरेकी छन् । कवितामा कांग्रेसलाई दाजुको रूपमा, एमालेलाई भाइको रूपमा प्रस्तुत गरिएको छ । जनताको न्याय दिने अदालत पनि घुसको सिकार बनेका छन् । पञ्चायतकालमा गुपचुप भ्रष्टाचार भए पनि कांग्रेसको समयमा देशैभरी खुलेआम भ्रष्टाचार भैरहेको अवस्था छ । जनताले पञ्चायतकाल आएपछि केही पाइएला भन्ने आशा गरे पनि देशमा झन् झन् बेथिति फैलिएको जनतालाई भोक र त्रासले सताएको आफू अमूक पशु बनी भ्रष्ट शासन हेरिरहेको तर केही गर्न नसकेको भाव कवितामा व्यक्त गरिएको छ । यसमा ठूलाबडाहरूले गरेको घुसखोरीलाई ब्रह्मलुटको प्रतीकात्मक रूपमा लिइएकोले शीर्षक सार्थक छ । संरचनाको हिसाबले कविताको शीर्षक एकपदीय रहेको छ ।

'श्रद्धान्जली पारिजातप्रति' शीर्षकद्ध कवितामा राईले साहित्य संसारकी एक उज्वल तारा पारिजातप्रतिको संस्मरणमा कविताको रचना गरेकी हुन् । पारिजातको मृत्युले साहित्य जगत अँध्यारो भएको, पारिजातले लगाएको गुनको बदला तिर्ने कुनै वस्तु नभएको, उनको नाम र काम दुवै फूल जस्तै जगतमा मगमगाई रहने, साहित्यको रचना गर्दा पनि बहुजनहिताय भन्ने भावना अनुरूप गरेको, बाँचुन्जेल कहिल्यै सुख नपाए पनि मरेपछि सम्पूर्ण मानिसको मुखमा पारिजातको नाम अविष्मरणीय वनेको भाव कवितामा व्यक्त भएको छ । कविताको केन्द्रीय कथ्य पारिजातको मृत्युले आफू अनि साहित्यलाई टुहुरो बनाएको भन्ने श्रद्धान्जलीपूर्ण भाव व्यक्त भएकाले शीर्षक भावअनुकूल सार्थक देखिन्छ । संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय संरचनाामा संरचित छ ।

'प्यारो लाग्छ स्वतन्त्रता' कवितामा कविले खोला नालामा स्वतन्त्र रूपले स्वच्छ पानी बगे जसरी आफूलाई पनि स्वतन्त्र रूपले जीवन व्यतित गर्न मन लाग्ने भाव व्यक्त गरेकी छन् । स्वतन्त्र रूपले बग्ने पानीलाई कसैले पनि बन्देज लगाउन नसक्ने तर मानिसको जीवनमा सधैँ दुःख पीडाको अनुभव गरी रहनुपर्ने कुरामा कवि चिन्तित छन् । आफ्नो मुटुभरी स्वतन्त्र जिउने इच्छा भए पनि बन्धनभित्र बस्नु परेको छ । देश र जनताको भलाई स्वाभिमानपूर्वक गर्न सक्नुपर्छ भन्ने भाव यसमा व्यक्त भएको छ । मानिस स्वतन्त्र भएपछि धन दौलत सहज रूपमा प्राप्त गर्न सक्छ भन्ने अर्थमा कविताको शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले यसको शीर्षक त्रिपदीय रहेको छ ।

'मेरो राष्ट्र र म' कवितामा कविले आफ्नो राष्ट्रप्रति गौरवगान गरेकी छन् । राष्टघातीहरूले देशलाई बेच्दै गएका छन् भन्ने कुरा यस कवितामा व्यक्त गरिएको छ । देशका शोषक सामन्तहरूले देश बेच्दै गएकोले पहिले आफ्नो देशलाई बचाउन सकेमात्र आफ्नो अस्तित्व रहन्छ भन्ने भाव व्यक्त भएको छ । आफ्नो देश संक्रमणकालीन अवस्थामा गुज्रिरहेको, जङ्गली जनावरहरूको निर्मम चिथोराइबाट र मानवरूपी दानवहरूबाट देश नाङ्गिदै गएकोले आफ्नो राष्ट्रको हितको लागि र आफ्नो मुक्तिको लागि लडिरहने प्रतिज्ञा राईले गरेकी छन् । सगरमाथा जस्तै देशलाई चारैतिर चम्काई रहन एकताबद्ध हुनु पर्दछ भन्ने आवह्वान व्यक्त गरिएकाले कविताको शीर्षक अभिधामुलक अर्थमा सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक वाक्यस्तरीय रहेको छ ।

'साथी' कवितामा राईले असल मित्र कस्तो हुन्छ भन्ने कुराको वर्णन गरेकी छन् । यस संसारमा साथीहरू तिन प्रकारका भएको अनुभूति राईले गरेकी छन् । साथीको उदाहरणमा मार्क्स र एंगेल्सलाई कवितामा ल्याएकी छन् । असल साथी ठूलो मन भएका जुन सुकै अवस्थामा पनि साथ दिने हुनु पर्दछ । साथी  दुःखको अवस्थामा मात्र चिनिन्छ । त्यसैले दुःखमा छि–छि गर्ने र सुखमा धाप मार्ने साथी हुनु भन्दा नहुनु वेस रहन्छ भन्ने अर्थमा कविताको सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक एकपदीय रहेको छ ।

'विकास र मेरो देश' शीर्षकबद्ध कवितामा कविले देशको बारेमा चिन्ता व्यक्त गरेकी छन् । आफ्नो देश मरूभूमिकरण बन्न लागेको मातृभूमि धुजा-धुजा भएकाले देशका सम्पूर्ण जनताका परिश्रमी हातहरूको खाँचो परेको छ । आफ्नो देश मरूभूमिकरण बन्न लागेकोले सम्पूर्ण जनता एक जुट भएर परिश्रम गरेमा देशमा हरियाली छाउने अर्थमा शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'घट्टेकुलो' शीर्षकबद्ध कवितामा कविल काठमाडौंमा अवस्थित घट्टेकुलोको चित्रण गरेकी छन् । वर्षाभरी हिलो र हिउँदमा धुलो हुने यस स्थानको बस्ती मिश्रित छ ।  सम्पूर्ण मानिस आफ्नै स्वार्थमा लिप्त छन् । पूर्वमा धोविखोला, पश्चिममा पिपगोश्वार, अनामनगर मैतिदेवीको बिच भागमा अवस्थित, जमानामा ठूलो कुलो बग्ने गरे पनि वर्तमानमा भने ज्यादै प्रदूषित छ । विभिन्न राजनैतिक पाटीृहरूको खिचातानीमा परेको घट्टेकुलो राष्ट्रवादी नेता सत्तामा जान नपाएकोमा ज्यादै चिन्तित भएको छ । कवितामा घट्टेकुलोलाई प्रतीकात्मक अर्थमा लिइएकोले शीर्षक सार्थक छ । संरचनाको हिसाबले कविताको शीर्षक एकपद्वीय रहेको छ ।

'बहुदलमा माले' शीर्षकबद्ध कवितामा बहुदलपछि विकसित मालेको भूमिकालाई कवितामा व्यक्त गरिएको छ । नेपालमा बहुदलको आगमनले जनताहरूका समस्या समाधान हुने आशा रहेको थियो । त्यतिखेर मालेको बोलवाला भए पनि कांग्रेसले देशलाई थर्काउने अवस्थाको सृजना भएकाले माले भनाउँदाहरूले केही कामै नगरेको झुट्टा कुराको प्रचार गरी मार्क्सवाद र लेलिनवादलाई बेची सांसद भएको, महंगी घटाउछु भनी सत्तामा गए पनि रमिता हेरीरहेको, कांग्रेस र कम्यूनिष्ट दुवै मिलि सत्ता बेच्न थालेको, जनताले जुनसुकै सरकार आए पनि केही राहत नपाएको भाव व्यक्त भएको छ । बहुदलीय व्यवस्थामा विकास भएको मालेले जनताको नाममा केही गर्ला भने पनि यसले दोहोरो भूमिका खेली कुनै पनि कार्य नगरेको अर्थमा शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक  द्विपदीय रहेको छ ।

'आदिवासी हामी' कवितामा आदिवासीहरूको बारेमा यथार्थपरक चित्रण गरिएको   छ । आदिवासी जनताहरू बाठा छौं भने पनि लाटा नै रहेका छन् किनभने अरूको इसारामा नाच्द छन्, अरूको साहारा विना एककदम अगाडि बढ्न नसकेकोले आँखा देख्ने अन्धा भएको, सूर्यको पद चिन्हमा भारी रोक्ने भएकाले भरिया र कांग्रेसको चिन्ह रूखमा चढी घाँस काट्नाले करीया, राप्रपाको हलो जोत्नाले हली र हँसिया हथौडा साथमा लिनाले दाउरे भएको; अरूलाई माथि पुऱ्याउने भएकाले भऱ्याङ, अरूको इसारामा नाच्नाले हात्ती र लहलहैमा लागि आपसमा मारपिट गर्नाले बहादुर पनि हौं भनेकी छन् । भूपि शेरचनले भने जसरी हामी वीर तर बुद्वु छौं । बुद्धु तर वीर रहेको भाव राईले कवितामा व्यक्त गरेकी छन् । आदिवासीहरू अरूको भरमा बाँच्न परेको यथार्थको वर्णन कवितामा गरिएकाले भावअनुकूल शीर्षक सार्थक छ । संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'मित्रहरूको लागि' शीर्षकको कवितामा कविले आफ्ना राजनैतिक परम मित्रहरू 'उमा' 'नैना'लाई अझ उन्नतिको कामना व्यक्त गरेकी छन् । आफ्ना साथीहरूले जहिले पनि सहयोग गरी रहेका, उनीहरूको दिल आकाश धर्ती जत्तिकै विशाल भएको, जीवन केही पनि होइन, कमाउ, खाउ, उडाउ र मस्ती गर आखिरमा लानु केही छैन । जीवन भनेको चङ्गाको डोरीमा अल्झिएको धागो जस्तो हो यसलाई चङ्गाजसरी आकाश भरी सयर गराउनु पर्दछ । सुखमा हाइ हाइ गर्नेले दुःखमा साथी दिदैनन् भन्ने भाव राईले कवितामा व्यक्त गरेकी छन् । यसमा साथीहरूको प्रगतिको कामना गरिएकाले कविताको शीर्षक भाव अनुकूल सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'मेरो निद्रा' कवितामा राईले निद्राको बारेमा व्याख्या गरेकी छन् । आफ्नो जाँच दिने घडि जति नजिक हुँदै जान्छ त्यत्ति नै निद्राले च्याप्ने गरेको, नसा सेवन गरेजस्तो आराम हुना साथ निद्रा लागि हाल्ने, आफ्नो शरिरमा कमजोरीपन बढेको, वर्षामा किसान थाकेर आएपछि एक बसाइमा झपक्क निद्रा लागेजसरी आफूलाई पनि निद्रा लाग्ने गरेको, आँखाले दुलही जस्तो लज्जा मानेको, परीक्षाको समय नजिक आएकोले परीक्षा दिउँकि नदिउँ भनी दोधारमा परेको, लगानी नउठे ऋणमा डुब्न सक्ने पीर भएको, मनले बित्यो नसुत् पढ् भने पनि आँखाले हेर्न सम्म नसकेको, निद्रालाई बहादुरको संज्ञा दिएर आफूलाई हरूवा सम्झेको भाव राईले कवितामा व्यक्त गरेकी छन् । परीक्षाको समयमा निद्राले अत्तिनै सताएकोमा दुःख व्यक्त गरिएकाले यथार्थपरक अर्थमा कविताको शीर्षक भावअनुकूल सार्थक छ । संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'प्रोजेक्टको मेरो जागिर' कवितामा जागिर गर्दा धनी-गरिब, उच्च-नीच, सम्पन्न-विपन्न, दलाल, घुसखोरी, नेता, जनता र ठाउँ-ठाउँमा नमस्कार गर्नुपरेको र आफ्नो बचाउको लागि चाकडीसम्म गर्नुपरेको भाव व्यक्त गरेकी छन् । प्रोजेक्टको जागिर गर्दा विभिन्न स्थानमा स्थलगत भ्रमणमा जानुपर्ने, बाटोमा भेटिएका सम्पूर्णलाई नमस्कार गर्नु पर्ने, जागिर नगरे घरबारी बेची आफ्नो पेट पाल्नुपर्ने, प्रमोसन हुने भए चाकरी चाप्लुसी नगरी नहुने यदि चाकडी नगरे जागिर जाने यस्तो दुःखद घडिमा कवि परेकी छन् । चाकडी गर्नु पर्दाको झन्झट र जागिरलाई चाकडीको समान अर्थमा व्यक्त गरिएकाले कविताको शीर्षक भाव अनूकुल सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक त्रिपदीय रहेको छ ।

'विश्व वातावरण दिवस, १९९०' कवितामा कविले १९९० को वातावरण दिवसको नारा "बालक र वातावरण" भएकाले बालक भविष्यका कर्णधार भए जसरी साना वृक्षले पनि भविष्यमा ठूलो काम दिने बताएकी छन् । वातावरण दिवस बालक समक्ष हर्षोल्लासको साथ मनाउनुपर्ने, आजको बालक भोलिका कर्मठ भई नेपाल र नेपालीको संरक्षण गरेजसरी भू-संरक्षण जोगाउन वृक्षारोपण गर्नु पर्ने, स्वच्छ हरियाली वातावरण र पानीका मूहान सफा राख्न वृक्षारोपण गर्नु पर्ने, साना बालकका हातबाट कलिला वृक्षा रोप्नाले बालकसँग रमाउँदै वृक्ष पनि बढ्ने गर्दछन् । यसैले सम्पूर्ण मानिस मिलि वृक्षारोपण गरी प्रकृतिको संरक्षण गरौं भन्ने भाव कवितामा व्यक्त छ । बालक भविष्यका कर्णधार भए जसरी प्रकुतिको पनि सबै मिली संरक्षण गर्नुपर्दछ भन्ने चेतनामूलक सन्देश बोकेकोले कविताको शीर्षक सार्थक रहेको छ । संरचनाको हिशाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'यात्रा मुस्ताङको' कवितामा कविले मुस्ताङको प्राकृतिक भ्रमणको क्रममा हिडेको बखत खोंच बेंसी, त्यहाँको रमणीय दृश्य, बोटै भरीका स्याउको वर्णन गरेकी छन् । यात्राका अनुभवहरू सङगालेर रचना गरिएको यस कवितामा प्रकृतिलाई फूलैफूलले सजिएको देखेपछि आफ्नो बाटोमा

काँडै काँडाले भरिएको अनुभव गरेकी छन् । मुस्ताङको प्राकृतिक चित्रण गर्दा धौलागिरिको मनमोहक दृश्य, स्वच्छ हावा, बाटैभरी थरी थरीका लटरम्म स्याउको साथै नदीनालाका स्थलगत भ्रमणको कुरा गर्न बिर्सेकी छैनन् । मुस्ताङ देखेपछि काठमाडौँमा बस्न झर्को लागेको, श्वास फेर्न गाऱ्हो भएको अवस्थाको चित्रण कवितामा राईले गरेकी छन् । मुस्ताङ यात्राको वर्णन सुन्दर ढङ्गमा गरेकोले कविताको शीर्षक यथार्थपरक अर्थमा सार्थक छ । संरचनाको हिसाबले कविता शीर्षक द्विपदीय रहेको छ ।

'तिम्रै यादमा' शीर्षकको कवितामा कविले आफ्नी आमा जस्तो ममतामयी मानिस संसारमा कोही नभएको आमालाई भेट्ने आशा गर्दै जाँदा दिनरात आशै आसामा वित्ने गरेको भाव व्यक्त गरेकी छन् । आमालाई भेट्ने भन्दा भन्दै आमाको मृत्यु भएको, आमाको न्यानो मायामा तड्पि रहेको, दिन वित्दै जाँदा आमाले बोलाएको आभास भएको, आमाले छिट्टै छोडेर गएकोमा मुटुमा ज्वाला दन्कि रहेको, प्रत्येक पल-पलको यादमा आमालाई नै देख्ने गरेको भाव कवितामा व्यक्त गरिएको छ । कविता आमाको सम्झनामा बिताएका क्षणहरूको वर्णन गरी लेखिएकोले शीर्षक सार्थक छ । संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

## ५.३.२ कथ्यविषय : भाव विधान

कविले आफूले देखे भोगेका जीवन जगतका विषयहरू टिपी त्यसकै सेरोफेरोमा कविता सिर्जना गर्दछ । राईले पनि समाजमा देखा परेका विविध विषयवस्तुलाइ कविताको विषयवस्तु वनएकी छन् ।

शान्तिकुमारी राईका कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूको प्रवृत्तिगत विशेषताहरू बिच समतुल्यता रहेको छ । शोकमूलक कृतिको रचना, पीडाजन्य भावना, दुःखद परिस्थिति पाकृतिको चित्रण, अन्याय र अत्याचारको विरोध प्रेमपूर्ण भावना आदि भाव र विचारसँग कविता सम्बन्धित छन् । यस प्रकारको वियोगान्त कविता 'आमाको सम्झना' शीर्षक भित्रको एउटा श्लोक यस्तो छ :

हे मेरी आमा, मलाई किन गयौ नी छोडेर ?
कति दिन बाँच्नु सम्झदै तिमीलाई सधैँ नै रोएर ।
के उल्का भयो हे मेरी आमा, गयौ नी छोडेर
सारा हामी सन्ततीलाई टुहुरै पारेर ।

(आमाको सम्झना . पृ, १)

उपयुक्त श्लोकमा कविले आफ्नी आमाको मृत्युले मर्माहत बनेको अवस्थाको चित्रण गरेकी छन् । आमाले आफूलाई छोडेर गए पनि सम्झनामा दिनरात रोएर बित्ने गरेको । आमाको मृत्युले जीवनमा उल्का भए झैं भएको, सारा सन्तती टुहुरा भएको शोकमूलक अभिव्यक्ति कवितामा भएको छ । आमा जस्तो यस संसारमा निःस्वार्थ माया दिने मानिस नभएकाले आफ्नो जीवन अत्यन्तै निराशा भएको छ । यसै गरी कविले आमा प्रतिको गहिरो प्रेम र अनुभूतिलाई कवितामा यसरी उतार्ने प्रयत्न गरेकी छन् :

आमा तिमीलाई अब मैले फेरी कहाँ पाउँ ?
न्यानो तिम्रो माया पाउन म अब कहाँ जाउँ ?

आमा जस्तो प्यारो कुरा हुन्न केही अरू
तिम्रो माया मार्न सक्तिन, ज्यानै जावस बरू ।

(आमाको सम्झना .पृ, २)

यस कवितामा जन्म दिने आमाजस्तो अरू कोही नभएको, आमाको माया आफ्नो ज्यान गए पनि भुल्न नसकेको, आमाको माया पाउन तड्पिरहेको भन्ने कुरा व्यक्त गरिएको छ । भनिन्छ जन्म दिने आमा स्वर्ग भन्दा पनि प्यारो हुन्छ । सन्तान जति सुकै ठूला हुँदै गए पनि आमाको नजरमा कहिले पनि ठूला हुँदैनन् । यस संसारमा आमा जस्तो कुनै पनि चिज हुँदैन त्यसैले आमालाई देवीकै रूपमा मानिएको हो ।

प्राकृतिक हराभराले सुसज्जित वनपाखा, डाँडाकाँडा, खेतका फाँट, वर्षायामको गहना कुइरो, स्याउका लटरम्म फलेका राता सेता दाना, पहाडबाट झरेको निर्मल झरना चिसो हावाको स्मृति कविता मार्फत् राईले यसरी व्यक्त गरेकी छन् :

पारीपट्टी निलगिरी वारी धौलागिरी,
सबैभरी बतास चल्छ यहाँ सिरी-सिरी ।
जहाँ हेऱ्यो लटरम्मै मुस्ताङभरी स्याउ,
रातो, हरीयो, थरी-थरी छानी छानी खाऊ ।

(यात्रा मुस्ताङको : ३३)

कविले मुस्ताङको प्राकृतिक सुन्दरताको व्याख्या गरेकी छन् । पारी नीलगिरी र वारी धौलागिरीको बिचभागमा मुस्ताङ अवस्थित भएको, सधैँभरी चिसो बतास चल्ने, जहाँ हेऱ्यो लटरम्म स्याउको दृष्य देख्दा कविको मन रमाएको छ । विभिन्न स्थानको भ्रमण गर्ने क्रममा अरू स्थान भन्दा मुस्ताङले उनको मन ज्यादै लोभ्याएको छ । स्वच्छन्द भाव प्रवाहमा रचना गरिएको यस कवितामा मुस्ताङ जिल्लाको पर्यटकीय स्थलको राम्रो सँग वर्णन गरिएको छ ।

यस्तै काठमाडौंबाट नजिक पर्ने जिरीको प्राकृतिक चित्रण यस्तो रहेको छ :

काफल, चुत्रो ऐंसेलुले भरिएको वन
जस्तै कठोर दिलमा पनि चन्चल हुन्छ मन ।
जङ्गलभरी गाउँछे चरी चुत्रो गुराँस घारी
हरीयाली चारैतिर मकै आलु वारी ।
कल-कल गरी बग्ने रहेछ साना-साना खोला
प्रकृतिले शायद आँशु बगाएको होला ?

(महिमा-जिरीको : १२)

माथिको कवितांशमा प्रकृतिको वर्णन गरेर नथाक्ने राईले दोलखा जिरीका बारेमा अति रोमाञ्टिक चित्रण गरेकी छन् । वनैभरी पाइने काफल, ऐंसेलु र चुत्रो फलेको दृष्य देखेपछि जसको मन पनि पग्लन्छ । कल कलको आवाज निकाल्दै बग्ने साना-साना खोला देख्दा प्रकृतिले आँशु बगाएको हो कि ? भन्ने कविलाई भएको छ ।

आफू जन्मेको घरदेखि नै अपहेलित बनेकी नारी कहीं गए पनि माया ममता नपाउने गरेको जहिले पनि दुःख मात्र भोग्नु परेको, नारीलाई तृप्तिको साधन ठाने पनि नारी विना संसार अधुरो हुन्छ भन्ने अभिव्यक्ति यस्तो रहेको छ :

रोई- रोई जिउँछ जीवन अपहेलित जीवन
नारी जीवन देख्दाखेरी दिक्क लाग्छ जीवन ।
खेलौनाको मात्र साधन होइन नारी फगत
दुई पाङ्ग्रामा एक पाङ्ग्रा होनी नारी जगत ।
दुवै मिले सुगन्धित समाजै सृजिन्छ
मनै मिले चित्त मिले दुःखलाई जितिन्छ ।
(यो जिन्दगी नारीको : १०)

उपर्युक्त पङ्तिहरूमा पुरूष प्रधान समाजले नारी माथि खेलवाड र नारीलाई महफ्वहिन ठान्ने गरेको, नारीलाई खेलौनाको रूपमा प्रयोग गर्ने गरेको, रथका दुई पाङ्ग्रामा एक नारी, अर्को पुरूष भएकाले दुवै नमिले कुनै काम गर्न नसकिने भएकाले दुवै मिली अगाडि बढेमा संसारभरी सुगन्ध छर्नुको साथै दुःख पनि भुलिन्छ भन्ने यथार्थपरक अभिव्यक्ति यसमा व्यक्त भएको छ ।

यसरी **आमाको सम्झना** सङ्ग्रह भित्र शोकमूलक भावनामा रचिएका कविताहरू 'आमाको सम्झना', 'कालको चाल', 'लानू के छ र मरेर?', 'अनन्त माया', 'मतलवी जमाना', 'श्रद्धाञ्जली पारिजात प्रति', 'तिम्रो यादमा' हुन् । प्राकृतिको सुन्दर चित्रण गरी रचिएका कविताहरू 'महिमा जिरीको', 'घट्टेकुलो', 'विश्व वातावरण दिवस,१९९०', 'यात्रा मुस्ताङको' हुन् । यस्तै राजनीतिक विसङ्गतिको चित्रण, ग्रामीण सामाजिक वस्तुस्थितिको चित्रण मात्र नगरी सामाजिक सुधारको अभिव्यक्ति पनि राईले कवितामा प्रस्तुत गरेकी छन् ।

### ५.३.३ संरचना : बनोट

संरचना भन्नाले त्यसको बनोट अथवा आकार भन्ने बुझिन्छ । सिङ्गो सङ्ग्रह देखि लिएर रचनाहरूको बनोट नै संरचना हो । यस कविता सङ्ग्रहको संरचना भन्नाले यसमा सङ्ग्रहित कविताहरूबाट निर्मित सिङ्गो कविता सङ्ग्रहको आकार बुझिन्छ ।

समग्र कविता सङ्ग्रहको कुरा गर्दा **आमाको सम्झना**। बाहिरी जिल्ला समेत गरी ४१ पृष्ठमा संरचित छ । कविताका सबै रूप एकै नभएर लामा छोटा गरी २४ वटा कविता ३४ पृष्ठमा समाविष्ट छन् । कविताको संरचना तर्फ विचार गर्दा तिनको बाह्य संरचना र आन्तरिक संरचनालाई केलाउनुपर्ने हुन्छ । यस सङ्ग्रहमा सङ्कलित कविताहरूको बाह्य संरचनाको अवलोकन गर्दा यिनीहरूको आकार फरक फरक किसिमको देख्न सकिन्छ । सबै भन्दा सानो आकारमा 'प्यारो लाग्छ स्वतन्त्रता'मा १२ पङ्ति देखि लिएर सबैभन्दा ठूलो आकारमा ६० पङ्ति सम्म भएको 'मेरो निद्रा' कविता रहेको छ । पृष्ठको ओगटाईमा कम्तिमा दुई र बढीमा ४ पृष्ठ सम्मका कविताहरू छन् ।

कविताका आन्तरिक संरचना भाव, लय र विषयका सूत्रको समायोजन मानिन्छ । कविता अनुभूति आवेग, समवेदना र कल्पनाको समन्वयले बढी मार्मिक बन्दछ । भावका टुक्राहरू जोड्ने भित्री विषय सूत्र भएन भने त्यसले कविताको मूल्य पाउँदैन । राईका कवितामा भावना र विचाहरूको अभिव्यक्ति वैयक्तिक र विषयगत रूपमा संरचित गरिने प्रगीतात्मक किसिमको संरचना प्रयुक्त रहेको छ । यस सङ्ग्रहभित्रका कविताले पाठकहरूलाई एकल वा एकीकृत रूपमा

प्रभाव पार्ने खालका छन् । 'आमाको सम्झना' कवितामा काल्पनिकता र वैयक्तिक संवेग ओतप्रोत भएर आएका छन् । पद्यवाहेक गद्य कवितामा पनि लय, गण, मात्रा, पद, पदावली मिलाएर लेखिएको छ ।

**आमाको सम्झना** कविता सङ्ग्रह भित्र राईले झ्याउरे छन्दको प्रयोग गरेका कविताहरूमा २ पङ्तीको १ श्लोक बनाएकी छन् भने केही गद्य कविताहरूको पनि रचना गरेकी छन् । 'आमाको सम्झना' भित्रमा कविताहरूमा 'आमाको सम्झना' १२ श्लोक, 'अनन्त माया' १२ श्लोक, 'जागिर खोज्ने धुनमा' २० श्लोक, 'मतलवी जमाना' ११ श्लोक, 'बलेको आगो ताप्छन् सब' १४ श्लोक, 'यो जिन्दगी नारीको' १४ श्लोक, 'महिमा जिरीको' १६ श्लोक, 'ब्रहमलुट' १२ श्लोक, 'श्रद्धान्जली पारिजात प्रति' १० श्लोक, 'प्यारो लाग्छ-स्वतन्त्रता' ६ श्लोक, 'विकास र मेरो देश' १० श्लोक, 'घट्टेकुलो' ६ अनुच्छेद, 'बहुदलमा माले' १४ श्लोक, 'आदिवासी हामी' ७ अनुच्छेद, 'मित्रहरूको लागि' १२ श्लोक, 'मेरो निद्रा' ३० श्लोक, 'प्रोजक्टको मेरो जागिर' १६ श्लोक, 'विश्व वातावरण दिवश, १९९०' १२ श्लोक, 'यात्रा-मुस्ताङको' ९ श्लोक र 'तिम्रै यादमा' ८ श्लोक रहेका छन् ।

यसरी राईका लघु आयामका कविताहरूमा लेख्य चिन्हहरूको प्रयोग भएको पाइन्छ । जस्तो : अल्पविराम (,) प्रश्नवाचक (?) योजक (-) र उद्धरण चिन्ह (') ।

## ५.३.४ लय विधान

कविता अनुभूतिको साङ्गीतिक प्रस्तुति भएकाले त्यसमा गेयात्मकता हुन्छ । कविताको मुल आत्मा नै छन्द भाका र लय हो । कवितामा विशेष गरी शास्त्रीय छन्द, मात्रा छन्द, मुक्त वा गद्य छन्दको प्रगोग हुने गर्दछ । कवितालाई शब्द वर्ण, ध्वनी आवृत्ति पाऊ-पङ्ती आदिले गेयात्मकता प्रदान गर्दछ । साङ्गीतिकता नै कविताको मूल विशेषता हो ।

राईका कवितामा विशेष गरी गीति लयको प्रयोग गरिएको छ । तर कतै कतै गद्य लय अर्थात् मुक्त छन्दको पनि प्रयोग भेटिन्छ । **आमाको सम्झना** भित्र प्रयुक्त गद्य लयका कविताहरू 'मेरो राष्ट र म', 'घट्टेकुलो', 'आदिवासी हामी', 'मेरो निद्रा' छन् भने बाँकी कवितामा गीति लयको प्रयोग गरिएको छ । 'मेरो राष्ट र म' कवितामा प्रयुक्त गद्य लयको नमूना यस प्रकार रहेको छ :

मेरो राष्ट
अहिले गुज्रिरहेको छ ।
संक्रमणकालीन अवस्थाबाट
मेरो राष्ट
मुक्त, हुनै लागेको छ,
राष्टघाती हत्याराहरूको पञ्जाबाट ।
मेरो राष्ट-
शिथिल छ
जङ्गली जनावरहरूको
निर्मम चिथराईबाट ।
मेरो राष्ट
(मेरो राष्ट र म : १७)

मुक्त छन्दको प्रयोग गरिएको यस कवितामा कविले आफ्नो राष्ट सङ्क्रमण अवस्थाबाट गुज्रिरहेको, जङ्गली जनावरहरूको निर्मम चिथराईबाट शिथिल भएको मानवरूपी दानवले कोपरी रहेको र राष्टघाती हत्याराको पञ्जाबाट मुक्त हुन लागेको अवस्थाको व्याख्या गरिएको छ ।

गद्य लयको अतिरिक्त राईका कवितामा गीति लयको प्रयोग छ । गीतिलय भित्र पनि झ्याउरे छन्दको प्रयुक्त कविता यस्तो रहेको छ :

मुटुभरी कोरिएको स्वाभिमानी चित्र,
चाहान्न म रहन र वस्न वन्धन भित्र ।
संसार के-हो ? बुझिन्छ है दुःख पाए पछि,
सच्चा जीवन चिनिदैन सुख सयलमा बसी ।
(प्यारो लाग्छ स्वतन्त्रता : १६)

यस कवितामा खोलाको स्वच्छ पानी जस्तो जीवन मन पराउने कविले बन्धन भित्र बस्न चाहेकी छैनन् । दुःख नपरी जीवनमा सच्चा सुख चिनिदैन भन्ने भाव कवितामा आएको छ । माथिका पङ्तिमा पानी-जिन्दगानी, चित्र-भित्र, पछि-बसी जस्ता अन्त्यानुप्रास युक्त शब्दले कविता लयात्मक बनेको छ ।

राईका कवितामा देख्न पाइने विशेषता भित्र शब्द अनुप्रास योजना पनि एक हो । 'प्रोजेक्टको मेरो जागिर' भन्ने कवितामा देखिएको शब्द अनुप्रास यस्तो छ :

गाउँलेलाई नमस्कार ! पालेलाई नमस्कार !
दाजुलाई नमस्कार ! झुम्रेलाई नमस्कार !
सम्पन्नलाई नमस्कार ! विपन्नलाई नमस्कार !
साक्षरलाई नमस्कार ! निरक्षरलाई नमस्कार !
नमस्कार लाई नमस्कार ! सबैलाई नमस्कार !
यस्तै छ जागिर मेरो, जीवनलाई धिक्कार !
(प्रोजेक्टको मेरो जागिर : ३१)

यस कवितामा नमस्कार ! शब्दको बारम्बार पुनरावृति भएको छ । नमस्कार ! शब्द मध्य र अन्त्यमा दोहोरिएको छ, यस नमस्कार शब्दको दोहोऱ्याइले तुकबन्दी युक्त लय उत्पन्न भएको छ ।

यसरी राईको 'आमाको सम्झना' कविता सङ्ग्रहभित्रका जम्मा २४ वटा कवितामा बद्धलय र मुक्त लय गरी दुई लयको प्रयोग भएको छ । अन्त्यानुप्रासको उचित प्रयोगले कविताहरू लयात्मक र गेयात्मक हुन पुगेका छन् । कवितामा क्लिष्ट शब्दको प्रयोग भन्दा पनि सरल, सहज र जनरूचि अनुरूपका शब्दहरूको विशेष प्रयोग गरिएको छ ।

### ५.३.५ विम्ब विधान

**आमाको सम्झना** कविता सङ्ग्रहमा राईले जनजीवनबाट विम्ब लिएर यथार्थको प्रतिविम्बन गर्नु उनको कलागत विशेषता हो । यस सङ्ग्रहमा पनि विम्बको प्रयोग भएको पाइन्छ । विम्बको उचित प्रयोगले कविका अन्तर हृदयका भावनाहरूलाई प्रष्टीकरण गर्न सहयोग मिल्दछ । विम्ब अनुभुतिसँग समान धर्म भएको उस्तै दृश्य वा चित्र हो, जस्तो कोमलताको विम्ब

फूल, क्रान्तिको विम्ब आगो, दृढको विम्ब पहाड आदि । विशिष्ट भाव सम्प्रेषण गर्नको लागि विभिन्न विम्बविधानको साहारा लिनु कवि राईको विशेषता हो । समाजमा देखा परेका विकृति, विसङ्गति, हत्या हिंसाको विरोध, शान्तिको चयन गरेर स्वच्छ र न्यायपूर्ण समाजको सिर्जना गर्ने आशा बोकेकी राईका कवितामा पनि विम्बको प्रयोग सशक्त रूपमा नभए पनि छिटफुट रूपमा भएको देखिन्छ । 'आमाको सम्झना' सङ्ग्रहमा सङ्गठित शीर्षकवद्ध कविताहरू 'ब्रहमलुट', 'श्रद्धाञ्जली पारिजातप्रति', 'मेरो राष्ट र म', 'घट्टकुलो', 'आदिवासी हामी', 'यो जिन्दगी नारीको' हुन् । 'मेरो राष्ट र म' शीर्षकको कवितामा प्रयुक्त विम्बको नमूना यस्तो छ :

मेरो राष्ट -
शिथिल छ
जङ्गली जनावारहरूको
निर्मम चिराईबाट
मेरो राष्ट -
थकित छ
मानवरूपी दानवहरूको
कोपराइ र नङ्गाइबाट
म -
एक सन्तान हुँ भने राष्ट मेरी माता
"मेरो राष्ट र म" भन्ने वाक्यले
जोडेको छ हाम्रो बलियो नाता ।

(यो जिन्दगी नारीको : १०)

उपयुक्त कवितामा जङ्गली जनावार र मानवरूपी दानव जस्ता शब्दले राष्टघात गर्ने नेताहरूको विम्बलाई प्रस्तुत गरेको छ । मेरो राष्ट भन्ने शब्दले नेपाल भूमिलाई जनाएको छ जुन आमाको विम्ब बनेर उभिएको छ ।

यसै गरी घट्टेकुलो शीर्षकको कवितामा प्रयुक्त विम्ब यस्तो छ :

वर्षभरी हिलो,
हिउँदभरी धुलो
काठमाडौं घट्टेकुलो ।
काले-माले र रातो-भाले
जान्छन् सत्तामा पालै पालो
आएन तेरो दिन एक घट्टेकुलो ।

(घट्टेकुलो : २७)

यस कवितामा **काले** शब्दको कांग्रेस, **माले** शब्दले मार्क्सवाद लेलिनबाद र **रातो भाले** शब्दले राप्रपालाई विम्बात्मक रूपले प्रस्तुत गरिएको छ । यस्तै **घट्टेकुलो** शब्दले जनताको निःस्वार्थ सेवा गर्ने पाटी भन्ने बताएको छ, जुन सत्तामा जानै पाएको छैन । यसरी कवि राईका कवितामा विम्बको सशक्त रूपमा प्रयोग नभए पनि छिटफुट रूपमा प्रयोग भएको छ ।

### ५.३.६ प्रतीक योजना

विशिष्ट भाव सम्प्रेषणको लागि विशिष्ट भावको प्रयोग गर्नु कविको कौशलता हो । कुनै खास समुदायमा दृश्य वा शाब्दिक रूपमा कुनै वस्तुको प्रतिनधित्व गर्ने चिन्हलाई प्रतीक मानिन्छ । कुनै पनि सर्जकले आफ्ना रचनामा स्वभाविक ढङ्गले प्रतीकको प्रयोग गरी कविता वा रचनालाई मूर्त रूप दिएका हुन्छन् । समाजमा रहेका विभिन्न सत् वा असत् पक्षहरूलाई संरक्षण वा उन्मुलन गरेर व्यवस्थित समाजको सृजना गर्ने अभिलासा बोकेकी राईको **आमाको सम्झना** सङ्ग्रहभित्रका कवितामा विम्बको साथै प्रतीकको पनि प्रयोग भएको देखिन्छ । प्रतीकको प्रयोगले कवितालाई अर्थयुक्त र जीवन्त बनाएको हुन्छ ।

समान गुणका आधारमा दृश्य वा अदृश्य कुनै पनि वस्तुको कल्पना गरी प्रतिविम्बका रूपमा राखिएको वस्तु वा चिन्हलाई प्रतीक भनिन्छ । (त्रिपाठी र अन्य : ८७३)

कवि राईको 'आमाको सम्झना' कविता सङ्ग्रहमा सङ्कलित कविता मध्ये 'यो जिन्दगी नारीको', 'ब्रहमलुट', 'श्रद्वाञ्जली पारिजात प्रति', 'आदिवासी हामी', 'घट्टेकुलो', 'मेरो राष्ट र म' जस्ता कविताहरूमा प्रतीकको व्यवस्था गरेकी छन् । प्रतीकको प्रयोग भएको 'आदिवासी हामी' कविता यस्तो छ :

हामी भरिया हौँ
त्यसकारण सूर्यको चिन्हमा भारी बोक्छौ ।
हामी करिया पनि हौँ
त्यसकारण काङ्ग्रेसको रूखमा चढि घाँस काट्छौ ।
हामी शायद हली हौं
त्यसकारण राप्रपाको हलो जोत्छौ
हामी दाउरे पनि हौं
त्यसकारण हँसिया हथौडा साथमा लिन्छौ ।
हामी शायद भऱ्याङ पनि हौं
त्यसैले हामी अरूलाई चढाउँछौ ।
भऱ्याङ त्यसकारण हौं
किनकी हामी अरूलाई माथि पुऱ्याउँछौ ।

(आदिवासी हामी : २४)

यहाँ, सम्पूर्ण जनताको प्रतिनधिको रूपमा भरिया, करिया, हली, दाउरे र भऱ्याङलाई लिइएको छ । किन भने यी सम्पूर्ण जनताको प्रीतिनधिबाट चुनिएर जाने नेताहरूका चुनावी चिन्ह हुन् । एमालेको-सुर्य, काङ्ग्रेसको-रूख, राप्रपाको हलो, माओवादीको हँसिया-हथौडा हो । यी सम्पूर्ण चिन्हहरू चुनावमा लड्ने पार्टीहरूका प्रतीक चिन्हको रूपमा आएका छन् । जुन सादृश्य रूपमा प्रयोग भएको देखिन्छ ।

यसै गरी कवितासङ्ग्रह भित्रको 'श्रदाञ्जली पारिजातप्रति' कवितामा प्रतीकको प्रयोग यस्तो छ :

अँध्यारो भयो, टुहुरो भयो साहित्य जगत,

छाडेर गयौ बिर्सी नसक्नु सम्झना फगत ।
नाम पनि फूलकै काम पनि फूलकै, जस्तो नै गरेर
सुगन्धित बासना संसारमा आखिर गयौ नि छरेर ।
('श्रदाञ्जली पारिजातप्रति' : )

यस कवितामा फूलको प्रतीकको रूपमा पारिजातलाई लिइएको छ । साहित्यलाई छोड्नु भनेको मृत्युवरण गर्नु भन्ने अर्थमा प्रतीकात्मक रहेको छ । राईका कविता सरल, सहज भएकाले प्रभावकारी प्रतीकको प्रयोग नभएपनि केही मात्रामा भएकै देखिन्छ ।

## ५.३.७ भाषाशैली

कवितामा बाह्य पक्षसँग सम्बन्धित भएर भाषाशैली आएको हुन्छ । भाषाशैलीबाट साहित्यका  गद्य पद्य दुबै विधामा रचनाकारको साहित्यिक कलाको परचिय दिन्छ । भाषाशैलीले रचनालाई सरल, सहज बनाउन सक्छ ।

भाव, विचार अभिव्यक्तिको माध्यम भाषा हो भने अभिव्यक्ति दिने पद्धति चाहिं शैली हो । भाषाशैलीले रचनालाई सरल-जटिल, क्लिष्ट र सुबोध्य बनाउन सक्छ । कोमलकान्त पदावलीको प्रयोगबाट विषयवस्तु र भावबिच समन्यय ल्याई रचनालाई रोचक बनाउन भाषाशैलीको विशेष भूमिका रहन्छ । (त्रिपाठी र अन्य : ८७८)

शान्तिकुमारी राईको 'आमाको सम्झना' कविता सङ्ग्रहमा दुर्बोध्य, कठिन शब्दहरूको प्रयोग नभई सरल, सहज सुबोध्य र स्पष्ट शब्दहरूको प्रयोग गरिएको छ । सरल सहज भाषाको प्रयोग गर्नु राईको विशेषता हो । उनका कविता सङ्ग्रहमा सहजै बोधगम्य हुनेगरी साधारण बोलीचालीको भाषाका साथै झर्रा नेपाली शब्दको समेत प्रयोग गरिएको देखिन्छ । उनका कवितामा तत्सम, तद्भव, आगन्तुक शब्दका साथै वर्णनात्मक प्रश्नात्मक, आलङ्कारिक भाषाको प्रयोग र स्पष्ट अभिव्यक्तिका कारण भाषा प्रभावकारी बनेको छ । प्रगीतात्मक संरचनामा संरचित कविताको भाषाशैली लयात्मक र सौन्दर्यात्मक रहेको छ ।

द्वितीय चरणको यस कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा प्रयुक्त तत्सम शब्दहरू भगवान, हत्या, संकट, शिशिर, भवन, काल, दर्शक, संसार, निर्दोष, दृश्य, हृदय, शून्य, धर्ती, सूर्य, किरण, अन्न, शोक, पवित्र, जन्मस्थल, शान्ति, धर्म, संस्कृति, ध्वनी, दम्पती, प्राण, दृष्टी, दासी, वर्षा, दासी, जन्मदाता, सखी, वेदना, पुत्र, नेत्र, चित्र, पापी, ऋण, ईश्वर, नाम, चोर, कवि, वन, निष्ठुरी, क्षमा, मृत्यु आदि हुन् । त्यसै गरी उनका कविताहरूमा प्रयुक्त तदभ्व शब्दहरू- मानिस, आँशु, सपना, भाइ, बहिनी, आमा, पौरख, हात, घर, छोरा, छोरी, नारी, गोठालो, बिहान, रगत, नयाँ, फूल, आँगन, सन्तान, ओराली आदि । तत्सम र तद्भव शब्द बाहेक अन्य भाषाबाट आएका आगन्तुक शब्दहरू पनि कवि राईका कवितामा प्रशस्त मात्रामा प्रयोग भएका छन् ।

कवि राईको प्रगीतात्मक संरचनामा संरचित रहेको यस कविता सङ्ग्रहमा वर्णनात्मक, प्रश्नात्मक दुवै शैली अपनाइएको छ । यस कविता सङ्ग्रहमा प्रश्नात्मक शैलीको तुलनामा वर्णनात्मक शैलीको कविताहरूका आधिक्यता रहेको छ । यस सङ्ग्रह भित्रको प्रश्नात्मक शैलीको एउटा नमूना यस्तो रहेको छ :

बुझ्नै सकिन कालको खेल
बाढी होकी वर्षे भेल ?
कसले सक्छ काललाई टार्न ?

जानेको छ यसले मात्र टार्न

बुझ्नै सकिन कालको चाल

बाढी हो या वर्षे भेल ??

(कालको चाल-२)

शब्द चयनमा मौलिकता दिने कवि राईका अभिव्यक्ति शैलीमा निजत्व भेटिन्छ । कविले प्रथम चरणका कवितामा भन्दा यस चरणका कवितालाई अझ खारेकी छन् । लेख्य चिन्हको अत्याधिक प्रयोगले कवितालाई अझ खारिलो बनाएको छ । राईका वर्णनात्मक शैलीको कविता पनि त्यक्तिकै प्रभावकारी रहेको छ । देशमा पञ्चायती शासनको अन्त्य भएपछि पनि नेताहरूको ब्रहमलुटको अवस्थाको वर्णन यस्तो छ :

जतासुकै भ्रष्टचार, के हो यस्तो अत्याचार ?

अड्डा होस वा अदालत खुल्लम खुल्ला भ्रष्टचार ।

आँखा, कान बन्द गरी ढुक्कबस्छ यो सरकार

घुसखोरहरू मच्चिन्छन् गर्नाको निमित्त भ्रष्टचार ।

निर्धा जनता घुसखोरीको बनिरहेछन् शिकार

भ्रष्टचार रोक्न असमर्थ छ काँग्रेस सरकार ।

(ब्रहमलुट : १४ )

यस श्लोकमा पञ्चायतकालको अन्त्य पछि भएको खुलेआम भ्रष्टाचारी प्रवृत्तिको वर्णन गरिएको छ । दिन दाहाडै अड्डा अदालतमा हुने भ्रष्टचारको सरकारले विरोध नगरी आँखा, कान बन्द गरी ढुक्कले बसेको छ । निर्धा जनता घूसखोरीको शिकार बने पनि सत्तामा गएको कांग्रेसले केही नगरेको भन्ने गुनासो कवितामा व्यक्त भएको छ ।

यसरी **आमाको सम्झना** कविता सङ्ग्रहमा राईको भाषा, शिल्पविधान, सजिव, जीवन्त र आर्कषक बनेको छ । आवश्यकता अनुसार पूर्णविराम, अल्पविराम, उद्गार चिन्ह, प्रश्नवाचक चिन्ह, योजक चिन्हको समेत कुशलतापूर्वक प्रयोग गरिएको छ । शान्तिकुमारी राइले यो सङ्ग्रह आमाको मृत्युको वियोगमा परी रचना गरेकी हुन् । यस सङ्ग्रहभित्रका धेरैजसो कविता वियोगान्त छन् भने छिटफुट मात्रामा स्वच्छन्दतावादी भावधारामा आवद्ध भएर प्रकृतिको चित्रण, ग्रामीण जनजीवनको चित्रण गरेको देखिन्छ । कविले सर्वसाधारणको लागि मुक्तिको विषयमा पनि कलम चलाएकी छन् । नारी उत्पीडनको चित्रण गर्दै महिलामुक्तिको स्वर घन्काएकी छन् । पञ्चायतकालपछि देशमा विद्यमान घुसखोरी, चाकडी, चाप्लुसी जस्ता अमानवीय क्रियाकलापको भण्डाफोर राईले गरेकी छन् । कविले राष्ट्रियताको गुञ्जन अनि स्वतन्त्रताको प्रतिको अभिव्यक्ति स्पष्ट पारेकी छन् । सरल, सहज भाषशैली, संरचना शिल्पको कारणले कवितामा सहज अभिव्यक्ति देखिन्छ ।

## ५.३.२ 'चेतना' (२०६४) कविता सङ्ग्रहको अध्ययन

साहित्यकार शान्तिकुमारी राईको साहित्य यात्राको दोस्रो चरणको दोस्रो कृति **चेतना** हो । यो कविता २०३० मा रचित 'एकगीत' वेदना पत्रिकामा प्रकाशित पहिलो सिर्जना हो । यसपछि

उनी साहित्य सृजनातर्फ निरन्तर लागेकी हुन् । यो कविता सङ्ग्रह २०३० सालयता सिर्जित रचनाहरूको सङ्ग्रह हो । यस सङ्ग्रहभित्र सङ्ग्रहित कविताहरू धेरैजसो फुटकर रूपमा विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशन भइ सकेका छन् । यिनै पत्रपत्रिकामा प्रकाशित रचनाहरूको पुस्तकार रूप चेतना कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा ४३ वटा कविताहरू सङ्कलन गरिएका छन् । ती हुन् :

'आधा धर्ति', 'समान हक', 'आगमन बहुदलको', 'शान्ति खोई ?', 'मेरो देशको हालत', 'नेता र सत्ता', '...र त बौलाहाताल छ', 'मेरो देशमा के छैन', 'चेतना','राष्ट्रियता', 'यही हो मेरो देश', 'गरिबको अनेक रूप', 'निर्दयी संसार', 'यन्त्र हो दुःख', 'चर्तिकला कथित कम्युनिष्टको', 'प्रगति खुब गरियो', 'आमा', 'आमा हुँदा', 'मेरो फाइटे', 'जीवनका घुम्तीहरू', 'हार्दिक श्रद्धाञ्जली', 'काठमाण्डु भ्याली', 'परीक्षाहलमा बस्दा', 'सन्तानप्रतिको माया', 'प्लेनमा यात्रा गर्दा', 'देशले जाँगर माग्छ', 'उदयपूरे चाम्लिङहरू', 'आफैलाई हेर्दा', 'वेदना नारीको', 'धर्म माध्यम शोषणको', 'खेलवाड जिन्दगीको', 'भनेर मात्र क्यै हुन्न', 'के गरौ ?', 'आव्हान', 'होशियार', 'विदेशिएका नेपाली लाहुरे', 'वेकामे जीन्दगी', 'कोइलीको आवाज', 'गौरवशाली नेपाली', 'दोस्रो जनआन्दोलन', 'के अचम्म ?', 'मेरो मनको प्रश्न' र 'एक गीत' । माथि उल्लिखित कविताका शीर्षकहरूलाई कविता तत्वको आधारमा यसरी अध्ययन तथा विश्लेषण गर्न सकिन्छ ।

## ५.३.२.१ शीर्षक चयन

'आधा धर्ति' शीर्षकबद्ध पहिलो कविता हो । यसमा कविले नारीलाई आधा आकाश धर्तिको रूपमा लिएकी छन् । धर्तिलाई हराभरा र उर्वर बनाउने काम सम्पूर्ण नारीले नै गर्दछन् । नारी सृष्टिकर्ता हो, दुर्गा र सरस्वती जस्ता देवीहरू पनि नारी नै हुन् । नारी माता हुन् यिनले नै बुद्ध, तेन्जिङ शेर्पा, स्टालिन, लेलिन, माओत्सेतुङ, हिटलर, मुर्सोलिने, टोल्साटाय गोर्की र चेगोभेरालाई जन्म दिइन् । पासाङ् ल्यामु शेर्पा, इन्दिरा गान्धी, मागरेट थ्याचेर, जुन्को ताबेई पनि नारी नै हुन्, जो संसारभरी परिचित छन् । नारीले गर्न नसक्ने काम र नगरेको भन्ने यस संसारमा केही छैन । यदि नारीलाई दबाउन खोजेमा सम्पूर्ण शक्ति एक भएर आफ्नो अधिकारको लागि लड्नेछन् । आधा आकाश धर्ति ढाक्ने नारीको अधिकार पनि पचास प्रतिशत हुनु पर्दछ । अरूको अधिकार खोस्न नचाहने नारीजाति आफ्नो अधिकार हनन भएमा एक भई लाग्ने छन् भन्ने भाव व्यक्त भएको छ । आधा आकाश ओगट्ने नारीका आवस्यकताहरू लूट्ने प्रयास गरेमा सम्पूर्ण शक्ति एक भएर आफ्नो अधिकारको लागि लड्नेछन् भन्ने अर्थमा कविताको शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'समान हक' शीर्षकवद्ध दोसो कविता हो । यसमा कविले विश्वभर सगरमाथाको देश भनी चिनिने देश नेपालमा पुरूषहरूले महिलामाथि गरेको अन्याय अत्याचारको विरोध गर्दै देशभरका महिलाहरू यस्तो अत्याचारको विरोधमा लड्नुपर्दछ भन्ने आवाज कविता मार्फत बुलंन्द गरेकी छन् । नारीलाई समाजले गरेको भेदभाव, लोग्नेलाई देवता मान्ने परम्परा, नारी पनि समाजको एउटा अङ्ग भएको, पुरूषले बहुविवाह गरे पनि नलागेको कानुनी हक विरूद्ध विरोधको भाव राईले व्यक्त गरेकी छन् । पुरूषको दबावमा नबसी आफ्नो हकको खोजीमा सङ्गठित भएर लड्नु पर्दछ भन्ने अर्थमा यस कविताको शीर्षक भावअनुकूल सार्थक छ । संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'आगमन बहुदलको' यसै सङ्ग्रहको तेस्रो कविता हो । यसमा कविले २०४७ सालमा जनताको निरन्तर सङ्घर्षले आएको बहुदलीय सरकारको खुलेर व्याख्या गरेकी छन् । बहुदलीय सरकारको आगमनले सम्पूर्ण नेपाली जनताको घर आँगनमा खुसी छाएको छ । जनताको न्यानो

घामको अनुभव भएको छ । जनताहरू रमाई-रमाई नाच्न थालेका छन् भने पञ्चेहरू कुना पसी टाउको समाई रून पर्ने अवस्था देखिएको छ । तीस वर्षसम्म पञ्चेहरूले शासन चलाए पनि अब जनताको पालो आएको छ । हिजो सम्म त्रासैत्रासले बाँचेका जनता आज हर्षोल्लासका साथ बाँच्न पाएका छन् । पञ्चेको अन्त्यको लागि अब सम्पूर्ण जनता एक भएका छन् । कवितामा पञ्चायती शासनको अन्त्यले जनताको घरदैलोमा खुशी छाएको छ भन्ने अभिधात्मक अर्थमा शिर्षक सार्थक छ । संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेका छ ।

'शान्ति खोई ?' कवितामा कविले राजा विरेन्द्रको वंशनास पछि देशमा छाएको अशान्त स्थिति प्रति चिन्ता भाव व्यक्त गर्दै यो कविताको सिर्जना गरेकी हुन् । आफ्ना माता, पिता, जस्ता राजा रानीको आफ्नै निवासमा हत्या भएको छ । आज देशका राजारानीको वंश विनाशले सम्पूर्ण जनताका मनमुटुमा त्रासपूर्ण वातावरणको सिर्जना भएको छ । वनकी कोइलीले कुहु–कुहुको भाकामा गीत गाउन छोडेको देख्दा वनै भरी डढेलो लागेको भान कविलाई भएको छ । राष्टका पिताको हत्यापछि मानवमाझ काटामारको अवस्था सृजना भएको छ । रगतको होली खेलिएको छ । आफ्नै वंशभित्रका दाजुभाइद्वारा षडयन्त्रपूर्ण तरिकाले आफ्नै दाजु-भाउजूको हत्या गरिएको छ । नेपाल आमाले बचाउको हात फैलाइरहेकी छन् । सम्पूर्ण जनताको चाहाना शान्तिको खोजी रहेको छ । हामीले अहङ्कारलाई त्यागी सम्पूर्ण देश एक हौं भनी आफ्नो स्वार्थको लागि नभई देश र जनताहरूको लागि काँधमा काँध मिलाई अगाडि बढेमात्र शान्ति आउने कुरा निश्चित रहेको भाव व्यक्त गरिएकाले कविताको शीर्षक भावअनुकूल सार्थक रहेको छ । संरचनाको हिसाबले यसको शीर्षक द्विपदीय रहेको छ ।

'मेरो देशको हालत' शीर्षकबद्ध कवितामा कविले देशको हालत जर्जर भएको अवस्थामा आँखाले जे देख्यो सोही लेखेको र जे भोग्यो त्यही बोलेको कुरा व्यक्त गरेकी छन् । धर्तीमाता रोइरहेको बखत शहिदको आत्माले सरापेको छ । देशले गुहार मागिरहेको बेला देशलाई सहयोग गर्न सकिएको छैन । बेइमान, घुसखोरी, खराब मानिसको मात्र भेला भएको छ भने असल मानिस ओझेलमा परेका छन् । यहाँ उच्च कार्यको मूल्याङ्कन हुँदैन, पुरस्कारको होडबाजी चल्दछ । देशको बारेमा भन्दा पनि सधैं व्यक्तिगत चिन्तामा मानिस डुबिरहेको छ । जसले देशको भलाइको लागि लड्नेछ तब मात्र नेपाल आमाको आशिर्वाद उसै माथि हुनेछ भन्ने भाव यस कवितामा व्यक्त गरिएको छ । आफ्नो देश माथि भएको अपमानपूर्ण व्यवहार प्रति चिन्ता व्यक्त गरिएकाले भाव अनुकूल शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले यो कविताको शीर्षक द्विपदीय रहेको छ ।

'नेता र सत्ता' शीर्षकबद्ध कवितामा नेताहरू सत्तामा जानको लागि गरेको खिचातानीपूर्ण अवस्था र सत्तामा पुगेपछि जनताका आवश्यकताको वास्ता नगरेको र आफ्नो स्वार्थमा लागेको भन्ने भाव व्यक्त भएको छ । नेताहरूले देशको विकास गर्लान् भन्ने आशा गरे पनि उनीहरूको लक्ष्य सत्ता र भत्ता बनेको छ । सत्ता पक्ष र प्रतिपक्ष बिच कुर्सीको तानातानको अवस्था छ । देशको विकासतर्फ भन्दा पनि आफ्नो स्वार्थतर्फ नेताहरू लागेका छन् । विकासका कार्य गर्नुपर्दा सधैं विपक्षीलाई लाञ्छना लगाउँछन् । कार्यकर्ताहरू बुद्धु भएर नेताहरूलाई भोट दिइरहेको अवस्था छ । बुद्धको देशमा रगतको होली खेलीदैछ । बहुदल आएपछि जनताले राहात पाउलान् भनी आशा बोके पनि नेताहरू सत्ताको मोहमा परी देशमा केही कार्य नगरेको भन्ने भाव कवितामा व्यक्त भएको छ । नेताहरूले देशको विकास गर्ने अपेक्षा गरिए पनि हात लाग्यो शून्य भएको अवस्थाको चित्रण यथार्थपरक रूपमा गरिएकाले कविताको शीर्षक भावअनुकूल सार्थक रहेको छ । संरचनाको हिसाबले यसको शीर्षक त्रिपदीय रहेको छ ।

'... त बौलाहाताल छ' शीर्षकबद्ध कवितामा देशमा बहुदलीय अवस्थाको आगमनले केही कुरा राम्रोसँग नचलेको अवस्थामा यहाँको शासन व्यवस्थालाई राईले बौलाहाको सङ्केत गरेकी छन् । देशमा बहुदलको आगमनले जतासुकै भ्रष्टाचारीतन्त्र छरीएको छ । भ्रष्टाचारले प्रजातन्त्रको खिल्ली उडाएको छ । प्रजातन्त्रले भ्रष्ट नेताहरू मात्र जन्माएको छ, देशको भलो गर्ने असल नेताको जन्म अझ सम्म भएको छैन । मनपरी तन्त्रले देशको हालत खराब भएको छ । औंलो दिँदा डुडुलो निल्न पछि नपर्नेहरू देशको बारेमा केही सोचेका छैनन् । अन्याय अत्याचारको मूल माओवादी भए पनि खाओवादीको चकचकी छ । खाली खुट्टा हिड्ने वामपन्थीहरू आज सुविधा भोगी भएका छन् । हिजोका कथित कम्युनिष्टहरू पजेरो पचाएर सूरा सुन्दरीमा भुलेका छन् । देश र जनतालाई निमुखा बनाई, राष्टको ढुकुटी रित्याई, यहाँ गोली चलाइदैछ यही कारण हाम्रो देशमा बहुलाहाताल छ । देशका नेताहरूले देखाएको मनपरी तन्त्रलाई बहुलाहातालको सङ्केतको रूपमा व्याख्या गरिएकाले कविताको शीर्षक सार्थक छ । संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'मेरो देशमा के-छैन ?'शीर्षकबद्ध कवितामा राष्ट भए पनि राष्ट्रियता नभएको, मानव भए पनि मानवीयता नभएको, मन्दिर भए पनि देवता नभएको, धर्म भए पनि सच्चा धर्मात्म नभएको, टाउको भए पनि दिमाग नभएको, बुद्धि भए पनि विवेक नभएको, नेता भए पनि सक्षम नेतृत्व नभएको, अड्डा अदालत भए पनि न्याय नभएको, कानुन भए पनि सही कार्यान्वयन नभएको, नियम भए पनि नियमितता नभएको, सिद्धान्त भए पनि व्यवहारमा लागु नभएको, कुरा भए पनि काम नभएको, अवस्थाको वर्णन छ । यसरी हाम्रो देशमा सवैथोक भए पनि देशप्रेम, शान्ति र देशको मुहारमा शान्ति छैन भन्ने भाव व्यक्त गरिएको र कविता प्रश्नात्मक शैलीमा रचिएकोले भावअनुकूल शीर्षक सार्थक छ । संरचनाका हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'चेतना' कविताको शीर्षकबाटै सङ्ग्रहको नामोल्लेख गरिएको छ । यसमा  कविको आफ्नै आत्मले भ्रष्ट नेताहरूलाई धिक्कारेको छ, जसले देशको अकुत सम्पती कुम्ल्याएर मस्तीमा डुबिरहेका छन् । बुद्ध जन्मेको देशमा जतासुकै अशान्तै अशान्त छाएको छ । एकै रातमा नेपाल नाम परिवर्तन हुने हो कि भन्नेमा कवि चिन्तित छन् । यहाँ प्रजातन्त्र भए पनि घुसखोरीको हातमा देशको चाँपी भएकाले मनपरी तन्त्र चलेको छ । जतासुकै लोभी, पापी र पाखण्डीको मात्र अखडा छ । यस देशकी आमाले आफ्नो बचाउको लागि हात फैलाउँदै दुहाई मागिरहेकी छन् । गरिबलाई गास, बासको समस्या छ भने धनीवर्गलाई पचाउन समस्या परिरहेको छ । यस्तो भ्रष्ट लुट प्रवृत्तिको विरोध गर्न सम्पूर्ण जनता सचेत होऊ भन्ने अर्थमा कविताको शीर्षक भाव अनुकूल सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक एकपदीय रहेको छ ।

'राष्ट्रियता' शीर्षकबद्व कवितामा कविले आफ्नो राष्ट र राष्ट्रियताको रक्षा गर्नको लागि सम्पूर्ण जनता एकजुट हुन आग्रह गरेकी छन् । देशलाई माया गर्नेहरू, आफूलाई नेपाली भन्न चाहनेहरू एकजुट हुनु पर्ने, विदेशीको गुलामी गरी 'बहादूर' को संज्ञा पाउनु भन्दा देशको रक्षाका लागि जुट्नुपर्दछ । आफ्नो मातृभूमि रोएको आँखा नचिम्ली स्वार्थ त्यागी देशको लागि लड्नुपर्दछ । अन्याय र अत्याचारले सीमा नाघेकोमा देशका उच्च वर्गका नेताहरूलाई खबरदारी गरिरहनू देशका सम्पूर्ण नागरिकको कर्तव्य रहन्छ भन्ने भाव कविले व्यक्त गरेकी छन् । आफ्नो राष्ट जोगाउन नेता र जनताहरू एक भई लागेमा राष्ट्रियताको पहिचान पाइन्छ भन्ने अर्थमा शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक एकपदीय रहेको छ ।

'यही हो मेरो देश' शीर्षकबद्ध कवितामा कविले बुद्ध, अरनिको, सीता, भृकुटी, सगरमाथा लाई बहादुर नेपाली, भण्डारखाल, कोतपर्वजस्ता आत्मघाती काण्ड भइरहने, जनताको लागि ज्यू

ज्यान दिने शहिदहरू शुक्रराज, धर्मभक्त, दशरथचन्द र गंगालाल वीना आरोप मारिने, असललाई खराब, भलादमीलाई घमण्डी, सत्यलाई झुट, लुच्चालाई महान्, झुट र खराबलाई पुजा गरिने, देवी देवता भए पनि देवताको नाममा राक्षसले शासन गरेको, सत्यलाई झुटो मान्ने सतीले सरापेको देशको रूपमा आफ्नो देशलाई परिचित बनाएकी छन् । यहाँ सत्यकुराको कहिले पनि कदर नहुने सधैँ चाकडी चाप्लुसी चल्ने भएकाले आफ्नो देशलाई खराबहरूको बास भएको भन्ने अर्थमा शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'गरिबका अनेक रूप' शीर्षकबद्ध कवितामा गरिबले एकपेट पाल्नको लागि गर्नुपरेका विविध संघर्षहरूको स्पष्ट वर्णन गरेकी छन् । एक पेट पाल्नको लागि भारी बोकी उकाली ओराली गर्नु परेको, हली बन्नुपरेको, कुल्ली बन्नुपरेकोले गरिबका विविध रूपको राईले बर्णन गरेकी छन् । गरिबमाथी दिनहुँ अत्याचार भइरहेको छ तर ती सम्पूर्ण अत्याचारलाई आँखा चिम्लेर सहन बाध्य छन् । गरिबको यस संसारमा आफ्नो मान्छे कोही नहुँदा पाखुरीकै भरमा बाँच्न बाध्य भएका छन् । बस्ने घर छैन, लगाउन एकसरो कपडा छैन भने खाने गाँसको व्यवस्था छैन् । रात दिन असिना पानी सहेर बस्नु परेको छ । यसैले गरिबको सुदिन फिर्नको लागि संसारभरका गरिब एकजुट भएर आफ्नो गुमेको अधिकार फिर्ता गर्नुपर्दछ भन्ने अर्थमा कविताको शीर्षक भावअनुकूल सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'निर्दयी संसार' शीर्षकबद्ध कवितामा संसार स्वार्थी भएकाले कसैलाई कसैको मतलव छैन भन्ने भाव व्यक्त गरिएको छ । संसार स्वार्थी छ, खुट्टा तान्ने प्रवृत्ति बढिरहेको छ । सोझा साझा जनताको वेदना कसैले पनि सुन्दैन, केही गर्दछन् कि भनेर दुःख पोख्यो उल्टै हेय दृष्टिले हेर्दछन् । जागिर खाने निहुँमा दुनियाको पाउ मल्नु पर्दछ त्यसपछि उल्टै उनीहरूकै सम्पूर्ण काम यन्त्रवत् रूपमा गर्दा आफूलाई फूर्सद हुँदैन भन्ने कुरा कवितामा व्यक्त भएको छ । निष्ठुरी संसारमा सम्पूर्ण मानिस स्वार्थी छन् भन्ने यथार्थपरक अभिव्यक्ति कवितामा आएकोले शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'यन्त्र हो दुःख' शीर्षकबद्ध कवितामा कविले जबसम्म मानिस दुःखको संसारबाट मुक्त हुँदैन तबसम्म यन्त्रवत रहन्छ भन्ने भाव व्यक्त गरिएको छ । कवितामा दुःखले मानिसलाई साहसी, वीर बनाउँछ । कष्ट भए मानिस सुरो बन्दछ, दुःखबाट मानिसले शिक्षा पाउँछ र शिक्षाबाटै दुःख नष्ट हुन सक्छ । आत्म कमजोर हुनेहरू रिसाहा हुन्छन् जसलाई एकपेट पनि खान पुग्दैन तर आत्म बलवान् हुनेहरू अरूको अगाडि हजुर भने पनि कसैमाथि दयाभाव व्यक्त नगर्ने हुन्छन् । मानिसको जीवनमा सम्पूर्ण कुरा दुःख भए पनि भौतिक सुखले मात्र सम्पन्न बन्न सिकाउँदछ भन्ने भाव व्यक्त भएको छ । मानिसको जीवन दुःखपूर्ण अवस्थामा रहेको छ यसबाट मूक्ति पाउनको लागि आत्म बलियो पार्नू पर्दछ भन्ने यथार्थपरक अर्थमा कविताको शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'चर्तिकला कथित कम्युनिष्टको' शीर्षकबद्ध कवितामा कविले काम गर्ने जनजातिहरू भए पनि सत्तामा आर्यहरू पुगेको, जातिय सम्प्रदायिकताको कुरा गरे पनि काम नगरेको भन्ने आरोप लगाएकी छन् । मरीमेटी देशका जनताको लागि काम गर्ने मंगोल जाति भए पनि बाहुनहरूले अन्य जातिको लागि कुनै पनि कार्य गरेको देखिदैन । सात सालको प्रजातन्त्र ल्याउने क्रममा राम प्रसाद राई जस्ता मानिसले ठूलो योगदान दिए पनि वि.पी. दाजुभाई प्रधानमन्त्रीको पदमा पुगेको देखिन्छ । लेलिनले जातियतालाई महफ्वका साथ हेरे पनि कम्युनिष्ट भनाउँदाहरूले कुनै मतलब गरेको देखिँदैन । आफै खाने मै मोटाउने सिद्धान्त यिनीहरूमा देखिन्छ । कवितामा कथित

कम्युनिष्टहरूले जनताप्रति गरेको भेदभावपूर्ण व्यवहारको व्याख्या गरिएकाले शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक वाक्यस्तरीय रहेको छ ।

'प्रगति खुब् गरियो' शीर्षकबद्ध कवितामा कविले आफ्नो कमाई बचाई काठमाडौमा घर बनाएको देख्दा आफन्तहरूले प्रगति गरियो भन्ने कुरा दोहोऱ्याइ रहेकोले आफूलाई धेरै प्रगति गरेको अनुभव भएको छ । १८ वर्ष सम्म डेरामा बसेको छोराको कमाई समेत जोडेर आवास बनाएको दिनरातको मेहनतले गाला चाउरिएको, कपाल फुलेको, शरीर कुप्रो परेको, जवानी ढल्किसकेको जानकारी कवितामार्फत् दिएकी छन् । व्यक्तिगत स्वार्थलाई जोड दिएको भए केही वर्ष अगाडि नै आफ्ना चाहनाहरू पूरा हुने तर आफू सधैँ दिन दुःखीको सेवाका साथै राष्टको हितमा लागेको भाव राईले व्यक्त गर्दछिन् । देशमा नयाँनयाँ कानुन बने पनि व्यवस्था र शासन भन्दा माथि नियम राखेको, नेताहरूले देश विकास नभई आफू र आफ्नाको विकासमा रमाए पनि खुबै प्रगति भएको भन्ने भाव यस कवितामा व्यक्त भएकाले कविताको शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक बहुपदीय रहेको छ ।

'आमा' शीर्षकबद्ध कवितामा कविले आमा शब्दको प्रयोग र सम्बोधन सधैँ उच्च हुने, आमाले सन्तानको दुःख भन्दा आफ्नो दुःख सधैँ न्यून सम्झने, सन्तानले जतिसुकै दुःख दिए पनि आमाले सहने शक्ति राख्दछन् भन्ने भाव व्यक्त गरेकी छन् । आमा जस्तो यस संसारमा कोही पनि छैन आमा शब्द सम्बोधनमै गहन र व्यापक हुन्छ । आमा आकाश, धर्ती, पृथ्वी र पाताल सम्पूर्ण चिज हुन् । आमाको सन्तानप्रतिको माया-ममता कहिले पनि कमी हुँदैन । सन्तानको दुःखमा आमा रोइरहन्छन् भने सुखमा हाँस्दछन् । सन्तानले गरेको जुनसुकै गल्तीको पनि ढाकछोप गर्दछन् । यसैकारण आमा शब्द संसारमा सबैभन्दा प्यारो र ममतामयी हुन्छ भन्ने अर्थमा शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक एकपदीय रहेको छ ।

'आमा हुँदा' शीर्षकबद्ध कवितामा आफू आमा हुँदाको खुसी र आफ्नी आमा नहुँदा परेको पीडाबोध राईले कवितामा व्यक्त गरेकी छन् । आफूलाई सन्तान भएर बाँच्दा र आमा भएर बाँच्दा भिन्न भिन्न अनुभव हुने गरेको, सन्तान हुँदा आमाको महफ्व नबुझे पनि आमा भएपछि आमाको महफ्व राईले बुझेकी छन् । आमा बाबुलाई छोराछोरीको पीर छोरा छोरीलाई ढुङ्गामुढाको पीर हुने रहेछ । यसरी यस कवितामा कविले आफू सन्तान बन्दाको अनुभव र आमा बन्दाको अनुभवको विश्लेषण गरेकोले कविताको शीर्षक भावअनुकूल सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक दुईपदीय रहेको छ ।

'मेरो फाइटे' शीर्षकबद्ध कवितामा कविले आफ्नो घरपालुवा कुकुरले देखाएको वफादारी प्रवृत्तिको स्पष्टसँग वर्णन गरेकी छन् । कुकुरको नाम फाइटर भए पनि छोटकरीमा फाइटे भएको, फाइटेलाई गाउँलेहरूले कान्छो छोरो भन्ने गरेको, उसले पनि आमाको स्थान दिएको भाव कवितामा रहेको छ । राईले एकमात्र सन्तानको जन्म दिएको र त्यस सन्तानलाई भाइ चाहिएकोले फाइटेलाई घरमा ल्याइएको, फाइटे सानै भए पनि घरको सुरक्षाको लागि दिनरात खटिरहने गरेको, धिरजले सँगै सुताए पनि ऊ सुतेपछि आफैसँग सुत्ने गरेको, एक दिन साउनको झरीमा ऊ बाहिर निस्केको, कसैले थाहा नपाएको, साउनको झरीमा रूझे पछि निमोनिया भई उसको मृत्यु भएको, उसको मृत्युमा सम्पूर्ण परिवार शोकाकुल अवस्थामा परेको, पशु भएर पनि मानिस जस्तो व्यवहार गर्ने कुकुरको सम्झनामा यस कविताको रचना गरेकी हुन् । पशु भए पनि कुकुरले देखाएको वफादारीको चित्रण यथार्थ परक ढङ्गमा गरिएकाले कविताको शीर्षक भाव अनुकूल सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'जीवनका घुम्तीहरू' शीर्षकबद्ध कवितामा मानिसको जीवनमा विभिन्न घुम्तीहरू मध्ये सुख, दु:ख, एक महफ्वपूर्ण क्षण रहेको, जस मध्ये सुख सबै सँग बाँड्न सकिए पनि दु:ख कसै सँग वाड्न नसकिने भाव कवितामा व्यक्त भएको छ । मानिसले म बाँचु र मै मात्र सुखभोग गरूँ भन्ने मनसाय बोकेकोले अरूको केही मतलब गर्दैनन । मानिस भ्रष्ट, लोभी, स्वार्थी छ र दिन दुईगुणा रात चारगुणा सकुनीहरू जन्मिरहेका छन् भन्ने अर्थमा कविताको शीर्षक भाव अनुकूल सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'हार्दिक श्रद्धाञ्जली' शीर्षकवद्ध कवितामा कविले कानुनबिद् श्री कृष्ण प्रसाद पन्तको असामयिक निधनले पारेको पीडालाई कविता मार्फत श्रद्धाञ्जली अर्पण गरेकी छन् । पन्तको मृत्युले कानुनी क्षेत्रलाई ठूलै घाटा परेको कविको अनुभव छ । कानुनी क्षेत्रमा उनको गुन अविष्मरणीय रहेको छ । प्रकृतिको नियमलाई स्वीकार्नु पर्ने भएकाले उनको निधनलाई हामी हाँसी हाँसी स्वीकार्नु पर्दछ । मरे पछि स्वाङ पार्नु भन्दा हिन्दु परम्परा त्याग्नु पन्तको महानता हो । कालले सानो, ठुलो, धनी, गरिब नभनी सबैलाई समान व्यवहार गर्दछ भन्ने भाव कवितामा व्यक्त भएकाले शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'काडमाण्डु भ्याली' शीर्षकबद्ध कवितामा कविले काठमाडौँका विभिन्न स्थानहरूको वर्णन गरेकी छन् । काठमाडौँलाई मन्दिरै मन्दिरको शहर हो भनी चिनारी दिएकी छन् । चारैतिर पहाडै पहाडले घेरिएको यस भ्यालीमा शक्तिको हालीमुहाली चल्दछ । टपरी जस्तो गोलो रहेको काठमाडौँमा नागपोखरी, रानीपोखरी अवस्थित रहेको छ । काठमाडौँ भ्यालिभित्र नारायणहिटी, बागमती, विष्णुमति जस्ता नदीहरू, स्वयम्भु, पशुपति, दक्षिणकाली जस्ता प्रसिद्ध धार्मिक स्थलहरू छन् । यहाँ बहुजाति, बहुसंस्कृति, बहुधर्म मान्ने मानिसको बसोबास रहेको छ । जनताहरू जागिर पाउने र दुई छाक टार्नको लागि काठमाडौँमा प्रवेश गर्दछन् त्यसैले यो शहर निर्धा अनि मजदुरहरूको शहर पनि हो । काठमाडौँका स्थान परक विशेषताको वर्णन र संसार भर मन्दिरै मन्दिरको उपनामले यस शहरलाई चिनिएको छ भन्ने अविधात्मक अर्थमा कविताको शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'परीक्षाहलमा बस्दा' शीर्षकबद्ध कवितामा कविले वर्ष दिनमा हुने परीक्षामा परीक्षार्थीहरूले चिट चोरेको देखेपछि चिट नचोर्ने आग्रह गर्दै आफ्नो स्वविकेवले परीक्षामा लेख्नु बुद्धिमानी हुन्छ भनेकी छन् । परीक्षकको आँखा छली चिट चोरेर एकक्षण मक्ख पर्नू भनेको आफ्नै जीवनको बर्बादी हो । यसरी पास भई कर्म क्षेत्रमा जाँदा आफैप्रति हीनता भाव उत्पन्न हुन्छ । आजका विद्यार्थी भोलिका देशका कर्णधार हुन् । सानैदेखि बिरूवामा धोद्रो लागेपछि बिचबाट भाँचिने कुरामा ढुक्क पर्न सकिन्छ । त्यसैले कुनै पनि कार्य गर्दा आफ्नो बुद्दि विवेकको प्रयोग गरी ढुक्क साथ गर्नु बुद्धिमानी देखिन्छ भन्ने भाव व्यक्त भएकाले सोझो अर्थमा कविताको शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'सन्तान प्रतिको माया' शीर्षकबद्ध कवितामा आमाले सन्तानप्रति गर्ने माया, ममता र प्रगतिको कामना व्यक्त भएको छ । आमाले सन्तानप्रति सधैँ माया गर्दछिन् तर सन्तानले भने आमाको छायाँसम्म देख्न चाहँदैनन् बालकको बाल्यकालमा आमाले कतै पनि जान नदिई आफ्नो स्नेहमै हुर्काउन चाहन्छिन्, खान बस्दा पनि उनैको पीर लिन्छन्, साथै भरी उनैको कल्याण अनि प्रगतिमा रमाउँछिन् । त्यसको विपरित आफू स्वतन्त्र नभएकोमा सन्तानले आमालाई बोझ देख्न थाल्छ । अत: सानो हुँदा मर्छन् भन्ने डर ठूलो भएपछि मार्छन् भन्ने उखान कवितामा व्यक्त भएको छ । यसरी सन्तानले जति सुकै लापरर्वाही गरे पनि आमाको माया घट्दैन भन्ने यथार्थपरक भाव

कवितामा व्यक्त गरिएकाले शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'प्लेनमा यात्रा गर्दा' शीर्षकबद्ध कवितामा कविले नेपालको प्राकृतिक रमणीय स्थान ो व्याख्या गरेकी छन् । नेपाल प्राकृतिक सम्पदाले धनी देश हो । यहाँ विविध, धर्म संस्कृति मान्ने मानिसको बसोवास रहेको छ । हिमालयको देश भएकाले बाह्रै महिना हिउँ पर्दछ । अनेक जातजाति भाषाको सुन्दर फूलबारी नेपाल भएकाले परेको बेलामा सबैले सहयोग गर्ने हुँदा राष्ट्रियताको भावनाले ओतप्रोत छ । नेपालमा कही मैदान कहि ताल रहेको छ । पहाड चाक्लाबन्दी युक्त छ भने तराई समथर छ । कहि खोला नाला, हरियो वन जङ्गलले युक्त नेपालमा प्लेनमा यात्रा गर्दा आनन्द हुने भाव कविले व्यक्त गरेकी छन् । नेपाल प्रकृतिको सुन्दर टुक्रा भएकाले यात्रा गर्दा आनन्द लाग्ने भाव यथार्थपरक ढङ्गमा व्यक्त भएकाले कविताको शीर्षक भावअनुकूल सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'देशले जाँगर माग्छ' कवितामा नेपाल प्रकृतिक, सांस्कृतिक सम्पदाको धनी देश भएकाले यहाँ युवाहरूको परिश्रमको खाँचो परेको भाव व्यक्त गरिएको छ । यहाँ रहेका प्रकृतिक स्रोत साधनहरूको प्रयोग गरी युवाहरूले देशलाई विकसित बनाउनु पर्दछ भन्ने भाव कवितामा व्यक्त भएको छ । नेपालको विकास गर्न स्वदेशी युवाको मेहनत र परिश्रमको खाँचो रहेको, चारैतिर उद्योग कलकारखाना खोलेमा देशमा छिटो विकास हुन सक्ने र सम्पूर्ण युवा वर्गले रोजगार पाउन सक्ने सम्भावना हुन्छ । वर्षौं देखि लोडसेडिङको समस्याले ग्रस्त यस देशमा खोलानालाबाट निस्कने पानीको उपयुक्त सदुपयोग भएको छैन । देश विकासका सम्पूर्ण कार्य गर्नको लागि यहाँका युवाहरूको जाँगर आवश्यक पर्ने भाव कवितामा व्यक्त गरिएकाले भावअनुकूल शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'उदयपुरे चाम्लिङहरू' शीर्षकबद्ध कवितामा कविले शहरका मानिसहरूको प्रवृत्तिसँग चाम्लिङ भाषीहरूको तुलना गरेकी छन् । गाउँका मानिसहरू सोझा-साझा हुनुको साथै बुद्धि भए पनि अरूले उक्साउँदा उचालिने प्रवृत्तिले गर्दा पछि परेका छन् । सहरका मानिसहरूमा अरूको कुनै वास्ता हुँदैन उनीहरू ज्यादै स्वार्थी हुन्छन् । सहरमा चाकडी गर्ने बढ्दो प्रवृत्तिको हावी भएको उनका कविता मार्फत् स्पष्ट रूपमा देख्न सकिन्छ । गाउँले मानिसहरू सहरियाहरूको पछि लाग्दा अरूको लहलहैमा आफ्नो औकात बिर्सन्छन् अर्कोको बुद्धिमा हिँड्नु घात हो भन्ने कुरा उनीहरूलाई ज्ञान हुँदैन भन्ने भाव कवितामा व्यक्त गरिएकाले शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'आफैँलाई हेर्दा' शीर्षकबद्ध कविता आफू रोगले ग्रसित हुँदै गएपछि आफ्नो शरीरको चिन्ता गरी रचना गरिएको हो । मासुले भरिएको शरीरमा हाडछाला मात्र बाँकी रहेको, टन्न मोटो शरीर सुनारले गालेको सुनजस्तै भएको, बाँच्न मन लागे पनि बाँच्ने आयु धेरै नभएजस्तो, बाँचुञ्जेल केही गर्न मन लागेपनि नसकेको भाव कवितामा व्यक्त भएको छ । यसरी आफ्नै शरीरको वर्णन गरी आत्म लापीय ढङ्गमा लेखिएको कवितामा शरीर दुबैलाए पनि मनभने मोटै भएकाले केही कीर्तिमान कायम गरेर मर्न मन लागेको भाव कवितामा व्यक्त भएकाले शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'बेदना नारीको' शीर्षकबद्ध कवितामा राईले आइमाईको जुनी लिएर जन्मनु परेकोमा केही पनि अधिकार नपाएकोले सम्पूर्ण नारी एकजुट हुनुपर्ने भाव व्यक्त गरेकी छन् । आइमाई भएर जन्मेपछि पुरूषको अधिनमा बस्नुपरेको, लोग्नेको त्रास खेप्र्नू परेको, पुरूषले जति वटा बिहे पनि

गर्न पाउने तर महिला उसैको अधिनमा बस्न बाध्य भएको, महिला हकहितका कुरा संविधानमा मात्र सीमित रहेको भाव कवितामा व्यक्त भएको छ । महिलाहरू दासता बिरूद्ध एकजुट हुनु पर्दछ । हामीले नलडिकन अधिकारी पाईदैन, आफ्नो अधिकार पाउनको लागि महिलाहरू एकजुट बन्नु पर्ने भाव कवितामा व्यक्त भएकाले भावअनुकूल शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'धर्म-माध्यम शोषण' कवितामा रूढिवादी परम्परालाई नमानेको, ठूला वडाले साना गरिबहरूलाई धर्मको नाममा शोषण गरिरहेको अबस्थाको राईले चित्रण गरेकी छन् । कविलाई स्वर्ग नर्कको ज्ञान नभएकाले कर्मको पूजा गर्ने गरेको, आफ्नो कर्ममा जे लेखिएको छ त्यही पाइन्छ, समाजमा प्रचलित धर्म शोषण हो । ढुङ्गाको मूर्तिलाई देवता भनी व्यक्तिगत स्वार्थ पूर्तिका लागि सामाजिक सम्पत्तिको नष्ट भएको छ, शोषकले धर्मका नाममा महापाप गरिरहेका छन् । कालो धन भित्र गरिबको रगतको होली खेलिइन्छ । गरिबलाई धर्मको माध्यम बनाएर आफू दिन रात धनी बन्ने प्रवृत्तिको विकास भएको छ । धर्मलाई माध्यम बनाई सोझा साझा जनताको पसिनाको मूल्य नबुझ्नु महापाप हो भन्ने अर्थमा शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'खेलवाड जीन्दगीको' शीर्षकबद्ध कवितामा गरिबको जीवनमाथि देशका शोषकहरूले गरेको वेबस्तापूर्ण भाव व्यक्त भएको छ । गरिबले बाटो घाटो माग्दै हिड्नु परेको, पढेर पनि कुनै जागिर नपाएको, काम गरेर खाने ठाउँ नभएको जीवनमा खुशीको क्षण नआएको, गरिबले चाकडी-चाप्लुसी भन्ने कुरा नजानेको, घरमा साहुले सम्पूर्ण सम्पत्ति कब्जा गरी गाउँ छोडी जान बाध्य पारेको, विदेश गए पनि दलालको फन्दामा परी कुल्ली दरवान भई बस्नु परेको भाव कवितामा व्यक्त भएको छ । गरिबको जीवनमाथि शोषकले गरेको निर्दयीपूर्ण व्यवहारको यथार्थपूर्ण रूपमा व्यख्या गरिएकाले भावअनुकूल कविताको शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'भनेर मात्र क्यै हुन्न' शीर्षकबद्ध कवितामा गरिब जनतामाथि धनीहरूले विभिन्न आश्वाशन देखाउने गरे पनि केही काम गरिदिएका छैनन् । ठूला वडाले बोलेर मात्र गरिबलाई फसाउने गरेको, सयथरी मानिस भए जसरी कुरा पनि विभिन्न थरीका हुने गरेको, परीश्रम गर्नेलाई एकपेट खान नपुगेर भोकभोकै बस्न र सिंढिमूनी सुन्नु पर्ने बाध्यता भएको भाव कवितामा व्यक्त गरिएको छ । यहाँ परिश्रम गर्ने भन्दा पनि अर्काको कमाई खाने प्रवृत्ति ज्यादा छ । बोल्नेको पीठो बिक्ने र नबोल्नेको चामल पनि नबिक्ने अवस्थाको यथार्थपरक अर्थमा कविताको विश्लेषण गरिएकाले शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक वाक्यस्तरीय रहेको छ ।

'के गरौं' कवितामा नेपाललाई स्वतन्त्र दिलाउनको लागि सम्पूर्ण जनताहरू एकजुट बन्नु पर्दछ भन्ने भाव व्यक्त गरिएको छ । छिमेकी देशहरू स्वतन्त्र भए पनि नेपालमा अझै पनि पञ्चायतकाल विद्यमान् भएकाले देशलाई स्वतन्त्र बनाउनु पर्दछ भन्ने भाव कवितामा व्यक्त भएको छ । यहाँ सत्य कुरा बोल्नेलाई छानी छानी गोली ठोक्ने गरेको, एकताको अभावमा दुश्मनले शीर ठाडो पारेकाले सम्पूर्ण जनता एक भई लागेमा गुमेका अधिकार पाइनुको साथै देश पनि स्वतन्त्र हुन्छ भन्ने भाव राईले कवितामा व्यक्त गरेकी छन् । यो देशका जनताहरू सधैं आफ्नो स्वार्थमा लाग्ने हो भने आफ्नो पहिचान गुम्न बेर लाग्दैन भन्ने अर्थमा कविताको शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'आहवान' शीर्षकबद्ध कवितामा देशमा पिछडिएका मजदुर वर्गलाई शोषकको पिञ्जडाबाट मुक्त बन्नको लागि एकजुट हुन राईले आग्रह गरेकी छन् । गाउँबाट सम्पूर्ण किसान, दाजुभाइ जुटे भने तिनीहरूको श्रमको शोषणको अन्त्य हुन्छ । देशका सम्पूर्ण मजदूरहरू आपसमा मिलेमा श्रमको सुरक्षा हुन्छ । सबैले एक दिन मृत्यु वरण गर्नु पर्दछ त्यसैले आफ्नो मुक्तिको लागि लड्नु परेमा पछि नहट्न राईले अनुरोध गरेकी छन् । जब हामी मजदुर मुक्ति पाउँछौ त्यसपछि श्रमको हक पाइन्छ भन्ने कुरा देशभर फिंजाउनु पर्ने यथार्थ अभिव्यक्ति कवितामा व्यक्त भएकाले शीर्षक सर्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक एकपदीय रहेको छ ।

'होशियार' कवितामा देश विकासको लागि देशका नव जवानहरूलाई कदम कदममा सचेत भई देशको रक्षा गर्नुपर्दछ भने भाव व्यक्त भएको छ । आफ्नो देशको लागि रगत पसिना बगाउन पछि नहट्न, व्यक्तिगत स्वार्थ त्यागी साझा हितमा लाग्न, मर्न परे पनि देशको खातिर मर्न, जीर्ण भएको देश निर्माण गर्न, आफू बिग्रे देश बिग्रन्छ त्यसैले एक आपसमा नलडी अगाडि बढ्नुमा नै सबैको कल्याण हुन्छ । देश रोईरहेको बेला यहाँका युवाहरू आपसमा नलडी धतिमाताको रक्षाका लागि एक जुट हुन राईले आग्रह गरेकी छन् । यस देशका युवाहरूले आफ्नो व्यक्तिगत स्वार्थलाई त्यागी आफ्नै देशको हितको लागि लाग्नु पर्दछ भन्ने यथार्थपरक भाव कवितामा व्यक्त भएकाले शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक एकपदीय रहेको छ ।

'विदेशिएका नेपाली लाहुरे' कवितामा नेपालीहरू अन्यदेशको स्वतन्त्रतामा काम गर्दा बहादुरको संज्ञा पाए पनि घरमा बसेका आफन्तहरूले लास बुझ्नु पर्दाको पीडालाई व्यक्त गरिएको छ । नेपालीहरूको वीरताको गीत कुना-कन्दराले समेत गाउने गरेको नेपालीले लडाइबाट बहादुरी पद प्राप्त गरेको, नेपालीले कुनै गद्दारी नगर्ने भएकाले विदेशीहरूले नेपालीहरूलाई नै छान्ने गरेको, अरूको रिमोट कन्र्टोल नेपाली सेना बन्नु परेको, ज्यानको बाजी थापेर अरूको स्वतन्त्रतामा लडेको, नेपालीको यस्तो साहस देख्दा कविको मन ढुङ्गा जस्तो सा-हो हुने गरेको भाव कवितामा व्यक्त भएको छ । नेपालीहरू विदेशमा बहादुरको संज्ञा पाई मर्नु भन्दा स्वदेशकै स्वतन्त्रतामा लाग्नु पर्दछ भन्ने भाव व्यक्त भएकाले शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'विकासे जिन्दगी' शीर्षकबद्ध कवितामा आफ्नो जीवनभरी इमान्दारी देखाउँदा देखाउँदै आफू खिया लागेको हँसिया जस्तो भएको भाव राईले व्यक्त गरेकी छन् । आफ्नो जीवनमा सन्तोषको सास फेर्न नपाएको, जागिरको खोजीमा हिँड्दा हाड मासुमात्र बाँकी रहेको, धेरै सोंचमा डुब्दा डुब्दै दिमागमा खीया बसी सकेको, जागिर खान आफन्त अनि चिनजान मानिस हुनुपर्ने, योग्यता र इमान्दारीको कहीकँतै कदर नहुने भाव व्यक्त भएको छ । आफ्नो जीवनलाई अगाडि बढाउन नसक्दा जीवन निरर्थक भएको भाव व्यक्त गरिएकाले कविताको शीर्षक भावअनुकूल सार्थक रहेको छ । वाक्यात्मक संरचना हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'कोइलीको आवाज' शीर्षकबद्ध कवितामा नेपाल प्राकृतिक सम्पदाले हराभरा भएको देश हो । यहाँ जब वसन्त ऋतुको आगमन हुन्छ तब कोईलीको मधुर स्वरले मन उल्लास मय हुन्छ । नेपाल विविधताको धनी देश भएकाले तराईमा समथर मैदान, पहाडमा हरियाली वन र खोला नाला हिमालमा हिउँले टम्म ढाकेको दृश्य देख्न सकिन्छ । यहाँ ऋतु अनुसारका परिवर्तनहरू, भीरपाखामा गुञ्जने गोठाले गीतहरूलाई राईले कोईलीको आवाज सँग तुलना गरेकी छन् । प्रकृतिको धनि देश नेपालमा हिमाल, पहाड र तराईको विविध वस्ती अनि यहाँको रहनसहन सँग

बसन्त ऋतूमा कोइलीको आवाजलाई सानिध्यता देखाइएकोले शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'गौरवशाली नेपाली' कवितामा नेपाललाई शान्तिका अग्रदुत गौतमबुद्ध, उच्च शिखर सगरमाथाको देश र वीर गोर्खालीको देशको नामबाट चिनिन पाएकोमा कविले आफूलाई गौरवशाली ठानेकी छन् । यहाँ विभिन्न जात-जाति, धर्म-संस्कृतिको बसोवास भए पनि जातिय दङ्गा नभएको विश्वको सर्वोच्च शिखर सगरमाथा यही देशमा अवस्थित भएको, शान्तिका अग्रदुत गौतम बुद्धको यसै पवित्र भूमिमा जन्म भएको, दक्षिण सीमाना समथर मैदान भएकाले तराईलाई अन्नको भण्डार भएको, उत्तरमा हिमालय पर्वत, पूर्वमा मेची र पश्चिम सिमाना महाकालीसम्म फैलिएको एक स्वतन्त्र राष्टको नागरिक बन्न पाएकोमा गौरव लाग्ने राई बताउछिन् । यहाँ गौतमवुद्ध, भृकुटी, सीता, अरनिको र पासाङलामाको जन्म हुनुले पनि यो देशलाई गौरबशाली बनाएको छ भन्ने भाव कवितामा आएकोले शीर्षक सार्थक छ । संरचनाको हिसाले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'दोस्रो जनआन्दोलन' कवितामा २०६२/०६३ मा भएका आन्दोलनको स्पष्ट रूपमा व्याख्या गरिएको छ । यस आन्दोलनमा जनताहरू राजतन्त्रका विरोधमा एकजुट भएको, केन्द्रिकृत सरकार जनताको चाहना नभएको, राजालाई गद्दी छोड्न आह्वान गरेको, घर-घरबाट जनताहरू एक भई निस्केको अन्याय र अत्याचारको विरोधमा जनताहरू जागेको,जनताका छोराछोरीले ज्यान गुमाएको, सात दलहरू एकजुट भएको, जनताको साथ पाएपछि मात्र लोकतन्त्रको आगमन भएको, जनताको सशक्त आन्दोलनको परिणामस्वरूप १९ दिनमा शाही शासनको अन्त्य भएको, परेको बेला जनताको साथ नेताहरूले दिएकोल यसरी आएको जनगणतन्त्रको कदर गरिनु पर्ने भाव कवितामा व्यक्त भएको छ । राजतन्त्रको अन्त्य जनताको चाहना बमोजिम भएकाले जनताको घरदैलोमा शान्तिको कामना गरिएको यथार्थ अभिव्यक्ति कवितामा व्यक्त भएकाले भाव अनुकूल शीर्षक सार्थक छ । संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'के अचम्म' कवितामा नेपालको शासन व्यवस्था परिवर्तन भए पनि शासन गर्ने तरिका परिवर्तन नभएको भाव व्यक्त भएको छ । पञ्चायत काल देखि शासनमा चुच्चा नाक बाहेक कोही नभएको, आदिवासीहरूले कुनै स्थान नपाएको, आदिवासीले पनि आफ्नो भेषभूषा बिर्सिसकेको, जतासुकै हिन्दु संस्कृतिकै विकास भएको, समानुपातिक समावेशी लोकतन्त्रमा सबैको न्याय हुन्छ भने पनि नभएको, आफ्नो भाषा संस्कृतिको उत्थानको लागि राज्यको पुनः संरचना गर्नु पर्ने भाव कवितामा व्यक्त भएको छ । कवि  आदिवासी भएकाले आफ्नो हकहितको लागि सधैँ लड्नु पर्ने र अधिकार लिनुपर्दछ भन्ने अर्थमा शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'मेरो मनको प्रश्न' कवितामा राईले नेपाली भाषा र साहित्य जगतमा मातृभाषा (चाम्लिङ) को उत्थानको लागि कतातिर जाँदा ठिक हुन्छ भन्ने भावलाई दोधारे प्रकृतिमा प्रस्तुत गरेकी छन् । यहाँ भाषा आफ्नो आत्मा र साहित्य रूची भएको, भाषा आफ्नो जननी भएकाले आमाको श्राप लाग्ला भन्ने डर लागेको, आफ्नो पहिचान बचाउनको लागि मातृभाषा बचाउनु पर्ने बाध्यता भएकाले मातृ भाषामै साहित्यको योगदान दिएको भाव कवितामा व्यक्त भएको छ । आफू नेपाली भए पनि मातृभाषाको पहिचान दिनु मूल कर्तव्य भएको भाव कवितामा व्यक्त भएकाले शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक बहुपदीय रहेको छ ।

'एक गीत' शीर्षकको कवितामा गरिबको रूवाईमा धनी मनिसको हाँसो छुट्ने भाव कवितामा व्यक्त भएको छ । गरिबले दिन-रात मेहनत गरी एक छाक खान पाएका छैनन् भने धनीले पैसाको मातमा कुकार्य गरेका छन् । जब चाडपर्व आउछन् तब गरिबलाई दशा लाग्दछ । मेहनतलाई भगवान सम्झने गरिबको बिग्रदो अबस्थाप्रति राईले चिन्ता व्यक्त गरेकी छन् । कवितामा धनी गरिब बिचको खाडललाई यथार्थरूपमा व्यक्त गरिएकाले भावअनुकूल शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

यसरी दोस्रो चरणको दोस्रो कविता सङ्ग्रहको रूपमा रहेको 'चेतना' (२०६४) कविता रहेको छ । 'चेतना' सङ्ग्रहको नामकरण सङ्कलित कविताहरू मध्येको एक शीर्षकबाट राखिएको छ । राई प्रगतिवादी क्रान्तिकारी धाराकी कवि भएकाले देशको द्वन्द्वमय स्थितिको चित्रण गर्दै जनता माझ चेतनाको स्वर गुञ्जाएकी छन् । यस सङ्ग्रहको नामाकरण बाट के स्पष्ट हुन्छ भने सङ्ग्रह भित्रका सम्पूर्ण कविता चेतना मूलक रहेका छन् । तत्कालीन समाजको जीर्ण अवस्था, द्वन्द्वले मानिसलाई पारेको प्रभाव, उच्च वर्गले गरिबलाई अवहेलनाको साथै पुरूषले महिला माथि गर्ने शासन बिरूद्ध एकजुट भई लड्न जनतालाई आग्रह गरिएको छ, देशलाई विदेशी दलालको हातबाट रोक्नका लागि र नारी मुक्तिको विषयवस्तु नै मूलरूपमा पाइने भएकाले समग्र कविताहरूको शीर्षक विषयवस्तुका बिचमा निकट सम्बन्ध रहेको छ ।

## ५.३.२.२ कथ्य विषय : भाव विधान

शान्तिकुमारी राईको 'चेतना' कविता दोस्रो चरणको दोस्रो कृति हो । यसमा ४३ वटा कविताहरू सङग्रहित छन् । यसमा सङ्ग्रहित कविताहरूको प्रवृत्तिगत विशेषताहरू बिच समतुल्यता रहेको छ । यस भित्रका कविताको विषय र भावधार अन्तर्गत चेतनामूलक भावना, नारी मुक्तिको कामना, दलित मुक्ति, गरिब मुक्ति र श्रमप्रतिको सम्मान रहेको छ । सामन्ति वर्गले नेपाली जनताप्रति गरेको अन्याय अत्याचार, गरिबी विरूद्धको चेतनामुलक स्वर यस कृतिमा प्रस्तुत गरिएको छ ।

जीवन जगत्को समग्र विषयवस्तु र मानव चेतनाको यावत अनुभवपुञ्ज कवितामा अटाउने गर्दछ । मानवीय समाज प्रकृति, संस्कृति पूराकथमा इतिहास दर्शन र ज्ञान दिनुको साथै मानव मनको अनुभव व्यवहारको कथन कवितामा हुन्छ । कविताको कथ्य सामग्री र सन्दर्भको सरोफेरो यही हो । (त्रिपाठी र अन्य, २०४६ : २०)

राष्ट्रियताको भावना प्रस्तुत भएको सङ्ग्रह भित्रको एउटा श्लोक यस्तो छ :

नेपाललाई माया गर्नेहरू हो
देशको माया हुनेहरू हो ।
गुहार ! गुहार ! राष्ट बचाउन जुट
देशको माया गर्नेहरू हो देश बचाउन उठ
व्यक्तिगत स्वार्थ त्यगि देश रक्षार्थ जुट ।
खवरदार ! भ्रष्ट -स्वार्थी नेताहरू हो
सावधान ! पदलोलुप सत्ता धारी हो ।
राष्ट्रिय बन्धक राख्न तिमीले पाउँदैनौ
देशलाई बेची राष्ट्रियता मेट्न पाउँदैनौ ।

(राष्ट्रियता : २०)

उपयुक्त श्लोकमा कविले देशलाई माया गर्ने सम्पूर्ण नेपालीलाई एकजुट भएर देश बचाउन आग्रह गरेकी छन् । देशको माया गर्नेहरू व्यक्तिगत स्वार्थमा नलागि देश बचाउन एकजुट हुन र पदको लागि जुको जसरी तानिने भ्रष्ट नेताहरूलाई सावधानी गर्न जनतालाई आग्रह गरेकी छन् । देशका जनताहरू चेतनशील भई सकेकोले पदको लागि भन्दा पनि देशको लागि केही गर भनी राईले नेताहरूलाई आग्रह गर्नुको साथै देशका भ्रष्ट नेताहरूलाई सावधान बनाएकी छन् । कविले दोस्रो जनआन्दोलन कवितामा क्रान्तिप्रतिको निरन्तरतालाई यसरी व्यक्त गरेकी छन् :

"निरङ्कुश राजतन्त्र चाहिंदैन, जनता, मार्न पाइदैन,

तानाशाही सत्ताको काट्टो अब खाइँदैन"

"धेरैले दिए बलिदानी देखाए धेरैले वीरता

कति ? कहाँ ? मारिए ? कति छन् अझै वेपत्ता ?

सशक्त आन्दोलन छेडेर जनताले ल्याए लोकतन्त्र

जरैदेखि उखेलेर फालनलाई शाही राजतन्त्र,

"चुपचाप हामी बस्दैनौ, भएसम्म अन्यया

सहन्नौ तिम्रो अत्याचार, चाहन्छौ हामी समन्वय

(दोस्रो जनआन्दोलन : ६२)

माथिको कवितामा कविले दोस्रो जनआन्दोलनमा जनताले देखाएको साहस र वीरताको वर्णन गरेकी छन् । निरङ्कुश राजतन्त्रको विरोधमा सम्पूर्ण जनताहरू एक भई हातमा हात मिलाएपछि राजतन्त्रको अन्त्य भएको हो । जनताले गणतन्त्र ल्याउनको लागि सङ्घर्ष गर्दा कति सहिद भए कति वेपत्ता भए भने कतिले आफ्नो परिवार गुमाउनु परेको थियो । जनताहरूको आवाजको विरूद्ध सत्ताधारी शाही सरकारले केही पनि गर्न नसकी घुडा टेक्न वाध्य भएको हो । यसै गरी नारी माथि पुरूषले गरेको अन्याय र अत्याचार झल्किने कवितामो एक नमूना यस्तो छ :

जन्म्यौ हामी संसारमा आइमाईको जातमा

आईमाईको जीवन बित्छ पुरूषको लातमा ।

समाजमा पुरूषले नारीलाई दबाउँछ

सधैँभरी पुरूषले नारीलाई सताउँछ ।

नारी नै हुन् जन्म दिने माओ जस्ता व्यक्ति

नारी नै हुन् समाजको सिर्जनाकी शक्ति ।

समाजमा आइमाईको भाको छैन हित

स्वतन्त्रता र अधिकार छैन नारी सित ।

(वेदना नारीको : ५१)

माथिको कवितामा नारीमाथि भएको अत्याचारको वर्णन राईले स्पष्टसँग गरेकी छन् । नारी जननी हो, धर्ती हो तर पनि समाजले नारीलाई हेर्ने दृष्टि बदलिएको छैन । आइमाईको जुन लिएर जन्मेपछि पुरूषको भर पर्नू परेको छ । पुरूषले नारीलाई सधैं हेय दृष्टिले हेर्ने गरेको छ । नारी सिर्जनाकी प्रतिमूर्ति हुन् उनले नै माओ, बुद्ध जस्ता महान् व्यक्तिहरूलाई जन्म दिएकी हुन् । महिला भएर जन्मेकै कारण उनीहरूको अधिकार संरक्षण भएको छैन । कानुनमा महिला हक बारे लेखिए पनि उचित अधिकार महिलाहरूले पाएको देखिदैन । यसै गरी राई सन्तान हुँदा र आमा हुँदाको अनुभवलाई यसरी व्यक्त गरेकी छन् ।

पृथ्वीमा जब म आमा भएर बाँच्न थाले

सन्तान हुँदाको अनुभूति स्मरणमा पाले ।

आमा हुँदा सन्तानको अनुभूति संगालेकी छु

म आमा हुँदा आमा भएर मातृत्व अंगालेकी छु ।

सन्तान हुँदा आमाको महफ्वको हुँदैन रहेछ ज्ञान

जब हुन्छ ज्ञान, तब हुन्न आमाको शरीर ज्यान ।

(आमा हुँदा : ३२)

यस कवितांशमा जब महिला आमा बन्दछन् तब मात्र आमाको ममता थाहा पाउँछन् । आमाले गरेको माया आफूले सन्तान प्रतिको मायाबाटै जान्न सकिने आफू आमा भई सक्दा आमाको मृत्यु भइसक्ने कारणले आमालाई कहीँ पनि भेट्न सकिदैन भन्ने भाव यसमा व्यक्त भएको छ । यसै गरी अहिलेको परिवेशमा विद्यार्थीहरूले पढ्ने भन्दा पनि चिट चोरेर पास हुने प्रवृत्ति बढेको छ भन्ने कुरा कविताबाट यसरी स्पष्ट परेकी छन् :

चिटिङ्ग गर्नु अपराध हो आफैलाई धोका दिनु हो

निरीक्षकलाई ठगेजस्तो गरेपनि आफै ठगिनु हो ।

तिमीहरू भेलि कर्म क्षेत्रमा जानु छ, आफ्नो क्षमता देखाउनु छ

कर्ममा देखाउन नसके भोलि तिमीले लिएको डिग्री बेकार छ ।

अध्ययन मनन खुव गरी आत्म विश्वास राखी लेख

आफ्नो परिश्रममा तिमी नै भविष्य उज्जव देख ।

स्वविवेकले लेख अवश्य हुन्छौ पास

आफ्नो क्षमता देखाउने मौका हो यो जाँच ।

(परीक्षाहलमा बस्दा : ४४)

उपयुक्त कवितांशमा विद्यार्थीले चिटिङ्ग गर्नु भनेको आफैलाई धोका दिनु र अपराध गर्नु हो भनेकी छन् । निरीक्षकको आँखा छली परीक्षामा लेख्नु भन्दा दिन रातको मेहनतले लेख्न उपयुक्त हुन्छ । चिट चोरेर पास हुँदा कर्मक्षेत्रमा जानको लागि आप्ठ्यारो अवस्था आउन सक्छ । आफ्नो मेहनतले डिग्री प्राप्त गर्नुमा छुट्टै मजा आउँछ । आत्मविश्वास राखी अध्ययन गरेमा विद्यार्थीहरू अवश्य पनि सफल हुने र भविष्यमा उज्ववल हुने कुरा निश्चित छ ।

### ५.३.२.३ संरचना : बनोट

शान्तिकुमारी राईको 'चेतना' कविता सङ्ग्रहमा लामा छोटा गरी ४२ वटा कविताहरू शीर्षकबद्ध छन् । कविता एक अनुच्छेद देखि लिएर विभिन्न अनुच्छेदमा विभक्त छन् । बनोटका दृष्टिले हेर्दा बाहिरी जिल्दा समेत गरी ८२ पेजमा ४३ कविताहरू विभक्त भएका छन् । ६७ पेजमा कविता भए पनि बाँकी पृष्ठमा भूमिका, विषय सूची रहेको छ । यस सङ्ग्रहमा सङ्कलित छोटा कविताहरू 'यन्त्र हो दुःख', 'देशले जाँगर माग्छ', 'विकामे जिन्दगी' हुन् ।

कविताको आन्तरिक संरचनामा पर्ने भाव, लय, विषयको कुशल संयोजन रहेको छ । यसमा अनुभूत आवेग, समवेदना र कल्पनाको समन्वय सुन्दर ढङ्गले गरिएको छ । छन्दका दृष्लि हेर्दा दुई पङ्तिको एक श्लोक बन्ने गीति छन्दको प्रयोग छ भने कतै-कतै गद्य लयको पनि प्रयोग छ । कविता ५ श्लोक देखि २२ श्लोक सम्म विस्तार भएका छन् ।

**चेतना** (२०६४) कविता सङ्ग्रहका कविताहरूमा जनताहरूमा जागरूक भावनाको विस्तार हुनुपर्ने भाव व्यक्त गरिएको छ । प्रायः एकलापको ढाँचामा रहेका कविताहरू श्लोक वा पङ्क्तिमा संरचित छन् । 'चेतना' कविता सङ्ग्रहमा सङ्कलित कविता मध्ये 'समान हक' १६ श्लोक, 'आगमन बहुदलको' १२ श्लोक, 'शान्ति खोई ?' १६ श्लोक, 'मेरो देशको हालत' १३ श्लोक, 'नेता र सत्ता' १२ श्लोक, '...र त बौलाहा ताल छ' ३२ श्लोक, 'मेरो देशमा के छैन ?' ८ श्लोक, 'चेतना' १४ श्लोक, 'निर्दयी संसार' ७ श्लोक, 'यन्त्र हो दुःख' ५ श्लोक, 'चर्तिकला कथित कन्युनिष्टको' १० श्लोक, 'प्रगति खूव गरियो ?' २५ श्लोक, 'आमा' ९ श्लोक, 'आमा हुँदा' १३ श्लोक, 'जीवनको घुम्तीहरू' १३ श्लोक, 'हार्दिक श्रद्धाञ्जली' १७ श्लोक, 'काठमाण्डु झ्याली' २२ श्लोक, 'परीक्षाहलमा बस्दा' ८ श्लोक, 'प्लेनमा यात्रा गर्दा' ८ श्लोक, 'देशले जाँगर माग्छ' ५ श्लोक, 'उदयपुरे चाम्लिङहरू' १५ श्लोक, 'आफैलाई हेर्दा' ११ श्लोक, 'वेदना-नारीको' २४ श्लोक, 'धर्म माध्यम शोषणको' १३ श्लोक, 'खेलवाड जिन्दगिको' ९ श्लोक, 'आह्वान' ६ श्लोक, 'विकामे जिन्दगी' ५ श्लोक, 'कोईलीको आवाज' ९ श्लोक, 'गौरवशाली नेपाली' ४ श्लोक, 'दोस्रो जनआन्दोलन' १८ श्लोक, 'मेरो मनको प्रश्न' १० श्लोक यसै गरी गद्य ढाँचामा संरचित 'आधा धर्ती', 'राष्ट्रियता', 'यही हो मेरो देश', 'गरिबका अनेक रूप', 'फाइटे', 'भनेर मात्र क्यै हुन्न', 'के गरौं', 'के अचम्म', 'एक गीत' हुन् ।

राईको 'चेतना' कविता सङ्ग्रहमा सङ्कलित धेरै जसो कविता पद्य लयमा लेखिए पनि केही कविता गद्यमा लेखिएका छन् । कवितामा शब्द पद, पदावली वाक्यांश, वाक्य आदि भाषिक आवृत्तिहरूको पटक-पटक आवृत्ति भइरहनु उनका कवितामा पाइने संरचनात्मक विशेषता पनि हो । उदाहरणका रूपमा यही हो 'मेरो देश' शीर्षकको कविताका केही पङ्क्तिलाई लिन सकिन्छ :

वुद्ध र अरनिको, सीता र भृकुटी जन्मिएको देश
सगरमाथा र बहादुर नेपालीको नामले चिनिएको देश
यही हो मेरो देश,
असललाई खराव, झुठालाई सत्य देखाइने देश
भलाद्मीलाई घमण्डी लुच्चालाई महान ठानिने देश
यही हो मेरो देश,
भण्डारखाल र कोतपर्ववाट जंगे जन्मेको देश,
घात अन्तरघात जस्ता काण्डहरू भइरहने देश,
यही हो मेरो देश,

(यही हो मेरो देश : २२)

उपयुक्त कविताांशमा शीर्षकको रूपमा रहेको यही हो मेरो देश पटक पटक दोहोरिएको छ । जसले गर्दा कवितामा वृत्तकारीय ढाँचाको प्रयोग गरिएको छ । यस्तै शैलीको प्रयोग गरिएका कविताहरू 'गरिबका अनेक रूप', 'प्रगति खूव गरियो', 'सन्तानप्रतिको माया', 'भनरे क्यै हुन्न', 'के अचम्म ?', 'आधा धर्ती' हुन् ।

यसरी **चेतना** कविता सङ्ग्रहभित्रका कविताहरू एकलापपूर्ण कवि कथनात्मक पद्धतिमा आधारित छन् । जसमा सम्बोधनात्मक, वार्तालाप, आत्म सम्बोधनात्मक शैलीको प्रयोग गरिएको र कवि कथन पद्धतिमा परिपुष्ट आन्तरिक संरचनाको बनोट भएको छ । सम्पूर्ण जनताको जागरण गान गर्ने क्रममा राइले व्यक्तिगत भावना र विचारलाई विषय बनाउदै प्रगीतात्मक संरचनामा संरचित कविता लेखेकी छन् ।

## ५.३.२.४ लय विधान

कविता विधाले लयात्मकता र गेयात्मकतालाई धेरै ठूलो महफ्व दिएको हुन्छ । यही विशेषताले कवितालाई लोकप्रिय बनाएको हुन्छ । कविता बद्धलय र मुक्तलय गरी दुई थरी लयमा संरचित भएको हुन्छ । मुक्तलयमा संरचित भएका यस सङ्ग्रहका कविताहरू जम्मा ६ वटा रहेको छन् भने बाँकी बद्दलयमा संरचित छन् । जसमध्ये पनि तिज गीति लय, गोठालो लय आदि छन् । तीज गीति लयको प्रयोग गरिएको एउटा कविताको नमूना यस्तो छ :

आधि आकाश ढाक्ने नारी आधि धरति,
संसारमा नारी किन आज पछाडि ।
यो हो सत्य अब बुझेर - २
सबै महिला साथी हो ।
अब हामी नबसौ, यहाँ हामीले अन्याय सहेर ।
संसारको नजरले नारी कमजोर देखेर
अवसर मौका दिइदैन नारी भनेर ।
यो हो सत्य अब बुझेर-२
सबै महिला साथी हो ।
अब हामी नबसौँ यहाँ हामीले अन्याय सहेर ।

(आधा धर्ति : १)

यस कवितामा आधा धर्ति र आधा आकाश ढाक्ने नारी जाति सधैँ पछाडि परेका छन् । संसार भर नारी कमजोर देखिएका छन्, त्यसैले नारी पनि पुरूषभन्दा केही कमजोर छैनन् भन्ने कुराको सबै नारी मिली प्रमाणित गर्नुपर्दछ भन्ने देखाईएको छ । यसै गरी बरीलै भाकाको प्रयोग गरिएको कविताको नमूना यस्तो छ :

लौननी, अबेर भो छिट्टै गरौंन
सबै देश स्वतन्त्र हुन्छ नेपालमा रोकियो बरी लै
जो-जो बोले सत्यकुरा त्यसलाई गोली ठोकियो

लौनन्नी अबेर भो छिट्टै गरौं नी
मर्ने आज मरी गए बाँच्ने सास्ती खाँदैछ बरी लै
लाखौं यहाँ मिचिदैछन् मुठ्ठीभर नाच्दैछ बरी लै ।

(के गरौ : ५६)

उपयुक्त कवितामा बरीलै शब्द वाक्यको अन्त्यमा पटक पटक आवृत्ति भएको छ साथै लौनन्नी अबेर भो छिट्टै गरौं नी भन्ने वाक्यको आवृत्तिले थप लयात्मकता प्रदान गरेको छ । अरू देशको तुलनामा आफ्नो देशमा विकासका कार्यक्रम ढिलो भएका, मुठ्ठिभर जनताले मात्र राज गरिरहेको भाव कवितामा व्यक्त गरिएको छ । झ्याउरे छन्दको प्रयोग भएको 'प्लेनमा यात्रा गर्दा' कविताको उदाहरण यस प्रकार छ :

डाँडा र पाखा, पहाड र पर्वत क्या सुन्दर हाम्रो देश
विविध छ धर्म, विविध संस्कृति विविध छ हाम्रो भेष ।
हिमालमुनी छपक्कै बादल रूवा नै जस्तो छ
नेपाल भन्नु काल्पनिक स्वर्ग सायदै यस्तै छ ।
नेपालमा कति प्रकृति देन छ सकिन्न गनेर
सकिन व्यक्त गर्नलाई नेपाल यस्तो छ भनेर ।
कहीँ छ खोला, कहीँ छ नाला, हरियो जङ्गल वन
प्लेनमा यात्रा गर्दामा मेरो प्रपुल्ल हुन्छ मन ।

(प्लेनमा यात्रा गर्दा : ४६)

यसरी कवि राईले झ्याउरे छन्द अर्थात् लोकलयको प्रयोग गरी कविता रचना गरेकी छन् । यिनले धेरै जसो कवितामा लोक लयकै प्रयोग गरेकी छन् । प्लेनमा यात्रा गर्दाको अनुभवलाई कविले कवितामा व्यक्त गरेकी हुन् । हाम्रो देश नेपालको सुन्दर भौगोलिक अवस्थितिको चित्रणमा कवि रमाएकी छन् । नेपाललाई कविले स्वर्गको एक टुक्राको रूपमा कवितामा व्यक्त गरिएको छ ।

## ५.३.२.५ विम्ब विधान

'चेतना' कवितामा राईले अन्य कवितामा जसरी विम्बको झिनो प्रयोग गरेकी छन् । सामाजिक जनजीवनबाट मात्र नभएर उनले प्रकृतीब्राट पनि कवितामा विम्बको प्रयोग गरेकी छन् । विम्बले समाजको यथार्थ प्रस्तुति गर्ने भएकाले समाजका यथार्थ घटनाहरूका टीका टिप्पणी गर्नु राईको महफ्वपूर्ण कार्य हो । विम्बको प्रयोग भएका उनका कविताहरू मध्ये 'मेरो मनको प्रश्न' पनि एक हो, जसको उदारण यस प्रकार छ :

यो मनले सोंची रहेछ कतातिर लागुँ ?
साहित्य तिर कि मातृभाषा तिर ??
भाषा मेरो आमा हो, भने साहित्य मेरो चाख
एउटा मनले भनी रहेछ साहित्यतिरै लाग ।
आफ्नो भाषा मर्‍यो भने पहिचान नै मर्छ,

स्व-पहिचान नहुँदामा भावीपुस्तालाई असर पार्दछ ।

(मेरो मनको प्रश्न : ६७)

उपयुक्त कवितांशमा साहित्यलाई नेपाली भाषाको विम्बात्मक अर्थमा लिइएको छ । नेपाली भाषातिर योगदान गर्ने कि चाम्लिङ भाषातिर भन्नेमा कवि दोधारामा परेकी छन् । आफ्नो भाषालाई आमाको विम्बका रूपमा लिने राइले भाषा मऱ्यो भने भावी पुस्ताको पहिचानमा आँच आउने कुरामा ढुक्क छन् । यसै गरी 'के अचम्म ?' शीर्षकमा प्रयोग गरिएको विम्बको एक प्रस्तुति यस्तो रहेको छ :

नेपालमा पटक पटक चेन्ज भयो शासन व्यवस्था
तापनि चेन्ज भएन यो देशमा शासन गर्ने हर्ताकर्ता
जुन व्यवस्था आए पनि शासन गर्छ चुच्चेनाक भएका ?
लोकतन्त्रमा पनि तिनै अनुहार, तिनै सोचाईहरू न
नयाँ व्यवस्थामा पनि आवाज तिनै, कुराहरू ती नै
मञ्च मात्र नयाँ भयो, अभिनयकर्ता ती नै पूरानो नै
के अचम्म ! के आश्चर्य ! !

('के अचम्म !' : ६४)

उपर्युक्त कवितांशमा चुच्चेनाकलाई ब्राहमणहरूको विम्बको रूपमा प्रयोग गरिएको छ । नेपालमा शासन व्यवस्थामा परिवर्तन आए पनि शासनमा बस्ने मानिस परिवर्तन नभएको अर्थमा चुच्चे नाक प्रयोग भएको हो । मञ्च नयाँ भनेको शासन पटक पटकको परिवर्तन हो भने अभिनय कर्ता पूरानो भन्नाले शासनमा जाने मानिस पूरानै भएको स्पष्ट जानकारी प्राप्त हुन्छ ।

यसरी राईका कवितामा राजनीतिक, सामाजिक यथार्थ परिवर्तनको कुरालाई विम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । कुरा गराइको शैलीमा राईका कविता प्रस्तुत हुने भएकाले विम्बको ज्यादै प्रयोग नभए पनि कहीँ कतै छिटफुट मात्रामा प्रयोग भएको  देखिन्छ ।

### ५.३.२.६ प्रतीक योजना

विशिष्ट भाव सम्प्रेषण गर्नका लागि विशिष्ट भावदृष्टिको प्रयोग गर्नु एउटा कविको कवि कौशलता पनि हो । कुनै खास समुदायमा दृश्य वा शाब्दिक रूपमा कुनै वस्तुको प्रतिनिधित्व गर्ने चिन्हलाई प्रतीक भनिन्छ ।

कुनै पनि रचनाकारले आफ्नो रचनामा स्वभाविक ढङ्गले प्रतीकको प्रयोग गरी कविता वा रचनालाई मूर्त रूप दिएका हुन्छन् । समाजमा रहेका विभिन्न सत् वा असत् पक्षहरूलाई संरक्षणा वा उन्मुलन गरेर व्यवस्थित समाजको निर्मण गर्ने अभिलासा बोकेकी राईको चेतना कविता सङ्ग्रह भित्रका कवितामा विम्बको जस्तै प्रतीकको पनि कमै प्रयोग भएको छ किन भने यिनका कवितामा सरलता, सहजता पाइन्छ । कवि राईका कवितामा प्रतीकको प्रयोगले कवितालाई अर्थयुक्त बनाएको छ । राईको चेतना कविता सङ्ग्रहमा प्रतीकको कमै प्रयोग भएको छ । प्रतीक प्रयोगका दृष्टिले उनका कविता ज्यादै कमजोर  छन् । राईको कवितामा प्रयुक्त प्रतीकको एक उदाहरण यसप्रकार रहेको छ :

मरिछे की ? कोईली चरी शुन्य भयो वन,

शुन्य वन देख्दाखेरी मेरो रोइ रहन्छ मन ।
तिनै वनमा डढेलो पो सल्किएछ आज,
वनको सारा समाप्त भो सुख शान्तिको राज ।
(शान्ति खोई : १०)

उपर्युक्त श्लोकमा वनको शान्तिको प्रतीकको रूपमा कोइली चरीलाई लिइएको छ, जसको वासस्थानमा डढेलो लागेर आज सखाप भई रहेको छ । वनमा कोइलीको मधुर स्वर सुन्न नपाउँदा कोइली नै मरेछ की भन्ने विचार कविको मनमा आएको छ । सारा वन डढेलोले सखाप पारे जसरी नेपाललाई पनि भ्रष्ट मति भएका नेताहरूले सखाप पारेको कुरा कविले प्रतीकात्मक अर्थमा व्यक्त गरेकी छन् । यसै गरी आधा आकाश ओगट्ने नारीलाई पुरूषले दबाएकोमा त्यसको चित्रण राईले यसरी गरेकी छन् :

पुरूषप्रधान देश हो हाम्रो हिमालय मुनी
जन्मेका छौ लिएर नै आइमाईको जुनी ।
लोग्नेलाई देवता मान्ने परम्परा माने,
नारीलाई पुरूषको दासी जस्तै ठाने ।
मर्दको दश घरबार भन्ने चलन चल्यो,
नारीलाई यो समाजले दल्न सम्म दल्यो ।
आखीरमा नारी पनि मानव समाजको
उनको शरीर बनेको छ मासु रगतको ।
(समान हक :७)

यस कवितामा देशलाई पुरूषप्रधान समाज भनी ऋषि, मुनिहरूको पवित्र भूमिको रूपमा लिइएको छ । लोग्नेलाई देवता मान्ने परम्परा ऋषि मुनिहरूबाटै चल्दै आए पनि दासीको रूपमा महिलाहरू नरहेको देखिन्छ । मर्द भनेको पुरूषलाई सम्बोधित शब्द हो । नारी पुरूष दुवै समाजमा समान भए पनि नारीलाई घृणा र हेला भावले हेरिन्छ । हाम्रो देशमा नारीलाई हेर्ने दृष्टि अलि फरक रहेको छ भन्ने भाव कवितामा रहेको छ ।

### ५.३.२.७ भाषाशैली

कवि शान्तिकुमारी राईको ‘चेतना’ कविता सङ्ग्रहमा कठिन शब्दको भन्दा सरल, र सहज भाषाशैलीको प्रयोग भएको छ । सरल र सहज भाषाशैलीको प्रयोग गर्नु कवि राईको मुख्य विशेषता हो । नेपाली भाषामा प्रचलित र आगन्तुक शब्दहरूको प्रयोग कवितामा गर्नु उनको व्यक्तिगत विशेषता हो । तत्सम, तत्भव आगन्तुक शब्दको सन्तुलित चयनले गर्दा कविता सङ्ग्रहमा भाषिक सौन्दर्यता भरपुर मात्रामा झल्केको पाइन्छ । सरल, श्रुतिरम्य अर्थ पूर्ण शब्दमय भाषाको प्रयोग कवितामा प्रयुक्त भएको छ । प्रगीतात्मक संरचनामा संरचित कविताको भाषाशैली लयात्मक रहेको छ ।

सरल, सहज भाषाशैलीको प्रयोगले कविता जटिल नबनी सरल, सुबोध्य बनेका छन् । विविध ढङ्गबाट जीवन र जगत्को अनुभूतिलाई अभिव्यक्ति दिनु पर्नेमा कतिपय कवितामा क्रान्तिकारी रूपवादको प्रभाव छ । यिनका कविताहरूमा प्रश्नात्मक शैली र विविध आश्चर्यवाचक

योजक चिन्हहरूको ठाउँ ठाउँमा प्रयोग गरिएका छन् । राईको व्यङ्ग्यात्मकता प्रयोग गरिएको कविताको उदाहरण यस्तो छ :

नेताहरू हो ! खाओ देशलाई लुछी सिध्याऊ,
ढाडिएर डकारी देऊ, गरेर ढ्याउ-ढ्याउ ।
ए राष्ट घाती हो । धर्तीलाई देउ लातै-लात,
ए गद्धार नेता हो ! जनतालाई देउ मात्रै बात ।
उहिले खाली खुट्टा हिड्ने वामपन्थीहरू,
आज भए सुविधाभोगी हाम पन्थीहरू ।
डाडु -पन्यु हातमा छ थपी थपी खाऊ
बेस्सरी खाउ मिलाइ मिलाई दरभाउ ।
('... र त बौलाहा ताल छ' : १५, १६)

उपर्युक्त कवितामा कविले देशका नेताहरू माथिको तीव्र व्यङ्ग्य प्रस्तुत गरेकी छन् । नेताहरूले देशको विकासको सट्टा देशलाई अधोगतितर्फ लगिरहेका छन् । जनतालाई चिप्ला भाषणमा भुलाएर देशलाई लात मारेको अवस्था छ । खाली खुट्टा हिँड्नेहरू पजेरोमा सयर गरी देशको ताला चाबी आफ्नो हातमा लिई जनतालाई भालु जसरी नचाई रहेको भन्ने व्यङ्ग्य भाव राईले व्यक्त गरेकी छन् ।

यसै गरी प्रश्नात्मक शैलीको प्रयोग भएको 'शान्ति खाई ?' कविताको नमुना यसप्रकार रहेको छ :

रगतको खोला बग्दा कसलाई भयो मज्जा ?
आफ्नैलाई मर्दाखेरी भएन कुनै लाज ?
एकले अर्को मार्दा भयो कस्तो खती ?
नेपालीले नेपालीलाई मार्ने आयोमती ?
किन आज सुनिदैन छङ्छङ गर्ने खोला,
विश्व अशान्ति समाप्त भई शान्ति कहिले होला ?
ठण्डा भई सोंची हेरौं त के गर्दैछौ हामी ?
आफ्नै घर परिवारलाई बनाउँदैछौ खरानी ।
(शान्ति खाई ? : ११)

उपयुर्क्त कवितामा प्रश्नात्मक शैलीको उचित प्रयोग गरिएको छ । देशमा शान्ति भन्ने शब्द कतै पनि रहेको छैन् । जतासुकै अशान्तै अशान्तले गुज्रीरहेको छ । जसले जता मारे पनि नेपालीको क्षती भइरहेको छ । देशमा रगतको खोलो बगेको छ । छङ्छङ् बग्ने खोलानाला पानी बगेको सुनिदैन विश्वमा अशान्ति नै अशान्ति छाएको छ । यसरी दाजुभाइले आफ्नै परिवारलाई खरानी बनाउनुभन्दा विश्व शान्तिको कामना गर्नु उपर्युक्त मानिन्छ ।

यस्तैगरी राईका कवितामा आत्मलापीय शैलीको प्रयोग भएको 'आफैलाई हेर्दा' कविताको प्रयुक्त नमुना यस्तो छ :

मासुले टम्म भरीएको शरीर, भयो अब हड्डी र छालामात्र बाँकी,

टिमिक्क परेको यो शरीर, सुनारकै जस्तो हुन गयो खलाँती ।
बाँकी रहयो एकमुठी सास अनि बाँकी छ, आशा
ट्याउँ-ट्याउँ कराउँछ सधैं मर्छु कि भन्ने छ त्रास ।
ख्वाङ-ख्वाङ खोक्दा खलाँती हुन्छ यो पेट,
शरीर र सुख सयलको कहिल्यै भएन भेट ।

(आफैलाई हेदा :५०)

प्रयुक्त कवितामा कविले आफ्नो शारीरिक बनावटको बारेमा वर्णन गरेकी छन् । पहिला हृष्टपुष्ट भएको शरीरमा रोग लागेपछि हाड, छालामात्र बाँकी रहेको, बोल्न मात्रै मन लागिरहने, खोकी मात्र लाग्ने भएकाले सम्पूर्ण कुराको उपज दुःख भएको कवि ठान्दछिन् ।

अतः समग्रमा राईका कवितामा चेतनामूलक स्वर अङ्गालिएको छ । जनताहरू सदिऔं देखि शासकको शोषणबाट पीडित भए पनि वर्तमान परिबेशमा उनीहरू पनि केही चेतनशील भएका छन् भन्ने कुरा कविता मार्फत् बताउन खोजिएको छ ।

## ५.३.३ 'मनको वह' (२०६४) कविता सङ्ग्रहको विवेचना

साहित्यकार शान्तिकुमारी राईको साहित्य यात्राको दोस्रो चरणका कृतिहरूमध्ये **मनको वह** तेस्रो कृति हो । २०५३ सालदेखि सुरू भएको कवि राईको कवितायात्राको दोस्रो चरणको अन्तिम कृति नै 'मनको वह' हो । यस कविता सङ्ग्रह भित्र लामा-छोटा गरी ३६ वटा कविताहरू शीर्षकबद्ध रहेका छन् । ती हुन् :

'दयाभाव', 'झुठाप्रेम', 'साँचेको माया', 'साथ छुट्दा', 'संवेदनाहीन मान्छे', 'मनको वह', 'रून्छ मन', 'मन-मति', 'कुठाराघात', 'निरस जिन्दगी', 'दुर्घटना हुँदा भावनामा', 'मनको घाउ', 'उसलाई बिटुलिएको पाउँदा', 'मन फाटेपछि', 'मुटु दुखेकै छ', 'घायल मन', 'बरीलै', 'खुशी रोज्दा', 'मन', 'प्रेममा धोखा भएपछि', 'बीरही मन', '...तर म मान्छे भएँ', 'मनमा झस्को पस्दा', 'जिरीको बसाई -बसन्त ऋतु', 'भावनामा बग्दा', 'प्रेम', 'एकान्तमा बस्दा', 'सङ्घर्ष आफैसँग', 'जीवनका निराश लाग्दा क्षणहरू', 'दिलको ताप', 'मृत्यु प्यारो लाग्छ', 'बल्ल चाख्यो', 'दिलको घाउ', 'मेरो माया', 'हिलो' र 'बसन्त ऋतु' हुन् । यस सङ्ग्रह भित्रका कविताहरूलाई कविता तफ्वका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

### ५.३.३.१ शीर्षक विधान

**मनको वह** कविता सङ्ग्रहमा जम्मा ३६ वटा कविता सङ्कलित छन् । यस सङ्ग्रहभित्रको पहिलो कविता हो 'दयाभाव' । यसमा कविले सधैंभरी आफूले गरिब, दुःखीहरूको सङ्गत गर्ने गरेको, तिनीहरूको असाध्यै माया जागकोले तँ पनि दुःखी हुन्छन् भन्ने आमाको भनाई सम्झिरहन मन लाग्ने तर अहिलेको अवस्थामा आफूनै दयाको पात्र भएको भाव व्यक्त गरेकी छन् । जीन्दगीमा केही गरौंला भन्ने विश्वास पनि समाप्त भएको, गरिबको सेवा गरी कमाएको इज्जत पनि नास हुनै लागेको, अरूको दुःखमा दुःख थप्न नपाउँदा आफ्नो जीवन मरेतुल्य भएको, गरिब दुःखीको सङ्गत गर्न पाउँदा आनन्द लाग्ने गरेको, जीन्दगिको दौडानमा केही व्यक्ति जीवनमा आए पनि ऊ धेरै स्वार्थी भएको, आमाबुवाको आदेश मानी कालोधन्दामा कहिले पनि नलागेको, अहिले गरिबको सेवा गर्न मनलागेपनि नसकेका भाव राईले व्यक्त गरेकी छन् । आफ्नो मनको पीडा कसैलाई बताउन नसक्दा मनभित्र गुम्सिएको छ भन्ने यथार्थभाव व्यक्त भएकाले कविताको शीर्षक भाव अनुकूल सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक एकपदीय रहेको छ ।

'झुठाप्रेम' कवितामा कविले आफ्नो जीवनमा कसैसँग साँचो प्रेम गरे पनि उसले विश्वासघात गरेको कुरा व्यक्त गरेकी छन् । साँचो प्रेमी सम्झी बुवा आमाको इच्छा विपरित उसैसँग जीवन काट्ने बाचा गरेको, दिनरात उसको माया मुटुमा साँची राखेको, सँगै बाँच्ने सँगै मर्ने कसम खाएको, निस्वार्थ प्रेममा धोका दिंदा कहिल्यै नबिर्झने गरी दिलमा आगो लागेको र आफूलाई भूङ्ग्रामा राखेको जस्तो पीडा भएकाले मनले मुत्यू मागी रहेको भाव कवितामा व्यक्त भएको छ । कवितामा पवित्र प्रेममाथी घात भएको भाव व्यक्त भएकाले अविधात्मक अर्थमा शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिशाबले कविताको शीर्षक एकपदीय रहेको छ ।

'साँचेको माया' शीर्षकबद्ध कवितामा कविले जीवनमा कसैको लागि माया साँचेको भाव व्यक्त गरेकी छन् । जुनी जुनीको माया झुठो साबित बन्नु, लामो सहयात्रापश्चात प्रेमीले बिचमै तिरस्कार गर्नु, तिमी बीना बाँच्न सक्दिन भन्ने मान्यतालाई उसले लात मार्नु, उसको सोचाई र गराइ भिन्न रहनु, वगैंचाको फुल झरे जसरी मायामा पनि घात पर्नू, पवित्र माया माथि कसैले वीष घोलिदिंदा यस्तो भएको हो की भन्ने कुरा कविको मनमा उठेको छ । कसैको लागि गरेको पवित्र मायामा कुठराघात भएकाले प्रेम फैलाउन नपाएको अर्थमा शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिशावले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'साथ छुट्दा' शिक्षकबद्ध कवितामा कविले कसैलाई पाउनको लागि गरेका त्यागहरू अनि साथ छुट्दा पाएका पीडाहरूको वर्णन गरेकी छन् । कवितामा कसैसँग माया पाउनको लागि सुख्खा मरूभूमिमा पवित्र मायाको विजहरू रोप्न खोजेको, उसको लागि आफन्तबाट टाढा भई निस्छल प्रेम गरेको, सुख सयल केही नभनी इज्जतको प्रवाह नगरी चोखो प्रेम गरे पनि जीवनको अन्तिम क्षणमा आएर धोकेवाजको संज्ञा दिएको, आफ्नो मनमा उसप्रति अझै माया भए पनि सँगै सहयात्री बन्ने सपनामा कुठाराघात भई सकेको, आफ्नो मृत्यु पश्चात पनि सम्झनामा एक थोपा आँशु नझार्न, हातहरूले आफ्नो लाश स्पर्स नगर्न आग्रह गरेको, उसलाई निस्वार्थ माया गर्दा पनि धोकेबाजको संज्ञा पाएकोले बिचलित दिलले अतीतलाई नसम्झोस् भनी कामना गरेको भाव व्यक्त भएको छ । कविको अन्तर हृदयमा उसप्रतिको मायामा धोखा पाएकोले यत्ति निष्ठुरी बन्न पुगेकी हुन् । कवितामा व्यक्त भाव शीर्षकसँग मिल्ने भएकाले शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय संरचनामा आबद्ध भएको छ ।

'संवेदनाहीन मान्छे' कवितामा कविले मानिसमा उत्पन्न हुने संवेदनहीनताको वर्णन गरेकी छन् । धैर्यहीन अवस्थामा काम गर्नू मुर्खता हो । मानिस बाहिर हाँसे पनि भित्र पीडा खेप्न नसकी आँशु बहाउने गर्दछ । मानिसका पीर मर्का असङ्ख्य हुन्छन् उसले मनका पीर पोख्ने स्थान पाउँदैन । पहिला गरेका सम्झौताहरू सम्पूर्ण अटेर भई कुल्चेकोले मिलन हुने आशा नाघिसकेको छ । सानो अनि सुखी परिवारको सम्भावना हराएकोले टुटेको सम्बन्धसँग मानिस डराएको छ । भविष्य सुखसँग काट्ने आशामा लागेको मानिसको भविष्य निकट आउँदा रूने अवस्था छ । चाहेको कुरा पूरा नहुँदा दिलमा छुरा रोपिने अवस्थामा छ । जीवनका बारेमा जति सोच्यो उत्ति पागल जस्तो भइने निश्चय छ । समूहमा बस्न नसक्दा एकान्त नै प्यारो हुने गरेको छ । यसरी मानिस पत्थर भन्दा कडा, आगो भन्दा तातो, स्वार्थ सिद्धिमा सधैं तैनाथ हुने प्रवृत्तिलाई संवेदनाहीन भनिएकोले कविताको शीर्षक सार्थक छ । संरचनाका हिशाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'मनको वह' कविता शीर्षकबद्ध छैटौं कविता हो । यहि कविताको शीर्षकबाटै सङ्ग्रहको नाम राखिएको छ । कवितामा राईले आफ्नो मनमा अथाहा पीर बोकेर हिँडिरहेको तर पोख्ने ठाउँ कतै पनि नपाएको गुनासो व्यक्त गरेकी छन् । यसमा व्यक्त कविताको शीर्षकबाटै कविताको भाव

थाहा पाइन्छ । आफूले मनमनै कसैलाई आफ्नो भनी जपेर बसे पनि त्यो मनमै रहेकोले सफल हुन सकेको छैनन् । आफूले सोचेको व्यक्ति ढुङ्गा भन्दा पनि पत्थर भएकाले ऊ सँग केही कुरा व्यक्त गर्न नसक्ने अवस्थामा कवि पुगेकी छन् । दिनभरी विगतका क्षणहरू सम्झने र रात रोएर बिताइरहेकी छन् । मनको पीडा कसैलाई प्रकट गर्न पाएकी छैनन् । यस्तो दुःखको अवस्थामा आमा बाबुले साथ छोडिसकेको अवस्था छ । अतः कविको मनभित्रको पीडा मनभित्रै गुम्सिएको अवस्था छ । आफ्नो मनको पीडा कसैलाई बताउन नपाउँदा मनभित्रै गुम्सिएको अर्थमा शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिशाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'रून्छ मन' शीर्षकबद्ध कवितामा कविले आफ्नो मनका विविध अवस्थाको वर्णन गरेकी छन् । घाइते मनलाई नकोट्याएमा बेसरी दुख्ने, भाँचिएको मनलाई नचलाए झन् टुक्रिने, चुडिएको मन दूरदूरसम्म चङ्ग सरी उडिदिने, पीडा सम्झाएमा रून मन लाग्ने, मन जहिले पनि चर्किरहने र आगोको ज्वालसरी तातिरहने भन्ने कुरा व्यक्त भएको छ । मानिस घाइते अवस्थाको मन लिएर बाँचिरहने र त्यस्तो मनलाई सान्त्वना दिने मानिस नपाउँदा झन् जलिरहने अवस्थाको वर्णन गरिएकाले शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'मन-मति' शीर्षकबद्ध कवितामो आफ्नो मन बिग्रेपछि कसैको अति-बुद्धि पनि काम नलाग्ने भाव कविल व्यक्त गरेकी छन् । मनमा सन्तुष्टि र चयन भए शान्ति मिल्ने अनि मुहारमा कान्ति देखिने, मनमा पीर, वेदना र विरहको ज्वाला दन्के पछि जीवनभरी आलस्य बोकी बाँच्नुपर्ने, मनमा लागेको डढेलो आनि निरासा पनलाई मेटाउन कठिन हुने, आमाको सत्वचन नमानी चटक्क मायामारी हिडेको मात्र सम्झना आउने, आमाले आफ्नै निम्ति आँशु बगाए पनि रूवाउँदै छोडेको आज आमाकै श्राप लागेको होकी भन्ने कविलाई भएको छ । दिमागले काम नगरेको बखतमा निर्णय पनि उल्टो हुन्छ भन्ने भाव कवितामा व्यक्त भएकाले शीर्षक भाव अनुकूल सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले हेर्दा कविताको शीर्षक द्विपदीय रहेको छ ।

'कुठाराघात' शीर्षकबद्ध कवितामा भावनामा चोट पुगेपछि मानिसले नराम्रो काम गर्दछ भन्ने भाव व्यक्त भएको छ । विश्वासमा घात भएपछि माया घृणामा परिणत हुने गरेको, सच्चा प्रेममा धोका पाएपछि विकर्षणको भाव उत्पन्न हुने, माया ममता, घृणा र प्रेम-पीरमा परिवर्तन भएपछि आशा निराशामा परिवर्तन हुने, विश्वासघात पछि दिलको घाउमा वज्रपात पर्ने, जीवनभरी चोट, पीडा, धोका खाएपछि भौँतारिदै हिँड्न मन लाग्ने, भावनामा धक्का लागेपछि जीवन निराश र निस्सार बन्ने कुरा कवितामा व्यक्त गरिएको छ । जीवनमा कसैलाई धोखा दिनु महापाप हो भन्ने यथार्थपरक अर्थ व्यक्त गरिएकाले कविताको शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले हेर्दा कविताको शीर्षक एकपदीय रहेको छ ।

'निरस-जीन्दगी' शीर्षकबद्ध कवितामा जीवनलाई निस्सार, निरस, दिक्दार, तीतो र एकान्त भनी व्याख्या गरेकी छन् । यो जीन्दगी निस्सार र निरास दिक्दार र दुःखी, रूखो र रित्तो, ख्याल ख्यालको र हतार हतारको छ । जीवन दुःखै-दुःखमा अल्झेको छ । आँशुको सागरमा डुवेपछि पीडाको ताप सकिएको छ । उडिजाने बादल जस्तो र बगी जाने वर्षको भेल जस्तो छ जिन्दगी, एकै पटक देखिने भएकाले र दौडने भएकाले रेल हो जीन्दगी, एक्लै बाँच्नु पर्नें र पीडामा बाँच्नुपर्ने, दिक्दारीले भरिपूर्ण भएकाले निराशपूर्ण भएको छ । मानिसको जीवन एकपटक मात्र पाईले भएकाले बाँचुन्जेल खेलवाड गर्नु अनुपयुक्त हुने भाव व्यक्त भएकाले कविताको शीर्षक भाव अनुकूल सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'दुर्घटना हुँदा भावनामा' शीर्षकबद्ध कवितामा कविले उन्साठी सालमा आफ्नो भावनामा ठूलो परेको र आफूले व्यक्त गर्न नचाहेकोले त्यस्तो घटनालाई सर्वस्वहरण भएको भन्न चाहेकी छन् । जीवनमा घटेको दुर्घटना पश्चात् आफू हेरिहेको र घोरिइरहेको अवस्था भएकाले त्यस दुःखद दिन र क्षणलाई घटिया भन्न चाहेकी छन् । त्यस दिनको भयङ्कर दुर्घटनालाई सम्झन र फेरि-फेरि नदोहोरियोस् भन्ने कामना गरेको, त्यस दिनको घटनाले आफ्नो जीवनमा सर्वस्वहरण हुँदा जस्तो अनुभव हुन्छ त्यस्तै अनुभव राईले गरेको बताइन् । आफूले नजिक ठानेको मानिसले धोका दिएपछि आफ्नो जीवनमा पाएको पीडालाई फेरि-फेरि सम्झन नपरोस् भन्ने भाव कवितामा व्यक्त भएकाले शीर्षक भावअनुकूल सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक त्रिपदीय रहेको छ ।

'मनको घाउ' कवितमा कविले मनमा घाउनै घाउ बोकेर बाँचिरहेकोले रून मात्र मन लाग्ने भाव व्यक्त गरेकी छन् । मन भरी भएका घाउहरू खाटा बस्न लागेको, कसैलाई आफ्नो बारेमा नसोध्न आग्रह गरेको, आफ्नो मनभारी भएकाले हल्का पार्न गह्रो भएको, विश्वास गरेको मानिसको प्रेम पवित्र छ भन्ने सोचे पनि बास्नादार भएको, सधैँ भरी रोइरहँदा शरीर पात झैँ भएको, मन दुःखे पनि शरीरमा कुनै कष्ट नपरेको, पीरले पोले पानी खाने र घामले पोले छाता ओड्ने गरे पनि मुटु घोचिरहँदा के गर्ने थाहा नभएको, भोक तिर्खालाई जित्दै आए पनि मुटु चस्केकोमा केही गर्न नसकेको, आफू पहिला प्रेममा मख्ख परी पछि लागे पनि अहिले पश्चातापको छाँगाबाट खसेजस्तो अनुभव भएको, सँगै मर्ने कसम खाएको मानिस बास्ना प्रेमी भएकाले टेक्ने ठाउँ र समाउने जरो पनि नपाएको, भाव कवितामा व्यक्त भएको छ । कवितामा कविले मन पराएको मनिसले पीडा दिंदा कसरी जीवन बिताउने भन्ने थाहा नपाएको भन्ने अर्थ व्यक्त भएकाले शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'उसलाई बिटुलिएको पाउँदा' शीर्षकबद्ध कवितामा कविले आफ्नो भावना विपरित आफ्नो मानिसले कुनै अनैतिक कार्य गरे पनि स्वास्नी मानिसले लोग्नेलाई देउतासरी पूजा गर्ने गरेको भाव व्यक्त भएको छ । आफ्नो मुटुमा नमेटिने घाउ लगाएर उसले सम्पूर्ण इच्छा पूर्ण गरेको, उसले धोखा दिएर गए पनि मायाको दुरी झनै बढेको उसप्रति वितृष्ण भाव जागेको, आकर्षणको सट्टा विकर्षण भएको, मायाको चाहना बढ्दै गएको, हीरा जस्तो जीवन सस्तो भएको, जीवनलाई गुन्द्रुक जस्तो अमूल्य ठान्न थालेको, अमृत पान गर्ने जीवनमा विषपान गरे जस्तो लाग्न थालेको भाव व्यक्त गरिएको छ । आफूले विश्वास गरेको मानिसले मनमा ठेस पुऱ्याएपछि आफूलाई वास्ता नगरेको अर्थमा शीर्षक सार्थक छ । संरचनाको हिसाबले कविताको शीर्षक त्रिपदीय अर्थात वाक्य स्तरीय रहेको छ ।

'मन फाटेपछि' शीर्षकबद्ध कवितामा मन फाटेपछि टाल्न नसकेको, आत्मलाई ढाँट्न नसकेको भाव राईले व्यक्त गरेकी छन् । मन फाटेपछि जतासुकै फाट्ने भएकाले टाल्न नसकिने र नयनबाट झर्ने आँशुले भतभती पोलिरहेको कुराको वर्णन कवितामा छ । एक पटक लागेको मनको घाउ निको नभएपछि जति भुल्न खोज्यो त्यति गहिरिएर जाने र जति सम्झियो त्यति गाढा बन्ने, आत्मालाई ढाँट्न नसक्दा अतीतका याद ताजै रहने, स्मृतिलाई सम्झदा मन रून्ने भन्ने भाव व्यक्त भएकाले कविताको शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'मुटु दुःखेकै छ' शीर्षकबद्ध कवितामा जीवनसाथी पाउँदाको खुशी र आफ्नो विश्वास माथि भएको घातको बारेमा व्याख्या गरिएको छ । जीवनको प्रथम घडीमा कसैसँग भेट हुँदा भएको

उल्लासमय क्षणमा अहिले निराश भएको, उसलाई पाउँदाको दिनमा जति खुसी लागेको थियो त्यत्ति नै दुःख लाग्ने गरेको, उसको साथमा पाउँदा बाबुको इज्जतको पनि कुनै प्रवाह नभएको र उसको दिलमा अरू कसैले बास गरेको पाउँदा मनमा भैँचालो आएको छ, जतासुकै अन्धकार छाएको छ र आशाहरू रित्त छन् । पहिला पत्नीव्रता बनी जवानी छउञ्जेल मस्ती गर्ने र पुरूषार्थको धाक लगाउने मानिस आज नीच र स्वार्थी भएकाले, लोग्ने मानिसलाई राक्षस र पिपासुको संज्ञा राईले दिएकी छन् । आफूलाई लोग्नेको मृत्यु नभए पनि सती हुँ भन्न मन पराउने कविले आफूले दिएको श्राप उसलाई नलागोस् भन्ने कामना गरेकी छन् । कवितामा बाबुको इज्जत र आमाका भनाईहरूको कुनै वास्ता नगरी जीवनसाथी रोजे पनि उसैले आफूलाई धोखा दिएको अर्थमा शीर्षक सार्थक रहेको छ । संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'घायल मन' शीर्षकबद्ध कवितामा कविले जीवनमा पीडाहरू धेरै भोगी सकेकोले घाउ कहाँ दुख्छ नसोध्न आग्रह गरेकी छन् । कविले आफूलाई घाउ कहाँ दुःखेको छ भनी सोध्नु भन्दा नदुखेको ठाउँ सोध्न आफ्नो मनको घाउ चर्चरी दुःखेकोले कसैलाई नकोट्याउन, सकेमा घाउमा मलम पट्टी गर्न, आफ्नो शान्त परिवारमा अशान्ति छाएको,एकैक्षणको भूलले वर्तमानमा सजाय पाएको, आवेगमा कसैलाई अङ्गाल्नु ठूलो भुल हो भन्ने भाव व्यक्त गरिएकाले कविताको शीर्षक भावअनुकूल सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'बरिलै' शीर्षकको कवितामा कविले आफूलाई माया गर्ने मानिसबाट ठूलै घात भइसकेकोले हाँसे पनि रोए पनि कसैलाई केही चासो नभएको भाव व्यक्त गरेकी छन् । कविले आफ्नो जीवनमा धेरै ठूलो पीडा पाएकी छन् । आफू पागल सरी हाँसे पनि रोए पनि बसिरहे पनि, हिँडिरहे पनि, कसैलाई केही मतलब नभएको राईले कवितामा व्यक्त गरेकी छन् । आफू मानव भएकाले आफूभित्र मानवता भएकाले सहने शक्ति भएको, भावनामा चोट लाग्दा रून मन लाग्ने, उसको मुटु भए पनि हृदय नभएको मानिसको रूपमा चर्चा गरेकी छन् । दिमागमा लागेको चोट कहिले पनि निको नहुनाले आफूले देवता ठानेको मानिस राक्षस बनेकोले अब पछुताउनु कुनै विकल्प नभएको, उसले अतीतमा गरेका माया सम्झेर अहिले रोई रोई बाँच्न बाध्य भएको भाव राईले कवितामा व्यक्त गरेकी छन् । आफू मायामा पागल भए पनि आफ्नो लोग्नेले अर्कोलाई अपनाएपछि केही सीप नलागेको अर्थमा कविताको शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले शीर्षक एकपदीय रहेको छ ।

'खुशी रोज्दा' शीर्षकबद्ध कवितामा पहिलो पटक आफ्नो निर्णय गरी खुसी खोज्दा वर्तमानमा दुःखी हुनु परेको अवस्थाको वर्णन राईले गरेकी छन् । आफूले मनलाई खुशी पार्नको लागि सुख त्यागे पनि दुवै प्राप्त गर्न नसकेको, भौतिक खुसी त्यागी उसलाई प्राप्त गर्दा दुःख रोजेको, भौतिक सम्पन्नतामा पूर्ण हुँदा सुख प्राप्त भए पनि खुसीमा मनको सन्तुष्टि झल्कने भाव राईले कवितामा वर्णन गरेकी छन् । सुख र खुशी एक अर्काका विपरीत शव्द भएकाले सुख छोडी खुशी रोज्दा पश्चाताप लागेको कुरा यथार्थ रूपमा व्यक्त भएकाले शीर्षक भाव अनुकूल सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले शीर्षक द्विपदीय रहेको छ ।

'मन' कवितामा मानिसका मनमा विश्वासघात भएपछि माफ गर्न नसकिने भाव व्यक्त भएको छ । मनको आकार, प्रकार, आकृति लम्बाई, चौडाई, उचाइ, आयतन, तौल, भार केही नहुने भए पनि मन भत्किने, भाँडिने, दुख्ने भारी हुने सम्पूर्ण अनुभूतिकै कारणले गर्दा हो । चित्त फाटे मन बेस्सरी दुख्ने र अतीतको सम्झनामा कता-कता दुखेको अनुभूति हुन्छ । कुनै चिज

गुमाए आँखा बन्द गर्दा पनि छटपटी हराउँदैन । दिमाग घुमेको बेला धर्तिनै घुमे जस्तो लाग्छ । रातको समयमा पनि आँशुले शिरानी भिज्दा मुटुको धड्कन बढेपछि रिंगटाले ढलेजस्तो हुन्छ । आफूलाई विश्वास नगर्ने मानिससँग छोइदा पनि डरलाग्न थाल्दछ भन्ने भाव कवितामा व्यक्त भएको छ । यसरी कसैको विश्वासमा घात हुँदा मानिस विछिप्त अवस्थामा पुग्दछ भन्ने अविधात्मक अर्थमा कविताको शीर्षक भावअनुकूल सार्थक छ । संरचनाको हिसाबले शीर्षक एकपदीय रहेको छ ।

'प्रेममा धोका खाएपछि' शीर्षकबद्ध कवितामा जीवनमा लाग्ने अनेक चोट मध्ये प्रेममा धोखा खानु पनि एक हो, कसैको आस्था माथि चोट पर्नु धोका हो, आस्थामा चोट पर्नु विष सेवन गर्नु हो, विषको असर जीवनमा परेपछि प्रेममा पनि घृणा पैदा हुन्छ र माया वितृष्णामा बदलिन्छ । दिलका डिलहरू भत्कन थालेपछि आँखामा आँशु बग्दछन् । विश्वासमा सङ्कट पैदा भएपछि निकटताको दुरी बढ्न थाल्छ र सामीप्यमा त्रास आउँछ । कसैले घात गरेपछि विना प्रेम पनि जीवन चल्न सक्छ, दिलमा धक्का लागेपछि पागलपन शुरू हुन्छ, वेहोसी बढेपछि लज्जा उत्पन्न हुन्छ र चेतनानष्ट हुन्छ चेतनाको नष्ट हुनु पागल पन हो जसदेखि दुनिया डराउन थाल्दछन् । प्रमा धोखा पाएपछी सङ्कट पैदा हुने र यस्तो सङ्कटबाट निकटताको दूरी बढ्छ भन्ने भाव कवितामा व्यक्त भएकाले शीर्षक भावअनुकूल सार्थक रहेको छ । वाक्यात्क संरचनाको हिसाबले शीर्षक त्रिपदीय अर्थात वाक्यस्तरीय रहेको छ ।

'विरही मन' शीर्षकबद्ध कवितामा कविले आफ्नो मनमा कहिले पनि हाँसोका क्षणहरू नआएकोले सधैं विरही भएको भाव व्यक्त गरेकी छन् । यसमा कसैको यादले सताउँदा सार्है रून मन लागेको, वसन्त ऋतुको हरियालीले गर्दा एक दशक अघिको सम्झनाले सताएको, वर्षायाममा उर्लने खहरे खोला जवान भए पनि आफूलाई कुनै चिजमा परीवर्तन नआएजस्तो लागेको, न्याउली चरीले उजाडिएको भीरपाखामा सधैं गीत गाएझैं आफ्नै मन कसैसँग गाँसिएको, आफूलाई जीवनमा बाँच्न मन नभएकाले आँखामा आँशु लिई बाँचेको, हावासँग कुरा गर्न थालेको, अतीतको यादलाई सम्झेर मन टुक्रा-टुक्रा भएको भाव कवितामा व्यक्त भएको छ । वनको न्याउली चरीसँगै आफ्ना मनका भावनाहरू साट्न मन लागेको अर्थमा शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'... तर म मान्छे भएँ', शीर्षकबद्ध कवितामा आफू मानिस भएकै कारण चेतनाका सम्पूर्ण कुरा थाहा पाउने तर निर्जिव वस्तु जसरी उड्न, बग्न, पग्लिन नसकेको भाव व्यक्त गरेकी छन् । कविले कवितामा बादल भएको भए उड्ने, नदी भए बगिरहने, रूख भए हल्लिरहने ढिस्को भए एकै ठाउँ रही रहने, हावा भए वहने, चरा भए गाईरहने, मयुर भए नाच्ने, जङ्गल भए सुसाउने, हिमाल भए पग्लिने, पहाड भए अझ उच्च/अग्लो भएर निर्जीव कार्य गर्ने तर आफू मानिस भएकाले यी सम्पूर्ण कार्य गर्न सकेकी छैनन् । कवि मानिस भएको कारणले चेतना पाएको र निर्जीव वस्तुजस्तो बन्न नसकेको भन्ने अभिधात्मक अर्थमा कविताको शीर्षक भाव अनुकूल सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'मनका झस्को पस्दा' शीर्षकबद्ध कवितामा प्रकृतिले चोला फेरी वसन्त ऋतुको आगमन हुँदा आफ्नो प्रेम भ्याङ्गिएको अवस्थाको स्मरण गरी प्रकृतिलाई नै बाँच्न सिकाइ दिन आग्रह गरेकी छन् । प्रकृतिले अतीतलाई झस्काइदिएको, नव वसन्तको बेलामा पनि बिछोडिदै प्रेम बितेको, कलकल बग्ने खोलामा त्यहीँ छु कि भन्ने भएको, कोइली चरीले प्रेमको बहार छर्ने बेलामा दुईको आँखा भरी आँशु भएको, दुवैको फेरि भेट हुन्छ कि हुँदैन दोधारमा परेको र अब पनि कसैको सम्झना आइरहे प्रकृतिलाई बाँच्ने उपाय सिकाईदिन आगह गरेकी छन् । वशन्त ऋतुमा जतासुकै

पालुवाले ढाके जस्तै गरी आफ्नो जीवनमा पनि हरीयाली छाओस् भन्ने कामना कवितामा गरिएकाले भाव अनुकूल शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'जिरीको बसाई वसन्त ऋतृ' शीर्षकबद्ध कवितामा कविले जिरीमा आएको प्राकृतिक परीवर्तन सँगै आफ्नो प्रेममा सटासाट भएको र फेरि मिलन हुने दिन पर्खी बसेको बताएकी छन् । चारैतिर लेकैलेकले घेरिएको प्रकृतिले भरिपूर्ण जिरीमा चिसो बतास चलिरहेको, साना-साना खोलाहरूमा स्वच्छ पानीको वहाब भएको, कोइली चरीको कुहुँ-कुहुँले मन आनन्दित बनाएको, नयाँ पालुवा देख्दा आफ्नो जीवनले पनि नवजीवन पाएको तर अहिले त्यस्तो जीवन बेकार लाग्न थालेको छ । किनकी भाका हाली गाउने चरी वनमा भेटिएको छैन, मेघ गर्जे जसरी मन आत्तिई रहेको छ । मन्द मन्द वहने हावा जोड-जोडले वहन थालेको छ । दुई आत्माको मिलन हुन दिल तड्पी रहेको छ । यसरी तड्पी रहँदा मरूभूमि बन्न पनि वेर नलाग्ने कवि बताउँछिन् । जिरीको प्राकृतिक सुन्दरतामा लगाएको माया अधुरो रहेको भाव कवितामा व्यक्त भएकाले शीर्षक भावअनुकूल सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक वाक्य स्तरीय रहेको छ ।

'भावनामा बग्दा' शीर्षकबद्ध कवितामा कविले कसैको यादलाई सधैँ मनभित्र राखी हिँड्ने गरे पनि त्यस्तो सच्चा प्रेमलाई उसले लत्याइदिएको भाव व्यक्त गरेकी छन् । उसको यादमा सधैँ तड्पिरहेको, सपनामा सधैँ एकसाथ देख्ने गरेको, उसको मायाले सताउदा मुटु जलीरहे पनि आफ्नो बारेमा कुनै पनि चिन्ता नलिन आग्रह गरेको, आफू प्रेममा पागल भैसके पनि उसको दिल छुने कुनै पनि कार्य नगरेको, आफूलाई जीवन साथी उहि जस्ते लागेपनि उसले कुनै कुरामा वास्ता नगरेको, अरूको झुठो प्रेममा ऊ फसिसकेकोले आफ्नो पवित्र प्रेमलाई लत्याएको भाव राईले कवितामा व्यक्त गरेकी छन् । आफू भावनामा बग्दा कसैसँग पवित्र प्रेम साटे पनि आफ्नो प्रेमलाई वास्ता नगरेको अर्थमा कविताको शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'प्रेम' शिक्षकबद्ध कवितामा प्रेमको बारेमा वर्णन गरिएको छ । एउटासँग गरिने प्रेम सच्चा हुने र धेरैसँग गरिने प्रेमलाई व्यापारको संज्ञा राईले दिएकी छन् । प्रेम अन्धो भएकाले देख्दैन मात्र अनुभव हुन्छ । एक आत्माले अर्को आत्मालाई चाहन्छ, एक अर्काको अभावमा छट्पटिन्छ । जहिले पनि देखुँ-देखुँ लाग्दछ, अनुभव गर्न सकिने भएकाले दिल मात्र छुन्छ । यसरी प्रेम गर्दा एक आत्मासँग अर्को आत्माको मिलन हुनु सच्चा प्रेम हो भने धेरै जनासँग प्रेमको नाटक गर्नु व्यापार हो भन्ने भावना यस कवितामा व्यक्त भएकाले कविताको शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक एकपदीय रहेको छ ।

'एकान्तमा बस्दा' शीर्षकबद्ध कवितामा कविले आफूलाई एकान्त मन परेको एकान्तमा बस्दा विविध कल्पनाहरू मनमा उब्जने भाव व्यक्त गरेको छन् । आफूलाई एकान्तमा बस्दा सम्पूर्ण समस्याहरू समाधान भए जस्तो लाग्ने, कहिले वादल भई सूर्यलाई ढाक्न पुग्ने र कहिले महान् कविको अनुभव गर्न पुग्ने, कहिले चरी बनेर संसार भरी सयर गर्न मन लाग्ने, कहिले हावासरी शीतलता प्रदान गर्न त कहिले कल्पनामा पागल भएको अनुभव हुने, कहिले अत्याचारको विरोधमा लड्न मन लाग्ने र कहिले आनन्द मानी हाँस्ने जस्तो अनुभव राईले बताएकी छन् । यस संसारमा अन्याय अत्याचारीले सीमा नाघी सक्दा प्रलय हुनु लागेजस्तो देखिएको, ठूलाले सानालाई सधैँ दवाइरहेको, यसै गरी अत्याचार बढ्दै जाने हो भने संसारको सृष्टि पुनः आवश्यक पर्ने बताएकी छन् । एकान्तमा बस्दा कविका मनमा उब्जिएका भावहरू अनि ठूलाले सानालाई गर्ने

व्यावहारको भिन्नता देखाईकोले कविताको शीर्षक भाव अनुकूल सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'सङ्घर्ष आफैसँग शीर्षकबद्ध कवितामा कविले सधैँ सङ्घर्ष गरिरहे पनि आफ्नै विरूद्ध षडयन्त्र भएको र आफैलाई हत्या गर्न लागेको भाव व्यक्त गरेकी छन् । कविले जीवनमा विभिन्न कुराहरूसँग सङ्घर्ष गरि सकेकी छन् । जस्तो : अभावसँग, समाजसँग र शत्रुसँग आदि । अबदेखि आफ्नो मनसँग र हृदयसँग सङ्घर्ष गर्नुपरेको छ । सबै जसो कुरासँग सङ्घर्ष गर्दा नआत्तिएकी उनी मनसँग अर्थात् हृदयसँग सङ्घर्ष गर्दा आत्तिएको र नमिठो अनुभव गरिरहेकी छन् । हृदय भारी भएको छ । आफू वीरङ्गना नारी बनेकोले जीवन मूल्यहीन रहेको छ । आफैमाथि हत्याको षडयन्त्र भइरहेको छ भन्ने भावना मनमा उब्जिरहेको छ । आफूले मुक्तिको लागि सङ्घर्ष गरिरहे पनि आफै माथि षडयन्त्र भईरहेको भाव कवितामा व्यक्त गरिएकाले शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'जीवनमा निराश लाग्दा क्षणहरू' शीर्षकबद्ध कवितामा दुःख गर्दागर्दै जीवन बितिसकेको, सुखको प्रतिक्षा गर्दा दुःख मात्र हात लागेको, सहनशीलता र धैर्यले सीमा नाघेको भाव व्यक्त भएको छ । कवितामा कविले जीवनको तिन दशक नाघी सक्दा पनि कहिल्यै सुख नपाएको, शरीरको मासु बिलाइ हड्डीमात्र बाँकी रहेको यस्तो अवस्था देख्दा मानिस डराउने गरेको, कपडा लगए पनि बाँसमा उने जस्तो भएको, जीवनमा आशाका पलहरू कत्ति पनि बाँकी नभएकाले निराशामात्र बाँकी भएको, सहनशीलताले सीमा नाघी सकेकोकाले विस्फोट हुनमात्र बाँकी भएको, मृत्युका पलहरूले ज्यादै नजिकबाट नियाली रहेको भाव कवितामा व्यक्त भएको छ । जीवनमा सुख भन्दा ज्यादै बढी दुःख पाएकोले बाँच्ने आशा मरी सकेको र रहर पनि नभएको भन्ने भाव व्यक्त भएकाले यथार्थपरक अर्थमा कविताको शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय अर्थात वाक्यस्तरीय रहेको छ ।

'दिनको ताप' शीर्षकबद्ध कवितामा मुटुमा घाउ लागेकोले आगोको ज्वालासरी ताप लिएर बाँच्नु पर्दा ज्यादै पीडा भएको भाव कवितामा व्यक्त भएको छ । हृदयभरी घाउ नै घाउ लागेकोले घाइते मन लिएर संसारमा बाँच्न व्यर्थ भएको, जीवनमा कसैलाई आफ्नो ठान्नु भूल भएको, आफूले आफ्नो ठानेको मानिस वासना प्रेमी भएकाले जीवन देखि टाढा रहन अनुरोध गरेकी छन् । संसार  स्वार्थले भरिएकोले हृदय सुम्पिर्नू ठूलो भूल भएको, आफ्नो पवित्र प्रेमलाई लत्याएर अर्कैसँग बिहे गरेको, उसँग प्रेम गर्नु भूल भएकोमा आँशुको धारा बहाई दिलको मैला धुने गरेको, आँशुकै सागर महासागर बनेको, मृत्यु र पश्चतापको भुमरीमा आफू परेको भाव कवितामा व्यक्त भएको छ । मुटुमा लागेको घाउ दन्किरहँदा बाँच्ने आशा मरिसकेको अर्थमा कविताको शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिसाबले कविताका शीर्षक द्विपदीय रहेको छ ।

'मृत्यु प्यारो लाग्छ' शीर्षकबद्ध कवितामा कविले आफ्नो जीवनदेखि वाक्क लागेकोले मृत्युलाई अङ्गाल्न चाहे पनि आफ्नो इच्छाले मर्न नपाइने भाव व्यक्त गरेकी छन् । दुई दिनको जीवन बाँचुञ्जेल सम्म पनि कसैको माया नलागेको, आफ्नै छायाँसँग पनि रिस उठ्न थालेको, जीवन मृतकसरी भैसक्दा पनि काल नआएको, काल पनि आफ्नो जीवनदेखि डराएर भागेको हो कि भन्ने लागेकाले आफु बाँचेर ठूलो भूल भएको हो की भन्ने भाव राईले व्यक्त गरेकी छन् । जीवनमा आफूले सोचेका काम सफल नहुँदा मृत्युलाई अङ्गाल्न मन लागेको भन्ने अर्थमा कविताको शीर्षक  सार्थक रहेको छ । संरचनाको हिसाबले शीर्षक द्विपदीय संरचनामा आबद्ध छ ।

'बल्ल चाख्यो' शीर्षकको कवितामा राईले आफूले गरेको प्रेममा धोका पाएकोमा आँखालाई दोष दिएकी छन् । निर्दोश आँखाबाट आँशु बहिरहँदा उसलाई सम्झन मन लागेको, यी आँखाहरू

भ्रममा परेको, छातीमा पीरको ज्वाला दन्की खपिनसक्नु भएको, कसैको विश्वासमा पर्दा धोखा पाएको, निष्कपट साथ यात्रा गर्दा आफ्नै जीवन सङ्कटमा परेकोले कहिले पनि कसैलाई चिप्ला कुरामा नफस्न अनुरोध गरेकी छन् । यसरी हेर्दा आफूले कसैप्रति विश्वास गरेको तर उसको प्रेम झुटो भएकोमा पापी आँखालाई धिक्कारेको भाव कवितामा व्यक्त गरिएकाले शीर्षक सार्थकरहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय संरचनामा संरचित छ ।

'दिलको घाउ' शीर्षकको कवितामा राईले माया गर्ने जोडीले पाएका दुःखद अवस्थाको चित्रण गरेकी छन् । वर्षौं अघि प्रेम गर्दाको वखत देउरालीमा देवीलाई ढोगी प्रेम सफल होस् भन्ने कामना गर्ने गरेको, नदी किनारामा गीत गाउँदै हिँडेको, वन जङ्गलमा लुक्दै राती-राती हिडेको वखत विभिन्न जङ्गली जनावरसँग सामना गर्नु परेको, आफ्नै गृह जिल्लामा प्रेम सफल नबन्दा डराई-डराई अर्को जिल्ला पुगेको भाव कवितामा व्यक्त भएको छ । धेरै वर्ष अगाडि माया लगाए पनि भर्खर मात्र माया छुटेकोले मनको घाउ अझ निको भएको छैन । अझ पनि उसको यादमा मात्र तड्पी रहने र कतै नदेख्दा देख्न मन लागेको छ । धेरैपछि सम्म पनि उसले मायाले बोलाएमा माया फेरी पलाउने कुरा कवितामा यथार्थरूपमा व्यक्त गरिएकाले शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'मेरो माया' कवितामा कविले कसैसँग माया गर्ने गरेकोमा उसले पनि  माया गर्ने भए माया गर्छु भन्ने आग्रह गरेको र उसको माया सापटी मागेको भाव कवितामा व्यक्त भएको छ । आफूले उसलाई गर्ने माया सागर भन्दा गहिरो भएको, आकाशमा चम्कने बिजुलीको चड्कन भन्दा पनि छिटो चल्ने आकाश भन्दा चौडा भएको, सगरमाथाको चुचुरो भन्दा अग्लो, झरनाको निर्मल जल भन्दा पवित्र, नौनी ध्यु भन्दा मुलायम र कोमल भएको तथा मनमा पनि उसकै छायाँ बोकी चोखो माया पाउने आशा गरेको भाव व्यक्त भएको  छ । आफ्नो मनले उसको मायालाई मार्न नसकेकोले कुनै संकोच नमानी आफैसँग माया गर्न आग्रह गरेकी छन् । कविको माया नितान्त निर्मल भएकाले आफ्नो मायालुलाई आफैसँग माया गर्न आग्रह गरेकोले आग्रहात्मक शैलीमा कविताको शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'हिले' शीर्षकको कवितामा कवि राईले धनकुटाको हिले बजारमा चिसो हावापानी भएकाले यस ठाउँलाई छोडेर जान मन नलाग्ने भाव व्यक्त गरेको बताएकी छन् । हिलेको विषयमा कुरा गर्दा बटुवाहरू पनि टाढा हुन चाहेका  छैनन् । उच्च डाँडामा लम्पसार परी बसेको हिलेमा बिहान-बेलुका ज्यादै चिसो भएकाले यस ठाउँको प्राकृतिक मनोहर दृष्यलाई छोडेर जान मन नलाग्ने राईले बताइन् । यात्रीलाई कहिले कुन स्थान त कहिले कहाँ जानु पर्ने भएकाले सोचेको काम पूरा नहुने पो हो की भन्ने कुरामा कवि चिन्तित छन् । रमणीय स्थान हिलेको वर्णन सरल रूपमा गरिएकाले शीर्षक सार्थक छ । वाक्यात्मक संरचनाको हिशाबले कविताको शीर्षक एकपदीय रहेको छ ।

'वसन्त ऋतु' शीर्षकको कवितामा कविले वसन्त ऋतुको आगमन सँगै प्रकृतिमा हुने परिवर्तन अनि मनमोहक दृष्यको खुलेर वयान गरेकी छन् । वसन्त ऋतुको आगमनले चारैतिर हरियाली छाएको, कोईलीको मधुर आवाजले वसन्त ऋतुकै गीत गाएको, ठूला-साना सम्पूर्ण रूखमा पालुवा पलाएको, मन्द मन्द बग्ने हावाको झोकले कविको मन व्युझाईदिएको छ । पूर्व क्षितिजमा मिर्मिरे उषाको किरणसँगै चराको चिरविर आवाज सुनिन थालेको छ । वसन्त ऋतुसँगै अन्य ऋतुहरूको क्रमशः आगमन भए जसरी चिरविर आवाज निकाल्ने चराहरूको पनि मृत्यु हुने कुरा व्याख्या भएको छ । कवितामा चरीको आवाज सँगै वसन्त ऋतुको आगमनको संकेत दिने

गरेको अनि बोट बिरूवाहरूमा पालाउने पालुवा बाट निस्कने शीतल हावाले मन चङ्गासरी भई उड्ने भाव व्यक्त गरीएको छ । वसन्त ऋतुमा आएको परिवर्तनले कविको मनमा छाएको खुशीलाई अभिधात्मक अर्थमा व्याख्या गरिएकाले शीर्षक सार्थक रहेको छ । वाक्यात्मक संरचनाको हिसाबले कविताको शीर्षक द्विपदीय रहेको छ ।

'मनको वह' कविता सङ्ग्रहका सम्पूर्ण कविताहरू मनका पीर, व्यथाहरू अनि प्रेममा धोखा पाएका कुराहरूलाई केन्द्रीकृत गरी व्याख्या गरिएको छ । कसैलाई प्रेम गर्दा पाएको धोखालाई र उसले देखाएका आश्वासनलाई यथार्थ रूपमा विश्लेषण गरिएको छ । कविताका शीर्षकहरूलाई विचार गर्दा प्रतीकात्मक, विम्बात्मक अर्थ भन्दा पनि सोझो, सम्बन्ध राख्ने शीर्षकहरू चयन गरिएकाले अभिधात्मक अर्थमा शीर्षक सार्थक रहेका छन् ।

## ५.३.३.२ कथ्यविषय : भाव विधान

कविले आफूले देखेका, भोगेका र अनुभव गरेका जीवन जगत्का यावत् विषयहरूलाई टिपेर त्यसैको केन्द्रीयतामा कविता रचना गरेको हुन्छ । कुनै विषयलाई लिएर त्यसको भावस्पर्शले आफ्नो मनोलोकमा उब्जिएका तत्क्षणिक अनुभव र अनुभूतिलाई शव्दावलीले समातेर अर्थ्याउन खोज्छ । यसरी आफ्ना भावनात्मक तरङ्गहरूको लयात्मक अभिव्यक्तिमा प्रस्तुत गर्दा कविता सिर्जना हुन जान्छ ।

**मनको वह** कविता सङ्ग्रहमा लामा-छोटा गरी ३६ वटा कविताहरू रहेका शीषैकबद्ध छन् । यस सङ्ग्रहमा सङ्ग्रहित कविताहरूको प्रवृत्तिगत विशेषताबिच समतुल्यता रहेको छ ।

नेपाल जस्तो प्राकृतिक सुन्दरताले सम्पन्न तर विकासको दृष्टिले विपन्न मुलुकमा यहाँको देश विकासको लागि उत्थान र आर्थिक विपन्नतालाई निवारण गर्नको लागि हरेक पेशा, तह वर्ग र समूहका मानिसहरूले कम्मर कसेर एकीकृत हुँदै अगाडि वढ्नु पर्ने आवश्यकता रहेको छ । नेपाली सामाजिक जीवनमा व्याप्त रहेको गरिबी र अशिक्षाले गर्दा प्रत्येक दिन सामाजिक जीवन जीर्ण बन्दै गएको परिस्थितिलाई कविताको विषयवस्तु बनाइएको छ । यिनका कवितामा प्रेमका तिता-मिठा अनुभूतिहरू पनि देख्न सकिन्छ । प्रेममा धोका पाएपछिको जीवन निराशपूर्ण बन्दै जान्छ भन्ने भाव व्यक्त भएको 'मनको वह' शीर्षकको कविता यस्तो रहेको छ :

यो हृदयभरी साँचेको माया तिमीलाई भनेर,
बाँचेको थिएँ तिमी नै मेरो म तिम्रो ठानेर ।
यो मनैभरी, यो तनैभरी तिमी नै छौ तिमी,
मायाको बन्धन चुँडेर गयो अर्कै भयौ तिमी ।

त्यो एउटा भूलले मलाई त रूवायो बेसरी,
जिन्दगीभरी पश्चाताप गरी वाँचु म कसरी ।

(मनको बह : ७)

उपयुक्त कवितांशमा कसैको लागि हृदयभरि माया साँचेको मायाको बन्धन चुँडाली उ अर्कैको भइ सकेको, जिन्दगीभर उसैलाई पर्खी बस्नु र उसलाई देवता समान मानी पूज्नु ठूलो

भुल गरेको भाव व्यक्त भएको छ । देश भित्र व्याप्त समस्याले गरिबी बढिरहेको र बेरोजगारीको कारण मागी खानेहरूमाथि दयाभाब व्यात्त गरिएको कविताको नमूना यस्तो छ :

सानै उमेर देखि मनमा दया भाव उम्रन्थ्यो, दुःखी-गरिब देख्दा,
आमाले वचत गरेका चिजहरू सक्थे, दुःखी गरिबलाई वाँड्दा ।
मलाई आमाले भन्थिन् तँ मेरो सन्तान मध्येकै छस् अभागी,
खाली सङ्गत गर्छेस् दुःखीहरूकै उनीहरू सँग बन्छेस सहभागी ।
स्वार्थी रहेछ दुनियाँ निःस्वार्थ कोही हुनु हुन्न क्यारे,
आफू त स्वार्थी, लोभी हुन जानिएन जीबनमा व्यारे ।

(दयाभाव, पृ. १)

प्रस्तुत श्लोकमा यस संसारमा सम्पूर्ण मानिसहरू स्वार्थले भरिएका छन् । आफूले स्वार्थ गर्न नजान्दा जीवनमा धेरै दुःख पाउनु परेको छ । सानै देखि नै गरिबको साथमा बसी गरिबको सेवा गर्दा साह्रै खुशी लागे पनि आमाले भनेको अभागि शब्द वास्तबमा भविष्यवाणी भएको भाव व्यक्त भएको छ । यसै गरी राईले कवितामा पाकृतिको सुन्दर चित्रण पनि गरेकी छन् । प्रकृतिले सु-सज्जित जिरीको चित्रण कवितामा यसरी भएको छ :

चारैतिर लेकैलेक छ, बिचमा वजार जिरी,
चिसो-चिसो बतास चल्छ यहाँ सिरी-सिरी ।
डाँडावारी डाँडापारी हरियाली छायो,
डालीमाथि बसी चरी वीरहगीत गायो ।
झम-झम पानी पर्दा-पर्दै वर्षा पनि लाग्यो,
विरहिणी मेरो दिलले तिम्रो समीप माग्यो ।

(जिरीको बसाई-वसन्त ऋतु, : २७)

उपयुक्त कवितांसमा वसन्त ऋतुको समयमा जिरीमा देखिने प्राकृतिक चित्रण गर्दै कवि रमाएकी छन् । चारैतिर लेकले घेरिएको जिरीमा चिसो बतास अनि कोईलीको मिठो आवाज कविले बिर्सन सकेकी छैनन् । बसन्त ऋतुको आगमनले चारैतिर हरियाली छाएको र चराहरूको विरही भाकाले उनको मन साह्रै छोएको छ । जब वसन्त ऋतुको आगमन हुन्छ, जिरीमा पुग्ने जुनसुकै प्रकारका मानिसहरू पनि प्रकृतिको मनोहर दृश्यबाट बञ्चित हुदैनन् भन्ने भाव कवितामा व्यक्त भएको छ । मानिसलाई जब हृदयमा घाउ लाग्छ तब एकान्तमा बसी टोलाउन मन लाग्ने, यो संसारबाट बिदा हुन पाए हुने थियो भन्ने भाव 'एकान्तमा बस्दा' शीर्षक मार्फत् कवि यसरी व्यक्त गर्दछिन् :

किन-किन मलाई एकान्त मन पर्छ,
काल्पनिक संसारमा समस्या हल हुन्छ ।
कहिले बादल भई ढाक्न खोज्छु रवि,
कल्पनामै कहिले बन्छु धुरन्धार कवि ।
कहिले बन्न खोज्छु, प्वाँख हाली चरी,

कहिले पुग्छु क्षितिजमा संसार पारी ।

कहिले हावा भई म वहन्छु,

कहिले पागल भई रोइरहन्छु ।

(एकान्तमा बस्दा : २९)

उपयुक्त कवितांशमा कोमल हृदय भएकी नारीलाई प्रेममा धोका पाएपछि एकान्त मन पर्ने भाव कवितामा व्यक्त भएको छ । प्रकृति मानिसको सच्चा साथी हो, यहाँ जस्ता प्रकारका समस्याहरू पनि समाधान हुन सक्छन् । त्यसैले कविले काल्पनिक संसारका समस्या समाधान हुने भएकाले एकान्त मन पर्ने बताउछिन् । एक ढिक्का बादलले जसरी आकाश ढाक्न खोज्छ त्यसै गरी कल्पनामा डुब्दा आफू पनि ठूलै कवि भएँ की ? भन्ने भाव राईका मनमा उठ्दछ । चरा बनी उड्न मन लाग्ने अनि हावा भई वहने रहर कविलाई लागेको छ । विगतमा पाएका पीडाहरूलाई सम्झदा पागल जस्तै भई रोएको तितो अनुभव कवितामा आएको छ । प्रेममा धोका पाएपछि मनमा उब्जिने अनेकथरी भावहरूलाई कविले यर्थार्थपरक ढङ्गले कविताका व्यक्त भएको छ । **मनको वह** कवितासङ्ग्रह यिनको विशुद्ध मौलिक कृति हो । यसमा राईले प्रकृतिको सुन्दर ढङ्गले चित्रण गर्नुको साथै आफूले देवता समान मानी पुजा गरेको मासिले धोखा दिँदा मनमा परेका पीडाहरू अनि मातृवियोगले हृदयमा परेको आघातको अभिव्यक्ति प्रस्तुत गरेकी छन् ।

## ५.३.३.३ संरचना : बनोट

मनको वह (२०६४) कवितासङ्ग्रहमा ३६ वटा कविताहरू शीर्षकबद्ध रहेका छन् । सामाजिक, आर्थिक, तत्कालीन अवस्थामा विधमान समस्याका रूपमा परिस्थितिलाई कथ्यविषय भर्दै कविता रचना गर्न रूचाउने राईको कवितामा भावनाको अभिव्यक्ति बैयक्तिक विषयगत रूपमा संरचित गरिने प्रगीतात्मक किसिमको संरचनामा प्रयुक्त भएको छ । संरचनाको हिसाबले दुई पङ्क्तिको एक श्लोक हुने गीति लयमा कविता संरचित छन् । यिनका कविताले पाठक वर्गलाई प्रभाव पर्न सक्ने क्षमता राखेकी छन् ।

केन्द्रीय कथ्यको बर्तुलित बिस्तार गरिएका राईका कविहरूको विकाश चक्रात्मक ढाँचामा भन्दा बढी वृतात्मक ढाँचामा रहेका कविताहरू श्लोकमा वा पङ्तिमा संरचित रहेका छन् । कुनैपनि कृतिको संरचना भन्नाले त्यसको आन्तरिक र बाहृय बनोट बुझिन्छ । बनोटका दृष्टिले यो कविता बाहिरी जिल्दा समेत गरी ५४ पृष्ठमा ३६ वटा कविताहरू शीर्षकबद्ध छन् भने बाँकीमा भूमिका, विषयसूची, लेखकीय विचार प्रस्तुत भएका छन् । कवितासङ्ग्रहमा सङ्कलित सबैभन्दा लामो कविता 'दयाभाव' २१ श्लोकमा बिस्तारित छ भने सबैभन्दा छोटो कविता 'प्रेम' ४ श्लोकमा बिस्तारित छ । मनको वह (२०६४) कवितासङ्ग्रहमा ३६ वटा कविताहरू शीर्षकबद्ध रहेका छन् । कवितामा सामाजिक, आर्थिक,राजनीतिक चित्रण भन्दा पनि प्रेममुलक विषयवस्तु बढी मात्रामा समायोजित छन् । यस सङ्ग्रहभित्रका कविता मध्ये ३ वटा कविता पद्य लयमा संरचित छन् भने बाँकी कविताहरू लोकलयमा संरचित भएका छन् । सङ्ग्रहका 'दयाभाव' २१ श्लोक, 'झुठाप्रेम' ४ श्लोक, 'साँचेको माया' ६ श्लोक, 'साथ छुट्दा' ९ श्लोक, 'संवेदनाहीन मान्छे' १८ श्लोक, 'मनको वह' ११ श्लोक, 'मन-मति' ७ श्लोक, 'कुठाराघात' ६ श्लोक, 'निरस -जिन्दगी' १३ श्लोक, 'दुर्घटना हुँदा भावनामा' ८ श्लोक, 'मनको घाउ' १५ श्लोक, 'उसलाई बिटुलिएको पाउँदा' २० श्लोक, 'घायल' १२ श्लोक, 'बरिलै' ११ श्लोक, 'खुशी रोज्दा' ७ श्लोक, 'मन' १२ श्लोक, 'प्रेममा धोका खाएपछि' १२ श्लोक, 'विरही मन' ९ श्लोक, 'मनमा झस्को पस्दा' १२ श्लोक, 'जिरीको वसाई-बसन्त ऋतु' १३ श्लोक, 'भावनामा बग्दा' ७ श्लोक, 'प्रेम' ४ श्लोक, 'एकान्तमा बस्दा' ११

श्लोक, 'जीवनका निराशलाग्दा क्षणहरू' १२ श्लोक, 'मृत्यु प्यारो लाग्छ' ५ श्लोक, 'बल्ल चाख्यो' ६ श्लोक, 'दिलको घाउ' ११ श्लोक 'मेरो माया' १० श्लोक, 'हिले ' ५ श्लोक, 'वसन्त ऋतु' १२ श्लोक रहेका छन् ।

कवितामा आन्तरिक संरचनामा पर्ने भाव, लय, विम्बको संयोजन भएको छ । छन्दका दृष्टिले हेर्दा तिन वटा कविताहरू मुक्त लयमा संरचित छन् भने ३३ वटा कविताहरूमा लोक लयको प्रयोग गरिएको छ । लेख्य चिन्हको अधिकतम प्रयोग भएको यस सङ्ग्रहमा प्रश्नवाचक (?), अर्धविराम (,) , बिस्मयसुचक (!) , योजक (-) आदि चिन्हहरूको प्रयुक्त प्रयोग छ ।

## ५.३.३.४ लय विधान

कविता विधाले लयात्मक र गेयात्मकतालाई धेरै ठूलो महफ्व दिएको हुन्छ । यही विशेषताले कवितालाई लोकप्रिय वनाएको हुन्छ । 'मनको बह' कविता सङ्ग्रह भित्रका कबिताहरू बद्ध र मुक्त लयमा आबद्ध छन् । यस सङ्ग्रहमा सङ्ग्रहित ३६ कविता मध्ये ३३ कविता बद्धलयमा संरचित छन् । यिनीहरूमा लोकलय/झ्याउरे छन्दको प्रयोग भएको छ । त्यसैले यिनीहरूमा गेयात्मकताको उच्च संयोजन भएको देखिन्छ । जस्तै :

जब विश्वासमा कुठाराघात हुन्छ,
तब माया घृणामा परिणत हुन्छ ।
जहाँ सच्चा माया-प्रेममा धोका जब हुन्छ,
त्यहाँ आकर्षण विकर्षणमा परिणत हुन्छ ।
जब माया घृणामा प्रेम पीरमा परिणत हुन्छ,
तब आशा निराशामा, तृष्णा बितृष्णामा परिणत हुन्छ ।
जब भावनामा धक्का लाग्छ, भाग्छ जीवन निराश भई,
तब निरस, निस्सार जीवनमा यहा कसको के लाग्छ खाई ?

(कुठाराघात : ९)

प्रस्तुत कवितामा झ्याउरे छन्दको प्रयोग भएको छ । लयात्मक हिसाबले कविता लय हालेर पढ्न सकिने स्थिति रहेकोले लयात्मक नै छ भन्न सकिन्छ । अनुप्रासीय हिसाबले अन्त्यानुप्रयास प्रत्येक श्लोकमा दोहेरिएको छ भने आदि भागमा जब-तब, जहाँ-तहाँ जस्ता शब्दहरूको प्रयोगले कवितामा मिठासपन थपेको छ । यसै गरी राईका कवितामा मुक्त छन्दको पनि प्रयोग भएको छ । जसमा शब्दहरूको पटक-पटक आबृति भएको देखिन्छ । जस्तै :

यो जिन्दगी, निस्सार यो जिन्दगी,
निस्सार जिन्दगी, निरस जिन्दगी ।
यो पनि जिन्दगी, दिक्दार जिन्दगी,
दिक्दार जिन्दगी, दुःखी जिन्दगी ।
उडीजाने जिन्दगी, बादल हो जिन्दगी,
बगीजाने जिन्दगी, बाढी हो जिन्दगी ।
गहिराई नबुझिने सागर हो जिन्दगी,

लम्बाई ननापिने, क्षितिज हो जिन्दगी ।

(मनको बह :१०)

यस कवितामा 'जिन्दगी' शव्दको पटक-पटक पूनरावृति भएको छ । जिन्दगी शब्दले नै मध्य र अन्त्यानुप्रासको पूनरावृति देखाएको छ । लोक लयमा आवद्ध यस कवितामा मुक्त लयको प्रयोग छ । यसमा नबुझिने जिन्दगीको बारेमा प्रस्ट पार्ने प्रयास गरिएको छ । 'मनको बह' कविता भित्र बरीलै लयको प्रयोग गरिएको कबिता यसप्रकार छ :

म रोइरहुँ कि हाँसिरहुँ उसलाई के को चासो बरीलै,

म कराइ रहुँ कि टोलाइ रहुँ उसलाई केको खाँचो बरीलै ।

म उफ्रिरहुँ कि छटपटाईरहु उसलाई केको गुनासो बरीलै,

म डाँको छोडी रोउँ कि पागल बनु उसलाई केको गुनासो बरीलै ।

म पागल भई बसिरहुँ कि हिडिरहुँ उसलाई केको चासो बरीलै,

म दुःखीरहुँ कि झोकाइरहुँ उसलाई केको हाँसो बरीलै ।

(बरीलै : २०)

लोकलयको प्रयोग गरिएको यस कवितामा आदि, मध्ये र अन्त्यानुप्रासको उचित समायोजन भएको छ । आदिमा 'म' को पूनरावृति छ भने अन्त्यमा बरीलै शब्दको पुनरावृति छ । यसै गरी लोक लयको अतिरिक्त राईका कवितामा गद्यलयको पनि समाबेश भएको छ । गद्यलयको एक नमुना यसप्रकार रहेको छ :

म बादल भए उडिरहन्थें,

म नदी भए बगिरहन्थे,

तर म मान्छे भएँ ।

म रूख भए हल्लिरहन्थें,

म ढिस्को भए डल्लिरहन्थें,

तर म मानव भएँ ।

म जंगल भए सुसाइरहन्थें,

म हावा भए बहिरहन्थे,

तर म मनुष्य भएँ । म बादल भए उडिरहन्थें,

म नदी भए बगिरहन्थे,

तर म मान्छे भएँ ।

म रूख भए हल्लिरहन्थें,

म ढिस्को भए डल्लिरहन्थें,

तर म मानब भएँ ।

(...तर म मान्छे भएँ : २५)

यो कविता मुक्त लयमा रचना गरे पनि अन्त्यानुप्रासको राम्रो समायोजन छ ।  आदि, मध्ये र अन्त्यानुप्रासको प्रयोग भएकाले कविताहरू लयात्मक बन्न पुगेका छन् । सरल, सरस एवम् जनरूचि अनुसारका शब्दहरूको प्रयोगले पनि कवितामा अझ सरलता थपेको छ ।

## ५.३.३.५ विम्ब विधान

राईले जनजीवन बाट विम्ब लिएर समयलाई टपक्क टिपी यथार्थको प्रस्तुति यस ङ्ग्रहमा गरेकी छन् । बिशिष्ट भाव सम्प्रेषण गर्नका लागि बिशिष्ट भाव दृष्टिको चाहना गर्नु र तिक्ष्ण अभिव्यक्तिका लागि विम्बहरूको सहारा लिनु कवि राईको बिषेशता हो । समाजमा हुने गरेका बिभिन्न क्रियाकलाप र घट्न सक्ने घटनाको चित्रण गर्नको लागि यिनका कबितामा विम्बको प्रयोग भएको देखिन्छ ।

यस सङ्ग्रहमा सङ्ग्रहित कविताहरू 'दयाभाव', 'मन-मति', '...तर म मान्छे भएँ', 'मनमा झस्को पस्दा' आदिमा बिम्वको प्रयोग भएको छ । दयाभाव शीर्षकको कवितामा प्रयुक्त विम्ब यस्तो छ :

मेरो आमाले सिकाएको यही नै हो संस्कार,<br>
कालो धन र फोस्रो इज्जतलाई भन्छु म धिक्कार ।<br>
धेरै आशा, धेरै निराशामा अल्झेको मेरो जिन्दगी,<br>
धेरै पीडा थोरै चयनमा रहेको यो जिन्दगी ।<br>
भित्र-भित्रै वोइली झर्ने भयो मेरो जिन्दगी,<br>
शिरीषको फूलको सकम्वरीको जस्तो मेरो जिन्दगी ।

(दयाभाव : १)

यस श्लोकमा कविले कालो धन र फोस्रो इज्जत वेइमानी र नभएको कुराको विम्ब, आफ्नो जीवनलाई भ्रमरको एक चुम्वनमै झर्ने शिरीषको फूलको विम्बात्मक अर्थमा लिएकी छन् । सकम्वरीले पनि सुयोगवीरको एक चुम्वनमै मृत्युवरण गर्न पुगेकी थिई । यस्तै आफ्नो जीवन भित्र-भित्रै वइली झर्न लागेको फूल जस्तै भएको राई बताउछिन् । यस्तै गरी 'मनमति' शीर्षकको कवितामा प्रयुक्त विम्बको नमुना यसप्रकार छ :

मनमा सन्तुष्टि र चयन भए पो मिल्छ शान्ति,<br>
दिलमा शान्ति भए पो मुहारमा खुल्छ कान्ति ।<br>
रूवाइछ दिलमा वीरह र पीडा छ मनभरी,<br>
नैराश्यपूर्ण जिन्दगी भित्र आलश्य छ तनभरी ।<br>
डढेलो मनको निराश तनको देखाउँ म कसरी ?<br>
यो छाती फोरी देखाउँ कि म काँक्रा चिरेसरी ??

सधैँ-सधैँ आमाको बचन झलझली सम्झिन्छु,<br>
आमालाई पाउँछु सपनीमा अनि त व्युँझन्छु ।

(मनमति  : ८)

यस कविताांशमा 'कान्ति' शब्दले उज्यालोको विम्ब 'काँक्रा चिरेसरी' शब्दले सम्पूर्ण शब्द खुलस्त जनता समू स्पष्ट पार्नू भन्ने अर्थमा, 'सपनी' ले बितेका क्षणहरूलाई यथार्थ प्रस्तुति भन्ने रहेको छ । राईले जीवनमा विभिन्न दुःखद क्षणहरूलाई विम्बात्मक रूपमा प्रस्तुत गरेकी छन् । जीवनमा विविध कुरा गर्न बाँकी भएको तर नसकेको अर्थमा विम्बात्मक अर्थ लगाएकी छन् । '...तर म मान्छे भएँ' मा प्रस्तुत गरेको विम्वको उदाहरण यस्तो छ :

म बादल भए उडिरहन्थें,

म नदी भए बगिरहन्थे,

तर म मान्छे भएँ ।

म रूख भए हल्लिरहन्थें,

म ढिस्को भए डल्लिरहन्थें,

तर म मानब भएँ ।

म जंगल भए सुसाइरहन्थें,

म हावा भए बहिरहन्थे,

तर म मनुष्य भएँ ।

(...तर म मान्छे भएँ : २५)

यस उदाहरणमा कविले बादल-नदी लाई चञ्चलताको विम्ब, हिमाललाई उच्चता अर्थात् अडिगता, अटलताको विम्बको रूपमा प्रयोग गरेकी छन् । विविध विम्बको प्रयोग गरे पनि कविताहरूमा सरलता, सहजता भेटिनु राईको मौलिक विशेषता हो ।

## ५.३.३.६ प्रतीक योजना

विशिष्ट भाव सम्प्रेषण गर्नका लागि विशिष्ट भाववृष्टिको प्रयोग गर्ने कवि कौशलता हो । कुनै खास समुदायमा दृश्य वा शाब्दिक रूपमा कुनै वस्तुको प्रतिनिधित्व गर्ने चिन्हलाई प्रतीक भनिन्छ । कुनै पनि सर्जकले आफ्ना रचनामा स्वभाविक ढङ्गले प्रतीकको प्रयोग गरी कविता वा रचनालाई मुर्त रूप दिएका हुन्छन् । समाजमा रहेका विभिन्न सङ्गत वा असङ्गत पक्षहरूलाई संरक्षण वा उन्मुलन गरेर व्यवस्थित समाजको सिर्जना गर्ने अभिलासा बोक्ने राईका कविता सङ्ग्रहभित्रका कवितामा प्रतीकको पनि प्रयोग छ । कवितामा प्रयुक्त प्रतीकहरूले कवितालाई कलात्मक संवेदनशील बनाउनको साथै अर्थयुक्त बनाएका छन् ।

राईका यस सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमध्ये 'दयाभाव' 'उसलाई बिटुलिएको पाउँदा', '...तर म मान्छे भएँ', 'मनमा झस्को पस्दा', 'जिरीको बसाई-वसन्त ॠतु' जस्ता कविताहरूमा प्रतीकको प्रयोग पाइन्छ । आफ्नै मानी प्रेम गरेको मानिस बिटुलिएको थाहा पाउँदाको स्मरण 'उसलाई बिटुलिएको पाउँदा' कवितामा यसरी भएको छ :

मुटुभित्र कता-कता कँडागडे जस्तो छ,

मनको माया, दिलको चाहा मरे जस्तो छ ।

एकअर्काको आशा विश्वास हराए जस्तो छ,

हृदयभित्र कता-कता ऐजरू पलाए जस्तो छ ।

भित्र-भित्र सल्किदैछ भुसको आगो जस्तो,

हीरा जस्तो जीवन आज भयो किन यस्तो ।

दुईको भटम माया-प्रीति थियो अमृत जस्तो,

लामो सहयात्रा पश्चात भयो विष पान जस्तो ।

( उसलाई बिटुलिएको पाउँदा :  )

उपयुक्त श्लोकमा काँडा र ऐंजरूलाई भिन्न वस्तुहरूको सादृश्य बनामदा उपमा अर्थालङ्कारको प्रयोग भएको छ । त्यसै गरी भुसको आगो र विषपान जस्ता शव्दहरू भित्र-भित्र सल्किजाने र अन्त्यमा विनास भई जाने वस्तुका प्रतीकात्मक अर्थमा प्रयुक्त छन् । जुन कवितालाई कसैले प्रेममा धोका दिएपछि आफूगल्दै गएको अर्थमा लगाइकी हुन् । यसै गरी कविता सङ्ग्रहकै अर्को कविता 'जिरीको बसाई-वसन्त ऋतु' शीर्षकको कवितामा प्रयुक्त प्रतीकको उदाहरण :

साना-साना खोलानाला वग्छ कल-कल गरी,

विहान वेलुका कराइरहन्छ कुक्कु भन्ने चरी ।

पानी पर्छ स्यार्र-स्यार्र मेघ गर्जीरहन्छ,

हाट डाडामा हुरी वतास पनि संगीत भई वहन्छ ।

माया प्रीति पलाउने दिल हो यो कस्तो ?

वसन्तमा बोट विरूवा पलाएको जस्तो ।

(जिरीको बसाई-वसन्त ऋत : २७)

माथिको कवितांशमा कुक्कु कोइलीको आवाज प्रतीक बनेर आएको छ । यसमा मेघलाई सङ्गीतको प्रतीकात्मक अर्थमा लिइएको छ । त्यस्तै वसन्त ऋतुलाई प्रेम गर्नेहरूको खुसीको महिनाको प्रतीकका रूपमा लिइएको छ । राईका कवितामा प्रतीकको सशक्त रूपमा प्रयोग नभए पनि केही मात्रामा भएको छ जसलाई सबल पक्ष मान्न सकिन्छ ।

## ५.३.३.७ भाषाशैली

भाव र विचार अभिव्यक्तिको माध्यम भाषा हो भने अभिव्यक्तिको तरिका चाहिँ शैली हो । भाषाशैलीले रचनालाई सरल-जटिल, सरस-निरस, क्लिष्ट र सुबोध्य बनाउन सक्छ । कोमलकान्त पदावलीको प्रयोगबाट विषयवस्तु र भावबिच सुसमन्वय ल्याई रचनालाई रोचक बनाउन भाषाशैलीको विशेष भूमिका रहन्छ ।

शान्तिन्कुमारी राईको 'मनको वह' कविता सङ्ग्रहमा कठिन शब्दको प्रयोगभन्दा पनि सरल शब्दहरूको प्रयोग अधिक मात्रामा भएमा छन् । सरल, सहज भाषाशैलीको प्रयोगले राईका कवितामा सुबोधता देख्न पाइन्छ । कवितामा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग पाईए पनि प्रचलित नेपाली झर्रा शब्दको प्रयोग गर्नु उनको व्यक्तिगत बैशिष्ट्य हो । सरल श्रुतिरम्य, समध्वनि अर्थपूर्ण शब्दमय भाषाको प्रयोग कवितामा प्रयुक्त भएको छ । यस कवितासङ्ग्रहमा प्रयुक्त पदावलीका आधारमा कवितामा तत्सम, तत्भव र आगन्तुक भाषाको समन्वय भएको पाइन्छ । परम्परागत शैली शब्दचयनमा ध्यान नदिने राईका कवितामा वर्णगत, शब्दगत, वाक्यगत जस्ता शब्दगुच्छाहारसँग लोकोपयोगी भाषाको प्रयोग गरेकी  छन् । प्रगीतात्मक संरचनामा संरचित कविताको भाषाशैली लयात्मक, कलात्मक, सौन्दर्यात्मक रहेको छ ।

द्वितीय चरणको कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा तत्सम शब्दहरू भगवान, हत्या, शिशिर, कुलक्षण, काल, मनुज, मनुष्य, संसार, निर्दोशी, हृदय, शून्य, धर्ती, शिशू, किरण,

अन्न, शोक, तनमा, पवित्र, जन्मस्थल, शान्ति, संस्कृति, पीडा, सन्देश, संचार, सन्ध्या, राजा, ऋतु, दम्पति, आत्मा, कुसुम, जननी, भ्रष्ट, दुष्ट, प्रथम, गर्भ, दासी, भुमि, वर्षा, वृक्ष, स्रष्टा, जन्मदाता, ज्ञान, नीति, छात्र, वार्ता, यौवन, सखी, सुन्दरी, विकट, वेदना, पाठशाला, सत्य, दृष्टि, कथा, ममता, ज्ञानी, पुत्र, हृदय, नेत्र, लक्ष्मी, चित्र, पापी, वेश्या, साक्षी, विशाल, मन, मित्र, मूर्ख, क्षितिज, कवि, सङ्कल्प, वैरी, पदयात्रा, मृत्यु, निरङ्कुश, आदि त्यसै गरी तद्भव शब्दहरूको प्रयोग पनि प्रयोग पाइन्छ । जस्तैः मानिस, आँशु, सपना, आमा, बुवा, आँखा, लहरा, हात, घर, नारी, खाना, काम, लेख्दै, गाउँ, घाम, कपडा, रगत, खुसी, निद्रा, नजिक, भोका, बत्ती, मानिस, लडाई, फूल, आँगन, सन्तान, अेराली आदि ।

तत्सम र तद्भव बाहेक अन्य भाषाबाट आएका आगन्तुक शब्दहरू पनि कवि राईका कवितामा प्रयोग भएका छन् । यस सङ्ग्रहमा प्रयुक्त आगन्तुक शक्दहरू गरिब, दुनिया, मुलुक, बहाना, खल्ती, बाकस, तास, रक्सी, खतरा, दिल, गलैंचा, आदि हुन् ।

प्रगीतात्मक संरचामा संरचित रहेको यस कविता सङ्ग्रहमा वर्णनात्मक र प्रश्नात्मक दुवै शैली अँगालिएको छ । यस कविता सङ्ग्रहमा प्रयुक्त प्रश्नात्मक शैलीको नमुना यस्तो छ :

भित्र-भित्र सल्किदैछ भुसको आगो जस्तो,

हीरा जस्तो जीवन आज भयो किन यस्तो ।

दुईको भटम माया-प्रीति थियो अमृत जस्तो,

लामो सहयात्रा पश्चात भयो विष पान जस्तो ।

लाग्न थाल्यो ऊ पनि स्वर्थी रहेछ अरूहरू जस्तो,

उसको साथ छोडुँ कि नछोडुँ लागिरहेछ कस्तो-कस्तो ।

मनको घाउको दवाई पनि किन नपाएको यस्तो ?

दिलैभरी घाउ नै घाउ छ, लाग्छ दुःखीरहे जस्तो ।

('उसलाई बिटुलिएको पाउँदा' : १५)

यसै गरी राईका कवितामा प्रयुक्त वर्णनात्मक कविता यस्तो छ :

एकपल्ट मन फाटपछि नटालिने रहेछ

यता टाल्यो, उता फाट्छ, उता टाल्यो, यता फाट्छ,

बल्ल सम्हाल्यो,चर्चरी दुःख्छ, नयन जलले झन् पोल्छ ।

एकपल्ट लागेपछि मनको व्याथा निको नहुने रहेछ-

जति सम्झ्यो त्यक्ति गहिरिँदै जान्छ,

जति भुल्न खोज्यो त्यति पहिरो जान्छ ।

(मन फाटेपछि : १६)

उपर्युक्त श्लोकमा मन फाटेपछि टाल्न नसकिने, सम्हाल्न खोजे पनि झन्-झन् ताजा बन्दै जान्छ भन्ने भाव व्यक्त भएको छ ।

## ५.३.४ द्वितीय चरणका कविता कृतिको निष्कर्ष

शातिन्कुमारी राईका द्वितीय चरणमा तिनवटा कृति प्रकाशित भएका छन् । यी तिन कृतिहरू **आमाको सम्भना, चेतना, मनको बह** हुन् । यस चरणका कविता सङ्ग्रहमा पहिलो चरणका कविताहरूमा भन्दा धेरै शीर्षकबद्ध कविता सङ्ग्रहित छन् ।

शान्तिकुमारी राईको दोस्रो चरणको कवितायात्राको समयावधि पचासको दशकदेखि मानिएको छ । २०५४ देखि उनको कवितायात्राको दोस्रो चरणको आरम्भबिन्दु हो । यही समयदेखि राईको मातृवियोग युक्त काव्य **आमाको सम्भना** प्रकाशनमा आएको हो । पहिलो चरणका काव्य कृतिमा हत्याहिंसाको विरोध, शान्तिको चाहना, प्राकृतिक चित्रण, राजनीतिक, आर्थिक विद्रोह, अत्याचार, राष्टप्रेम, र भ्रष्टाचारको तीव्र विरोध जस्ता विषयवस्तु प्रमुख रूपमा प्रस्तुत भएका छन् । दोस्रो चरणमा आएर शोककाव्यको रचना, प्रेममा वियोग, पीडाको अनुभव, अनुभूति, विभिन्न स्थानमा गरेका यात्राको वर्णनका साथै प्राकृतिक चित्रण जस्ता विषयवस्तु प्रस्तुत गरेकी छन् । ममतामयी माताको मृत्युले शोक विह्वल बनेकी राईको मनमा पीडा कम कसरी गर्न सकिन्छ भन्ने लागेपछि '**आमाको सम्भना**' शोक काव्यको रचना गरेकी हुन् । यस सङ्ग्रहभित्रका धेरै जसो कविताहरू शोकमूलक अनि साथीहरूप्रति श्रद्धाञ्जली व्यक्त गरिएका छन् । यस्तै **चेतना** कविता सङ्ग्रहभित्रका कवितामा अन्याय र अत्याचारले पीडित नेपलाी जनताहरू जागरूक भएका छन् भन्ने भाव देख्न पाइन्छ । समयको परिवर्तनसँगै जनताहरूमा भएको शैक्षिक, राजनीतिक, आर्थिक परीवर्तन कवितामा देख्न सकिन्छ । **मनको बह** कविता सङ्ग्रह राईको दोस्रो चरणको चरणको तेस्रो कविता सङ्ग्रह हो । यस कवितामा आफूले सँगै जीउने र मर्ने बाचा गरेको व्यक्तिले मानसिक, शारीरिक अनि आर्थिक रूपमा धोखा दिँदै गएपछि जीवनमा घट्ने विविध घटनाहरूको बारेमा विश्लेषण गरिएको छ । कविता सङ्ग्रहका शीर्षकबाटै यिनका कविताको सार थाहा पाउन सकिन्छ ।

यसरी कविता यात्राको दोस्रो चरणमा कवि राईले मुख्य गरी शोकमूलक, चेतनापरक अनि प्रेममा घात खाएका विविध पक्षहरूमाथि स्पष्ट भाव अभिव्यक्ति गरेकी छन् । छन्दगत हिसाबले मुक्त छन्द र बद्ध छन्दको प्रगोग गरे पनि विशेष गरी लोक लय र ठाउँ-ठाउँमा गद्यभाषको प्रयोग गरेको देखिन्छ । यस चरणका कविताहरूमा सरल भाषाशैलीको प्रयोग गरिएको छ । अन्त्यानुप्रासको राम्रो समायोजन गर्ने राईका कवितामा आदि र मध्यानुप्रास भने कमै देख्न सकिन्छ । शब्दको पुनरावृत्तिले कविताहरूमा लयात्मकता थपेको छ ।

# छैटौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ६.१ उपसंहार

वि.सं. २०१३ साल फाल्गुण ३ गते सगरमाथा अञ्चलको उदयपुर जिल्ला बलम्ता गा.वि.सं. स्थित माझ गाउँमा जन्मिएकी शान्तिकुमारी राई साहित्यकार व्यक्तित्व हुन् । पुर्ख्यौली थलो बलम्तामा प्राथमिक तह पूरा गरी खोटाङ जिल्लाबाट कक्षा पाँचदेखि दश कक्षासम्मको शिक्षा पूरा गरेकी हुन् । राईले उच्च शिक्षा काठमाडौँबाट प्राप्त गरेकी हुन् । तहविल्दार शम्शेर राई र मंगलसरी राईकी कान्छी सन्तानको रूपमा जन्मिएकी शान्तिकुमारी राई कुलोचित परम्परा तथा कुल परम्परालाई अनुसरण गर्दै अगाडि बढेको पाइन्छ । पारिवारिक र सामाजिक स्नेहले हुर्किएकी राई धार्मिक आदर्शको पक्षपाती व्यक्ति पनि हुन् ।

शान्तिकुमारी राईले हिन्दू परम्परा विपरीत आफैँले रोजेको केटा टंकबहादुर राईसँग विं.सं. २०२९ सालमा गन्धर्व विवाह गरेकी हुन् । विवाहको एक वर्षपछि एक सन्तानको जन्म भएको राईले बताइन् । राईले आफ्ना सन्तानलाई समयानुकूल शिक्षा दिलाएर आत्मनिर्भर बनाउने कार्यमा सफलता प्राप्त गरेकी छन् । जीवनको ५५ वर्षमा यात्रारत साहित्यकार राईको मुख्य पेशा प्रध्यापन रहेको छ । स्नातक तहको अध्ययन पश्चात औपचारिक रूपमा प्रध्यापन पेशामा आबद्ध राईले अहिले भने नेपाल ल क्याम्पसमा उपप्रशासकका रूपमा आफ्नो कार्यक्षेत्र सम्हाल्दै आएकी छन् ।

साहित्यकार राई प्राध्यापन पेशालाई प्रमुख प्राथमिकता दिँदै सामाजिक र साहित्यिक संघ-सस्थासँग पनि आबद्ध रहेकी छन् । गाउँघरभित्र देखिएका सामाजिक, सांस्कृतिक, राजनीतिक जस्ता पक्षहरूलाई सुधार्ने राई सामाजिक परिवतर्नका लागि निरन्तर कार्यरत छन् । जहिलेसम्म नेपालका आदिवासीहरूको उत्थान हुँदैन तबसम्म देशको विकास असम्भव हुन्छ भन्ने धारणा राईको छ ।

अनौपचारिक रूपमा विद्यालयमा हुने साप्ताहिक प्रतियोगिताबाट साहित्यमा प्रवेश गरे पनि औपचारिक रूपमा भने वि.सं. २०३० सालमा ‘गरिबको जीवन’ कविताको प्रकाशनसँगै साहित्य यात्रा आरम्भ गरेकी हुन् । औपचारिक रूपमा वि.सं. २०३० सालदेखि नै कविता यात्रा थालनी गरेकी राई तिन दशक लामो साहित्य यात्रा पूरा गरि सकेकी छन् । यस क्रममा उनले **दश कविता** (२०३४), **सङ्घर्षशील जीवन** (२०४१), **आमाको सम्झना** (२०५४), **चेतना** (२०६४), **मनको बह** (२०६४) कविता सङ्ग्रहको रचना गरेकी छन् । साहित्यिक सिर्जना यात्राका क्रममा कविता विधालाई आफ्नो प्रमुख रूचिको विधा बनाउने राई छन्दोबद्ध कविता लेखनमा त्यक्ति अगाडि देखिँदैनिन् । छन्दबद्ध कविता अन्तर्गत झ्याउरे छन्दलाई प्रमुख महफ्वका साथ लिनु राईको प्रमुख विशेषता हो ।

तिसको दशकदेखि अहिलेसम्म राई नेपाली काव्यका क्षेत्रमा परिचित बन्दै आएकी छन् । नेपाली काव्य क्षेत्रमा संलग्न राईले साहित्य यात्रा जति मौलाउनु पर्ने हो त्यति मौलाएको देखिँदैन । साहित्य यात्राको क्रममा जति कविता रचना गरेकी छन्, ती सम्पूर्ण कविता नभई मनको बह पोख्ने साधन मात्र बनाएकाले उनको कविता लेखनको दुर्बल पक्ष हो भन्न सकिन्छ । राई पारिवारिक र आर्थिक समस्याका कारण साहित्य साधनालाई भन्दा आर्थिक सुधारका लागि नोकरीमा बढी व्यस्त रहेकी छन् । 'गरिबको जीवन' कविताबाट सहित्यमा प्रवेश गरेकी राईले २०३० पछि साहित्य यात्रालाई निरन्तरता दिएको पाइन्छ ।

साहित्यकार राईका काव्य रचनाहरूमा विशेष गरी सामाजिक, आर्थिक र समाजबोध जस्ता विषयवस्तुहरू यथार्थपरक ढङ्गले प्रस्तुत भएको देखिन्छ । उनले नेपाली राष्ट्रियता, समसामयिक यथार्थता र त्यसका स्तरमा रहेका सामन्ती सभ्यता विरोधी युगीन क्रान्तिकारी तथा अग्रगामी चेतनालाई कवितामा अभिव्यक्त गरेकी छन् । समसामयिकतालाई समात्दै युगबोध, समाजबोध सँगै राष्टवादी दृष्टिकोणको वरण, क्रान्ति तथा सङ्घर्ष न्यायपूर्ण राष्ट्रिय, सामाजिक, सांस्कृतिक, पक्षमा उभिँदै वैचारिक र भावनात्मक अडान राईले आफ्ना कविताहरूमा प्रस्तुत गरेकी छन् । पद्यात्मक शैलीमा मुख्यतः लोक छन्दको प्रयोग गर्ने राईले अंशतः गद्य लयको पनि प्रयोग गरेकी छन् ।

शान्तिकुमारी राईद्वारा रचित सबैभन्दा पहिलो कृति **दश कविता** सङ्ग्रहमा तत्कालीन शासन व्यवस्थाको कारण नेपाली जनताहरूले भोग्नु परेको दुःखद् अवस्थाको चित्रण गरिएको छ । मानवीय स्वतन्त्रता तथा प्रजातन्त्रको प्रत्याभूतिका साथै हत्या हिंसाप्रतिको विरोध, शान्तिको चाहाना जस्ता भावहरू कवितामा अभिव्यक्त भएका छन् । **सङ्घर्षशील जीवन** कविता सङ्ग्रहमा धनी वर्गले गरिबलाई गर्ने शोषण, अन्याय, अत्याचारको विरोध, जीविकोपार्जनका लागि जीवनमा गर्नु परेका सङ्घर्षको वर्णन गरिएको छ । मानिसले सङ्घर्षबाट मात्र सुखको अनुभूति गर्न सक्दछ भन्ने भाव कवितामा व्यक्त भएको छ । त्यसै गरी **आमाको सम्झना** कविता सङ्ग्रहमा आफ्नी ममतामयी माताको मृत्युको कारण परेका पीडाहरूलाई समेटेर शोकमूलक कविताहरूको रचना राईले गरेकी छन् । **'चेतना'** कविता सङ्ग्रहमा पञ्चायती शासनको अन्त्यपछि पनि देशमा शान्ति सुव्यवस्था नआएकाले जनताहरू सचेत हुनु पर्ने भाव व्यक्त गरिएको छ भने **मनको बह**मा प्रेममूलक भाव अभिव्यक्त गनुका साथै प्रेममा धोखा पाएपछि मानिसमा पर्ने पीडालाई यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ ।

शान्तिकुमारी राईले सुरूका काव्यकृतिमा सामाजिक, आर्थिक, राजनीतिक असमानताका कुरा उठाएकी छन् भने पछिल्ला चरणका कवितामा शोक र प्रणयलाई बढी महफ्व दिएकी छन् । जेहोस् यिनका कवितामा समाज सुधारको चाहना व्यक्त गरिएको छ । नेपाली साहित्यको कविता विधामा निरन्तर कलम चलाउने शान्तिकुमारी राईको जीवनी, व्यक्तिव्व र कृतित्वको अध्ययनबाट जोसुकै सहृदयीलाई पाठकलाई पनि कविता सिर्जनामा अभिरूचि जगाउँछ ।

## ६.२ निष्कर्ष

उदयपुर जिल्लाको विकट पहाडी गाउँ बलम्तामा जन्मे हुर्केकी साहित्यकार शन्तिकुमारी राईको शैक्षिक, सामाजिक र साहित्यिक क्षेत्रमा विशिष्ट योगदान रहेको छ । समग्रमा राईको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषणबाट प्राप्त हुन आएका मूलभूत निष्कर्ष यस प्रकार प्रस्तुत गरिएको छ :

(१) शान्तिकुमारी राई पारिवारिक संस्कारसँगै हुर्केकी हुनाले परिवार र समाजप्रति उत्तरदायी व्यक्तिका रूपमा परिचित छन् ।

(२) राईले आफ्ना कविताहरूमा समाजबोध, राजनीति, समसामयिकता जस्ता विषयवस्तुहरूलाई प्रभावकारी ढङ्गले टिप्ने गरेकी छन् ।

(३) कविता रचनाको क्रममा राईले मुख्यतः लोक लयात्मक शैलीको प्रयोग गरेकी छन् भने अंशतः गद्यात्मक लयको पनि प्रयोग गरेको देखिन्छ ।

(४) राईले आफ्ना कविताहरूमा शिल्प पक्षलाई सशक्त बनाउन विविध विम्ब प्रतीकको प्रयोग गरेकी छन् ।

(५) साहित्य, शिक्षा र समाज जागरणका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएकी राईको त्रिआयामिक व्यक्तित्वका कारण नेपाली साहित्यिक, शैक्षिक र सामाजिक क्षेत्रमा महफ्वपूर्ण योगदान पुगेको पाइन्छ ।

(६) राईका काव्यकृतिहरूमा कथावस्तुका रूपमा मुख्यतः राष्ट्रवादी चिन्तन, सामाजिक आर्थिक, राजनीतिक, शोकमूलक, प्रणयपरक विषयवस्तु मुख्य रूपमा आएका छन् भने प्राकृतिक चित्रण गौण रूपमा भएको छ ।

(७) आत्मपरक शैलीको अवलम्बन गर्ने राईले वृत्ताकारीय ढाँचामा कविता रचना गर्दछिन् । काव्यमा लोकलयको प्रयोग गर्नु उनको मुख्य प्राप्ति हो ।

(८) समाजमा शोषक-शोषित, उत्पीडकउत्पीडित, स्वतन्त्रता चाहने र खोस्ने वर्ग रहि रहन्छन् भन्ने यिनको बुझाइ छ । शक्तिशाली वर्गले शक्तिहीनमाथि लाद्दै आएको वर्गीय शासनको प्रतिरोधमा न्यायको बाटो अँगाल्दै मुक्तिको लागि लड्नु राईको राजनीतिक मान्यता र काव्यगत वैशिष्ट्य हो ।

(९) राईले आफ्ना रचनाहरूमा निम्न वर्गको प्रतिनिधित्व गरेकी छन् । नारी, दलित, पिछडिएको समाजको मुक्तिको चाहाना र थिचोमिचोको विरोध गर्नु पनि यिनको कवितात्मक विशेषता हो ।

# सन्दर्भ सामग्री सूची


अवस्थी, महादेव.(२०६४). **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श.** काठमाडौ : इन्टेलेक्चुअल बुक प्यालेस ।

उपाध्याय, केशवप्रसाद.(२०५५). **पूर्वीय साहित्य सिद्धान्त**. ते.सं. काठमाडौँ : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद.(२०६६). **समकालीन नेपाली कविताका प्रवृत्ति.** काठमाडौ : पैरवी प्रकाशन ।

थापा मोहन हिमांशु. (२०५०). **साहित्य परिचय**. दो.सं. काठमाडौँ : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य .सम्पा. (२०४०).**नेपाली बृहत शब्दकोश.** काठमाडौँ : ने.रा.प्र.प्र ।

न्यौपाने, टंकप्रसाद. २०३८. **साहित्यको रूपरेखा.** काठमाडौँ : साझा प्रकाशन ।

राई, नोबेल किशोर .२०६६. **चाम्लिङ् नेपाली प्रयोगात्मक शब्दकोश** ।

लुइँटेल, खगेन्द्रप्रसाद. (२०६०). **कविता सिद्धान्तको सैद्धान्तिक परम्परा भाग-२.** ते.सं. काठमाडौँ : साझा प्रकाशन ।

...(२०५४). **कविता सिद्धान्त र नेपाली कविताको इतिहास.** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम. शर्मा मोहनराज. (२०५०). **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास.** चौ.सं.: काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव. (२०४९). **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-२.** ते.सं. काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी र अन्य .सम्पा. **नेपाली कविता भाग-४.** चौ.सं. ललितपुर : साझा प्रकाशन ।